# आर्थिक वर्ष २०६२।६३ को प्रतिवेदन

# नेपाल राष्ट्र बैंक

# आर्थिक वर्ष २०६२।६३ को प्रतिवेदन

## नेपाल राष्ट्र बैंक

**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

तथ्याङ्क शाखाद्वारा प्रकाशित

# विषय सूची

## भाग १
## आर्थिक तथा वित्तीय अवस्था


| | |
|---|---|
| **विश्व उत्पादन, व्यापार र मुद्रास्फीति** | १ |
| **नेपालको समग्र आर्थिक स्थिति** | २ |
| कुल गार्हस्थ्य उत्पादन | २ |
| कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना | ३ |
| कृषि क्षेत्र | ३ |
| उद्योग क्षेत्र | ५ |
| सेवा क्षेत्र | ६ |
| समष्टिगत मागको स्थिति | ८ |
| आन्तरिक माग | ८ |
| खुद बाह्य माग | ९ |
| कुल राष्ट्रिय खर्चयोग्य आय | ९ |
| सहस्राब्दी विकास लक्ष्यको स्थिति | ९ |
| **मुद्रास्फीति तथा ज्यालादर** | ११ |
| उपभोक्ता मुद्रास्फीति | ११ |
| थोक मूल्य मुद्रास्फीति | ११ |
| तलब तथा ज्यालादर | १२ |
| **बाह्य क्षेत्र** | १२ |
| समग्र व्यापार स्थिति | १२ |
| शोधनान्तर | १४ |
| कुल विदेशी विनिमय संचिति | १५ |
| वैदेशिक ऋण | १६ |
| **सरकारी वित्त स्थिति** | १६ |
| सरकारी वित्त घाटा | १६ |
| सरकारी खर्च | १७ |
| राजस्व | १७ |
| करसम्बन्धी नीतिगत व्यवस्थाहरु | १८ |
| करका दरहरु | १८ |
| वैदेशिक नगद अनुदान | १९ |
| तिर्न बाँकी ऋण | १९ |

| | |
|---|---|
| सार्वजनिक संस्थानहरुको स्थिति | १९ |
| सार्वजनिक संस्थानहरुको निजीकरण र खारेजी | १९ |
| **मौद्रिक स्थिति** | **२०** |
| मुद्राप्रदाय | २० |
| मौद्रिक विस्तारका कारक तत्वहरु | २० |
| सञ्चित मुद्रा | २१ |
| **मुद्रा तथा वित्तीय बजार** | **२१** |
| मुद्राबजारमा तरलताको स्थिति | २१ |
| ट्रेजरी बिल्स प्राथमिक बजार कारोबार | २१ |
| ट्रेजरी बिल्समा खुला बजार कारोबार | २२ |
| अन्तरबैंक कारोबार | २२ |
| ब्याजदर | २३ |
| वाणिज्य बैंकहरु तथा अन्य वित्तीय संस्थाहरुलाई पुनर्कर्जा सुविधा | २३ |
| विदेशी विनिमय बजार | २३ |
| विनिमय दर प्रवृत्ति | २३ |
| नेपाल सरकारको विकास ऋणपत्र | २४ |
| शेयर बजार | २४ |
| **वित्तीय संस्थाहरु** | **२५** |
| वित्तीय संस्थाहरुको संख्या | २५ |
| वित्तीय संरचना | २६ |
| वाणिज्य बैंकहरु | २७ |
| वणिज्य बैंकहरुको साधनको स्रोत | २७ |
| वाणिज्य बैंकहरुको साधनको उपयोग | २८ |
| वाणिज्य बैंकहरुसंगको निष्क्रिय कर्जाको मात्रा | २९ |
| विकास बैंकहरु (कृषि विकास बैंक समेत) | २९ |
| वित्त कम्पनी | ३० |
| लघु बित्त सम्बन्धी कारोबार गर्ने घ वर्गका बित्तीय संस्थाहरु | ३० |
| सहकारी संस्था | ३० |
| बीमा कम्पनी | ३० |
| कर्मचारी सञ्चय कोष | ३० |
| नागरिक लगानी कोष | ३० |
| हुलाक बचत बैंक | ३१ |
| **तालिकाहरु** | |

**भाग २**

# नेपाल राष्ट्र बैंकको कामकारबाही


| | |
|---|---|
| **आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीति** | **५९** |
| मौद्रिक नीतिको रुझान | ५९ |
| उद्देश्यहरु | ५९ |
| रणनीतिक लक्ष्य | ५९ |
| सञ्चालन लक्ष्य | ६० |
| मौद्रिक नीतिका उपकरणहरु | ६० |
| बैकदर र पुनरकर्जादर | ६० |
| अनिवार्य नगद अनुपात | ६१ |
| रुग्ण उद्योग पुनरकर्जा | ६१ |
| खुला बजार कारोबार | ६१ |
| स्थायी तरलता सुविधा | ६२ |
| **वित्तीय क्षेत्र सुधार कार्यक्रम** | **६२** |
| नेपाल राष्ट्र बैंकको सुदृढीकरण | ६२ |
| नेपाल बैंक लिमिटेडको पुनरसंरचना | ६३ |
| राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना | ६३ |
| वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि | ६४ |
| **बैंक तथा वित्तीय संस्था नियमन, निरीक्षण तथा सुपरिवेक्षण** | **६५** |
| बैंक तथा वित्तीय संस्था नियमन | ६५ |
| गुनासो सुनुवाई एकाइको गठन | ६५ |
| एकीकृत निर्देशन जारी | ६५ |
| आफ्नो ग्राहक पहिचानसम्बन्धी मार्गदर्शन जारी | ६७ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई विभिन्न निर्देशनहरु जारी | ६८ |
| बैंक तथा वित्तीय संस्था संस्थापनाको लागि नयां नीति जारी | ७१ |
| बैंक तथा वित्तीय संस्थाहरुलाई पुनः इजाजतपत्र प्रदान | ७१ |
| कृषि विकास बैंकलाई क वर्गको वाणिज्य बैंकको इजाजतपत्र प्रदान | ७२ |
| विकास बैंकतर्फ | ७२ |
| वित्त कम्पनीतर्फ | ७२ |
| लघु वित्ततर्फ | ७२ |
| व्यावसायिक विशेषज्ञको सूची प्रकाशित | ७२ |
| स्वीकृत लेखापरीक्षकको सूची प्रकाशित | ७३ |
| नेपाल सरकारको निर्णयानुसार पुनरावलोकन समितिको गठन | ७३ |

**बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण** **७३**
वाणिज्य बैंकहरु ७३
वाणिज्य बैंक वाहेक अन्य वित्तीय संस्थाहरु ७४
**लघु वित्त कार्यक्रमहरु** **७५**
ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम ७५
महिलाका लागि लघु कर्जा परियोजना ७५
पश्चिम तराई गरिबी निवारण आयोजना ७६
सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना ७६
तेस्रो पशु विकास आयोजना ७७
ग्रामीण स्वावलम्बन कोष ७८
ग्रामीण विकास बैंकहरु ७९
**विदेशी विनिमय व्यवस्थापन** **७९**
**मुद्रा व्यवस्थापन** **८१**
**नेपाल राष्ट्र बैंकका अन्य कामकाजको विवरण** **८२**
संस्थागत सुधार ८२
आन्तरिक लेखापरीक्षण ८३
चौथो पारिवारिक बजेट सर्भेक्षण आयोजना ८४
जनशक्ति व्यवस्थापन ८५
सूचना प्रविधि ८६
प्रशिक्षण, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया ८७
प्रकाशन, प्रसारण ८९
अन्य कार्यहरु ९०
सञ्चालक समितिको बैठक ९०
**तालिकाहरु**
**अनुसूचीहरु**

**भाग ३**

## नेपाल राष्ट्र बैंकको वार्षिक वित्तीय विवरण

सम्पत्ति तथा दायित्व ११६
आय विवरण ११८
**तालिकाहरु**

**अनुसूची**

## भाग १

# आर्थिक तथा वित्तीय अवस्था

# विश्व उत्पादन, व्यापार र मुद्रास्फीति


**1.1** अन्तर्राष्ट्रिय मुद्राकोषबाट प्रकाशित वर्ल्ड इकोनमिक आउटलुक अनुसार सन् २००५ मा विश्वको आर्थिक वृद्धिदर ४.९ प्रतिशत रह्यो । सन् २००६ मा विश्व आर्थिक वृद्धिदर ५.१ प्रतिशत रहने कोषको प्रक्षेपण रहेको छ (तालिका १.१) । संयुक्त राज्य अमेरिका लगायत युरो क्षेत्र, जापान तथा उदीयमान मुलुकहरु खासगरी चीनको आर्थिक वृद्धि बलियो रहनुका साथै न्यून आय भएका राष्ट्रहरुको समेत आर्थिक वृद्धिदर सुदृढ (Robust) रहेका कारण सन् २००६ मा विश्वको आर्थिक वृद्धिको अवस्था उच्च रहने अपेक्षा गरिएको हो । तथापि, बढ्दो मुद्रास्फिति, पेट्रोलियम पदार्थको उच्च तथा अस्थिर मूल्य, संयुक्त राज्य अमेरिकामा घरजग्गा कारोबारको खस्कँदो स्थिति, निरन्तर रुपमा बढ्दै गएको विश्वव्यापी असन्तुलन आदि जस्ता पक्षहरु भने विश्व अर्थतन्त्रका लागि प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

**1.2** त्यसैगरी, सन् २००५ मा एसियाका विकासोन्मुख राष्ट्रहरुको आर्थिक वृद्धिदर ९.० प्रतिशत तथा दक्षिण एसियाको आर्थिक वृद्धिदर ८.२ प्रतिशत रहेको छ भने कोषले सन् २००६ का लागि यी क्षेत्रहरुको क्रमशः ८.७ प्रतिशत तथा ७.९ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ । छिमेकी मुलुकहरु भारत र चीनले सन् २००५ मा क्रमशः ८.५ प्रतिशत तथा १०.२ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेकोमा सन् २००६ मा भारतको ८.३ प्रतिशत तथा चीनको १०.० प्रतिशत आर्थिक वृद्धिदर रहने कोषको अनुमान छ ।

**1.3** विश्व व्यापारको परिमाण सन् २००५ मा ७.४ प्रतिशतले वृद्धि भयो भने सन् २००६ मा ८.९ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ । सन् २००५ मा विकसित मुलुकहरुको आयात ६.० प्रतिशतले वृद्धि भयो भने विकासोन्मुख मुलुकहरुको आयात ११.९ प्रतिशतले बढ्यो । त्यसैगरी, यस अवधिमा विकसित मुलुकहरुको निर्यात ५.५ प्रतिशतले र विकासोन्मुख मुलुकहरुको निर्यात ११.८ प्रतिशतले बढेको छ । कोषले सन् २००६ मा विकसित तथा विकासोन्मुख मुलुकहरुको आयात क्रमशः ७.५ प्रतिशत तथा १३.० प्रतिशत र निर्यात क्रमशः ८.० प्रतिशत तथा १०.७ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ (तालिका १.२) ।

**1.4** विश्वका सबैजसो विकसित मुलुकहरुमा पेट्रोलियम पदार्थको बढ्दो मूल्यका कारण आन्तरिक मूल्यमा चापको स्थिति रहेको छ । पेट्रोलियम तथा धातुजन्य पदार्थको मूल्य वृद्धि नयाँ उचाईमा पुगेको छ । विश्व बजारमा रहेको सीमित जगेडा क्षमता र अर्कोतर्फ विश्व अर्थतन्त्रको उत्साहजनक वृद्धि, मध्यपूर्वमा बढ्दै गएको भूराजनीतिक द्वन्द्व, नाइजेरिया जस्ता ठूला मुलुकमा तेल उत्पादन गर्न बढ्दो जोखिमको स्थिति जस्ता कारणले गर्दा पेट्रोलियम पदार्थको मूल्यमा बढी चाप पर्न गएको हो । त्यसैगरी मूलतः उदीयमान मुलुकहरुको माग पक्ष सुदृढ हुनु, उत्पादन क्षमता न्यून हुनु र श्रम विवाद बढ्नु जस्ता कारण धातुजन्य पदार्थको मूल्यवृद्धि उच्च रहेको छ । त्यस्तै, सन् २००६ को पहिलो भागमा खाद्य तथा अन्य कृषिजन्य पदार्थको मूल्यमा समेत सापेक्षित रुपमा वृद्धि भएको छ । मूल्य वृद्धिको बढ्दो चापको सन्दर्भमा प्रमुख विकसित मुलुकका केन्द्रीय बैंकहरुले अल्पकालीन ब्याजदरमा वृद्धि गरेका छन् भने दीर्घकालीन ब्याजदर भने स्थिर नै रहेको छ ।

चार्ट १.१
विश्व, दक्षिण एसिया र नेपालको उत्पादन वृद्धिदर




## नेपालको समग्र आर्थिक स्थिति

### कुल गार्हस्थ्य उत्पादन

**1.5** आर्थिक वर्ष २०६२।६३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन २.३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। मौसमी प्रतिकूलताको कारण धान तथा गहुँ जस्ता प्रमुख खाद्यान्नवालीको उत्पादनमा ह्रास आएको हुँदा आर्थिक वर्ष २०६२।६३ मा कृषि क्षेत्रको समग्र उत्पादन १.७ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ। गैरकृषि क्षेत्रतर्फ भने निर्माण उपक्षेत्रको उत्पादनमा केही सुधार हुने भएकोले अघिल्लो वर्ष २.१ प्रतिशतले वढेको यस क्षेत्रको उत्पादन आर्थिक वर्ष २०६२।६३ मा २.८ प्रतिशतले वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०६२।६३ मा कृषि क्षेत्रको उत्पादन विगत आठ वर्षकै न्यून रहने तथा गैर कृषि क्षेत्रमध्ये सेवा क्षेत्रको उत्पादन वृद्धि अघिल्लो वर्षकै स्तरमा हुने भएकोले उद्योग क्षेत्रको उत्पादन वृद्धिदरमा सुधार भएपनि कुल गार्हस्थ्य उत्पादन अघिल्लो वर्षकै दरमा वृद्धिहुने अनुमान गरिएको हो। उत्पादकको मूल्यमा भने आर्थिक वर्ष २०६२।६३ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर विगत चार वर्षकै न्यून अर्थात् १.९ प्रतिशत रहने अनुमान छ।

**1.6** अर्थतन्त्रको उत्पादनशील क्षमता उत्पादनका साधनहरुको उत्पादकत्व र भौतिक पूँजी तथा श्रम शक्तिले निर्धारण गर्दछ। अर्थतन्त्रको संभाव्य उत्पादन (Potential Output) गणना गर्ने केही प्रचलित विधिहरुमध्ये समय प्रवृत्ति विश्लेषणवाट आर्थिक वर्ष २०३६।३७ देखि २०६१।६२ सम्मको आर्थिक वृद्धिदर प्रवृत्ति हेर्दा देशको संभाव्य उत्पादन वृद्धिदर वार्षिक ४.३ प्रतिशत हुनुपर्ने देखिन्छ। यस स्थितिमा विगत पाँच वर्षदेखि देशको यथार्थ आर्थिक वृद्धिदर संभाव्य उत्पादन वृद्धिदर भन्दा कम रहँदै आएको छ। आर्थिक वर्ष २०६२।६३ को आर्थिक वृद्धिदर संभाव्य वृद्धिदर भन्दा २.० प्रतिशत विन्दुले कम रहेको छ। तसर्थ देशमा उपलव्ध भौतिक पूँजी तथा श्रम शक्तिको उपयोग न्यून रहेको देखिन्छ।

**1.7** दशौ योजना (आर्थिक वर्ष २०५९।६० देखि आर्थिक वर्ष २०६३।६४) ले योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सामान्य ४.३ प्रतिशत तथा अपेक्षित ६.२ प्रतिशत हासिल हुने लक्ष्य राखेकोमा योजनाको प्रथम चार वर्षको औषत वृद्धिदर २.८ प्रतिशत रहेकोले सामान्य लक्ष्य हासिल गर्न समेत योजनाको बाँकी एक वर्ष देशको अर्थतन्त्र महत्वकांक्षीरुपले विस्तार हुनुपर्ने देखिन्छ। आन्तरिक राजनैतिक द्वन्द्वका कारण विशेष गरी गैरकृषि क्षेत्रमा नकारात्मक असर परेकाले समग्र आर्थिक वृद्धिदरमा समेत प्रभाव पर्न गएको हो (तालिका १ क)।

तालिका १ (क)
कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (साधनको लागतमा)
(२०५१/५२ को मूल्यमा)


| उपक्षेत्र | २०५९।६० | २०६०।६१ | २०६१।६२ | २०६२।६३ | चार वर्षको औसत | दशौं योजनाको सामान्य लक्ष्य |
|---|---|---|---|---|---|---|
| कृषि | २.५ | ३.९ | ३.० | १.७ | २.८ | २.८ |
| गैरकृषि | ३.४ | ३.४ | २.१ | २.८ | २.९ | ५.२ |
| उद्योग | ३.३ | १.१ | १.५ | ३.५ | २.४ | – |
| सेवा | ३.४ | ४.८ | २.४ | २.४ | ३.३ | – |
| कुल | ३.० | ३.५ | २.३ | २.३ | २.८ | ४.३ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग र राष्ट्रिय योजना आयोग।


## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

**1.8** कुल गार्हस्थ्य उत्पादनअन्तर्गतका विभिन्न उप-क्षेत्रहरुलाई कृषि, उद्योग र सेवा जस्ता प्रमुख तीन क्षेत्रहरुमा वर्गीकरण गरी विश्लेषण गर्दा आर्थिक वर्ष २०६२।६३ मा कृषि क्षेत्रको समग्र उत्पादन अघिल्लो वर्षको ३.० प्रतिशत वृद्धिको तुलनामा झण्डै आधा अर्थात् १.७ प्रतिशत मात्रले वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०६२।६३ मा गैरकृषि क्षेत्रअन्तर्गत उद्योग क्षेत्रको आर्थिक वृद्धिदर अघिल्लो वर्षको १.५ प्रतिशत वृद्धिको तुलनामा दोब्बरभन्दा बढी अर्थात् ३.५ प्रतिशतले बढेको छ। सेवा क्षेत्रको उत्पादन भने गत वर्ष झैं २.४ प्रतिशतले वृद्धि भएको अनुमान छ। आर्थिक वर्ष २०६२।६३ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३८.२ प्रतिशत, २०.३ प्रतिशत र ४१.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०५२।५३ मा यस्तो योगदान क्रमशः ४०.५ प्रतिशत, २२.३ प्रतिशत र ३७.२ प्रतिशत रहेको थियो (चार्ट १.२ र चार्ट १.३)। यसरी देशको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान क्रमशः वृद्धि हुदै गएको देखिन्छ।

**चार्ट १.२**
**कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**
**आर्थिक वर्ष २०५२।५३**




**चार्ट १.३**
**कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान**
**आर्थिक वर्ष २०६२।६३**





## कृषि क्षेत्र

**1.9** आर्थिक वर्ष २०६२।६३ मा नगदेवाली तथा माछापालन समूहमा उल्लेखनीय वृद्धिका बाबजूद कुल कृषि गार्हस्थ्य उत्पादनमा एक तिहाईभन्दा बढी योगदान रहेको खाद्यान्नवाली समूहको उत्पादन वृद्धि दर १.४ प्रतिशतले ऋणात्मक रहेका कारण कृषि क्षेत्रको समग्र उत्पादन वृद्धि दर अघिल्लो वर्षभन्दा कम रहेको छ। समीक्षा वर्षमा देशका अधिकांश भूभाग न्यून वर्षाका कारण सुख्खा रहन

गएकोले कुल कृषि उत्पादनमा झन्डै बीस प्रतिशत योगदान पु¥याउने धान वाली र ४.६ प्रतिशत भार रहेको गहुँको उत्पादनमा आएको ह्रासका कारणले यस समूहको उत्पादन वृद्धि दर ऋणात्मक रहेको हो । प्रमुख खाद्यान्नवालीहरुमध्ये मकै र कोदोको उत्पादन क्रमशः १.१ प्रतिशत र ०.४ प्रतिशतले वढेको छ भने धान, गहुँ तथा जौको उत्पादन क्रमशः १.९ प्रतिशत, ३.३ प्रतिशत र ४.५ प्रतिशतले घटेको अनुमान छ ।

चार्ट १.४

प्रमुख खाद्यान्न वालीहरुको उत्पादकत्व स्थिति




**1:10** आर्थिक वर्ष २०६२।६३ मा प्रमुख नगदेवालीहरुको उत्पादन वृद्धि दर अघिल्लो वर्षको ५.३ प्रतिशतको तुलनामा उल्लेखनीयरुपले वृद्धि भई ८.८ प्रतिशत रहन गयो । नगदेवाली अन्तर्गत आलु, जुट तथा उखुको उत्पादन क्रमशः १३.६ प्रतिशत, ५.७ प्रतिशत र ३.६ प्रतिशतले बढेको छ भने सुर्ति तथा तेलहनको उत्पादन क्रमशः ९.९ प्रतिशत र १.९ प्रतिशतले ऋणात्मक रहेको अनुमान छ । अघिल्लो वर्ष ७.२ प्रतिशतले उत्साहजनकरुपमा वृद्धि भएको अन्य वालीहरुको उत्पादन समीक्षा वर्षमा २.२ प्रतिशत मात्रले वढ्यो । अन्य वालीअन्तर्गत तरकारी समूहको उत्पादन ४.९ प्रतिशतले बढेको अनुमान छ भने फलफूल तथा दलहन समूहको उत्पादन क्रमशः २.४ प्रतिशत र १.४ प्रतिशतले ऋणात्मक रहेको अनुमान छ ।

**1:11** पशुपालन व्यवसायको उत्पादन वृद्धि दर अघिल्लो वर्ष ३.१ प्रतिशत रहेकोमा यस्तो वृद्धिदर आर्थिक वर्ष २०६२।६३ मा २.५ प्रतिशतमा सीमित रह्यो । यस समूहमा समावेश गरिएका बस्तुहरु – दुध, मासु र अन्डाको उत्पादन क्रमशः तीन प्रतिशत, दुई प्रतिशत र १.३ प्रतिशतले वृद्धि भएको अनुमान छ । माछापालन समूहको उत्पादन समीक्षा वर्षमा ७.७ प्रतिशतको उल्लेखनीय वृद्धि रहेको अनुमान छ । अघिल्लो वर्ष यस्तो वृद्धि दर ६.३ प्रतिशत रहेको थियो । त्यस्तै, वनजन्य वस्तुहरुको उत्पादन अघिल्लो वर्षको ३.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा वृद्धिदरमा सामान्य गिरावट आई २.३ प्रतिशत रहेको अनुमान छ ।

**1:12** देशको कृषि क्षेत्रको उत्पादनमा महत्वपूर्ण भूमिका रहने मनसुनी वर्षाको स्थिति हेर्दा समीक्षा वर्षमा देशका कुल ४२ स्टेशनहरुमध्ये सातवटा स्टेशनहरुमा सामान्य भन्दा बढी वर्षा भयो भने ३५ स्टेशनहरुमा सामान्यभन्दा कम वर्षा भयो । धान रोप्ने प्रमुख समय आषाढ/श्रावणमा करीव १९ जिल्लाहरु (अधिकांश पूर्वाञ्चलमा रहेका जिल्लाहरु) मा न्यून वर्षा हुन गई धान रोपाई प्रभावित भएको कारणले समीक्षा वर्षमा धान उत्पादनमा नकारात्मक प्रभाव पर्न गयो । अल्प वर्षाको कारणले धान रोपाई बढी प्रभावित हुने जिल्लाहरुमा सिराहा, सप्तरी, सुनसरी, मोरंग, झापा, इलाम, तेह्रथुम र ओखलढुंगा रहे ।

**1:13** समीक्षा वर्षको हिउँद विगत पच्चिस वर्षकै सबैभन्दा सुख्खा रह्यो। कुल १५ स्टेशनहरुवाट लिइएको प्रारम्भिक तथ्याङ्क अनुसार काठमाडौं लगायत छ स्थानहरुमा मंसीरदेखि फागुन महिनासम्म एक थोपा पनि वर्षा भएन भने ५ स्थानमा सामान्य वर्षाको ५ प्रतिशतभन्दा कम र बाँकी स्थानमा सामान्य वर्षाको ३० प्रतिशतभन्दा कम वर्षा भयो। हिउँदको यस सुख्खाले समीक्षा वर्षमा गहुँ उत्पादनमा नकारात्मक प्रभाव पार्‍यो। न्यून वर्षाका कारण प्रमुख खाद्यान्न वालीहरु धान तथा गहुँको उत्पादनमा गिरावट आएकोले नै समीक्षा वर्षमा कृषि क्षेत्रको उत्पादन वृद्धिदरमा कमी आएको हो।

**1:14** सिंचाई तर्फ आर्थिक वर्ष २०६२।६३ मा थप १७, ९६० हेक्टर भूमीमा सिंचाई सुविधा उपलव्ध भई आर्थिक वर्षको अन्तसम्ममा कुल सिंचित भूभाग ११,६८ हजार हेक्टर पुगेको छ। यो क्षेत्रफल कुल खेतीयोग्य भूमीको ४४.२ प्रतिशत तथा सिंचाई योग्य भूमिको ६६.१ प्रतिशत मात्र हुन आउछ। त्यसैगरी कृषिका लागि आवश्यक अन्य सामाग्रीहरुमध्ये रासायनिक मलको आपूर्ती आघिल्लो वर्षको १२२.७ हजार मे. टनको तुलनामा आर्थिक वर्ष २०६२।६३ मा १२७.७ हजार मे. टन वितरण भएको छ। समीक्षा वर्षमा कृषि विकास बैंकले अघिल्लो वर्षभन्दा ७.५ प्रतिशतले कृषि क्षेत्रका लागि कर्जा विस्तार गरी रु १२ अर्व ६८ करोड कर्जा प्रवाह गरेको छ। त्यसैगरी कृषि क्षेत्रमा कार्य गर्ने श्रमिकको ज्यालादर सूचकांक अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६२।६३ मा १०.० प्रतिशतले वृद्धि भएको छ। नेपालीहरुको वैदेशिक रोजगारमा जाने वढ्दो प्रवृत्ति तथा देशभित्रको आन्तरिक राजनैतिक द्वन्द्वले पारेको सामाजिक प्रभावका कारण कृषि मजदुरको सरल उपलव्धता तथा ज्यालामा प्रभाव पर्न गएको देखिन्छ। यसको फलस्वरुप कृषि उत्पादन लागत बढ्न गएको छ।


## उद्योग क्षेत्र

**1:15** अघिल्लो वर्ष १.५ प्रतिशतले बढेको उद्योग क्षेत्रको उत्पादन आर्थिक वर्ष २०६२।६३ मा सुधार आई ३.५ प्रतिशतले वृद्धि भएको अनुमान छ। विद्युत्त, ग्यास तथा पानी र निर्माण उपक्षेत्रहरुको उत्पादन वृद्धि दरमा उल्लेखनीय सुधार आएको कारणले उपरोक्त दरको वृद्धि हासिल हुन संभव भएको हो। समीक्षा वर्षमा औद्योगिक वस्तुहरुको उत्पादन स्थिति मिश्रित रहेतापनि समग्र औद्योगिक उत्पादनको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा गिराबट आएको छ।

**1:16** केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६२।६३ मा ३४ प्रमुख औद्योगिक उत्पादनहरुको वार्षिक समग्र औद्योगिक उत्पादन सुचकाङ्क (आधार वर्ष २०६०।६१=१००) १.९ प्रतिशतले बढेको अनुमान छ। अघिल्लो आर्थिक वर्ष २०६१।६२ मा औद्योगिक उत्पादनको वृद्धिदर २.६ प्रतिशत रहेको थियो। तयारी पोशाकको उत्पादनमा १८.० प्रतिशतको उच्च दरले ह्रास आएको हुदा आर्थिक वर्ष २०६२।६३ मा औद्योगिक उत्पादन वृद्धिदरमा कमी आएको हो। समीक्षा वर्षमा भारत तथा तेश्रो मुलुक तर्फ तयारी पोशाकको निर्यात भने वढेको छ। फलामे रड तथा पत्ती, औषधि तथा सावुन, लत्ता कपडा, इट्टा तथा सिमेन्ट र विद्युतिय तार तथा केवल समूहको उत्पादन वृद्धिदर क्रमशः ८.६ प्रतिशत, ७.३ प्रतिशत, ५.८ प्रतिशत, ५.१ प्रतिशत र ४.७ प्रतिशतले बढेको छ जवकि अघिल्लो आर्थिक वर्ष ती समूहहरुकाने उत्पादन वृद्धि दर क्रमशः १.३ प्रतिशत, पाँच प्रतिशत, ५.९ प्रतिशत, २.६ प्रतिशत र ३.६ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा औद्योगिक उत्पादन सूचकांकमा १५.८ प्रतिशत भार रहेको वनस्पति घ्यू तथा तेल समूहको उत्पादन अघिल्लो वर्षको सात प्रतिशतको तुलनामा २.९ प्रतिशतमात्रले वढेको छ। समीक्षा वर्षमा उत्पादन घटेका वस्तु समूहहरुमा अन्य लत्ता कपडा, चिरान काठ, पश्मिना रहेका छन्। औद्योगिक उत्पादनमा उल्लेखनीयरुपमा विस्तार हुन नसक्नुमा देशको असहज राजनैतिक परिस्थिति र भारत तर्फ निर्यात अपेक्षित रुपमा वढ्न नसक्नु नै प्रमुख कारणको रुपमा देखिन्छ।

**1:17** विद्युत, ग्यास तथा पानी उपक्षेत्रको उत्पादन अघिल्लो वर्षको ४.८ प्रतिशत वृद्धिको तुलनामा समीक्षा वर्षमा अझ सुधार आई ५.६ प्रतिशतले वृद्धि भएको अनुमान छ। विद्युत लाइनको प्रसारण तथा वितरण व्यवस्थामा सुधार, शहरी क्षेत्रमा जनसंख्याको चाप बढेको तथा उत्पादनमूलक उद्योगको उत्पादनमा वृद्धि हुनगएको आधारमा आन्तरिक विद्युत खपतमा वृद्धि भएबाट विद्युत, ग्याँस तथा पानी उपक्षेत्रमा उपरोक्त दरको वृद्धि हासिल हुने अनुमान छ।

चार्ट १.५
विद्युत उत्पादनको स्थिति




***1.18*** निर्माणजन्य वस्तुहरुको आयात एवं त्यस्ता वस्तुहरुको आन्तरिक उत्पादनमा समेत भएको उल्लेखनीय वृद्धिको कारण निर्माण उपक्षेत्रको उत्पादन अघिल्लो वर्षको ऋणात्मक वृद्धि दरको विपरित आर्थिक वर्ष २०६२।६३ मा ४.२ प्रतिशतको उत्साहजनक वृद्धि हुने अनुमान छ। समीक्षा वर्षमा विप्रेषण आय अघिल्लो वर्षको तुलनामा करीव १.५ गुणाले वृद्धि भएकोले शहरी/अर्ध शहरी क्षेत्रमा निर्माण कार्यमा तिव्रता आएको देखिन्छ। त्यस्तै, खानी तथा उत्खनन् उपक्षेत्रको उत्पादन वृद्धि दर समीक्षा वर्षमा २.२ प्रतिशत रहन गएको छ। अघिल्लो वर्ष यस्तो वृद्धि दर २.५ प्रतिशत रहेको थियो।

**तालिका १ (ख)**
**कुल गार्हस्थ्य उत्पादन वृद्धिदरमा सापेक्षिक योगदान**
**(२०५१।५२ को मूल्यमा)**

प्रतिशतमा

| | कुल गार्हस्थ्य उत्पादनमा अंश | | वृद्धिदर | | वृद्धिदरमा सापेक्षिक योगदान | |
|---|---|---|---|---|---|---|
| उपक्षेत्र | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| कृषि | ३९.१ | ३८.८ | ३.० | १.७ | ४७.९ | २७.५ |
| उद्योग | २२.२ | २२.४ | १.५ | ३.५ | १३.८ | ३३.१ |
| सेवा | ३८.८ | ३८.८ | २.४ | २.४ | ३८.४ | ३९.४ |
| कुल@ | १००.० | १००.० | २.४ | २.४ | १००.० | १००.० |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग र नेपाल राष्ट्र बैंकको गणना।
@बैंक सेवा शुल्क घटाउनु अघिको साधनको लागतमा।


## सेवा क्षेत्र

***1.19*** अघिल्लो वर्ष २.४ प्रतिशतले बढेको सेवा क्षेत्र आर्थिक वर्ष २०६२।६३ मा समेत २.४ प्रतिशतले नै बढेको अनुमान छ। यातायात, सञ्चार तथा भण्डारण, वित्त तथा घरजग्गा र सामुदायिक तथा सामाजिक सेवा उपक्षेत्रको वृद्धि दरमा भएको गिरावटलाई व्यापार, रेस्टुरेन्ट तथा होटल उपक्षेत्रमा भएको उल्लेखनीय वृद्धिले समायोजन गरेको कारणले सेवा क्षेत्रको समष्टिगत वृद्धि अघिल्लो वर्षकै २.४ प्रतिशत रहन गएको हो। वैदेशिक व्यापारको परिमाणमा तुलनात्मकरुपमा उल्लेखनीय वृद्धि एवं पर्यटक आगमनमा देखिएको सुधारले समीक्षा वर्षमा व्यापार, रेस्टुरेन्ट तथा होटल उपक्षेत्रको


उत्पादन वृद्धि दर गत वर्षको २.१ प्रतिशतको ऋणात्मक वृद्धिको विपरित ३.९ प्रतिशतको उत्साहजनक वृद्धि दर हासिल हुने अनुमान छ। त्यस्तै यातायात, सञ्चार तथा भन्डारण, वित्त तथा घरजग्गा र सामुदायिक तथा सामाजिक सेवा उपक्षेत्रहरुको वृद्धि दर क्रमशः २.२ प्रतिशत, २.२ प्रतिशत र १.३ प्रतिशत मात्र रहेको छ। अघिल्लो वर्ष उपरोक्त उपक्षेत्रहरुको वृद्धि दर क्रमशः ५.१ प्रतिशत, ४.६ प्रतिशत र २.८ प्रतिशत रहेको थियो। राजनैतिक अस्थिरताको कारण सञ्चार क्षेत्रमा लागेको सेन्सरसिप तथा वन्द, समय समयमा भएको चक्काजाम, हडताल तथा सञ्चार उपकरणहरुको क्षति, वित्त बजारमा देखिएको शिथिलता तथा स्थानीय निकायको कृयाशिलतामा कमीका कारण सामुदायिक तथा सामाजिक गतिविधिमा देखिएको ह्रासको कारणले यी उपक्षेत्रहरुको आर्थिक वृद्धि दरमा अपेक्षितरुपमा सुधार आउन नसकेको हो।

**चार्ट १.६**

**थप भएका सवारी साधन संख्या**




**1:20** हवाइ मार्गबाट नेपाल आएका विदेशी पर्यटकको संख्यामा आर्थिक वर्ष २०६२।६३ मा १४.५ प्रतिशतले वृद्धि भई दुई लाख ८७ हजार ७१९ पुगेको छ। आर्थिक वर्ष २०६१।६२ मा दुई लाख ५१ ह्जार ३२९ जना विदेशी पर्यटक हवाई मार्गवाट नेपाल आएका थिए। क्षेत्रगत आधारमा हेर्दा आर्थिक वर्ष २०६१।६२ मा हवाई मार्गवाट ७६ हजार ८५० भारतीय पर्यटक नेपाल आएकोमा आर्थिक वर्ष २०६२।६३ मा ३१.७ प्रतिशतले वृद्धि भई एकलाख एक हजार २३१ जनाले नेपाल भ्रमण गरेका छन्। आर्थिक वर्ष २०६१।६२ मा भारतीय पर्यटक आगमनमा भने १८.३ प्रतिशतले गिरावट आएको थियो। त्यस्तै तेस्रो मुलुकबाट आएका पर्यटक संख्यामा आर्थिक वर्ष २०६२।६३ मा ६.९ प्रतिशतले वृद्धि भई एकलाख छ हजार ४८८ पुगेको छ भने अघिल्लो वर्ष तेश्रो मुलुकको पर्यटक संख्यामा १७.६ प्रतिशतले घटेर एकलाख ७४ हजार ४८० रहेको थियो। पर्यटक आगमन हुने मुख्य सिजन (असोज-मंसीर) मा माओवादीवाट गरिएको चार महिने लामो युद्धविराम तथा जनआन्दोलन-२ को सफलता पश्चात देशमा देखिएको शान्तिपूर्ण वातावरणको कारणले समेत समीक्षा वर्षमा पर्यटक आगमन संख्यामा वृद्धि भएको हो। समीक्षा वर्षमा हवाई मार्गवाट आउने पर्यटक संख्यामध्ये भारतीय तथा तेस्रो मुलुकको अंश क्रमशः ३५.२ प्रतिशत र ६४.८ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ३०.६ प्रतिशत र ६९.४ प्रतिशत रहेको थियो।




## समष्टिगत मागको स्थिति

### आन्तरिक माग

**1:21** प्रचलित मूल्यमा अघिल्लो वर्ष ९.९ प्रतिशतले बढेको कुल आन्तरिक माग[१] समीक्षा वर्षमा ११.८ प्रतिशतले बढेको अनुमान छ। अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कुल उपभोग (विशेषगरी निजी क्षेत्रको उपभोग) को वृद्धिदरमा भएको उल्लेखनीय सुधारले कुल आन्तरिक माग बढ्न गएको हो। कुल आन्तरिक मागमध्ये ८६.८ प्रतिशत अंश[२] रहेको निजी क्षेत्रबाट हुने माग अघिल्लो वर्ष १०.८ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा १२.४ प्रतिशतले बढेको अनुमान छ। अघिल्लो वर्ष ऋणात्मक रहेको सार्वजनिक लगानीको वृद्धिदर समीक्षा वर्षमा सुधार आई ६.५ प्रतिशत पुगेको अनुमान छ।

**1:22** कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश अघिल्लो वर्ष ८७.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा कुल उपभोगमा १०.९ प्रतिशतको उल्लेख्य वृद्धि आई कुल गार्हस्थ्य उत्पादनमा यसको अंश ८८.९ प्रतिशत पुगेको अनुमान छ। निजी क्षेत्र र सरकारी क्षेत्रको उपभोग अघिल्लो वर्ष ७.५ प्रतिशत र आठ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा क्रमशः ११.२ प्रतिशत र ८.९ प्रतिशतले वृद्धि हुन गएको अनुमान छ। वढ्दो विप्रेषण, वित्तीय क्षेत्रमा पर्याप्त तरलतावाट व्याजदर घट्न गई उपभोग कर्जामा भएको वृद्धि आदिका कारणले निजी क्षेत्रको उपभोग वढेकाले कुल उपभोग वृद्धि भएको हो। फलस्वरुप, अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनको १२.४ प्रतिशत रहेको कुल गार्हस्थ्य वचत समीक्षा वर्षमा १.३ प्रतिशत विन्दुले घट्न गई ११.१ प्रतिशत रहेको छ।

**1:23** अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनमा लगानीको अनुपात २८.९ प्रतिशत रहेकोमा समीक्षा वर्षमा १.४ प्रतिशत बिन्दुले बढ्न गई ३०.३ प्रतिशत पुगेको छ। मौज्दात परिवर्तन उल्लेख्यरुपले बढेकोले समीक्षा वर्षमा लगानी अनुपात बढेको हो। अघिल्लो वर्ष कुल गार्हस्थ्य उत्पादनको १८.९ प्रतिशत रहेको कुल स्थिर पूँजी निर्माण समीक्षा वर्षमा ०.४ प्रतिशत विन्दुले घट्न गई १८.५ प्रतिशत रहेको छ। प्रचलित मूल्यमा निजी क्षेत्रमा प्रवाहित कर्जा तथा सरकारको पूँजीगत खर्च वृद्धि भएपनि कुल गार्हस्थ्य उत्पादनमा निजी तथा सार्वजनिक क्षेत्रको पूँजी निर्माणको दुबै अंश घटेको छ। राजनैतिक अस्थिरताका कारण निजी तथा सार्वजनिक क्षेत्रवाट हुने लगानीको वातावरण वन्न नसकेकोले कुल स्थिर पूँजी निर्माण घटेको हो।

---

[१] आन्तरिक मागमा सार्वजनिक क्षेत्र र निजी क्षेत्रको उपभोग र लगानी तथा मौज्दात परिवर्तन समावेश छ।

[२] निजी क्षेत्रबाट हुने मागमा निजी क्षेत्रको उपभोग र लगानी तथा मौज्दात परिवर्तन समावेश छ।

**खुद बाह्य माग**

***1.24*** आर्थिक वर्ष २०६२।६३ मा नेपाली वस्तु तथा सेवाको वाह्य माग अघिल्लो वर्षको तुलनामा केही बढे पनि आयातमा भएको उच्च बृद्धिका कारण ऋणात्मक रहँदै आएको खूद बाह्य मागमा सुधार आउन सकेन। समीक्षा वर्षमा आयातको वृद्धिदर उच्च रहेको तथा पूँजीगत सामानभन्दा उपभोग्य वस्तुको आयात वृद्धि भई कुल उपभोग बढेकोले कुल गार्हस्थ्य उत्पादनमा समेत नकारात्मक प्रभाव पर्न गएको हो। समीक्षा वर्षमा पश्मिना, दाल, प्रशोधित छाला, अदुवा, आयुर्वेदिक औषधि, पोलिस्टर धागो, तयारी पोशाक, जस्ता पाता आदि वस्तुहरुको वाह्य माग वढेको छ भने चामल, कृषि सामाग्री, विद्युतीय उपकरणका पार्ट्स, कोइला, सौन्दर्य प्रशाधन, एम एस विलेट, औषधि तथा पेट्रोलियम पदार्थ जस्ता वस्तुहरुको आयात वढेको छ।

**कुल राष्ट्रिय खर्चयोग्य आय**

***1.25*** आर्थिक वर्ष २०६२।६३ मा कुल राष्ट्रिय खर्चयोग्य (Gross National Disposable Inome – GNDI) आय प्रचलित मूल्यमा १२.८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो आय ९.१ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्ष कुल राष्ट्रिय खर्चयोग्य आयको कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात १२२.५ प्रतिशत रहेको अनुमान छ, अघिल्लो वर्ष यस्तो अनुपात ११८.६ प्रतिशत रहेको थियो। खुद हस्तान्तरणीय भुक्तानीमा विप्रेषणबाट प्राप्त आयको अंश उल्लेखनीय रहँदै आएको छ। समीक्षा वर्षमा विप्रेषण ४८.८ प्रतिशतले बढेको र विप्रेषण आयको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १६.७ प्रतिशत रहेको अनुमान छ। त्यसैगरी समीक्षा वर्ष कुल राष्ट्रिय खर्चयोग्य आम्दानी आर्थिक वर्ष २०५१।५२ को मूल्यमा गत वर्षका ४.४ प्रतिशत वृद्धिको तुलनामा सामान्य वृद्धि भई ५.३ प्रतिशत पुगेको अनुमान छ (तालिका १ ग)।

**तालिका १ (ग): राष्ट्रिय खर्चयोग्य आम्दानी**
**(प्रचलित बजार मूल्यमा)**

| | रु. करोडमा | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| विवरण | २०६०।६१ | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| कुल उपभोग | ४३४३५.९ | ४६७२०.२ | ५१८२३.६ | ७.६ | १०.९ |
| कुल लगानी | १३०९९.३ | १५४१३.२ | १७६४८.३ | १७.७ | १४.५ |
| आन्तरिक माग | ५६५३५.२ | ६२१३३.५ | ६९४७२.० | ९.९ | ११.८ |
| खूद निर्यात | –६८६०.७ | –८७७९.६ | –११९७७.२ | २८.० | २७.३ |
| कुल गार्हस्थ्य उत्पादन | ४९६७४.५ | ५३३५३.८ | ५८२९४.८ | ७.४ | ९.३ |
| खूद साधन आय | –१६८.४ | १६३.७ | ४९४.३ | –१९७.२ | –२०२.० |
| खूद ट्रान्सफर | ८४८८.९ | ९७७०.४ | १२५९८.८ | १५.१ | २८.९ |
| कामदार विप्रेषण | ५८५८.८ | ६५५४.१ | ९७५३.६ | ११.९ | ४८.८ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी | ५७९९५.५ | ६३२८७.९ | ७१३८७.९ | ९.१ | १२.८ |
| कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (२०५१।५२ को मूल्यमा ) | ३६३९३.२ | ३७९७९.४ | ३९९८९.२ | ४.४ | ५.३ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग र नेपाल राष्ट्र बैक।

## सहस्राब्दी विकास लक्ष्यको स्थिति

***1.26*** नेपालले संयुक्त राष्ट्र संघको सहस्राब्दी विकास लक्ष्यहरुसँग तादम्यता हुने सन् २०१५ अर्थात बाह्रौ पञ्चवर्षीय योजनाको अन्तिम वर्षसम्ममा प्राप्त हुने गरी गरिबी घटाउने, स्वास्थ्य, शिक्षा, लैंगिक समानता, वातावरण तथा मानव विकास स्थितिमा सुधार गर्ने जस्ता विभिन्न आठ प्रमुख लक्ष्यका साथ सन् २००० मा सहस्राब्दी विकास लक्ष्यहरु अंगीकार गरेको हो। तीन पञ्चवर्षीय योजना भित्रमा हासिल गर्ने लक्ष्यअनुरुप दसौं योजनामा सहस्राब्दी विकास लक्ष्यका धेरै लक्ष्यहरु समावेश गरिएका छन्। सन् २००२ र सन् २००५ गरी दुई पटक नेपालको सहस्राब्दी विकास लक्ष्य प्राप्तिको मूल्याङ्कन गरिएको छ। प्राथामिक शिक्षा हासिल गर्ने र एच.आइ.भी./एड्स रोगबिरुद्ध लड्ने लक्ष्यबाहेकका गरिबी घटाउने, बालमृत्युदर घटाउने, वातावरण दीगोपना कायम

गर्ने जस्ता लक्ष्यहरुमा महत्वपूर्ण प्रगति भएको र तोकिएको समयभित्र उपरोक्त लक्ष्यहरु प्राप्त हुन सक्ने देखिएको छ (दशौ योजना/पि आर एस पि कार्यान्वयनको मूल्यांकन, २००४/०५)।

### *वक्स १: सहस्राब्दी विकास लक्ष्य*

सन् १९९० को दशकमा संयुक्त राष्ट्र संघको सम्मेलनबाट विश्व जनसमुदायको आवश्यकता एवं अवस्थामा समानता एवं सामञ्जस्यता कायम होस भन्ने उद्धेश्यले विभिन्न प्रमुख विषयहरुमा अन्तर्राष्ट्रिय विकास लक्ष्य नामाकरण गरी विश्वब्यापी उद्देश्य एवं लक्ष्यहरु निर्धारण गरिएको थियो। सन् २००० मा आयोजित संयुक्त राष्ट्र संघको सहस्राब्दी विकास सम्मेलनका अवसरमा विश्वका १८९ मुलुकहरुले सहस्राब्दी घोषणापत्रको अवलम्वन गरी शान्ति, सुरक्षा र विकासका लागि वातावरण, मानव अधिकार तथा सुशासनमा जोड दिएका थिए। यसै सन्दर्भमा, यस घोषणापत्र मार्फत विभिन्न मुलुकहरुका अन्तरसम्वन्धित तथा एक आपसमा सहयोग पुग्ने विकासका उद्देश्यहरुलाई विश्वव्यापी उद्देश्यका रुपमा रुपान्तरण गर्ने प्रयास भएको छ। अन्तर्राष्ट्रिय विकास लक्ष्य तथा उद्देश्यलाई एक आपसमा समाहित गरी विभिन्न आठ उद्देश्यहरु समाविष्ट सहस्राब्दी विकास लक्ष्य/उद्देश्य नामाकरण गरिएको छ। नेपालले निर्धारण गरेको सहस्राब्दी विकास लक्ष्य तथा सन् २००५ सम्ममा यसको अवस्था निम्न बमोजिम रहेको छ।


| लक्ष्य | अवस्था | | सहस्राब्दी लक्ष्य |
|---|---|---|---|
| | २००० | २००५ | २०१५ |
| **१. उच्च गरिबी तथा भोकमरीको उन्मुलन गर्ने** | | | |
| गरिबीको रेखामुनी रहेका जनसंख्या (प्रतिशत) | ३८ | ३१ | २१ |
| प्रतिदिन एक डलरभन्दा कम कमाउने जनसंख्या (प्रतिशत) | अप्राप्य | २४.१ | १७ |
| न्युनतम पौष्टिक खाना उपभोग गर्ने जनसंख्या (प्रतिशत) | ४७ | अप्राप्य | २५ |
| ६-५९ महिनाको कम तौल भएका बालक संख्या (प्रतिशत) | ५३ | अप्राप्य | २९ |
| ६-५९ महिनाको कुपोषित बालक संख्या (प्रतिशत) | ५५ | अप्राप्य | ३० |
| **२. सर्वव्यापी प्राथामिक शिक्षा हासिल गर्ने** | | | |
| प्राथमिक तहमा खूद भर्ना (प्रतिशत) | ८१ | ८४ | १०० |
| कक्षा १ देखि ५ सम्म पढ्ने बालकको संख्या (प्रतिशत) | ६३ | ७६ | १०० |
| साक्षरता प्रतिशत (१५ देखि २४ वर्ष) | ७०.१ | ७३ | १०० |
| **३. लैंगिक समानता तथा महिला सशक्तिकरण प्रवर्द्धन गर्ने** | | | |
| केटा-केटीको अनुपात (प्राथामिक तह) | ०.७९ | ०.८६ | १(० |
| केटा-केटीको अनुपात (माध्यमिक तह) | ०.७० | ०.८२ | १.० |
| केटा-केटीको अनुपात (उच्च तह) | ०.२८ | अप्राप्य | १.० |
| शिक्षित महिला-पुरुषको अनुपात (१५ देखि २४ वर्ष) | अप्राप्य | ०.७३ | १.० |
| **४ बाल मृत्यु घटाउने** | | | |
| बाल मृत्युदर (प्रति हजार) | ६४ | ६१ | ३४ |
| बाल मृत्युदर (पाँच वर्षमुनिका) (प्रति हजार) | ९१ | ८२ | ५४ |
| पोलियो खोप लगाइएका बालक अनुपात (१ वर्षका) (प्रति हजार) | ७१ | ८५ | ९० |
| **५. मातृ स्वास्थ्यमा सुधार** | | | |
| मातृ मृत्युदर (प्रति एक लाख) | ४१५ | अप्राप्य | २१३ |
| स्वास्थ्य कार्यकर्ताबाट प्रसुती सेवा (प्रतिशत) | ११ | २० | ६० |
| **६. एच.आइ.भी./एड्स, मलेरिया तथा अन्य रोगविरुद्ध लड्ने** | | | |
| एच.आइ.भी/एड्स पीडित जनसंख्या (१५ वर्षदेखि ४९ वर्ष सम्मका) (प्रतिशत) | ०.२९ | ०.५ | अप्राप्य |
| परिवार नियोजन साधन प्रयोग दर (प्रतिशत) | ३९ | अप्राप्य | ६७ |
| **७. वातावरणीय दीगोपना कायम गर्ने** | | | |
| वनजंगलले ढाकेको क्षेत्रफल (प्रतिशत) | २९ | २९ | अप्राप्य |
| शुद्ध खानेपानीबाट लाभान्वित जनसंख्या (प्रतिशत) | ७३ | ८१ | ७३ |
| आधारभूत सरसफाईबाट लाभान्वित जनसंख्या (प्रतिशत) | ३० | ३९ | ५३ |
| **८. विकासका लागि विश्व साझेदारीको विकास गर्ने** | | | |

स्रोतः दशौ योजना/पि आर एस पि कार्यान्वयनको मूल्यांकन, २००४/०५

# मुद्रास्फीति तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

**1.27** आर्थिक वर्ष २०६२।६३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ८.० प्रतिशत रह्यो। अघिल्लो आर्थिक वर्ष सो मुद्रास्फीति ४.५ प्रतिशत रहेको थियो। पेट्रोलियम पदार्थको मूल्यमा औसत ३५.७ प्रतिशतले वृद्धि भई सोको अन्तराल प्रभाव स्वरुप घरायसी सामान लगायत यातायातका साधनहरुको भाडादरमा उच्च दरले वृद्धि भएकोले आर्थिक वर्ष २०६२।६३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दर उच्च रहेको हो। समीक्षा वर्षमा मुद्रास्फीति अपेक्षा गरिएभन्दा बढी रहनुमा खाद्यजन्य वस्तुहरुको मूल्य अनपेक्षित रुपमा उच्च रहनु प्रमुख कारण रहेको छ। मौसम अनुकूल नरहेकोले चामल तथा चामलजन्य वस्तुहरुको मूल्यमा अनपेक्षित रुपमा भएको बढोत्तरीले मुद्रास्फीतिमा चाप पर्न गयो। समीक्षा वर्षमा खाद्य तथा पेय समूह र गैर खाद्य तथा सेवा समूहहरुको मुद्रास्फीति क्रमशः ७.८ प्रतिशत र ८.१ प्रतिशत रहेको छ।





**1.28** आर्थिक वर्ष २०६१।६२ मा अन्तरनिहित मुद्रास्फीति ३.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ मा यस्तो मुद्रास्फीति ४.५ प्रतिशत रहेको छ। पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धिका फलस्वरुप मुद्रास्फीतिकारी अपेक्षा बढेका कारण समीक्षा वर्षमा अन्तरनिहित मुद्रास्फीति अघिल्लो वर्षको भन्दा उच्च रहेको हो।

**1.29** क्षेत्रगत मूल्य सूचकाङ्कहरुको विश्लेषण गर्दा आर्थिक वर्ष २०६२।६३ मा काठमाडौंको भन्दा पहाड र तराईको मूल्य सूचकाङ्क उच्च दरले वृद्धि भएको छ। समीक्षा अवधिमा काठमाडौं उपत्यकाको मूल्य सूचकाङ्क ६.५ प्रतिशतले वृद्धि भएकोमा तराई र पहाड दुवैको सूचकाङ्क ८.६ प्रतिशतले बढेको छ। काठमाडौंभन्दा खाद्य तथा पेय पदार्थको मूल्य उच्च रहेकोले तराई र पहाडमा मुद्रास्फीति उच्च रहेको हो।

## थोक मूल्य मुद्रास्फीति

**1.30** वार्षिक औसत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क आर्थिक वर्ष २०६१।६२ को ७.३ प्रतिशतको तुलनामा आर्थिक वर्ष २०६२।६३ मा ८.९ प्रतिशतले वृद्धि भएको छ। विशेष गरी खाद्यान्न तर्फ चामलको मूल्यमा भएको अनपेक्षित वृद्धिका साथै पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिले

पेट्रोलियम पदार्थ तथा कोइलामा परेको चापबाट मूल्य सूचकाङ्क उच्चदरले वढेको हो । त्यसैगरी नगदेवाली र रसायनिक मल तथा रसायनिक वस्तुहरुको मूल्य वृद्धिले समेत सूचकाङ्कमा वृद्धि ल्याएको हो । समूहगत रुपमा आर्थिक वर्ष २०६१।६२ मा क्रमशः ५.९ प्रतिशत, ६.२ प्रतिशत र १०.२ प्रतिशतले वृद्धि देखिएको कृषि, स्वदेशी उत्पादन र आयातीत वस्तुहरुको सूचकाङ्कहरु समीक्षा वर्ष २०६२।६३ मा क्रमशः ९.९ प्रतिशत, ३.६ प्रतिशत र १०.७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिको असरबाट आयातीत वस्तुहरुको सूचकाङ्कमा बढी चाप पर्न गएको र मौसमी प्रतिकूलताको कारण कृषि सम्बन्धी वस्तुहरुको मूल्यमा वृद्धि हुन गयो ।




**तलब तथा ज्यालादर**

***1:31*** आर्थिक वर्ष २०६२।६३ मा वार्षिक औसत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ३.९ प्रतिशतले वृद्धि भई १०३.९ विन्दु पुगेको छ । यस्तो बृद्धि दर आर्थिक वर्ष २०६१।६२ मा ९.८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा तलव सूचकाङ्क तथा ज्यालादर सूचकाङ्कमा क्रमशः ०.३ प्रतिशत र ५.३ प्रतिशतले वृद्धि भएको छ । तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि आउनुमा कृषि, औद्योगिक र निर्माण सवै क्षेत्रका मजदूरहरुको ज्यालादरमा भएको वृद्धिका साथै निजामती, जंगी प्रहरी तथा शिक्षा क्षेत्रमा २०६२।६३ को बजेट वक्तव्य मार्फत तलवको २०.० प्रतिशतले हुने रकम पारिश्रमिकमा थप गरिएबाट बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थानहरु तर्फको सूचकाङ्कमा वृद्धि हुन गयो । निजामती जंगी, प्रहरी, शिक्षा क्षेत्रहरुमा कार्यरत कर्मचारीहरुको पारिश्रमिकमा तलवको २०.० प्रतिशत भत्ता आर्थिक वर्ष २०६१।६२ मा थप गरिएको र सो रकमलाई आर्थिक वर्ष २०६२।६३ देखि तलवमा गाभिएको कारण खुद आम्दानीमा परिवर्तन नभएकोले ती क्षेत्रको सूचकाङ्क स्थिर रह्यो । यसै गरी सरकारी सेवामा भएको तलव वृद्धिको प्रभाव औद्योगिक मजदुरहरुमा पर्न गई ज्यालादर सूचकाङ्क अन्तर्गतको औद्योगिक मजदुर समूहको सूचकाङ्क ४.५ प्रतिशतले बढेको छ। समीक्षा वर्ष कृषि मजदुरहरुको ज्यालादर ६.६ प्रतिशत र निर्माण मजदुरहरुको ज्यालादर १.३ प्रतिशतले वृद्धि भएको छ ।

## बाह्य क्षेत्र

**समग्र व्यापार स्थिति**

***1:32*** आर्थिक वर्ष २०६२।६३ मा वैदेशिक व्यापार क्षेत्रमा मिश्रित उपलब्धि हासिल भएको छ। भारततर्फको निर्यात वृद्धिदरमा शिथिलता आउनाले कुल निर्यात वृद्धिदरमा कमी आएको छ।

तथापि भारत एवं अन्य मुलुक दुबैबाट भएको आयातमा वृद्धिको कारण कुल आयात उल्लेख्य रुपले बढेको छ। फलस्वरुप, व्यापार घाटामा पनि उल्लेख्य विस्तार हुन गएको छ। अघिल्लो आर्थिक वर्षमा ८.९ प्रतिशतले बढेको कुल निर्यात आर्थिक वर्ष २०६२।६३ मा ४.२ प्रतिशत (रु २ अर्ब ४६ करोड) ले मात्र वृद्धि भई रु ६१ अर्ब १७ करोड पुगेको छ (तालिका १.११) । कुल निर्यात/कुल गार्हस्थ्य उत्पादन अनुपात अघिल्लो वर्षको ११.० प्रतिशतबाट समीक्षा वर्षमा १०.५ प्रतिशतमा झरेको छ। अघिल्लो आर्थिक वर्षमा ९.७ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६२।६३ मा १७.१ प्रतिशत (रु २५ अर्ब ६३ करोड) ले वृद्धि भई रु १ खर्ब ७५ अर्ब ११ करोड पुगेको छ। फलस्वरुप, कुल आयात/कुल गाहस्र्थ्य उत्पादन अनुपात अघिल्लो वर्षको २८.० प्रतिशतबाट बढेर आर्थिक वर्ष २०६२।६३ मा ३०.० प्रतिशत पुगेको छ। समीक्षा वर्ष कुल व्यापार घाटा २५.५ प्रतिशतको उल्लेख्य दरले बढी रु १ खर्ब १३ अर्ब ९४ करोड पुगेको छ। अघिल्लो वर्ष कुल व्यापार घाटा १०.२ प्रतिशतले वृद्धि भई रु ९० अर्ब ७७ करोड पुगेको थियो। अघिल्लो वर्ष व्यापार घाटा/कुल गार्हस्थ्य उत्पादन अनुपात १७.० प्रतिशत रहेकोमा समीक्षा वर्ष उक्त अनुपात १९.५ प्रतिशत पुगेको छ (तालिका १.४)। त्यसैगरी कुल व्यापार अघिल्लो वर्ष ९.५ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १३.५ प्रतिशतले बढेको छ।

**1.33** भारतद्वारा सन् २००६ को मार्च महिनादेखि चार प्रतिशत अतिरिक्त भन्सार कर लगाउनाले भारततर्फको निर्यातमा नकरात्मक असर पर्‍यो। फलस्वरुप, अघिल्लो वर्ष २६.४ प्रतिशतले बढेको भारततर्फको निर्यात समीक्षा वर्षमा ५.४ प्रतिशत (रु २ अर्ब १० करोड) ले मात्र बढ्न गई रु ४१ अर्ब १ करोड रहन गयो (तालिका १.११)। कुल निर्यातमा भारततर्फको निर्यातको अंश भने अघिल्लो वर्षको ६६.३ प्रतिशतबाट बढेर समीक्षा वर्ष ६७.१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०६२।६३ मा भारततर्फ विशेषगरी पोलिस्टर धागो, तयारी पोशाक, जस्ता पाता, तार र अदुवाको निर्यातमा वृद्धि भएको छ भने कपडा, वनस्पति घ्यू, प्लाष्टिकका सामान, दन्तमञ्जन र रसायनको निर्यातमा कमी आएको छ।

**1.34** तेस्रो मुलुकतर्फको निर्यात अघिल्लो वर्ष १४.५ प्रतिशतले घटेकोमा समीक्षा वर्ष १.८ प्रतिशत ( रु ३७ करोड) को न्यून दरले वृद्धि भई रु २० अर्ब १५ करोड पुगेको छ (तालिका १.११)। अन्य मुलुकतर्फ तयारी पोशाकको निर्यात अघिल्लो वर्ष ३५.९ प्रतिशतले घटेकोमा समीक्षा वर्ष ०.७ प्रतिशतले सीमान्त रुपमा बढी रु ६ अर्ब १७ करोड रहेको छ। समीक्षा वर्षमा पश्मिनाको निर्यात भने ५०.१ प्रतिशतले वृद्धि भई रु १ अर्ब ५८ करोड पुगेको छ। कमजोर उत्पादन अवस्था, अस्थिर अन्तर्राष्ट्रिय माग तथा चिनियाँ एवं भियतनामी कार्पेटले खडा गरेको प्रतिस्पर्धाका कारण नेपाली कार्पेटको मागमा कमी आउनाले समीक्षा वर्षमा ऊनी गलैंचाको निर्यात ०.७ प्रतिशतले घटी रु ५ अर्ब ८२ करोड रहेको छ। समीक्षा अवधिमा अन्य मुलुकतर्फ विशेषगरी पश्मिना, दाल र छालाको निर्यातमा वृद्धि आएको छ (तालिका १.१२)।

**1.35** भारतबाट भएको आयात अघिल्लो वर्ष १२.६ प्रतिशतले बढेकोमा समीक्षा वर्ष २३.३ प्रतिशत ( रु २० अर्ब ६३ करोड) ले वृद्धि भई रु १ खर्ब ९ अर्ब ३१ करोड पुगेको छ (तालिका १.११)। भारतबाट भएको आयातमा यसरी उल्लेख्य वृद्धि आउनुको मुख्य कारण पेट्रोलियम पदार्थको आयात २६.३ प्रतिशतले बढ्नु हो। भारतबाट हुने आयातमा पेट्रोलियम पदार्थको अंश करिब ३०.८ प्रतिशत रहेको छ। पेट्रोलियम पदार्थबाहेक भारतबाट विशेषगरी चामल, धागो, औषधि, रासायनिक मल र हट रोल्ड शीट इनक्वाइलको आयातमा वृद्धि आएको छ। भारतबाट मुख्यतया कोल्ड रोल्ड शीट इनक्वाइल, एम.एस.वायर रड, स्टील शीट, कपडा र जीवित जनावरको आयात घटेको छ। परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात हुने व्यवस्थाअन्तर्गत भारतबाट समीक्षा वर्ष कुल रु १२ अर्ब ८१ करोड (भारतबाट हुने आयातको ११.७ प्रतिशत) मूल्य बराबरका सामान आयात भएको छ। अघिल्लो वर्ष यस्तो आयात रु १६ अर्ब ३३ करोड (भारतबाट हुने आयातको १८.४ प्रतिशत) बराबर रहेको थियो। समीक्षा अवधिमा उपरोक्त व्यवस्था अन्तर्गत आयात हुने वस्तुहरुमध्ये विशेषगरी कोल्ड रोल्ड शीट इन्क्वाइल, पोलिथिन ग्रानुयल्स र औद्योगिक रसायनको आयात व्यापक रुपले घटेको कारण त्यसरी हुने आयातमा कमी आएको हो। भारतसँगको व्यापार घाटा अघिल्लो वर्ष ३.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्ष ३७.२ प्रतिशतले विस्तार हुन पुगेको छ। फलस्वरुप, कुल व्यापार घाटामा भारतको अंश अघिल्लो वर्षको ५४.८ प्रतिशतबाट बढेर समीक्षा वर्ष ५९.९ प्रतिशत पुगेको छ। कुल आयातमा भारतको अंश अघिल्लो वर्ष ५९.३ प्रतिशत

रहेकोमा समीक्षा वर्ष ६२.४ प्रतिशत पुगेको छ भने कुल निर्यातमा ६६.३ प्रतिशतबाट केही बढेर ६७.१ प्रतिशत पुगेको छ।

**1:36** अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ५.७ प्रतिशतले बढेकोमा समीक्षा वर्ष ८.२ प्रतिशत (रु ५ अर्ब) ले बढ्न गई रु ६५ अर्ब ८० करोड पुगेको छ (तालिका १.११)। समीक्षा वर्षमा अन्य मुलुकबाट विशेष गरी पाम तेल, कच्चा पाम तेल, प्लाष्टिकका दाना, टेक्सटाइल डाई र विद्युतीय सामाग्रीको आयातमा उल्लेख्य वृद्धि आएको छ भने तयारी पोशाक, कच्चा ऊन, जुत्ताचप्पल, भिडियो टेलिभिजन तथा पार्ट्स् र दूरसञ्चारका उपकरण तथा पूर्जाहरुको आयातमा ह्रास आएको छ। फलस्वरुप, कुल व्यापार घाटामा अन्य मुलुकहरुको अंश अघिल्लो वर्षको ४५.२ प्रतिशतबाट घटेर समीक्षा वर्ष ४०.१ प्रतिशतमा झरेको छ। अघिल्लो वर्ष १९.२ प्रतिशतले बढेको अन्य मुलुकहरुसँगको व्यापार घाटा समीक्षा वर्ष ११.३ प्रतिशतले बढेको छ। कुल आयातमा अन्य मुलुकहरुको अंश अघिल्लो वर्षको ४०.७ प्रतिशतबाट समीक्षा वर्षमा ३७.६ प्रतिशतमा झरेको छ भने कुल निर्यातमा ३३.७ प्रतिशतबाट घटेर ३२.९ प्रतिशत रहेको छ।

## शोधनान्तर

**1:37** सीमा व्यापारलाई समेत समायोजन गरी एफ.ओ.वि. मूल्यमा गणना गर्दा आर्थिक वर्ष २०६२।६३ मा कुल निर्यात ४.४ प्रतिशतले वृद्धि भई रु ६२ अर्ब ५७ करोड पुगेको छ। अघिल्लो वर्ष कुल निर्यात ८.६ प्रतिशतले बढेको थियो। समीक्षा वर्ष पेट्रोलियम पदार्थको आयात २६.३ प्रतिशतले बढी रु ३३ अर्ब ६६ करोड पुगेको तथा अन्य वस्तुहरुको आयात १६.९ प्रतिशतले वृद्धि भएको कारण कुल आयात १८.६ प्रतिशतले वृद्धि भई रु १ खर्ब ७२ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्ष भने पेट्रोलियम पदार्थ तथा अन्य वस्तुहरुको आयात क्रमशः ३२.२ प्रतिशत र ५.६ प्रतिशतले बढेको कारण कुल आयात ९.६ प्रतिशतले वृद्धि भएको थियो। यस प्रकार वस्तु व्यापार घाटा अघिल्लो वर्ष १०.४ प्रतिशतले बढेकोमा समीक्षा वर्ष २८.६ प्रतिशतले बढी रु ११० अर्ब ३२ करोड पुगेको छ।

**1:38** अघिल्लो आर्थिक वर्ष ४२.३ प्रतिशतले घटेको पर्यटन आय समीक्षा वर्ष थप ८.९ प्रतिशतले घटी रु ९ अर्ब ५३ करोडमा सीमित भएको छ भने अन्यत्र नपरेको सरकारी आय अघिल्लो वर्ष ४.७ प्रतिशतले ह्रास भएकोमा समीक्षा वर्ष ९.३ प्रतिशतले वृद्धि भई रु ७ अर्ब ४४ करोड पुगेको छ। त्यसैगरी अघिल्लो वर्ष ३.२ प्रतिशतले घटेको अन्य सेवा आय समीक्षा वर्ष ८.५ प्रतिशतले बढी रु ९ अर्ब ४७ करोड पुगेको छ। फलस्वरुप, अघिल्लो वर्ष २४.२ प्रतिशतले ह्रास भएको कुल सेवा आय समीक्षा वर्ष १.७ प्रतिशतले वृद्धि भई रु २६ अर्ब ४४ करोड पुगेको छ। सेवा क्षेत्रको भुक्तानी तर्फ यातायात, भ्रमण तथा अन्य खर्च क्रमशः १९.३ प्रतिशत, २३.१ प्रतिशत र ११.५ प्रतिशतले बढेको कारण कुल सेवा भुक्तानी १८.५ प्रतिशतले बढी रु ३३ अर्ब २२ करोड पुगेको छ। यसप्रकार कुल सेवा आयको तुलनामा भुक्तानी उल्लेख्य रुपमा बढेको कारण खुद सेवा आय अघिल्लो वर्ष रु २ अर्ब ३ करोडले ऋणात्मक रहेकोमा समीक्षा वर्ष रु ६ अर्ब ७८ करोडले ऋणात्मक रहेको छ। यसरी समीक्षा वर्ष वस्तु तथा सेवा क्षेत्रको कुल घाटा अघिल्लो वर्षको तुलनामा ३३.४ प्रतिशतले बढी रु १ खर्ब १७ अर्ब १० करोड पुगेको छ।

**1:39** समीक्षा वर्ष आय शीर्षकतर्फको प्राप्ति (income credit) ४७.४ प्रतिशतले बढी रु ११ अर्ब ४२ करोड पुगेको छ भने उक्त शीर्षकतर्फको भुक्तानी ६ प्रतिशतले वृद्धि भई रु ६ अर्ब ४८ करोड पुगेको छ। फलस्वरुप, वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३०.२ प्रतिशतले वृद्धि भई रु १ खर्ब १२ अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा २२.६ प्रतिशतले वृद्धि भई रु ८६ अर्ब १६ करोड पुगेको थियो।

**1:40** अघिल्लो वर्ष ७.७ प्रतिशतले बढेको अनुदान समीक्षा वर्ष १०.६ प्रतिशतले ह्रास भई रु १८ अर्ब ८५ करोडमा सीमित भएको छ (तालिका १.१३)। निजी क्षेत्रको विप्रेषण भने अघिल्लो वर्ष ११.९ प्रतिशतले बढेकोमा समीक्षा वर्ष थप ४८.८ प्रतिशतले वृद्धि भई रु ९७ अर्ब ५४ करोड पुगेको छ। समीक्षा अवधिमा निवृत्तिभरण आय ४.० प्रतिशतले ह्रास भई रु १२ अर्ब रहेको छ भने अन्य ट्रान्सफर आय (भारतीय अन्तःशुल्क फिर्ता) ५.५ प्रतिशतले वृद्धि भई रु २ अर्ब ३१ करोड पुगेको छ। समीक्षा वर्ष ट्रान्सफर भुक्तानी ३०.८ प्रतिशतले बढी रु ४ अर्ब ७२ करोड पुगेको छ। अघिल्लो वर्ष ट्रान्सफर भुक्तानी १५.६ प्रतिशतले घटेको थियो। फलस्वरुप, खूद ट्रान्सफर आय

समीक्षा वर्ष २८.९ प्रतिशतले बढी रु १ खर्ब २५ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्ष खूद ट्रान्सफर आय १५.१ प्रतिशतले बढेको थियो।

**1:41** समीक्षा वर्ष चालू खातामा रु १३ अर्ब ८३ करोड (कुल गार्हस्थ्य उत्पादनको २.३ प्रतिशत) को बचत हुन गएको छ (तालिका १.१३)। खुद सेवा आयमा ह्रास तथा व्यापार घाटामा उल्लेख्य वृद्धि आए तापनि विप्रेषण आय उत्साहजनक रुपले बढेको कारण चालू खातामा यसरी बचत भएको हो। अघिल्लो वर्ष यस्तो बचत रु ११ अर्ब ५४ करोड (कुल गार्हस्थ्य उत्पादनको २.२ प्रतिशत) रहेको थियो।

**1:42** अघिल्लो वर्ष ८.४ प्रतिशतले बढेको पूँजी खातातर्फको ट्रान्सफर समीक्षा वर्षमा ९७.४ प्रतिशतले वृद्धि भई रु ३ अर्ब ११ करोड पुगेको छ (तालिका १.१३)।

**1:43** वित्तीय खातातर्फ समीक्षा वर्ष अन्य लगानी सम्पत्ति (other investment assets) रु १३ अर्ब १८ करोड थप भएको छ जसमध्ये रु २ अर्ब १९ करोड व्यापारिक साख (trade credit) रहेको छ। अघिल्लो वर्ष अन्य लगानी सम्पत्ति रु २१ अर्ब ८६ करोड थप भएको थियो। अन्य लगानी दायित्व (other investment liabilities) तर्फ समीक्षा वर्ष व्यापारिक साख (trade credit) रु १२ अर्ब ९१ करोडले वृद्धि भएको छ। समीक्षा वर्ष सरकारी ऋण आप्रवाह रु ७ अर्ब ६९ करोड भएको छ भने साँवा भुक्तानी रु ६ अर्ब ९९ करोड भएको छ। फलस्वरुप, खुद सरकारी ऋण आप्रवाह रु ७० करोड भएको छ। समीक्षा वर्ष मुद्रा तथा निक्षेपतर्फको दायित्व रु ३ अर्ब ३९ करोडले वृद्धि हुन गएको छ।

**1:44** समीक्षा वर्ष चालू खातामा उल्लेख्य बचत रहेको तथा विविध पूँजी आप्रवाह रु ८ अर्ब ८२ करोड बराबर भएको कारण रिजर्भ तथा तत्सम्बन्धी शीर्षकमा रु २८ अर्ब ९६ करोडले वृद्धि भएको छ ( तालिका १.१३)। फलस्वरुप, समीक्षा वर्ष रु २५ अर्ब ५६ करोडको समग्र शोधनान्तर बचत भएको छ। अघिल्लो वर्ष रु ५ अर्ब ७४ करोडको शोधनान्तर बचत भएको थियो।

## कुल विदेशी विनिमय संचिति

**1:45** २०६२ आषाढ मसान्तदेखि २०६३ आषाढ मसान्तसम्ममा कुल विदेशी विनिमय संचिति २७.० प्रतिशतको उल्लेख्य दरले वृद्धि भई रु १ खर्ब ६५ अर्ब पुगेको छ, जसमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको विदेशी मुद्रा संचितिको अंश ८०.० प्रतिशत रहेको छ (तालिका १.१४)। कुल विदेशी विनिमय संचिति अघिल्लो वर्ष रु १ खर्ब २९ अर्ब ९० करोड रहेकोमा नेपाल राष्ट्र बैंकसँग रहेको संचितिको अंश ८०.४ प्रतिशत रहेको थियो। २०६३ आषाढमा परिवर्त्य बिदेशी विनिमय संचिति अघिल्लो वर्षको तुलनामा २५.७ प्रतिशतले वृद्धि भएको छ भने अपरिवर्त्य संचिति ५३.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष परिवर्त्य संचिति ६ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति ५५.४ प्रतिशतले घटेको थियो। कुल संचितिमा परिवर्त्य संचितिको अंश अघिल्लो वर्षको ९५.४ प्रतिशतबाट केही घटेर ९४.५ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचितिको अंश ४.६ प्रतिशतबाट बढेर ५.५ प्रतिशत पुगेको छ। विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.५ महिनाको वस्तु आयात र ९.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ।

**1:46** २०६२ आषाढ मसान्तमा कुल विदेशी विनिमय संचितिको विस्तृत मुद्रा प्रदाय र संचिति मुद्रासँगको अनुपात क्रमशः ४३.२ प्रतिशत र १३४.६ प्रतिशत रहेकोमा २०६३ आषाढ मसान्तमा उक्त अनुपातहरु क्रमशः ४७.५ प्रतिशत र १४९.९ प्रतिशत रहेका छन्। अघिल्लो वर्ष कुल विदेशी विनिमय संचिति/कुल गार्हस्थ्य उत्पादन अनुपात २४.३ प्रतिशत रहेकोमा समीक्षा वर्ष २८.३ प्रतिशत पुगेको छ। त्यसैगरी कुल विदेशी विनिमय संचिति/कुल वैदेशिक ऋण अनुपात २०६२ आषाढ मसान्तमा ५९.१ प्रतिशत रहेकोमा २०६३ आषाढ मसान्तमा उक्त अनुपात ७०.४ प्रतिशत रहेको छ।

तालिका १ (घ): संचिति पर्याप्तता परिसूचकहरु **(Reserve Adequacy Indicators)**

| | २०६०/६१ | २०६१/६२ | २०६२/६३ |
|---|---|---|---|
| *व्यापार परिसूचक ( महिनामा)* | | | |
| आयात धान्ने क्षमता (वस्तु मात्र) | ११.५ | १०.४ | ११.५ |
| आयात धान्ने क्षमता (वस्तु तथा सेवा) | ९.७ | ८.८ | ९.६ |
| *ऋण परिसूचक (प्रतिशतमा)* | | | |
| कुल विदेशी विनिमय संचिति / कुल बाह्य ऋण | ५५.९ | ५९.१ | ७०.४ |
| *मौद्रिक परिसूचक (प्रतिशतमा)* | | | |
| कुल विदेशी विनिमय संचिति / विस्तृत मुद्रा प्रदाय | ४७.० | ४३.२ | ४७.५ |
| कुल विदेशी विनिमय संचिति / संचित मुद्रा | १३७.९ | १३४.६ | १४९.९ |
| *समष्टिअघिल्लो आर्थिक परिसूचक (प्रतिशतमा)* | | | |
| कुल विदेशी विनिमय संचिति / कुल गार्हस्थ्य उत्पादन | २६.२ | २४.३ | २८.३ |

## वैदेशिक ऋण

**1:47** २०६३ आषाढ मसान्तमा भुक्तानी गर्न बाँकी नेपालको कुल वैदेशिक ऋण २०६२ आषाढ मसान्तको तुलनामा ६.६ प्रतिशतले बढी रु २३४ अर्ब २२ करोड पुगेको छ। २०६२ आषाढ मसान्तमा उक्त ऋण रु २१९ अर्ब ६४ करोड रहेको थियो। नेपाली रुपैयाँ प्रमुख विदेशी मुद्राहरु (अमेरिकी डलर, पाउण्ड स्टर्लिङ्ग, यूरो, जापानी येन) सँग अवमूल्यन भएको कारण समीक्षा वर्ष कुल वैदेशिक ऋण यसरी बढेको हो।

**तालिका १ (ङ): विदेशी विनिमय प्रवृत्ति**

| विदेशी मुद्रा | खरीद दर-नेपाल रुपैयाँमा आषाढ मसान्त | | | अधिमुल्यन (+)/अवमुल्यन (-) (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३ | २०६२ | २०६३ |
| १ अमेरिकी डलर | ७४.१४ | ७०.३५ | ७४.१० | ५.३९ | -५.०६ |
| १ पाउण्ड स्टर्लिङ्ग | १३७.५७ | १२४.०० | १३६.१७ | १०.९४ | -८.९४ |
| १ यूरो | ९१.६४ | ८४.९८ | ९३.८२ | ७.८४ | -९.४२ |
| १० जापानी येन | ६.७८ | ६.२९ | ६.३९ | ७.७९ | -१.५६ |

# सरकारी वित्त स्थिति

## सरकारी वित्त घाटा

**1:48** आर्थिक वर्ष २०६२/६३ मा नगद प्रवाहमा आधारित सरकारी खर्चको तुलनामा राजस्व परिचालन न्यून रहेकोले नगद बजेट घाटा उच्च दरले बढेको छ। स्थानीय निकायको खातामा बैंक मौज्दातलाई हटाउँदा समीक्षा वर्षमा बजेट घाटा अघिल्लो वर्षको तुलनामा ३७.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष बजेट घाटाको वृद्धिदर १२.९ प्रतिशत रहेको थियो।

**1:49** नेपाल सरकारले आर्थिक वर्ष २०६२/६३ को कुल नगद बजेट घाटा (स्थानीय निकायको मौज्दात हटाउँदा) रु १९ अर्ब ६१ करोड पूर्ति गर्ने क्रममा रु १५ अर्ब ७७ करोड आन्तरिक ऋणबाट र बाँकी रु ३ अर्ब ८५ करोड वैदेशिक ऋणबाट परिचालन गर्‍यो। अघिल्लो वर्षको रु १४ अर्ब ३० करोड नगद बजेट घाटामध्ये रु १२ अर्ब ९ करोड आन्तरिक ऋणबाट तथा रु २ अर्ब २१ करोड वैदेशिक ऋणबाट पूर्ति भएको थियो।

**1:50** आर्थिक वर्ष २०६२।६३ मा कुल आन्तरिक ऋणमध्ये रु १० अर्ब ८३ करोड ट्रेजरी बिल्स निष्कासनबाट पूर्ति भयो। सोही वर्ष विकास ऋणपत्रमार्फत् रु ७५ करोड तथा नागरिक बचतपत्रमार्फत् रु २५ करोड उठाइयो। आन्तरिक ऋणका यी उपकरणहरुले नपुग रकम नेपाल

राष्ट्र बैंकबाट अधिविकर्ष उपयोग गरी पूर्ति भयो। अघिल्लो वर्ष सरकारले रु ५ अर्ब ४७ करोडको ट्रेजरी बिल्स र रु ३ अर्बको विकास ऋणपत्र निष्कासन गरेको थियो भने अधिविकर्ष रु २ अर्ब ६२ करोड उपयोग गरेको थियो।

## सरकारी खर्च

**1:51** आर्थिक वर्ष २०६२/६३ मा नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १२.५ प्रतिशतले वृद्धि भई २०६३ आषाढ मसान्तसम्ममा रु १ खर्ब २ अर्ब पुगेको छ। अघिल्लो आर्थिक वर्ष कुल सरकारी खर्च ११.४ प्रतिशतले बढेको थियो। सुरक्षा खर्च उच्च रहेको र पूँजीगत खर्चमा पनि केही वृद्धि भएकोले समग्र खर्च वृद्धिदर उच्च रहेको हो।

**1:52** समीक्षा वर्षमा कुल सरकारी खर्चमा चालु खर्चको अंश ६३.५ प्रतिशत रह्यो भने पूँजीगत खर्च, साँवा भुक्तानी तथा फ्रीज खर्चको अंश क्रमशः २०.१ प्रतिशत, १४.१ प्रतिशत तथा २.३ प्रतिशत रह्यो। अघिल्लो वर्ष ती अनुपातहरु क्रमशः ६५.३ प्रतिशत, १८.२ प्रतिशत, १५.० प्रतिशत तथा १.५ प्रतिशत थिए।

**1:53** आर्थिक वर्ष २०६१/६२ मा सरकारी खर्चको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १६.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा १७.४ प्रतिशत रह्यो। समीक्षा वर्षमा चालु खर्चको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ११.० प्रतिशत रह्यो भने पूँजीगत खर्चको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३.५ प्रतिशत रह्यो। अघिल्लो वर्षमा उक्त अनुपातहरु क्रमशः ११.१ प्रतिशत र ३.१ प्रतिशत रहेका थिए।

## राजस्व

**1:54** आर्थिक वर्ष २०६२/६३ मा नेपाल सरकारको कुल राजस्व परिचालन अघिल्लो वर्षको १२.५ प्रतिशतको उच्च वृद्धिको तुलनामा ३.१ प्रतिशतको न्यून दरले मात्र बढेको छ। समीक्षा अवधिमा सरकारी राजस्वको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १२.४ प्रतिशत रह्यो। अघिल्लो वर्ष सो अनुपात १३.१ प्रतिशत रहेको थियो। अर्धवार्षिक बजेट अध्यादेशमा भन्सारका दरहरु कटौती गरिएको र सरकारी संस्थानहरुबाट प्राप्त हुने लाभांशमा कमी आएकोले समग्र राजस्व वृद्धिदर न्यून रहेको हो।

**1:55** आर्थिक वर्ष २०६२/६३ मा अप्रत्यक्ष कर राजस्व ५.९ प्रतिशतले बढ्यो। अघिल्लो वर्ष सो राजस्व १३.१ प्रतिशतले बढेको थियो। भन्सार राजस्वमा आएको कमी यसको मुख्य कारण हो। समीक्षा अवधिमा भन्सार राजस्व अघिल्लो वर्षको ०.९ प्रतिशत वृद्धिको विपरीत २.३ प्रतिशतले घट्यो। मूल्य अभिवृद्धि कर राजस्व पनि अघिल्लो वर्षको ३०.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा कम दर अर्थात् १४.४ प्रतिशतले मात्र बढ्यो। तथापि यो राजस्वको मूल स्रोतको रुपमा भने कायमै छ। समीक्षा अवधिमा अन्तःशुल्क राजस्व पनि अघिल्लो वर्षको ३.६ प्रतिशतको तुलनामा न्यून दर अर्थात् ०.९ प्रतिशतले मात्र बढेको छ। प्रत्यक्ष कर राजस्व समीक्षा अवधिमा ६.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष सो राजस्व ९.७ प्रतिशतले बढेको थियो। प्रत्यक्ष करको सबैभन्दा महत्वपूर्ण अंश ओगट्ने आयकर राजस्व समीक्षा वर्षमा ४.४ प्रतिशतले बढ्यो। अघिल्लो वर्ष आयकर राजस्व १०.० प्रतिशतले बढेको थियो। गैरकर राजस्व समीक्षा अवधिमा ७.१ प्रतिशतले घट्यो। सो राजस्व अघिल्लो वर्ष १३.२ प्रतिशतले बढेको थियो। गैरकर राजस्वमध्यको लाभांशबाट प्राप्त हुने राजस्व समीक्षा अवधिमा २६.१ प्रतिशतले घट्यो। अघिल्लो वर्ष सो राजस्व ७२.५ प्रतिशतले बढेको थियो।

**1:56** आर्थिक वर्ष २०६२/६३ मा संकलित कुल राजस्व रकममा कर राजस्वको अंश ७९.४ प्रतिशत र गैरकर राजस्वको अंश २०.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो अनुपात क्रमशः ७७.१ प्रतिशत र २२.९ प्रतिशत रहेको थियो। यसै गरी कुल कर राजस्वमा प्रत्यक्ष तथा अप्रत्यक्ष कर राजस्वको अनुपात क्रमशः २४.३ प्रतिशत र ७५.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो अनुपात क्रमशः २४.१ प्रतिशत र ७५.९ प्रतिशत रहेको थियो। कुल कर राजस्वमा मूल्य अभिवृद्धि करबाट ३७.७ प्रतिशत, भन्सार महसूलबाट २६.७ प्रतिशत र आयकरबाट १९.३ प्रतिशत राजस्व परिचालन भएको छ। अघिल्लो वर्ष कुल राजस्वमा मूल्य अभिवृद्धि करको अंश ३४.९ प्रतिशत, भन्सार महसूलको अंश २९.० प्रतिशत र आयकरको अंश १९.० प्रतिशत रहेको थियो।

## करसम्बन्धी नीतिगत व्यवस्थाहरु

**1:57** आयकर तर्फ आर्थिक वर्ष २०६१/६२ मा व्यक्तिको लागि र परिवारको लागि आयकर नलाग्ने हद क्रमशः रु ८० हजार र रु १ लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ को बजेटमा सो हद बढेर क्रमशः रु १ लाख र रु १ लाख २५ हजार पुग्यो। सोही बजेट वक्तव्यमार्फत आयातमा लागिआएको ०.५ प्रतिशतको विशेष कर खारेज गरियो।

**1:58** २०६२ माघ १ गते प्रस्तुत भएको आर्थिक अध्यादेशले एक सय तीस वस्तुहरुको भन्सारदर परिवर्तन गऱ्यो। उक्त अध्यादेशले अधिकांश घरायसी उपभोग्य बस्तुहरुको भन्सार दर १० देखि २५ प्रतिशतले कटौती गऱ्यो भने स्वस्थ्य सेवामा लागि आएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर खारेज गरी ५ प्रतिशत अन्तःशुल्क लाग्ने व्यवस्था गऱ्यो। सोही अध्यादेशले खैरो सिमेन्ट, पेट्रोल तथा हवाई इन्धनमा लागि आएको भन्सार महसूलमा भने सामान्य वृद्धि गऱ्यो।

## करका दरहरु

**1:59** आयकरतर्फ आयकर छुटको सीमाभन्दा माथिको रु ७५,००० मा १५ प्रतिशतका दरले र त्यस भन्दा पनि माथिको रकममा २५ जोड १.५ प्रतिशतले कर लाग्ने प्रावधान भने आर्थिक वर्ष २०६२/६३ मा पनि कायमै रह्यो। अन्तःशुल्कतर्फ आर्थिक वर्ष २०६१/६२ मा ४, १५ र ३२ गरी तीन वटा करका दरहरु कायम रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा २, ४, ५, १५ र ३२ प्रतिशत कायम रहे। आर्थिक वर्ष २०६२/६३ मा पैठारी महसूलका दरहरु ५, १०, १५, २५, ३५, ४० र ८० प्रतिशत कायम रहे भने निकासी महसूलका दरहरु ०.५, १, ८, ७० र २०० प्रतिशत कायम रहे, जुन दरहरु आर्थिक वर्ष २०६१/६२ मा पनि कायम थिए (तालिका १ च)।

**तालिका १ (च) : करका दरहरु**

| | २०६१/६२ | २०६२/६३ |
|---|---|---|
| १. पैठारी महसूल (प्रतिशतमा) | ५, १०, १५, २५, ३५, ४०, ८० | ५, १०, १५, २५, ३५, ४०, ८० |
| २. निकासी महसूल | | |
| (i) निकासी महसूल (प्रतिशतमा) | ०.५, १, २, १०, ७०, २०० | ०.५, १, ८, ७०, २०० |
| ३. अन्तःशुल्क (प्रतिशतमा) | ४, १५, ३२ | २, ४, ५, १५, ३२ |
| ४. मूल्य अभिवृद्धि कर (प्रतिशतमा) | १३ | १३ |
| ५. आयकर | | |
| (क) आयकर नलाग्ने हद | | |
| (१) व्यक्तिको लागि | रु. ८०,०००। | रु. १००,०००। |
| (२) दम्पत्ति वा परिवारको लागि | रु. १,००,०००।- | रु. १,२५,०००।- |
| (ख) आयकरको दर (प्रतिशतमा) | | |
| (१) पहिलो रु ७५,०००।- मा | १५ प्रतिशत | १५ प्रतिशत |
| (२) त्यसपछिको बाँकी रकममा | २५+१.५प्रतिशत | २५+१.५प्रतिशत |
| संस्थागत कर | | |
| (क) कर्पोरेट खुद आयमा समदरले | | |
| (१) बैंक, वित्तीय कम्पनी लगायत वित्तीय संस्थाहरु | ३० प्रतिशत | ३० प्रतिशत |
| (२) अन्य | २५ प्रतिशत | २५ प्रतिशत |
| (ख) साझेदारी फर्म | २५ प्रतिशत | २५ प्रतिशत |

## वैदेशिक नगद अनुदान

**1:60** आर्थिक वर्ष २०६१/६२ मा वैदेशिक नगद अनुदान अघिल्लो वर्षको १.८ प्रतिशतको न्यून वृद्धिको तुलनामा ६९.४ प्रतिशतको उच्च दरले वृद्धि भई २०६३ आषाढ मसान्तमा रु ८ अर्ब ८९ करोड पुगेको छ ।

## तिर्न बाँकी ऋण

**1:61** नेपाल सरकारको कुल आन्तरिक ऋण १०.२ प्रतिशतले विस्तार भई २०६३ आषाढ मसान्तसम्ममा रु ९४ अर्ब २१ करोड पुगेको छ । यो रकम कुल गार्हस्थ्य उत्पादनको १६.२ प्रतिशत हुनआउँछ । आर्थिक वर्ष २०६२/६३ मा मात्र नेपाल सरकारको खुद आन्तरिक ऋण रु ८ अर्ब ७४ करोडले बढ्यो । यस अवधिमा ट्रेजरी विल्सको कुल दायित्व रु ११ अर्ब ५९ करोडले बढेकोमा विकास ऋणपत्र तथा नागरिक बचत पत्रको दायित्व क्रमश रु २ अर्ब ४ करोड तथा रु २ अर्ब ७० करोडले घट्यो । उक्त अवधिमा सरकारको बैङ्गिग क्षेत्रतर्फको कुल दायित्व रु ९ अर्ब ८६ करोडले बढ्यो भने गैरबैंकिङ्ग क्षेत्रतर्फको दायित्व रु १ अर्ब ११ करोडले घट्यो । समीक्षा अवधिमा नेपाल सरकारले नेपाल राष्ट्र बैंकबाट लिने अधिविकर्ष (स्थानीय निकायको बैंक मौज्दात समावेश नगर्दा) अघिल्लो वर्षको तुलनामा ६२.४ प्रतिशतले वृद्धि भइ रु ४ अर्ब २६ करोड पुग्यो ।

**1:62** २०६३ आषाढ मसान्तमा नेपाल सरकारको कुल विदेशी ऋण २०६२ आषाढ मसान्तको तुलनामा ६.६ प्रतिशतले वृद्धि भई रु २३४ अर्ब २२ करोड पुगेको छ । यो रकम कुल गार्हस्थ्य उत्पादनको ४०.२ प्रतिशत हुन आउँछ ।

**1:63** आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा नेपाल सरकारको कुल तिर्न बाँकी ऋण ७.६ प्रतिशतले वृद्धि भई रु ३२८ अर्ब ४३ करोड पुगेको छ । यो रकम कुल गार्हस्थ्य उत्पादनको ५६.३ प्रतिशत हुनआउँछ । अघिल्लो वर्ष नेपाल सरकारको कुल तिर्न बाँकी ऋण रु ३०५ अर्ब ११ करोड रहेको थियो ।

## सार्वजनिक संस्थानहरुको स्थिति

**1:64** आर्थिक वर्ष २०६२।६३ मा नेपाल सरकारको सम्पूर्ण/अधिकांश स्वामित्वमा रहेका ३६ वटा संस्थानहरु मध्ये १९ संस्थानहरुले मुनाफा आर्जन गरेका छन् भने १७ वटा संस्थानहरु घाटामा सञ्चालन भएका छन् । मुनाफा आर्जन गर्ने संस्थानहरुमध्ये पनि अधिकांश संस्थानहरुको आर्थिक अवस्था, क्षमता उपयोग तथा कर्मचारी उत्पादकत्व सन्तोषजनक भने देखिदैन । आर्थिक वर्ष २०६१।६२ सम्म ती सार्वजनिक संस्थानहरुमा नेपाल सरकारको शेयर लगानी रु ५९ अर्ब ६८ करोड र ऋण लगानी रु ६४ अर्ब ५५ करोड रहेको देखिन्छ । आर्थिक वर्ष २०६१।६२ मा नेपाल सरकारले ती संस्थानहरुको शेयर लगानीमा रु ३ अर्ब ३५ करोड बराबरको लाभांश प्राप्त गरेको थियो । यो लाभांश, शेयर लगानीको ५६.२ प्रतिशत हुन आउँछ ।

**1:65** सार्वजनिक संस्थानहरुको कार्यसम्पादन कुशल हुन नसकेको परिणामस्वरुप नेपाल सरकारले ती संस्थानहरुबाट प्राप्त गर्ने संस्थागत आयकर अघिल्लो वर्षको तुलनामा ८५.३ प्रतिशतले घटी आर्थिक वर्ष २०६२/६३ मा रु १९ करोड ५८ लाख मात्र प्राप्त भयो । यसबाट सार्वजनिक संस्थानहरुको वित्तीय स्थिति सन्तोषजनक नरहेको स्पष्ट हुन्छ ।

## सार्वजनिक संस्थानहरुको निजीकरण र खारेजी

**1:66** देशले अवलम्बन गरेको आर्थिक उदारीकरण एवं खुला अर्थतन्त्रको एक मुख्य सम्वाहकको रुपमा नेपाल सरकारले सार्वजनिक संस्थानहरुको निजीकरण कार्यक्रमलाई लिएको छ । मूलतः सरकारलाई परेको प्रशासनिक एवं वित्तीय भार कम गर्ने, उद्योग एवं प्रतिष्ठानको व्यावसायिक दक्षता अभिवृद्धि गरी उत्पादकत्व वृद्धि गर्ने र आर्थिक विकासमा निजी क्षेत्रको सहभागितामा वृद्धि गर्ने जस्ता उद्देश्यहरु लिई विगत डेढ दशकदेखि नेपाल सरकारले निजीकरण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । हालसम्म २६ वटा सार्वजनिक संस्थानहरुको निजीकरण एवं खारेजीको कार्य सम्पन्न भई सकेको छ ।

**1:67** आर्थिक वर्ष २०६२/६३ मा लुम्बिनी चिनी कारखाना र नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.को सम्पत्ति निजी क्षेत्रलाई बिक्री तथा जग्गा र भवन क्रमशः २५ वर्ष र १० वर्षका लागि भाडामा दिने कार्य सम्पन्न भयो ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

**1:68** अघिल्लो वर्ष ८.३ प्रतिशतले वृद्धि भएको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०६२।६३ मा १५.६ प्रतिशतले वृद्धि भएको छ। विस्तृत मुद्रा प्रदायको अंशहरुमध्ये सकुंचित मुद्रा प्रदाय पनि समीक्षा वर्ष अघिल्लो वर्षको तुलनामा उच्च रहेको छ। अघिल्लो वर्ष सो मुद्रा प्रदाय ६.६ प्रतिशतले विस्तार भएकोमा यस वर्ष १४ प्रतिशतले बढेको छ। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप पनि अघिल्लो वर्ष ९.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.४ प्रतिशत वृद्धि भएको छ। वास्तविक आवधिक निक्षेप ब्याजदर ऋणात्मक रहेपनि विप्रेषण आप्रवाह उच्च रहेको कारणले गर्दा आवधिक निक्षेपको वृद्धिदर अघिल्लो वर्षको तुलनामा समीक्षा वर्ष उच्च रहन गएको हो ।

**1:69** मुद्राको माग पक्षबाट विश्लेषण गर्दा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर न्यून रहेता पनि उच्च विप्रेषण आप्रवाह, बढ्दो मूल्य स्थिति र त्यसले उत्पन्न गरेको उच्च मुद्रास्फीतिकारी अपेक्षाले गर्दा मुद्राको माग बढ्न गई समीक्षा वर्षमा मुद्राप्रदायको विस्तार उच्च रहेको हो ।

## मौद्रिक विस्तारका कारक तत्वहरु

**1:70** मुद्राप्रदायका विस्तारकारी कारकहरुमध्ये खुद वैदेशिक सम्पत्ति (वैदेशिक विनिमय मूल्याङ्कन समायोजित) को वृद्धि अघिल्लो वर्ष रु ५ अर्ब ७४ करोड (५.३ प्रतिशत) ले बढेकोमा समीक्षा वर्ष रु. २५ अर्ब ५६ करोड (२३.७ प्रतिशत) ले बढेको छ। विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भएकोले खुद वैदेशिक सम्पत्तिको वृद्धि समीक्षा वर्षमा उच्च रहेको हो ।

**1:71** मुद्रा प्रदायको अर्को विस्तारकारी कारक कुल आन्तरिक कर्जाको विस्तार समीक्षा वर्षमा न्यून रहेको छ। अघिल्लो वर्ष सो कर्जा १३.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्ष ७.९ प्रतिशतले मात्र वृद्धि भएको छ। आन्तरिक द्वन्द्वका कारणले गर्दा औद्योगिक क्रियाकलापहरु शिथिल रहेको र देशका दुई ठूला वाणिज्य बैंकहरु, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा भुक्तानीमा जोड दिनुको साथै सम्पूर्ण बैकिङ्ग क्षेत्रले कर्जा प्रवाहमा सर्तक्ता अपनाएको कारणले गर्दा सम्पूर्ण कर्जा योगाङ्कहरुको विस्तारमा कमी आएको हो ।

**1:72** आन्तरिक कर्जा योगाङ्कहरुमा नेपाल सरकारमाथिको खुद दाबी अघिल्लो वर्षको भन्दा न्यून रहेको छ। अघिल्लो वर्ष सो दाबी ११.३ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्ष १०.५ प्रतिशतले मात्र बढेको छ। नेपाल सरकारले अघिल्लो वर्ष रु २ अर्ब ६२ करोड अधिविकर्ष सुविधा उपयोग गरेको तुलनामा समीक्षा वर्षमा नेपाल राष्ट्र बैकसँग (स्थानीय निकायको बैंक मौज्दात समावेश गर्दा) रु १ अर्ब १० करोड उपयोग गरेकोले सो दाबी घटेको देखिएको हो। यदि स्थानीय निकायको बैंक मौज्दात रकम हटाउने हो भने नेपाल सरकारले नेपाल राष्ट्र बैंक सँग रु ४ अर्ब २६ करोड बरावरको अधिविकर्ष उपयोग गरेको देखिन्छ ।

**1:73** मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जाको मुख्य अंश निजी क्षेत्रतर्फ जाने कर्जाको विस्तार २०६१।६२ को तुलनामा २०६२।६३ मा न्यून रहेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १४.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ८.९ प्रतिशतले मात्र बढेको छ। आन्तरिक द्वन्द्व र राजनैतिक गतिरोधले लगानीमा जोखिमको स्थिति देखिएकोले निजी क्षेत्रतर्फ जाने कर्जाको विस्तार कम रहेको हो। साथै, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा असूलीमा जोड दिएका र नेपाल बैंकले आर्थिक वर्षको अन्तमा केही खराब कर्जा अपलेखन गरेकोले निजी तर्फ गएको कर्जाको वृद्धिदरमा कमी आएको हो ।

**1:74** समीक्षा वर्षमा मौद्रिक क्षेत्रको गैरसरकारी संस्थाहरुमाथीको कर्जा प्रवाह घटेको छ। अघिल्लो वर्ष १२५.५ प्रतिशतले कर्जा प्रवाह बढेकोमा समीक्षा वर्षमा ३१.९ प्रतिशतले घट्यो। मूलतः नेशनल

ट्रेडिङ्ग लिमिटेड, नेपाल खाद्य संस्थान, नेपाल आयल निगम, र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडले बैकिङ्ग क्षेत्रबाट उपयोग गरेको केही कर्जा चुक्ता गरेको र वाणिज्य बैंकहरुले कर्जा प्रवाहमा सर्तक्ता अपनाएको कारणले गर्दा समीक्षा वर्षमा गैरसरकारी संस्थाहरुमाथिको दाबी घटेको हो ।

**1:75** खूद अमौद्रिक दायित्व अघिल्लो वर्ष २१.५ प्रतिशतले बढेकोमा समीक्षा वर्ष १.० प्रतिशतले घटेको छ। नेपाल बैंक लिमिटेडले खराब कर्जा अपलेखन गरेको हुदाँ कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तबी हिसाबमा रहेको रकम घटेकोले खूद अमौद्रिक दायित्वको वृद्धिदरमा कमी आएको हो ।

**1:76** मौद्रिक क्षेत्रको आन्तरिक कर्जाबाट खुद अमौद्रिक दायित्व घटाउँदा आउने खुद आन्तरिक सम्पति विदेशी विनिमय मूल्याङ्कन समायोजित) समीक्षा वर्ष ११.० प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो सम्पति १०.३ प्रतिशतले बढेको थियो ।

### सञ्चित मुद्रा

**1:77** समीक्षा वर्षमा विप्रेषण आप्रवाह उच्च रहेको कारणले गर्दा मौद्रिक अधिकारीको वैदेशिक सम्पत्ति विस्तार अधिक रहेको फलस्वरुप सञ्चित मुद्राको वृद्धि उच्च रहेको छ। अघिल्लो वर्ष सो मुद्रा २.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १४.७ प्रतिशतले बढेको छ। सञ्चित मुद्राको अंशहरुमध्ये चलनचल्तिमा रहेको मुद्राको वृद्धि अघिल्लो वर्षको ८.८ प्रतिशतबाट बढेर १३.१ प्रतिशत पुगेको छ भने वाणिज्य बैंकहरुसँग रहेको नगद मौज्दात अघिल्लो वर्षको ११.४ प्रतिशतको वृद्धिबाट २३.८ प्रतिशतले बढेको छ। त्यस्तैगरी, अघिल्लो वर्ष वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकसँग रहेको निक्षेप १६.५ प्रतिशतले घटेको विपरीत समीक्षा वर्षमा १३.४ प्रतिशतले बढेको छ ।

## मुद्रा तथा वित्तीय बजार

### मुद्राबजारमा तरलताको स्थिति

**1:78** समीक्षा वर्षभरि नै वाणिज्य बैंकहरूसँग अधिक तरलताको स्थिति रह्यो । २०६२ आषाढ मसान्तमा वाणिज्य बैंकहरूसँग (अनिवार्य नगद अनुपात बाहेक) रु १४ अर्ब ३४ करोड अधिक तरलता रहेकोमा २०६३ आषाढ मसान्तमा रु १६ अर्ब ४४ करोड रह्यो। अधिक तरलता उच्च रहेकोले ९१ दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर २०६२ आषाढमा ३.९४ प्रतिशत रहेको तुलनामा २०६३ आषाढमा ३.२५ प्रतिशतमा झर्‍यो। त्यसैगरी भारित औसत अन्तरबैंक कारोबार दर पनि २०६२ आषाढको ४.७१ प्रतिशतको तुलनामा २०६३ आषाढमा २.१३ प्रतिशत रह्यो ।

**1:79** विप्रेषण आप्रवाहबाट सिर्जित तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकले रु १३ अर्ब ५१ करोडको बिक्री बोलकबोल गर्‍यो भने रु ६ अर्ब ५० करोडको रिर्भस रिपो गर्‍यो। फलस्वरुप, रु २० अर्ब १ करोड बराबरको तरलता (Cumulative आधारमा) प्रशोचन भयो। समीक्षा वर्ष नेपाल राष्ट्र बैकले रु ८३ करोडको खरीद बोलकबोल र रु ४५ करोडको रिपो बोलकबोल गर्‍यो। फलस्वरुप, समीक्षा वर्ष खुद रु १८ अर्ब ७३ करोड बराबरको तरलता (Cumulative को आधारमा) प्रशोचन भयो ।

### ट्रेजरी बिल्स प्राथमिक बजार कारोबार

**1:80** समीक्षा वर्षमा प्राथमिक बजारबाट नवीकरण तथा नयाँ निष्कासन गरी कुल रु ७२ अर्ब ७४ करोड ३० लाखको ट्रेजरी बिलहरु बोलकबोलको माध्यमबाट बिक्री गरिएको छ। बोलकबोल मार्फत बिक्री भएका ट्रेजरी बिलको कुल रकममध्ये रु ३ अर्ब ६० करोडको २८ दिने, रु ३० अर्ब ९८ करोडको ९१ दिने, रु ४ अर्ब २६ करोडको १८२ दिने र रु ३३ अर्ब ९० करोड ३० लाखको ३६४ दिने ट्रेजरी बिल रहेका छन्। समीक्षा वर्षमा २८ दिने ट्रेजरी बिलको २३ पटक, ९१ दिने ट्रेजरी बिलको ५२ पटक, १८२ दिने ट्रेजरी बिलको १२ पटक र ३६४ दिने ट्रेजरी बिलको २९ पटक बोलकबोल गरिएको थियो ।

***1:81*** २८ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम १.५७५२ प्रतिशत, अधिकतम ३.२५०३ प्रतिशतसम्म रही वार्षिक औसत २.३२३६ प्रतिशत रह्यो । ९१ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम १.९९७५ प्रतिशत, अधिकतम ३.७५०० प्रतिशत रही वार्षिक औसत २.८५८४ प्रतिशत रह्यो । त्यसैगरी १८२ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम २.५६८३ प्रतिशत, अधिकतम ४.०५१० प्रतिशत रही वार्षिक औसत ३.५३०४ प्रतिशत रहन गयो । त्यस्तै ३६४ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम २.९०५१ प्रतिशत, अधिकतम ४.७७९५ प्रतिशतसम्म पुगी औसत वार्षिक बट्टादर ३.९५६१ प्रतिशत रह्यो ।

## ट्रेजरी बिल्समा खुला बजार कारोबार

***1:82*** आर्थिक वर्ष २०६१।६२ देखि तरलता अनुगमन र प्रक्षेपण संरचना एवम् मौद्रिक लक्ष्यहरुका स्थितिको आधारमा खुला बजार कारोबारका महत्वपूर्ण उपकरणहरु सोझै खरीद बोलकबोल, सोझै बिक्री बोलकबोल र रिपो बोलकबोल रिभर्स रिपो बोलकबोल मार्फत ट्रेजरी बिल्समा दोस्रो बजार कारोबार हुँदै आएको छ ।

***1:83*** विगतमा खुला बजार कारोबारको लागि वाणिज्य बैंकहरुले अग्रसरता लिने गरेकोमा आर्थिक वर्ष २०६१।६२ देखि तरलताको स्थितिको आधारमा यस बैंकले अग्रसरता लिन थालेको छ । आर्थिक वर्ष २०६२।६३ मा ट्रेजरी बिल्सको खुला बजार कारोबारअन्तर्गत रिपो बोलकबोल एक पटकमा रु ४५ करोड, रिभर्स रिपो नौ पटकमा रु ६ अर्ब ५० करोड, सोझै बिक्री बोलकबोल १५ पटकमा रु १३ अर्ब ५१ करोड र सोझै खरीद बोलकबोल दुई पटकमा रु ८३ करोड कारोबार सम्पन्न भएको छ ।

## अन्तरबैंक कारोबार

***1:84*** अन्तरबैंक कारोबार अघिल्लो वर्ष कुल रु १ खर्ब ५२ अर्ब ८३ करोड ७७ लाख भएकोमा समीक्षा वर्षको आषाढ मसान्तसम्ममा कुल रु १ खर्ब ७५ अर्ब ७५ करोड पुग्यो । अन्तरबैंक कारोबारमा आएको सघनताको कारणले गर्दा वाणिज्य बैंकहरुले उपयोग गर्दै आएको स्थायी तरलता सुविधामा पनि समीक्षा वर्ष अघिल्लो वर्षको तुलनामा कमी आयो । अघिल्लो वर्ष यस सुविधाअन्तर्गत रु ४९ अर्ब ३१ करोड उपयोग भएकोमा समीक्षा वर्ष रु ९ अर्ब ८८ करोड मात्र उपयोग भएको छ । उच्च विप्रेषण आप्रवाहको कारणले गर्दा वाणिज्य बैंकहरुसँग अधिक तरलताको स्थिति रहन गएकोले उक्त सुविधाको उपयोगमा कमी आएको हो ।

**तालिका १ (छ) : अन्तरबैंक कारोबार स्थिति**

रु करोडमा

| महिना | २०६१/६२ | | २०६२/६३ | |
|---|---|---|---|---|
| | रकम | ब्याजदर | रकम | ब्याजदर |
| श्रावण | ४३०.९ | १.०२ | २०५५.४ | २.४७ |
| भाद्र | १३१६.५ | ०.३९ | २४६७.१ | ३.८७ |
| आश्विन | १२१४.५ | ०.८३ | १२०२.१ | ३.१८ |
| कार्तिक | ९०५.६ | २.२४ | १०३६.९ | २.३६ |
| मार्ग | ११०१.८ | ३.५४ | १५५३.३ | ०.९६ |
| पुष | ११०३.० | ३.४९ | ११२५.५ | १.२२ |
| माघ | १२७१.० | ३.९५ | १४५४.१ | २.४८ |
| फाल्गुण | ९५००.० | ४.३३ | २००७.५ | २.८४ |
| चैत्र | १८१६.२ | ४.५० | १५६५.४ | १.९७ |
| बैशाख | १३०५.० | ४.२८ | ७९७.० | ३.५२ |
| जेष्ठ | १८३३.४ | ४.११ | १०२४.५ | १.७७ |
| आषाढ | २०३५.९ | ४.७१ | १२८६.२ | २.१३ |
| जम्मा | **१५२८३.८** | **३.३९** | **१७५७५.०** | **२.४७** |

### ब्याजदर

**1:85** अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा ब्याजदरमा सामान्य परिवर्तन देखापऱ्यो। वाणिज्य बैंकहरुले बचत निक्षेपमा प्रदान गर्ने न्यूनतम ब्याजदर अघिल्लो वर्षको तुलनामा केही उच्च रह्यो। अघिल्लो वर्ष बचतमा न्यूनतम ब्याजदर १.७५ प्रतिशत रहेकोमा यस वर्ष बढेर २.० प्रतिशत पुग्यो। तर मुद्धती निक्षेपमा दिइने ब्याजदरमा भने कुनै परिवर्तन आएन। त्यसैगरी सरकारी ऋणपत्रहरुको भारित औसत ब्याजदर तथा अन्तरबैंक ब्याजदर पनि अघिल्लो वर्षको तुलनामा न्यून रह्यो। अघिल्लो वर्षको आषाढ महिनामा ९१-दिने तथा ३६४-दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर क्रमशः ३.९४ र ४.७९ प्रतिशत रहेकोमा समीक्षा वर्षको आषाढमा घटेर ३.२५ तथा ३.९५ प्रतिशत कायम हुन आयो। त्यसैगरी भारित औसत अन्तरबैंक ब्याजदर अघिल्लो वर्षको आषाढ महिनामा ४.७१ प्रतिशत रहेकोमा समीक्षा वर्षको आषाढ महिनामा घटेर २.१३ प्रतिशत हुन आयो।

### वाणिज्य बैंकहरु तथा अन्य वित्तीय संस्थाहरुलाई पुनरकर्जा सुविधा

**1:86** नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथ अन्य वित्तीय संस्थाहरुलाई प्रदान गर्दै आएको पुनर्कर्जा सुविधाको वर्षको अन्तमा रहेको बक्यौता अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा ११.४ प्रतिशतले कमी आयो। अघिल्लो वर्षको अन्तमा सो सुविधाअन्तर्गत कुल रु १ अर्ब २३ करोड ६० लाख ऋण बाँकी रहेकोमा समीक्षा वर्षको आषाढ मसान्तसम्ममा कुल रु १ अर्ब नौ करोड ६० लाख रहेको छ। समीक्षा वर्षको आषाढ मसान्तमा वाणिज्य बैंकहरुलाई पुनर्कर्जा सुविधाअन्तर्गत गएको ऋणमध्ये कुल रु ३२ करोड ९० लाख मौज्दात बाँकी रहेको छ। अघिल्लो वर्ष सो सुविधाअन्तर्गत रु २२ करोड ९० लाख पुनर्कर्जा मौज्दात बाँकी रहेको थियो। अघिल्लो वर्षको आषाढ मसान्तसम्ममा कृषि विकास बैंकले कुल रु २२ करोड ४० लाख उपयोग गरेकोमा समीक्षा वर्षको आषाढ मसान्तसम्ममा कुल रु ११ करोड ७ लाख मात्र उपयोग गरेको छ। त्यस्तैगरी, अघिल्लो वर्ष नेपाल औद्योगिक विकास निगमले कुल रु ७७ करोड ३० लाख उपयोग गरेकोमा समीक्षा वर्ष केही भुक्तानी गरेको हुँदा रु ६१ करोड ९० लाख मौज्दात कायम रह्यो। ग्रामीण विकास बैंकहरुले अघिल्लो वर्ष उपयोग गरेको रु १ करोड नै समीक्षा वर्ष पनि कायम रहन गयो। समीक्षा वर्षको अन्तमा नेपाल विकास बैंकको रु २ करोड ७३ लाख पुनरकर्जा सुविधा बक्यौता रहेको देखिन्छ।

### विदेशी विनिमय बजार

**1:87** आर्थिक वर्ष २०६२।६३ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा ६४ पटक हस्तक्षेप गरी खुद रु ५५ अर्ब २२ करोड बराबरको तरलता प्रशोचन गऱ्यो। अघिल्लो वर्ष उक्त बजारमा गरिएको हस्तक्षेपबाट खुद रु ३४ अर्ब २८ करोड बराबरको तरलता प्रशोचन भएको थियो, जसमा रु ३७ करोड ८९ लाख बराबरको खरिद र रु ३ अर्ब ६२ करोड बराबरको अमेरीकी डलर बिक्री भएको थियो। समीक्षा वर्ष विदेशी विनिमय बजारबाट कुल रु ५५ अर्ब ८८ करोड बराबरको अमेरिकी डलरको खरिद र कुल रु ६५ करोड ४५ लाख बराबरको अमेरिकी डलर बिक्री गरियो। विप्रेषण आप्रवाह अत्यधिक बढेको कारणले गर्दा विदेशी विनिमय बजारमा गरिएको हस्तक्षेपबाट अघिल्लो वर्षको तुलनामा समीक्षा वर्ष तरलता प्रवाहको परिमाण बढेको हो।

### विनिमय दर प्रवृत्ति

**1:88** नेपाली रुपैयाँको भारतीय रुपैयाँसँगको विनिमय दर आर्थिक वर्ष २०६२।६३ मा पनि स्थिर रह्यो। तथापि यस अवधिमा नेपाली रुपैयाँ अन्य प्रमुख अन्तर्राष्ट्रिय मुद्राहरुको तुलनामा भने अवमूल्यन भएको छ। २०६२ आषाढ मसान्तको तुलनामा २०६३ आषाढ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.०६ प्रतिशतले अवमूल्यन भएको छ। त्यसैगरी नेपाली मुद्रा यस अवधिमा स्टर्लिङ्ग पाउण्डसंग ८.९४ प्रतिशत, यूरोसँग ९.४२ प्रतिशत र जापानी येनसँग १.५६ प्रतिशतले अवमूल्यन भएको छ।

## नेपाल सरकारको विकास ऋणपत्र

**1:89** विकास ऋणपत्रलाई बोलकबोल प्रथाद्वारा प्राथमिक बजारबाट बिक्री गर्नको लागि कानूनी पूर्वाधारको रुपमा रहेको ऋणपत्रको प्राथमिक निष्काशन तथा दोश्रो बजार व्यवस्थापन नियमावली, २०६१ सरकारबाट २०६१ चैत्र १७ गते स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ। जसअनुसार, आर्थिक वर्ष २०६१/६२ मा ४ पटक गरी रु ३ अर्ब बराबरको ऋणपत्रहरु बोलकबोल निष्कासन भएको थियो। आर्थिक वर्ष २०६२।६३ मा नेपाल सरकारको रु ७५ करोडको विकास ऋणपत्र प्राथमिक बजारबाट निष्कासन गरिएको छ। धितोपत्र बजारमा विकास ऋणपत्रको दोस्रो बजार कारोबार सुरु हुन नसकेको हुँदा समीक्षा वर्ष कम मात्रामा विकास ऋणपत्र निष्कासन गरिएको हो। बोलकबोल प्रथाद्धारा निष्कासन गरिएका विकास ऋणपत्रहरुको दोस्रो बजार कारोवार गर्न नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत गर्ने कार्य सम्पन्न भइसकेको छ र यस्ता ऋणपत्रको दोस्रो बजार कारोवार उक्त बजार मार्फत हुने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०६२/६३ को अन्तसम्म नेपाल सरकारको ऋणपत्र जम्मा रु १७ अर्ब ९६ करोड रहेको छ।

**1:90** आर्थिक वर्ष २०६२/०६३ को आषाढ मसान्तसम्म वाणिज्य बैंकहरु तथा एन.आई.डि.सी. म्युचुअल फण्डबाट कुल रु १ अर्ब ९१ करोड बराबरका ऋणपत्रहरु (debentures) निष्काशित भएका छन्। यसमध्ये रु १ अर्ब ५१ करोड ऋणपत्रहरु नेपाल स्टक एक्स्चेञ्जमा सूचिकृत भएका छन्।

**तालिका १ (ज) : निजी क्षेत्रबाट जारी गरिएका ऋणपत्रहरु**


| संस्था | मिति | रकम (रु करोडमा) | व्याजदर (प्रतिशत) | भुक्तानी अवधि |
|---|---|---|---|---|
| नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेड | २०५८.१२.१२ | ३० | ८.५ | ७ वर्ष |
| हिमालयन बैंक लिमिटेड | २०५८.१२.१२ | ३६ | ८.५ | ५ वर्ष |
| एभरेष्ट बैंक लिमिटेड | २०६१.८.१४ | ३० | ६.० | ७ वर्ष |
| बैंक अफ काठमाण्डु लिमिटेड | २०६२.५.२२ | २० | ६.० | ७ वर्ष |
| नेपाल इन्भेस्टमेण्ट बैंक | २०६३.२.१६ | २५ | ६.० | ७ वर्ष |
| नेपलाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड** | २०६३.२.१७ | २० | ६. | ७ वर्ष |
| नेपाल एसविआई बैंक लिमिटेड** | २०६३.३.११ | २० | ६.० | ७ वर्ष |
| एन.आई.डि.सी. म्युचुअल फण्ड | २०५९.२.२३ | १० | ५.०* | - |
| | जम्मा | १९१ | | |

* लाभांश दर, ** सूचिकृत हुन बाँकी।

## शेयर बजार

**1:91** २०६२ आषाढ मसान्तमा २८६.६७ पुगेको नेप्से परिसूचक २०६३ आषाढ मसान्तमा १००.१६ बिन्दुले बढेर ३८६.८३ पुगेको छ (तालिका १.१५)। वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रकममा ठूलो वृद्धि हुनु, बजारको वास्तविक ब्याजदर न्यून रहेकाले धितोपत्रको लगानीतर्फ आकर्षण बढ्नु, अर्थतन्त्रमा वैकल्पिक लगानीका अवसर कम हुनु तथा वित्तीय संस्थाहरुका वित्तीय विवरणहरुमा पारदर्शिता आउनुका साथै यी संस्थाहरुको मुनाफा र विश्वसनीयतामा क्रमशः सुधार हुँदै गएकोले भविष्यमा बढी प्रतिफल प्राप्त हुने र शेयर मूल्यमा समेत वृद्धि हुने ठानी यस्ता संस्थाहरुको शेयरमा लगानी गर्न सर्वसाधारणहरु बढी उत्सुक हुनु नेप्से सूचकाङ्क बढ्नुका मुख्य कारकका रुपमा रहेका छन्।

**1:92** २०६२ आषाढ मसान्तमा सूचीकृत कम्पनीहरुको संख्या १२५ रहेकोमा २०६३ आषाढ मसान्तमा सो संख्या बढेर १३५ पुगेको छ। सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी अघिल्लो वर्ष रु. १६ अर्ब ७७ करोड रहेकोमा समीक्षा वर्षमा १९ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ९६ करोड पुगेको छ।




**1:93** २०६२ आषाढ मसान्तमा रु. ६१ अर्ब ३७ करोड रहेको बजार पूँजीकरण (Market Capitalization) २०६३ आषाढ मसान्तमा ५७.७ प्रतिशतले वृद्धि भई रु. ९६ अर्ब ७६ करोड भएको छ। समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनमा बजार पूँजीकरणको अनुपात १६.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो अनुपात ११.५ प्रतिशत रहेको थियो। त्यसैगरी अघिल्लो वर्ष चुक्ता पूँजीको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३.१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा सो अनुपात ३.४ प्रतिशत पुगेको छ।

## वित्तीय संस्थाहरु

### वित्तीय संस्थाहरुको संख्या

**1:94** २०६३ आषाढ मसान्तसम्म कृषि विकास बैंक समेत गरी १८ वटा वाणिज्य बैंकहरु सञ्चालनमा रहेका छन्। नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त ख वर्गका बित्तीय संस्था (विकास बैंक) हरुको संख्या समीक्षा वर्षमा ३० वटा रहेको छ। त्यसैगरी ग वर्गका बित्तीय संस्था (वित्त कम्पनी) हरुको संख्या अघिल्लो वर्ष ६० रहेकोमा २०६३ आषाढ मसान्तमा ७० पुगेको छ। लघुवित्त सम्बन्धी कारोवार गर्ने घ वर्गका बित्तीय संस्थाहरु (ग्रमीण विकास बैंक समेत) ११ वटा रहेका छन् भने नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त सहकारी संस्थाहरुको संख्या १९ रहेको छ। नेपाल राष्ट्र बैंकबाट लघु कर्जा कारोबार गर्न इजाजत प्राप्त गैरसरकारी संस्थाहरुको संख्या ४७ रहेको छ। यस प्रकार २१ वटा बीमा कम्पनीहरु, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक बचत बैंक समेत गरी २०६३ आषाढ मसान्तसम्मको तथ्याङ्कअनुसार २१९ वटा वित्तीय संस्थाहरु कार्यरत रहेका छन्।

तालिका १ (भ) : वित्तीय संस्थाहरुको संख्या

| | २०६२ आषाढ मसान्त | २०६३ आषाढ मसान्त |
|---|---|---|
| वाणिज्य बैंक (क वर्ग) | १७ | १८* |
| विकास बैंक (ख वर्ग) | ३२ | ३० |
| वित्त कम्पनी (ग वर्ग) | ६० | ७० |
| लघुवित्तसम्बन्धी कारोबार गर्ने वित्तीय संस्थाहरु** (घ वर्ग) | ११ | ११ |
| सहकारी संस्थाहरु*** | २० | १९ |
| बीमा कम्पनी | १९ | २१ |
| कर्मचारी सञ्चय कोष | १ | १ |
| नागरिक लगानी कोष | १ | १ |
| हुलाक बचत बैंक | ११७ | ११७ |

* कृषि विकास बैंक समेत ।

** ग्रामीण विकास बैंक समेत

*** सीमित बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त ।

## वित्तीय संरचना

**1:95** समीक्षा वर्षमा शोधनान्तर बचतमा भएको उल्लेख्य वृद्धिका कारण नेपाल राष्ट्र बैंकको विदेशी विनिमय सञ्चिति समेत बढ्न गई वित्तीय संस्थाहरुको कुल सम्पत्ति दायित्वमा यस बैंकको अंश बढ्न गएको छ भने अघिल्लो वर्षमा झैं वाणिज्य बैंकहरुको अंश उल्लेख्य रहेको छ । कृषि विकास बैंक वाणिज्य बैंकमा परिणत भएका कारण विकास बैंक समूहको अंशमा कमी देखिएको छ भने सहकारी संस्था तथा लघु वित्त सम्बन्धी कारोबार गर्ने संस्थाहरुको अंशमा खासै कुनै परिवर्तन आएको छैन । कर्मचारी सञ्चय कोष र बीमा कम्पनीहरुको साधन परिचालनमा उल्लेख्य वृद्धि भएका कारण वित्तीय संस्थाहरुको कुल सम्पत्ति दायित्वमा सम्झौतातीत बचत संस्थाहरु (Contractual savings institutions) को योगदान बढ्न गएको छ ।

**1:96** बैंकिङ्ग क्षेत्र र सम्झौतातीत बचत संस्थाहरुको कुल सम्पत्ति/दायित्व-कुल गार्हस्थ्य उत्पादन अनुपात २०६३ आषाढ मसान्तमा ११९.९ प्रतिशत रहेको छ। शेयर बजार पूँजीकरण समेत समावेश गर्दा वित्तीय प्रणाली– कुल गार्हस्थ्य अनुपात १३६.५ प्रतिशत हुन आउँछ ।

**1:97** वित्तीय संस्थाहरुको कुल सम्पत्ति/दायित्व संरचनामा २०६३ आषाढमा वाणिज्य बैंकहरुको सर्वाधिक ५५.४ प्रतिशत अंश रहेको छ। त्यसपछि नेपाल राष्ट्र बैंकको २४.० प्रतिशत, कर्मचारी सञ्चय कोषको ७.३ प्रतिशत, वित्त कम्पनीहरुको ५.६ प्रतिशत, विकास बैंकहरुको १.५ प्रतिशत र बीमा कम्पनीहरुको ३.७ प्रतिशत रहेको छ ।

## तालिका १ (ञ) : वित्तीय संरचना

(रु करोडमा)

| | २०६१।६२ | | | २०६२।६३ | | |
|---|---|---|---|---|---|---|
| | कुल सम्पत्ति/ दायित्व | अंश प्रतिशतमा | कुल सम्पत्तिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात प्रतिशतमा | कुल सम्पत्ति | अंश प्रतिशतमा | कुल सम्पत्तिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात प्रतिशतमा |
| **वित्तीय संस्थाहरु** | **५८०४९.८** | **८९.३** | **१०८.८** | **६१५७६.१** | **८८.१** | **१०५.६** |
| नेपाल राष्ट्र बैंक | १४२८२.४ | २२.० | २६.८ | १६७६०.७ | २४.० | २८.८ |
| वाणिज्य बैंकहरु | ३४०६३.३ | ५२.४ | ६३.८ | ३८७६७.८ | ५५.४ | ६६.५ |
| वित्त कम्पनीहरु | ३०५१.५ | ४.७ | ५.७ | ३८८४.१ | ५.६ | ६.७ |
| विकास बैंकहरु* | ५७८१.५ | ८.९ | १०.८ | १०६१.१ | १.५ | १.८ |
| सहकारी संस्थाहरु | २४१.१ | ०.४ | ०.५ | २८३.४ | ०.४ | ०.५ |
| लघुवित्त सम्बन्धी कारोबार गर्ने वित्तीय संस्थाहरु | ६३० | १.० | १.२ | ८१९.० | १.२ | १.४ |
| **सम्झौतातीत बचत संस्थाहरु** | **६९२१** | **१०.७** | **१३.०** | **८३४४.०** | **११.९** | **१४.३** |
| कर्मचारी सञ्चय कोष | ४५१३ | ६.९ | ८.५ | ५१०६.० | ७.३ | ८.८ |
| नागरिक लगानी कोष | ५८३ | ०.९ | १.१ | ६८५.० | १.० | १.२ |
| विमा कम्पनीहरु | १८२५ | २.८ | ३.४ | २५५३.० | ३.७ | ४.४ |
| **जम्मा** | **६४९७०.८** | **१००.०** | **१२१.८** | **६९९२०.१** | **१००.०** | **११९.९** |
| **कुल गार्हस्थ्य उत्पादन रु करोडमा** | **५३३५३** | | | **५८२९४** | | |
| धितोपत्र बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशतमा) | | | ११.६ | | | १६.६ |

* २०६२/६३ मा कृषि विकास बैंक र नेपाल औद्योगिक बिकास निगम बाहेक।

## वाणिज्य बैंकहरु

### वाणिज्य बैंकहरुको साधनको स्रोत

**1:98** वाणिज्य बैंकहरुको सम्पत्ति-दायित्व अघिल्लो वर्ष १०.२ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा १०.९ प्रतिशतले बढी २०६३ आषाढ मसान्तसम्ममा रु ३ खर्ब ७७ अर्ब ६६ करोड पुग्यो। स्रोतको उपयोगतर्फ तरलकोषको वृद्धि उच्च रहे पनि गैरवित्तीय सरकारी संस्थाहरुमाथि बैंकिङ्ग क्षेत्रको दाबी उल्लेख्य रुपमा घटेको र निजीक्षेत्रतर्फ जाने कर्जाको वृद्धिदरमा कमी आएको तथा स्रोततर्फ समीक्षा वर्षमा कुल निक्षेपको वृद्धि उच्च रहे पनि साधारण जगेडा कोषमा कमी आएकोले सम्पत्ति तथा दायित्वको वृद्धि अघिल्लो वर्षको तुलनामा सीमान्तदरले मात्र बढेको हो। नेपाल बैंक लिमिटेडले २०६३ आषाढमा रु ३ अर्ब ७६ करोड साँवा र ८ अर्ब ३२ करोड ब्याज गरी रु. १२ अर्ब ८ करोड अपलेखन गरेकोले समग्र वाणिज्य बैंकहरुको सम्पत्ति/दायित्वको वृद्धिदर सीमान्त रहन गएको हो।

**1:99** आर्थिक वर्ष २०६१।६२ मा कुल निक्षेप दायित्व ७.७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२।६३ मा १५.९ प्रतिशतले बढी २०६३ आषाढ मसान्तसम्ममा कुल रु २ खर्ब ९० अर्ब ३७ करोड पुग्यो। कुल गार्हस्थ्य उत्पादन र वाणिज्य बैंकहरुको कुल निक्षेपबीचको अनुपात अघिल्लो वर्ष ४६.९ प्रतिशत रहेकोमा समीक्षा वर्ष ४९.८ प्रतिशत रहेको छ। निक्षेप दायित्वका अंशहरुमध्ये माग निक्षेपको वृद्धि अघिल्लो वर्ष ३.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ८.० प्रतिशतले बढ्यो। त्यस्तैगरी, बचत निक्षेप अघिल्लो वर्ष १३.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.६ प्रतिशतले बढ्यो। निक्षेपहरुमध्येको मुद्दती निक्षेपको वृद्धि अघिल्लो वर्ष १.० प्रतिशत रहेकोमा समीक्षा वर्षमा १८.२ प्रतिशत रह्यो । अघिल्लो वर्षको आषाढ मसान्तसम्ममा मुद्दती निक्षेप कुल रु ८४ अर्ब १४ करोड पुगेकोमा २०६३ आषाढ मसान्तसम्ममा कुल रु ९९ अर्ब ४८ करोड पुगी कुल निक्षेपमा मुद्दती निक्षेपको अंश ३४.३ प्रतिशत कायम रहन गएको छ। विप्रेषण आप्रवाहले गर्दा समीक्षा वर्ष वाणिज्य बैंकहरुको निक्षेप उल्लेख्य रुपमा बढ्न गएको हो।

**1:100** वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकसँगको सापटी अघिल्लो वर्ष रु १ अर्ब २५ करोडले बढेकोमा समीक्षा वर्षमा रु १ अर्ब ३९ करोड रुपैयाँले घट्यो। उच्च विप्रेषण आप्रवाहका कारणले गर्दा वाणिज्य बैंकहरुको तरलकोषमा उल्लेख्य वृद्धि भएकोले गर्दा उक्त सापटीको वृद्धिदर समीक्षा वर्षमा ऋणात्मक रहेको हो।

**1:101** वाणिज्य बैंकहरुको वैदेशिक दायित्व अघिल्लो वर्षको आषाढ मसान्तसम्ममा कुल रु २ करोड ७६ लाख कायम भएकोमा समीक्षा वर्षको सोही अवधिमा ७२.१ प्रतिशतले घटी कुल रु ७७ लाख कायम हुन आएको छ। वाणिज्य बैंकहरूसँग रहेको विदेशी मुद्रामा रहेको निक्षेप समीक्षा वर्ष १६.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १.८ प्रतिशतले मात्र बढेको थियो। त्यस्तैगरी, अन्य दायित्व अघिल्लो वर्ष १६.९ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १.७ प्रतिशतले घट्यो। वाणिज्य बैंकहरुको चुक्ता पूँजी अघिल्लो वर्षको तुलनामा न्यून दरले बढेको, सामान्य मौज्दात अघिल्लो वर्ष रु १ अर्ब ३ करोड (७.५ प्रतिशत) ले बढेकोमा समीक्षा वर्षमा रु ५ अर्ब ३१ करोड (३६ प्रतिशतत) ले घटेकोले गर्दा उक्त दायित्व घटेको हो।

**वाणिज्य बैंकहरुको साधनको उपयोग**

**1:102** वाणिज्य बैंकहरुको साधन परिचालनतर्फका अंशहरुमध्ये तरल कोषको वृद्धि समीक्षा वर्षमा अत्यधिक उच्च रह्यो। अघिल्लो वर्ष सो कोष ०.३ प्रतिशतले घटेकोमा समीक्षा वर्षमा २१.२ प्रतिशतले बढ्यो। तरल कोषको अंशहरुमध्ये वाणिज्य बैंकहरुसँग रहेको नगदकोषको वृद्धि अघिल्लो वर्षको ११.४ प्रतिशतबाट बढेर २३.८ प्रतिशतमा पुग्यो। त्यसैगरी, वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैकसँग रहेको मौज्दात अघिल्लो वर्ष १६.५ प्रतिशतले घटेकोमा समीक्षा वर्षमा १० प्रतिशतले बढ्यो। अघिल्लो वर्ष रु ३ अर्ब २५ करोड (१५.६ प्रतिशत) ले बढेको वाणिज्य बैंकहरुको विदेशी बैंक मौज्दात समीक्षा वर्षमा रु ७ अर्ब २२ करोड (३०.० प्रतिशत) ले बढ्यो। त्यसैगरी, मार्गस्थ नगद रकम अघिल्लो वर्ष २४.३ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ३२.५ प्रतिशतले बढ्यो।

**1:103** अघिल्लो वर्ष वाणिज्य बैंकहरुले कुल रु ३२ अर्ब ६३ करोड कर्जा तथा सापटीमा लगानी गरेकोमा समीक्षा वर्षमा सो लगानी घटी २६ अर्ब ३८ करोड रुपैयाँ रह्यो। लगानीका अंशहरुमध्ये नेपाल सरकारमाथिको दाबी अघिल्लो वर्ष १०.९ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा २०.४ प्रतिशतले बढी २०६२ आषाढ मसान्तसम्ममा कुल रु ५८ अर्ब ४५ करोड पुगेको छ। तर, गैरसरकारी संस्थाहरुमाथिको कर्जा लगानी र निजीक्षेत्रतर्फको कर्जा लगानी वृद्धिमा अत्यधिक कमी आएको कारणले गर्दा समग्र लगानीको वृद्धि अघिल्लो वर्षको १४.३ प्रतिशतबाट घटी १०.१ प्रतिशत कायम भयो। अघिल्लो वर्ष गैरसरकारी संस्थाहरुमाथि बैंकिङ्ग क्षेत्रको दाबी १२५.६ प्रतिशत (रु ३ अर्ब ६५ करोड) ले बढेकोमा यस वर्ष ३२ प्रतिशत (रु २ अर्ब १० करोड) ले घट्यो।

**1:104** वाणिज्य बैंकहरुको निजीक्षेत्रतर्फको कर्जा प्रवाह अघिल्लो वर्ष १४.६ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ९.४ प्रतिशतले वृद्धि भयो। सो क्षेत्रमाथीको दाबी अघिल्लो वर्ष रु १ खर्ब ९३ अर्ब २७ करोड रहेकोमा २०६२ आषाढ मसान्तसम्ममा कुल रु २ खर्ब ११ अर्ब ३७ करोड पुगेको छ। सो मध्ये साँवा कुल रु १ खर्ब ७५ अर्ब २८ करोड रहेको छ भने ब्याज दाबी रु ३६ अर्ब रहेको छ। आन्तरिक द्वन्द्व र राजनैतिक गतिरोधले गर्दा आर्थिक क्रियाकलापमा शिथिलता आएको, वाणिज्य बैंकहरुले कर्जा लगानीमा सतर्कता अपनाइराखेका र नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा असूलीमा जोड दिएकोले निजी क्षेत्रतर्फ कर्जा प्रवाहमा कमी आएको हो। साथै, आर्थिक वर्षको अन्तमा नेपाल बैंक लिमिटेडले खराब कर्जा अपलेखन गरेकाले पनि निजी क्षेत्रतर्फ कर्जा कम प्रवाह भएको देखिएको हो।

**वाणिज्य बैंकहरुसंगको निष्क्रिय कर्जाको मात्रा**

**1:105** वाणिज्य बैकहरुको निष्क्रिय कर्जाको मात्रा २०६२ आषाढ मसान्तको तुलनामा २०६३ आषाढ मसान्तमा केही कमी आएको छ। अघिल्लो वर्ष सो निष्क्रिय कर्जाको अनुपात कुल कर्जाको १८.७ प्रतिशत रहेकोमा यस वर्ष सो निष्क्रिय कर्जाको अनुपात घटी १४.२ प्रतिशत कायम हुन आएको छ। पुनर्संरचनामा रहेका दुई ठूला वाणिज्य बैंकहरुमध्ये नेपाल बैंक लिमिटेडको निष्क्रिय कर्जाको

मात्रा अघिल्लो वर्षको तुलनामा यस वर्ष निकै घटेको छ। अघिल्लो वर्ष सो बैंकको निष्क्रिय कर्जाको मात्रा ४९.० प्रतिशत रहेकोमा यस वर्ष २५.१ प्रतिशत कायम हुन आएको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको निष्क्रिय कर्जाको मात्रा पनि घट्न थालेको छ। आर्थिक वर्ष २०६२।६३ को अन्तमा नेपाल बैंक लिमिटेडले आफ्नो खराब कर्जाको रु ३ अर्ब ७६ करोड साँवा र रु ८ अर्ब ३२ करोड ब्याज अपलेखन गरेको हुदाँ सो बैंकको निष्क्रिय कर्जामा उल्लेख्य कमी आई समग्र बैकिङ्ग क्षेत्रको निष्क्रिय कर्जा घटेको हो।

**तालिका १ (ट) : वाणिज्य बैंकहरूको निष्क्रिय कर्जाको मात्रा**

(प्रतिशत)

| वाणिज्य बैंकहरु | २०६१/६२ | २०६२/६३ |
|---|---|---|
| नेपाल बैंक लिमिटेड | ४९.० | २५.१ |
| राष्ट्रिय वाणिज्य बैंक | ५०.७ | ४५.३ |
| नविल बैंक लिमिटेड | १.३ | १.३ |
| नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड | १.६ | २.३ |
| स्ट्याण्डर्ड चार्टड बैंक लिमिटेड | २.७ | २.१ |
| हिमालयन बैंक लिमिटेड | ११.३ | ६.१ |
| नेपाल एसबिआइ बैंक लिमिटेड | ७.१ | ६.३ |
| नेपाल बंगलादेश बैंक लिमिटेड | १२.३ | १२.३ |
| एभरेष्ट बैंक लिमिटेड | १.६ | १.२ |
| बैंक अफ काठमाडौं लिमिटेड | ७.४ | २.५ |
| नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड | ८.६ | ११.१ |
| लुम्बिनी बैंक लिमिटेड | १४.७ | ३२.० |
| नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड | ३.८ | २.६ |
| माछापुच्छ्रे बैंक लिमिटेड | ०.४ | ०.३ |
| कुमारी बैंक लिमिटेड | १.१ | ०.९ |
| लक्ष्मी बैंक लिमिटेड | १.६ | ०.७ |
| सिद्धार्थ बैंक लिमिटेड | २.५ | १.३ |
| कृषि विकास बैंक लिमिटेड | NA | २१.२ |
| **कुल** | **१८.७** | **१४.२** |

## विकास बैंकहरु (कृषि विकास बैंक समेत)

***1:106*** नेपाल सरकारको स्वामित्वमा रही बिकास बैंकिंगमा अग्रणी भूमिका खेल्दै आएको कृषि विकास बैंकको विकास बैंक तर्फको कर्जा वितरण समीक्षा वर्षमा रु १२ अर्ब ६८ करोड पुगेको छ भने कर्जा असुली रु १२ अर्ब भएको छ (तालिका १.१८)। त्यसैगरी कुल उठाउन बाँकी कर्जा रु २१ अर्ब ८५ करोड रहेको छ। आर्थिक वर्ष २०६२।६३ मा यो बैंक लिमिटेड कम्पनीमा दर्ता भई क श्रेणीको संस्था (बाणिज्य बैंक) मा परिणत भएको छ। कृषि विकास बैंक र नेपाल औद्योगिक बिकास निगम बाहेकका ख वर्गका बित्तीय संस्थाहरुको कूल सम्पत्ति/दायित्व आर्थिक वर्ष २०६२।६३ को आषाढ मसान्तमा रु १० अर्ब ६१ करोड रहेको छ। सोही अबधिमा यी संस्थाहरुको कूल निक्षेप तथा कूल कर्जा एवम् लगानी क्रमश रु ८ अर्ब २७ करोड र रु ६ अर्ब ६० करोड रहेको छ।

## वित्त कम्पनी

**1:107** आर्थिक वर्ष २०६२।६३ मा वित्त कम्पनीहरुको समष्टिगत वित्तीय साधन रु ८ अर्ब ३२ करोड ले वृद्धि भई २०६३ आषाढमा रु ३८ अर्ब ८४ करोड पुगेको छ (तालिका १.१९)। अघिल्लो वर्ष वित्त कम्पनीहरुको कुल साधन रु. ३ अर्ब ३२ करोड ले बढेको थियो। समीक्षा अवधिमा वित्त कम्पनीहरुको साधनको प्रमुख स्रोत कुल निक्षेप रु ४ अर्ब ९८ करोड ले वृद्धि भई रु २७ अर्ब ३२ करोड पुगेको छ। अघिल्लो वर्ष वित्त कम्पनीहरुको कुल निक्षेप रु २ अर्ब ९५ करोडले वृद्धि भएको थियो। त्यसैगरी पूँजीकोष रु ४ अर्ब ३१ करोड रहेको छ। समीक्षा अवधीमा वित्त कम्पनीहरुले लिएको सापटी रु १ अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्ष यो सापटी रकम रु ९९ करोड रहेको थियो।

**1:108** वित्त कम्पनीहरुको समष्टिगत साधनको उपयोग तर्फ कर्जा तथा सापटी २०६३ आषाढ मसान्तसम्ममा रु ५ अर्ब ८३ करोडले वृद्धि भई रु २७ अर्ब ६ करोड पुगेको छ। समीक्षा अवधिमा वित्त कम्पनीहरुको लगानी रु ३३ करोडले बढी रु २ अर्ब ७४ करोड पुगेको छ। २०६३ आषाढ मसान्तमा वित्त कम्पनीहरुको तरल सम्पत्ति रु ५ अर्ब ३९ करोड रहेको छ।

## लघु बित्त सम्बन्धी कारोबार गर्ने घ वर्गका बित्तीय संस्थाहरु

**1:109** लघु बित्त सम्बन्धी कारोबार गर्ने घ श्रेणीका बित्तीय संस्थाहरु (ग्रामीण बिकास बैंक समेत) को कूल सम्पत्ती/दायित्व आर्थिक वर्ष २०६२।६३ को आषाढ मसान्तमा रु ८ अर्ब २० करोड रहेको छ। सोही अबधिमा यी संस्थाहरुको कूल निक्षेप तथा कूल कर्जा एवम् लगानी क्रमश रु ९३ करोड २५ लाख र रु ४ अर्ब ३० करोड रहेको छ।

## सहकारी संस्था

**1:110** २०६३ आषाढ मसान्तसम्म सीमित बैंकिङ्ग कारोबार गर्ने सहकारी संस्थाहरुको कुल पूँजीकोष रु ३२ करोड ४० लाख रहेको छ (तालिका १.२१)। उक्त पूँजीकोष अघिल्लो वर्ष रु २७ करोड ८० लाख रहेको थियो। यसैगरी समीक्षा अवधीमा सीमित बैंकिङ्ग कारोबार गर्ने सहकारी संस्थाहरुको निक्षेप सङ्कलन रु १ अर्ब ९९ करोड पुगेको छ भने सापटी रु ६ करोड ४० लाख रहेको छ। समीक्षा अवधिमा यी सहकारी संस्थाहरुले प्रदान गरेको कर्जा तथा सापटी रु १ अर्ब ६४ करोड ६० लाख पुगेको छ। सीमित बैंकिङ्ग कारोबार गर्ने यी संस्थाहरुले समीक्षा अवधिसम्ममा सरकारी धितोपत्र, मुद्दती खाता र अन्य क्षेत्रहरुमा गरी रु १६ करोड २० लाख लगानी गरेका छन्।

## बीमा कम्पनी

**1:111** २०६३ आषाढ मसान्तमा बीमा कम्पनीहरुको वार्षिक प्रिमियम रु ७ अर्ब ८ करोड रहेको छ। अघिल्लो वर्ष यो रकम रु ५ अर्ब ८५ करोड रहेको थियो। त्यसैगरी बीमा कम्पनीहरुको लगानी २०६२ आषाढ मसान्तमा रु १५ अर्ब रहेकोमा २०६३ आषाढ मसान्तमा रु १८ अर्ब पुगेको छ। बीमा कम्पनीहरुको कुल सम्पत्ति/दायित्व २०६२ आषाढको तुलनामा ४० प्रतिशतले वृद्धि भई २०६३ आषाढ मसान्तमा रु २५ अर्ब ५३ करोड पुगेको छ।

## कर्मचारी सञ्चय कोष

**1:112** निजामती कर्मचारी, सैनिक, प्रहरी, शिक्षक, संस्थान तथा केही निजी कम्पनीका कर्मचारीहरुको सञ्चय कोषको सञ्चालन गर्ने संस्था कर्मचारी सञ्चय कोषको सम्पत्ति/दायित्व २०६३ आषाढमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १३ प्रतिशतले वृद्धि भई रु ५१ अर्ब ६ करोड पुगेको छ। अघिल्लो वर्ष सो रकम रु ४५ अर्ब १३ करोड रहेको थियो। दायित्व तर्फको मुख्य अंश सञ्चय कोष २०६२ आषाढमा रु ४२ अर्ब ५१ करोड रहेकोमा २०६३ आषाढ मसान्तमा सो रकम १३.३ प्रतिशतले बढेर रु ४८ अर्ब १८ करोड पुगेको छ।

## नागरिक लगानी कोष

**1:113** २०६३ आषाढ मसान्तमा नागरिक लगानी कोषको सम्पत्ति/दायित्व २०६२ आषाढको तुलनामा १७.४ प्रतिशतले वृद्धि भई रु ६ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो सम्पत्ति रु ५ अर्ब

८३ करोड रहेको थियो। नागरिक लगानी कोषको दायित्वतर्फ महत्वपूर्ण अशं ओगटेको कोष संकलन अघिलो वर्ष रु ५ अर्ब २७ करोड रहेकोमा २०६३ आषाढमा २१ प्रतिशतले वृद्धि भई रु ६ अर्ब ३८ करोड पुगेको छ। सम्पत्तितर्फको लगानी २०६३ आषाढमा ४३.४ प्रतिशतले बढेर रु ५ अर्ब १९ करोड पुगेको छ। अघिल्लो वर्ष यो रकम रु ३ अर्ब ६२ करोड रहेको थियो।

## हुलाक बचत बैंक

***1:114*** हुलाक बचत बैंकको निक्षेप संकलन गर्ने कार्यालयहरुको संख्या २०६२ आषाढमा ११७ रहेकोमा २०६३ आषाढ मसान्तमा समेत उक्त संख्या यथावत रहेको छ। हुलाक बचत बैंकको कुल निक्षेप २०६२ आषाढ मसान्तमा रु १५ करोड ८३ लाख रहेकोमा २०६३ आषाढ मसान्तमा रु ३९ करोड ५२ लाख पुगेको छ। यसमध्ये २०६३ आषाढ मसान्तसम्म हुलाक बचत बैंकका ४९ वटा लगानी गर्ने कार्यालयहरु मार्फत रु २७ करोड ८३ लाख हुलाकका कर्मचारीहरुलाई कर्जालगानी भएको छ।

**तालिका १.१**
## विश्वको आर्थिक वृद्धिदर

(प्रतिशतमा)

| | | | प्रक्षेपण | |
|---|---|---|---|---|
| | सन् २००४ | सन् २००५ | सन् २००६ | सन् २००७ |
| विश्वको उत्पादन | ५.३ | ४.९ | ५.१ | ४.९ |
| विकसित अर्थतन्त्रहरु | ३.२ | २.६ | ३.१ | २.७ |
| प्रमुख विकसित अर्थतन्त्रहरु | ३.० | २.४ | २.९ | २.५ |
| अमेरिका | ३.९ | ३.२ | ३.४ | २.९ |
| जर्मनी | १.२ | ०.९ | २.० | १.३ |
| फ्रान्स | २.० | १.२ | २.४ | २.३ |
| जापान | २.३ | २.६ | २.७ | २.१ |
| बेलायत | ३.३ | १.९ | २.७ | २.७ |
| क्यानाडा | ३.३ | २.९ | ३.१ | ३.० |
| अन्य विकसित अर्थतन्त्रहरु | ४.६ | ३.७ | ४.१ | ३.७ |
| विकासोन्मुख मुलुकहरु | ७.७ | ७.४ | ७.३ | ७.२ |
| विकासोन्मुख एसिया | ८.८ | ९.० | ८.७ | ८.६ |
| आसियान-४* | ५.८ | ५.१ | ५.० | ५.६ |
| चीन | १०.१ | १०.२ | १०.० | १०.० |
| दक्षिण एसिया** | ७.८ | ८.२ | ७.९ | ७.२ |
| बंगलादेश | ६.१ | ६.२ | ६.२ | ६.२ |
| भारत | ८.० | ८.५ | ८.३ | ७.३ |
| पाकिस्तान | ७.४ | ८.० | ६.२ | ७.० |

* इण्डोनेसिया, मलेसिया, फिलिपिन्स, थाइल्याण्ड ।

** बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान, श्रीलंका ।

स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, २००६ ।

**तालिका १.२**

## विश्व व्यापार

(**वार्षिक प्रतिशत परिवर्तन**)

| | | | प्रक्षेपण | |
|---|---|---|---|---|
| | सन् २००४ | सन् २००५ | सन् २००६ | सन् २००७ |
| विश्वको व्यापार आयतन (वस्तु र सेवा) | १०.६ | ७.४ | ८.९ | ७.६ |
| आयात | | | | |
| विकसित मुलुकहरु | ९.१ | ६.० | ७.५ | ६.० |
| विकासोन्मुख मुलुकहरु | १६.४ | ११.९ | १३.० | १२.१ |
| निर्यात | | | | |
| विकसित मुलुकहरु | ८.८ | ५.५ | ८.० | ६.० |
| विकासोन्मुख मुलुकहरु | १४.६ | ११.८ | १०.७ | १०.६ |

स्रोत : वर्ल्ड इकानोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, २००६ ।

**तालिका १.३**

## विश्वको मूल्य स्थिति

**(वार्षिक प्रतिशत परिवर्तन)**

| | | | प्रक्षेपण | |
|---|---|---|---|---|
| | सन् २००४ | सन् २००५ | सन् २००६ | सन् २००७ |
| तेल (Oil)* | ३०.७ | ४१.३ | २९.७ | ९.१ |
| गैर उर्जा (non-fuel) वस्तुहरु | १८.५ | १०.३ | २२.१ | -४.८ |
| उपभोक्ता मूल्य | | | | |
| विकसित अर्थतन्त्रहरु | २.० | २.३ | २.६ | २.३ |
| विकासोन्मुख मुलुकहरु | ५.६ | ५.३ | ५.२ | ५.० |
| विकासोन्मुख एसिया | ४.१ | ३.५ | ३.८ | ३.६ |
| आसियान-४** | ४.६ | ७.५ | ८.६ | ४.५ |
| चीन | ३.९ | १.८ | १.५ | २.२ |
| दक्षिण एसिया*** | ४.२ | ४.८ | ६.० | ५.६ |
| बंगलादेश | ६.१ | ७.० | ६.८ | ६.१ |
| भारत | ३.९ | ४.० | ५.६ | ५.३ |
| पाकिस्तान | ४.६ | ९.३ | ७.९ | ७.३ |

- संयुक्त अधिराज्यको ब्रेन्ट, दुबई र पश्चिम टेक्सासको कच्चा तेलको औसत मूल्य ।

** इण्डोनेसिया, मलेसिया, फिलिपिन्स, थाइल्याण्ड ।

*** बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान, श्रीलंका ।

स्रोत : वर्ल्ड इकानोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, २००६ ।

## तालिका १.४

# समष्टिगत आर्थिक परिसूचकहरु

| सि.नं. | विवरण | २०६०।६१ | २०६१।६२ | २०६२।६३* |
|---|---|---|---|---|
| | **परिवर्तन (प्रतिशतमा)** | | | |
| १ | उत्पादक मूल्यमा | | | |
| | (क) कुल गार्हस्थ्य उत्पादन (२०५१।५२ को मूल्यमा) | ३.८ | २.७ | १.९ |
| | (ख) कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | ८.८ | ७.४ | ९.३ |
| २ | कुल राष्ट्रिय उत्पादन (प्रचलित मूल्यमा) | ७.८ | ६.७ | ९.५ |
| ३ | कुल उपभोग | ८.१ | ७.६ | १०.९ |
| ४ | कुल लगानी | ११.० | १७.७ | १४.५ |
| ५ | कुल राष्ट्रिय बचत | ६.२ | १.८ | १.० |
| ६ | कुल स्थिर पूँजी निर्माण | ९.३ | ६.३ | ६.५ |
| ७ | कुल गार्हस्थ बचत | १३.९ | ६.३ | -२.४ |
| ८ | संकुचित मुद्रा प्रदाय (एम$_१$) | १२.२ | ६.६ | १४.० |
| ९ | विस्तृत मुद्रा प्रदाय (एम$_२$) | १२.८ | ८.३ | १५.६ |
| १० | कुल आन्तरिक कर्जा | ९.९ | १३.८ | ७.९ |
| ११ | आवधिक निक्षेप | १३.१ | ९.२ | १६.४ |
| १२ | कुल निर्यात | ८.० | ८.९ | ४.२ |
| १३ | कुल आयात | ९.६ | ९.७ | १७.१ |
| १४ | कुल विदेशी विनिमय सञ्चिति | २०.३ | -०.२ | २७.० |
| १५ | सरकारी राजस्व | १०.९ | १२.५ | ३.१ |
| १६ | सरकारी खर्च** | ६.५ | १४.७ | ९.३ |
| १७ | राजस्व घाटा** | -२५.९ | २६.९ | ९१.७ |
| १८ | सरकारी बजेट घाटा** | -३.७ | १४.० | ३७.२ |
| १९ | आन्तरिक ऋण** | -३६.८ | ५९.४ | ३२.६ |
| २० | राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क | ४.० | ४.५ | ८.० |
| २१ | थोकमूल्य सूचकाङ्क | ४.१ | ७.३ | ८.९ |
| | **कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्य) सँगको अनुपात (प्रतिशतमा)** | | | |
| १ | कुल उपभोग | ८७.४ | ८७.६ | ८८.९ |
| २ | कुल लगानी | २६.४ | २८.९ | ३०.३ |
| ३ | कुल राष्ट्रिय बचत | १५.२ | १४.४ | १३.३ |
| ४ | कुल स्थिर पूँजी निर्माण | १९.१ | १८.९ | १८.५ |
| ५ | कुल गार्हस्थ्य बचत | १२.६ | १२.४ | ११.१ |
| ६ | संकुचित मुद्रा प्रदाय (एम$_१$) | १८.९ | १८.६ | १९.६ |
| ७ | विस्तृत मुद्रा प्रदाय (एम$_२$) | ५५.८ | ५६.३ | ५९.६ |
| ८ | कुल आन्तरिक कर्जा | ४९.६ | ५२.५ | ५१.१ |
| ९ | आवधिक निक्षेप | ३६.९ | ३७.५ | ४०.० |
| १० | कुल निर्यात | १०.९ | ११.० | १०.५ |
| ११ | कुल आयात | २७.४ | २८.० | ३०.० |
| १२ | विदेशी विनिमय सञ्चिति | २६.२ | २४.३ | २८.३ |
| १३ | सरकारी राजस्व | १२.५ | १३.१ | १२.४ |
| १४ | सरकारी खर्च** | १८.० | १९.२ | १९.२ |
| १५ | राजस्व घाटा** | ०.८ | १.० | १.७ |
| १६ | सरकारी बजेट घाटा** | ३.२ | ३.४ | ४.२ |
| १७ | आन्तरिक ऋण ** | १.१ | १.७ | २.० |
| १८ | व्यापार सन्तुलन | -१६.६ | -१७.० | -१९.५ |
| १८ | चालू खाता सन्तुलन | २.९ | २.२ | २.३ |
| २० | भुक्तानी गर्न बाँकी कुल बाह्य ऋण | ४६.३ | ४१.८ | ३८.९ |

* संशोधित अनुमान।

** बजेट वक्तव्यअनुसार।

**तालिका १.५**

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर

**(२०५१।५२ को मूल्यमा)**

| शीर्षक | वृद्धिदर (प्रतिशतमा) | | |
|---|---|---|---|
| | २०६०।६१ | २०६१।६२ | २०६२।६३ |
| **१. कृषि क्षेत्र** | ३.९ | ३.० | १.७ |
| खाद्यान्न वाली | ५.५ | -०.२ | -१.४ |
| नगदेवाली | ५.२ | ५.३ | ८.८ |
| अन्य वाली | २.२ | ७.२ | २.२ |
| पशुजन्य | २.८ | ३.१ | २.४ |
| माछा | ९.४ | ६.३ | ७.७ |
| वनजन्य | ३.५ | ३.४ | २.३ |
| **(ख) उद्योग क्षेत्र** | १.१ | १.५ | ३.५ |
| खानी तथा उत्खनन् | ०.५ | २.५ | २.२ |
| औद्योगिक उत्पादन | १.७ | २.६ | २.२ |
| विद्युत, ग्याँस तथा पानी | ३.३ | ४.८ | ५.६ |
| निर्माण | ०.२ | -०.१ | ४.२ |
| **(ग) सेवा क्षेत्र** | ४.८ | २.४ | २.४ |
| व्यापार, रेष्टुरेण्ट तथा होटल | ८.० | -२.१ | ३.९ |
| यातायात, संचार तथा भण्डारण | ५.३ | ५.१ | २.२ |
| वित्त तथा घर जग्गा | ३.२ | ४.६ | २.२ |
| सामुदायिक तथा सामाजिक सेवाहरु | ३.० | २.८ | १.३ |
| **कुल गार्हस्थ्य उत्पादन** | ३.८ | २.७ | १.९ |

स्रोतः केन्द्रीय तथ्यांक विभाग र नेपाल राष्ट्र बैंक ।

## तालिका १.६

# शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क
## (आधार वर्ष २०५२।५३ = १००)

| समूह/उपसमूह | भार % | २०६०।६१ | २०६१।६२ | २०६२।६३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०६१।६२ | २०६२।६३ |
| **सबै वस्तुहरु** | **१००.०** | **१५४.८** | **१६१.८** | **१७४.७** | **४.५** | **८.०** |
| **खाद्य तथा पेय पदार्थ** | **५३.२** | **१४८.८** | **१५४.७** | **१६६.८** | **४.०** | **७.८** |
| अन्न तथा त्यसबाट बनेका परिकार | १८.० | १३९.८ | १४५.१ | १६४.६ | ३.८ | १३.४ |
| चामल | (१४.१६) | १३८.० | १४२.४ | १६३.६ | ३.२ | १४.९ |
| दाल | २.७ | १२६.१ | १३१.६ | १५०.४ | ४.४ | १४.३ |
| तरकारी तथा फलफूल | ७.९ | १४०.३ | १४६.९ | १५३.८ | ४.७ | ४.७ |
| मरमसला | १.९ | १४८.० | १४६.५ | १४९.१ | -१.० | १.८ |
| मासु, माछा तथा फुल | ५.२ | १५८.३ | १६८.५ | १७४.८ | ६.४ | ३.७ |
| दुध तथा दुग्ध पदार्थ | ४.१ | १५०.४ | १५१.१ | १५८.१ | ०.५ | ४.६ |
| तेल तथा घ्यू | ३.१ | १५३.७ | १५०.८ | १४७.४ | -१.९ | -२.३ |
| चिनी तथा चिनीबाट बनेका परिकार | १.२ | १२३.९ | १५४.६ | १६३.७ | २४.८ | ५.९ |
| पेय पदार्थ | २.३ | १६२.१ | १६५.० | १८०.७ | १.८ | ९.५ |
| रेष्टुरांको खाना | ६.९ | १८३.२ | १९२.६ | २०४.० | ५.१ | ५.९ |
| **गैर खाद्य वस्तु तथा सेवा** | **४६.८** | **१६१.८** | **१७०.१** | **१८३.९** | **५.१** | **८.१** |
| लत्ता कपडा तथा सिलाई खर्च | ८.९ | १३८.१ | १४१.५ | १४५.४ | २.५ | २.८ |
| कपडा | (२.२८) | १२६.३ | १३०.७ | १३३.७ | ३.५ | २.३ |
| तयारी लुगा | (५.७५) | १३८.१ | १४०.५ | १४४.६ | १.७ | २.९ |
| जुत्ता | २.२ | १३३.३ | १३३.९ | १३७.८ | ०.५ | २.९ |
| घरायसी सामान तथा सेवा | १४.९ | १६३.१ | १७८.१ | २००.९ | ९.२ | १२.८ |
| इन्धन, बत्ती तथा पानी | (५.९२) | २००.८ | २३०.३ | २७७.६ | १४.७ | २०.५ |
| यातायात तथा संचार | ४.० | १८५.२ | १९८.२ | २३२.८ | ७.० | १७.५ |
| औषधी तथा व्यक्ति गत हेरचाह | ८.० | १६९.३ | १७२.१ | १७६.५ | १.७ | २.६ |
| शिक्षा तथा मनोरन्जन | ७.१ | १८२.१ | १९०.१ | २००.० | ४.४ | ५.२ |
| चुरोट | १.७ | १५३.२ | १५६.२ | १६३.१ | २.० | ४.४ |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क - काठमाडौं उपत्यका** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १५०.१ | १५७.६ | १६७.८ | ५.० | ६.५ |
| खाद्य तथा पेय पदार्थ | ५१.५ | १४५.६ | १५१.८ | १५९.५ | ४.३ | ५.१ |
| गैर खाद्य वस्तु तथा सेवा | ४८.५ | १५५.० | १६३.८ | १७६.७ | ५.७ | ७.९ |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क - तराई** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १५६.९ | १६३.८ | १७७.९ | ४.४ | ८.६ |
| खाद्य तथा पेय पदार्थ | ५५.० | १४९.२ | १५५.० | १६९.५ | ३.९ | ९.४ |
| गैर खाद्य वस्तु तथा सेवा | ४५.० | १६६.४ | १७४.५ | १७६.७ | ४.९ | ७.८ |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क - पहाड** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १५६.६ | १६३.५ | १७७.५ | ४.४ | ८.६ |
| खाद्य तथा पेय पदार्थ | ५३.० | १५३.० | १५८.८ | १७१.५ | ३.८ | ८.० |
| गैर खाद्य वस्तु तथा सेवा | ४७.० | १६०.८ | १६८.८ | १८४.२ | ५.० | ९.१ |

* अपरिष्कृत ।

**तालिका १.७**

## राष्ट्रिय थोक मूल्य सूचकाङ्क
**(आधार वर्ष २०५६।५७ = १००)**

| समूह/उपसमूह | भार प्रतिशतमा | २०६०।६१ | २०६१।६२ | २०६२।६३ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०६१।६२ | २०६२।६३ |
| **समग्र सूचकाङ्क** | *१००.०* | *११४.९* | *१२३.३* | *१३४.३* | *७.३* | *८.९* |
| **कृषि सम्बन्धी वस्तुहरु** | *४९.६* | *१११.९* | *११८.५* | *१३०.२* | *५.९* | *९.९* |
| खाद्यान्न | १६.६ | ९३.७ | १०२.४ | ११९.० | ९.३ | १६.२ |
| नगदे वाली | ६.१ | १२०.५ | १४७.३ | १५९.४ | २२.२ | ८.२ |
| दलहन | ३.८ | ११५.३ | ११८.७ | १३६.४ | २.९ | १४.९ |
| फलफूल तथा तरकारी | ११.२ | १२१.३ | ११४.७ | १२०.७ | -५.४ | ५.२ |
| मसलाहरु | १.९ | १०६.१ | १०२.० | १०८.५ | -३.९ | ६.४ |
| पशुजन्य उत्पादन | १०.० | १२६.२ | १३४.८ | १४३.८ | ६.८ | ६.७ |
| **स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरु** | *२०.४* | *११४.५* | *१२१.६* | *१२६.०* | *६.२* | *३.६* |
| खाद्यजन्य वस्तुहरु | ६.१ | १०९.० | ११२.० | ११६.४ | २.८ | ३.९ |
| पेय तथा सुर्तीजन्य वस्तुहरु | ५.७ | ११६.३ | १२२.२ | १२८.२ | ५.० | ४.९ |
| निर्माण सामग्री | ४.५ | १२६.४ | १४५.९ | १४९.१ | १५.४ | २.२ |
| अन्य | ४.१ | १०७.३ | १०८.५ | १११.९ | १.१ | ३.१ |
| **आयातित वस्तुहरु** | *३०.०* | *१२०.१* | *१३२.३* | *१४६.५* | *१०.१* | *१०.७* |
| पेट्रोलियम वस्तु तथा कोईला | ५.४ | १५८.३ | १९६.२ | २४४.५ | २३.९ | २४.६ |
| रसायनिक मल तथा रसायनिक वस्तुहरु | २.५ | १२७.६ | १४३.१ | १६२.१ | १२.१ | १३.२ |
| यातायातका साधन तथा मेशिनरी वस्तुहरु | ७.० | १०८.३ | ११७.३ | १२५.३ | ८.४ | ६.८ |
| ईलेक्ट्रीक तथा इलेक्ट्रोनिक वस्तुहरु | १.९ | ९६.१ | ९६.७ | ९६.२ | ०.७ | -०.६ |
| औषधि | २.७ | १०७.० | १०८.३ | १११.७ | १.२ | ३.२ |
| कपडाजन्य वस्तुहरु | ३.१ | ११०.८ | ११३.२ | १११.४ | २.१ | -१.६ |
| अन्य वस्तुहरु | ७.४ | ११५.९ | १२२.२ | १३०.४ | ५.५ | ६.७ |

## तालिका १.८

## मौद्रिक सर्भेक्षण
## (आषाढ मसान्त)

(रु. करोडमा)

| | | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| १. खुद वैदेशिक सम्पत्ति | १०८८०.५ | १०७७४.२ | १३९३९.७ | ५७४.२[1] | २५५६.३ | ५.३ | २३.७ |
| १.१ वैदेशिक सम्पत्ति | १३१३६.६ | १३०९१.७ | १६६०६.० | -४४.९ | ३५१४.३ | -०.३ | २६.८ |
| १.२ वैदेशिक निक्षेप | २११७.५ | २१५५.७ | २५०८.८ | ३८.३ | ३५३.१ | १.८ | १६.४ |
| १.३अन्य वैदेशिक दायित्व | १३८.७ | १६१.८ | १५७.४ | २३.१ | -४.३ | १६.६ | -२.७ |
| २. खुद आन्तरिक सम्पत्ति | १६८५०.१ | १९२६९.७ | २०७८६.९ | १७३८.९[1] | २१२६३.३[2] | १०.३ | ११.० |
| २.१ कुल आन्तरिक कर्जा | २४६१७.२ | २८०२४.० | ३०२३७.६ | ३४०६.९ | २२१३.६ | १३.८ | ७.९ |
| (क) सरकारलाई गएको खुद कर्जा | ५७३९.७ | ६३८९.५ | ७०५९.७ | ६४९.८ | ६०७.३ | ११.३ | १०.५ |
| सरकारलाई गएको कुल कर्जा | ५८१५.० | ६३८९.५ | ७०५९.७ | ५७४.५ | ६७०.३ | ९.९ | १०.५ |
| सरकारी निक्षेप | ७५.३ | ०.० | ०.० | -७५.३ | ०.० | -१००.० | - |
| (ख) गैरवित्तीय सरकारी संस्थानहरुमाथिको दावी | २९१.५ | ६५६.६ | ४४७.० | ३६५.१ | -२०९.६ | १२५.३ | -३१.९ |
| (ग) वित्तीय संस्थाहरुमाथिको दावी | १३३४.४ | १२७६.३ | १२७२.३ | -५८.१ | -४.० | -४.४ | -०.३ |
| सरकारी | १३२०.३ | १२७३.१ | १२६६.४ | -४७.२ | -६.७ | -३.६ | -०.५ |
| गैरसरकारी | १४.१ | ३.२ | ५.९ | -१०.९ | २.७ | -७७.२ | ८५.२ |
| (घ) निजी क्षेत्रमाथिको दावी | १७२५१.६ | १९७०१.७ | २१४५८.६ | २४५०.० | १७५६.९ | १४.२ | ८.९ |
| २.२ खुद अमौद्रिक दायित्व | ७७६७.१ | ८७५४.३ | ९४५०.७ | १६६७.७[1] | ८७.२[2] | २१.५ | १.० |
| ३. विस्तृत मुद्रा प्रदाय (एम$_{२}$) | २७७३०.६ | ३००४४.० | ३४७२६.६ | २३१३.४ | ४६८२.६[1] | ८.३ | १५.६ |
| ३.१ मुद्रा प्रदाय (एम$_{१}$) | ९३९७.० | १००२०.६ | ११४२३.३ | ६२३.६ | १४०२.७ | ६.६ | १४.० |
| मुद्रा | ६३२१.९ | ६८७८.४ | ७७७७.१ | ५५६.५ | ८९८.७ | ८.८ | १३.१ |
| चल्ती निक्षेप | ३०७५.१ | ३१४२.२ | ३६४६.२ | ६७.१ | ५०४.० | २.२ | १६.० |
| ३.२ आवधिक निक्षेप | १८३३३.६ | २००२३.४ | २३३०३.३ | १६८९.८ | ३२७९.९ | ९.२ | १६.४ |
| ४. विस्तृत मौद्रिक तरलता (एम$_{३}$) | २९८४८.१ | ३२१९९.७ | ३७२३५.४ | २३५१.७ | ५०३५.७ | ७.९ | १५.६ |
| ५. सञ्चित मुद्रा | ९४४१.५ | ९६५३.९ | ११००७७.३ | २१२४.० | १४२३.४ | २.२ | १४.७ |
| ६. संकुचित मुद्राप्रदाय गुणक | ०.१५ | १.०३८ | १.०३१ | ०.० | ०.० | ४.३ | -०.६ |
| ७. विस्तृत मुद्राप्रदाय गुणक | २.९३७ | ३.११२ | ३.१३५ | ०.२ | ०.० | ६.० | ०.७ |

अ अपरिष्कृत ।

१. विनिमयदर परिवर्तन घाटा रु. ६८०.५ करोड समायोजन गरी ।

२. विनिमयदर परिवर्तन नाफा रु. ६०९.२ करोड समायोजन गरी ।

## तालिका १.९

## सरकारी वित्त स्थिति*
## (नगद प्रवाहमा आधारित)

(रु. करोडमा)

| शीर्षक | रकम | | | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|
| | २०६०/६१ | २०६१/६२ | २०६२/६३** | ६०/६१ | ६१/६२ | ६२/६३ |
| विनियोजित खर्च | **८२६०.४** | **९२८०.१** | **१०४०२.८** | **१०.६** | **१२.३** | **१२.१** |
| चालू खर्च | * | ५९९८.४ | ६५४१.४ | - | - | ९.१ |
| पूँजीगत खर्च | * | १७८९.१ | २२०३.९ | - | - | २३.२ |
| *क. आन्तरिक साधन/श्रोत र ऋण* | * | १७६१.७ | १८७२.८ | - | - | ६.३ |
| *ख. वैदेशिक अनुदान* | * | २७.४ | ३३१.१ | - | - | ११०८.८ |
| सांवा भुक्तानी | * | १३५३.६ | १४२६.८ | - | - | ५.४ |
| अन्य (फ्रिज) | १६२.१ | १३९.० | २३०.७ | १८.३ | -१४.२ | ६५.९ |
| **खर्च नभई बाँकी रहेको सरकारी मौज्दात** | **१४४.२** | **२४२.०** | **२३८.३** | **-१३.३** | **६७.९** | **-१.५** |
| चालू खर्च | * | ९६.६ | ८३.४ | - | - | -१३.६ |
| पूँजीगत खर्च | * | १४५.२ | १५४.५ | - | - | ६.५ |
| सांवा भुक्तानी | * | ०.३ | ०.३ | - | - | ३.३ |
| **यथार्थ खर्च** | **८११६.३** | **९०३८.१** | **१०१६४.५** | **११.१** | **११.४** | **१२.५** |
| चालू खर्च | * | ५९०१.८ | ६४५८.० | - | - | ९.४ |
| पूँजीगत खर्च | * | १६४४.० | २०४९.४ | - | - | २४.७ |
| सांवा भुक्तानी | * | १३५३.३ | १४२६.५ | - | - | ५.४ |
| अन्य (फ्रिज) | १६२.१ | १३९.० | २३०.७ | १८.३ | -१४.२ | ६५.९ |
| ***साधन श्रोत (स्थानीय निकाय हिसाब बाहेक)*** | **६८५०.०** | **७६०८.६** | **८२०२.९** | **१३.३** | **११.१** | **७.८** |
| राजस्व | ६२३३.१ | ७०१२.३ | ७२२८.१ | १०.९ | १२.५ | ३.१ |
| वैदेशिक अनुदान | ५१५.४ | ५२४.६ | ८८८.५ | १०६.२ | १.८ | ६९.४ |
| गैर–बजेटरी आय, खुद | ८५.६ | ७५.४ | १२९.९ | -४६.७ | -११.९ | ७२.४ |
| अन्य आय # | १६.५ | १.० | -६०.७ | २१.० | -९४.२ | -६४९०.५ |
| भी.ए.टी. | -०.५ | -४.७ | १७.१ | -२२९.३ | ७८३.० | -४६५.६ |
| स्थानीय निकाय हिसाव | - | - | ३१५.८ | - | - | - |
| **न्यून (-) बचत (+)** | **-१२६६.३** | **-१४२९.५** | **-१९६१.६** | **०.७** | **१२.९** | **३७.२** |
| **न्यून व्यहोरिने श्रोतहरु** | **१२६६.३** | **१४२९.५** | **१९६१.६** | ०.७ | १२.९ | ३७.२ |
| आन्तरिक ऋण | ४९७.१ | १२०८.६ | १५७७.० | -३९.९ | १४३.१ | ३०.५ |
| *क. ट्रेजरी बिल्स* | २४६.० | ५४७.१ | १०८३.४ | ३९.१ | १२२.४ | ९८.० |
| *ख. विकास ऋणपत्र* | २००.० | ३००.० | ७५.० | -६८.८ | ५०.० | -७५.० |
| *ग. राष्ट्रिय बचतपत्र* | ९०.० | २१.७ | ०.० | १२५.० | -७५.९ | -१००.० |
| *घ. नागरिक बचतपत्र* | २४.८ | २५.० | २५.० | -१८.२ | ०.९ | ०.० |
| *ङ०. अधिविकर्ष+* | -७५.३ | २६२.३ | ४२५.९ | ६३.१ | -४४८.३ | ६२.४ |
| *च. अन्य@* | ११.६ | ५२.५ | -३२.३ | -१८०.९ | ३५१.५ | -१६१.६ |
| वैदेशिक ऋण | ७६९.२ | २२१.० | ३८४.६ | ७८.८ | -७१.३ | ७४.० |
| **न्यून (-) बचत (+) स्थानीय निकाय हिसाब समेत** | - | - | **-१६४५.७** | - | - | - |
| **अधिविकर्ष स्थानीय निकाय हिसाब समेत** | - | - | ११०.१ | - | - | - |

• = नेपाल राष्ट्र बैंकको रेकर्ड अनुसार ।
# = गा.वि.स.। जि.वि.स. लाई वितरण भएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम परिवर्तन ।
+ = ऋणात्मक चिन्ह (-) ले बचत जनाउँछ ।
@ = नेपाल सरकारको कारोबारबाट आर्जित व्याज तथा अन्य ।
• = नयाँ वर्गीकरण अनुसार अघिल्ला वर्षहरुको तथ्यांक प्राप्त नभएको ।
** = प्रारम्भिक अनुमान

### तालिका १.१०

## नेपाल सरकारको कुल आन्तरिक ऋण

(रु. करोडमा)

| सि. नं. | ऋणपत्रहरु तथा स्वामित्व | रकम | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०६०/६१ | २०६१/६२ | २०६२/६३** | २०६१/६२ | २०६२/६३** | २०६१/६२ | २०६२/६३** |
| **१** | **ट्रेजरी बिल्स** | **४९४३.०** | **५१३८.३** | **६२९७.०** | **१९५.३** | **११५८.७** | **४.०** | **२२.६** |
| | **क. बैंकिंग क्षेत्र** | **४५९५.९** | **५०४२.५** | **६०४५.५** | **४४६.७** | **१००३.०** | **९.७** | **१९.९** |
| | *अ. नेपाल राष्ट्र बैंक* | ९८०.४ | १०९२.४ | ९२०.९ | १११.९ | -१७१.४ | ११.४ | -१५.७ |
| | *आ. वाणिज्य बैंकहरु* | ३६१५.४ | ३९५०.२ | ५१२४.६ | ३३४.७ | ११७४.४ | ९.३ | २९.७ |
| | **ख. गैर बैंकिंग क्षेत्र** | **३४७.१** | **९५.८** | **२५१.५** | **-२५१.३** | **१५५.७** | **-७२.४** | **१६२.६** |
| | *जसमध्ये कृषि विकास बैंक* | ६९.० | २०.० | ४०.० | -४९.० | २०.० | -७१.० | १००.० |
| **२** | **विकास ऋणपत्र** | **१७५४.९** | **१९९९.९** | **१७९५.९** | **२४५.०** | **-२०४.०** | **१४.०** | **-१०.२** |
| | क. बैंकिंग क्षेत्र | ९८८.६ | ९६२.३ | ७७९.० | -२६.३ | -१८३.४ | -२.७ | -१९.१ |
| | *अ. नेपाल राष्ट्र बैंक* | ३२९.८ | १५१.९ | १५१.९ | -१७८.० | ०.० | -५४.० | ०.० |
| | *आ. वाणिज्य बैंकहरु* | ६५८.७ | ८१०.५ | ६२७.१ | १५१.७ | -१८३.३ | २३.० | -२२.६ |
| | ख. गैर बैंकिंग क्षेत्र | ७६६.४ | १०३७.६ | १०१७.० | २७१.३ | -२०.६ | ३५.४ | -२.० |
| **३** | **राष्ट्रिय बचतपत्र** | **९०३.०** | **६५७.७** | **३८७.७** | **-२४५.३** | **-२७०.०** | **-२७.२** | **-४१.१** |
| | क. बैंकिंग क्षेत्र | ४५.१ | २३.१ | २५.४ | -२१.९ | २.३ | -४८.७ | ९.९ |
| | *अ. नेपाल राष्ट्र बैंक* | ३४.१ | २३.१ | २५.४ | -१०.९ | २.३ | -३२.१ | ९.९ |
| | *आ. वाणिज्य बैंकहरु* | ११.० | ०.० | ०.० | -११.० | ०.० | -१००.० | - |
| | ख. गैर बैंकिंग क्षेत्र | ८५७.९ | ६३४.५ | ३६२.२ | -२२३.४ | -२७२.३ | -२६.० | -४२.९ |
| **४** | **नागरिक बचतपत्र** | **११७.९** | **१४२.९** | **१६७.९** | **२५.०** | **२५.०** | **२१.२** | **१७.५** |
| | क. बैंकिंग क्षेत्र | ४.६ | ५.० | ५.५ | ०.४ | ०.६ | ८.३ | ११.५ |
| | *अ. नेपाल राष्ट्र बैंक* | ४.६ | ५.० | ५.५ | ०.४ | ०.६ | ८.३ | ११.५ |
| | ख. गैर बैंकिंग क्षेत्र | ११३.३ | १३७.९ | १६२.४ | २४.६ | २४.४ | २१.७ | १७.७ |
| **५** | **विशेष ऋणपत्र** | **३३६.०** | **३४५.४** | **३४७.०** | **९.४** | **१.६** | **२.८** | **०.५** |
| | क. बैंकिंग क्षेत्र | ९४.५ | ९४.५ | ९४.५ | ०.० | ०.० | ०.० | ०.० |
| | *वाणिज्य बैंकहरु* | ९४.५ | ९४.५ | ९४.५ | ०.० | ०.० | ०.० | ०.० |
| | ख. गैर बैंकिंग क्षेत्र | २४१.५ | २५०.९ | २५२.५ | ९.४ | १.६ | ३.९ | ०.६ |
| | *जसमध्ये ड्युटी ड्र ब्याक* | ९४.२ | १०३.६ | १०५.२ | ९.४ | १.६ | १०.० | १.५ |
| **६** | **छोटो अवधिको कर्जा तथा सापट** | **-७५.३** | **२६२.३** | **४२५.९** | **३३७.६** | **१६३.६** | **-४४८.३** | **६२.४** |
| | नेपाल राष्ट्र बैंक | -७५.३ | २६२.३ | ४२५.९ | ३३७.६ | १६३.६ | -४४८.३ | ६२.४ |
| | ने रा बैंक (स्थानीय निकाय हिसाब समायोजन गर्दा) | -७५.३ | २६२.३ | ११०.१ | ३३७.६ | -१५२.२ | -४४८.३ | -५८.० |
| **७** | **कुल जम्मा** | **७९७९.४** | **८५४६.५** | **९४२१.४** | **५६७.१** | **८७४.९** | **७.१** | **१०.२** |
| | **कुल जम्मा (स्थानीय निकाय हिसाब समायोजन गर्दा)** | **७९७९.४** | **८५४६.५** | **९१०५.६** | **५६७.१** | **५५९.१** | **७.१** | **६.५** |
| | क. बैंकिंग क्षेत्र | ५६५३.३ | ६३८९.७ | ७३७५.८ | ७३६.५ | ९८६.१ | १३.० | १५.४ |
| | बैंकिंग क्षेत्र (स्थानीय निकाय हिसाब समायोजन गर्दा) | ५६५३.३ | ६३८९.७ | ७०६०.० | ७३६.५ | ६७०.२ | १३.० | १०.५ |
| | *अ. नेपाल राष्ट्र बैंक* | १२७३.६ | १५३४.६ | १५२९.६ | २६१.० | -५.० | २०.५ | -०.३ |
| | ने रा बैंक (स्थानीय निकाय हिसाब समायोजन गर्दा) | १२७३.६ | १५३४.६ | १२१३.८ | २६१.० | -३२०.८ | २०.५ | -२०.९ |
| | *आ. वाणिज्य बैंकहरु* | ४३७९.६ | ४८५५.१ | ५८४६.१ | ४७५.४ | ९९१.१ | १०.९ | २०.४ |
| | ख. गैर बैंकिंग क्षेत्र | २३२६.२ | २१५६.८ | २०४५.६ | -१६९.४ | -१११.२ | -७.३ | -५.२ |
| | *जसमध्ये कृषि विकास बैंक* | ६९.० | २०.० | ४०.० | -४९.० | २०.० | -७१.० | १००.० |

** प्रारम्भिक अनुमान

## तालिका १.११

## वैदेशिक व्यापार*

(रु. करोडमा)

| | २०६०।६१ | २०६१।६२ | २०६२।६३सं | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०६२।६२ | २०६२।६३ |
| **कुल निर्यात** | **५,३९१.१** | **५,८७०.६** | **६,११६.७** | **८.९** | **४.२** |
| भारतमा | ३,०७७.७ | ३,८९१.७ | ४,१०१.३ | २६.४ | ५.४ |
| अन्य देशहरुमा | २,३१३.४ | १,९७८.९ | २,०१५.५ | -१४.५ | १.८ |
| **कुल आयात** | **१३,६२७.७** | **१४,९४७.४** | **१७,५१०.८** | **९.७** | **१७.१** |
| भारतबाट | ७,८७४.० | ८,८६७.६ | १०,९३०.६ | १२.६ | २३.३ |
| अन्य देशहरुबाट | ५,७५३.८ | ६,०७९.८ | ६,५८०.२ | ५.७ | ८.२ |
| **व्यापार सन्तुलन** | **-८,२३६.६** | **-९,०७६.८** | **-११,३९४.१** | **१०.२** | **२५.५** |
| भारतसंग | -४,७९६.२ | -४,९७५.९ | -६,८२९.३ | ३.७ | ३७.२ |
| अन्य देशहरुसंग | -३,४४०.४ | -४,१००.९ | -४,५६४.८ | १९.२ | ११.३ |
| **कुल व्यापार** | **१९,०१८.८** | **२०,८१७.९** | **२३,६२७.५** | **९.५** | **१३.५** |
| भारतसंग | १०,९५१.७ | १२,७५९.२ | १५,०३१.९ | १६.५ | १७.८ |
| अन्य देशहरुसंग | ८,०६७.१ | ८,०५८.७ | ८,५९५.७ | -०.१ | ६.७ |

* भन्सार तथ्यांकमा आधारित ।
सं संशोधित ।

## तालिका १.१२

# अन्य मुलुकतर्फ निर्यात भएका प्रमुख वस्तुहरु

(रु. करोडमा)

| | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | २०६०।६१ | २०६१।६२ | २०६२।६३ | २०६१।६२ | २०६२।६३ |
| (क) | प्रमुख वस्तुहरु | **१,८३५.७** | **१,४८२.४** | **१,५०६.०** | **-१९.२** | **१.६** |
| १ | उनी गलैंचा | ५६७.८ | ५८६.९ | ५८२.५ | ३.४ | -०.७ |
| २ | हस्तकला (धातु र काठ) | ६२.६ | ६४.४ | ३३.३ | २.८ | -४८.४ |
| ३ | प्रशोधित छाला | ३०.९ | २३.६ | २८.६ | -२३.७ | २१.२ |
| ४ | तयारी पोशाक | ९५५.० | ६१२.५ | ६१७.० | -३५.९ | ०.७ |
| ५ | दाल | २८.१ | १०.७ | १९.१ | -६२.१ | ७९.३ |
| ६ | चिया | ११.४ | १०.७ | १०.७ | -६.२ | ०.० |
| ७ | भुसेतील | ०.९ | ०.० | ०.७ | -१००.० | |
| ८ | जडिबुटी | ४.८ | ५.५ | १.३ | १३.३ | -७६.८ |
| ९ | सुनचांदीका गरगहना | ३६.९ | ३६.३ | २८.२ | -१.५ | -२२.४ |
| १० | छालाका तयारी सामान | ३.१ | ३.० | १.४ | -१.३ | -५२.३ |
| ११ | नेपाली कागज र कागजबाट निर्मित वस्तु | २८.० | २४.० | २५.६ | -१४.२ | ६.९ |
| १२ | पश्मिना | १०६.४ | १०५.० | १५७.६ | -१.४ | ५०.१ |
| (ख) | अन्य | **४७७.६** | **४९६.५** | **५०९.५** | **३.९** | **२.६** |
| | जम्मा | **२,३१३.४** | **१,९७८.९** | **२,०१५.५** | **-१४.५** | **१.८** |

## तालिका १.१३

# शोधनान्तर स्थिति

(रु. करोडमा)

| | विवरण | २०६०।६१ | २०६१।६२ | २०६२।६३सं | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०६१।६२ | २०६२।६३ |
| (क) | **चालू खाता** | **१,४५९.८** | **१,१५४.५** | **१३८३.३** | **-२०.९** | **१९.८** |
| | निर्यात, एफ.ओ.बी. | ५,५२२.८ | ५,९९५.६ | ६२५७.० | ८.६ | ४.४ |
| | तेल | ०.० | ०.० | ०.० | - | - |
| | अन्य | ५,५२२.८ | ५,९९५.६ | ६२५७.० | ८.६ | ४.४ |
| | आयात, एफ.ओ.बी. | -१३,२९१.० | -१४,५७१.८ | -१७२८९.१ | ९.६ | १८.६ |
| | तेल | -२,०१६.७ | -२,६६५.४ | -३३६५.६ | ३२.२ | २६.३ |
| | अन्य | -११,२७४.३ | -११,९०६.५ | -१३९२३.५ | ५.६ | १६.९ |
| | व्यापार सन्तुलन | -७,७६८.२ | -८,५७६.२ | -११०३२.२ | १०.४ | **२८.६** |
| | खुद सेवा आय | **९०७.५** | **-२०३.४** | **-६७७.७** | **-१२२.४** | **२३३.२** |
| | सेवा आय | ३,४३१.६ | २,६००.२ | २६४३.९ | -२४.२ | १.७ |
| | भ्रमण | १,८१४.७ | १,०४६.४ | ९५३.१ | -४२.३ | -८.९ |
| | अन्यत्र नपरेको सरकारी आय | ७१४.४ | ६८०.५ | ७४३.६ | -४.७ | ९.३ |
| | अन्य | ९०२.५ | ८७३.३ | ९४७.२ | -३.२ | ८.५ |
| | सेवा भुक्तानी | -२,५२४.१ | -२,८०३.६ | -३३२१.६ | ११.१ | १८.५ |
| | यातायात | -९३८.२ | -१,०६०.२ | -१२६५.१ | १३.० | १९.३ |
| | भ्रमण | -१,००२.२ | -९६९.२ | -११९३.० | -३.३ | २३.१ |
| | अन्य | -५८३.७ | -७७४.२ | -८६३.५ | ३२.६ | ११.५ |
| | व्यापार तथा सेवा क्षेत्रको सन्तुलन | -६,८६०.७ | -८,७७९.६ | -११७०९.९ | २८.० | ३३.४ |
| | आय खुद | **-१६८.४** | **१६३.७** | **४९४.३** | **-१९७.२** | **२०२.१** |
| | आय प्राप्ती | ३८४.२ | ७७५.२ | ११४२.३ | १०१.८ | ४७.४ |
| | आय भुक्तानी | -५५२.५ | -६११.५ | -६४८.० | १०.७ | ६.० |
| | व्यापार, सेवा तथा आय सन्तुलन | -७,०२९.१ | -८,६१६.० | -११२१५.५ | २२.६ | **३०.२** |
| | खुद ट्रान्सफर | **८,४८८.९** | **९,७७०.४** | **१२५९८.८** | **१५.१** | **२८.९** |
| | ट्रान्सफर आय | ८,९१६.२ | १०,१३१.० | १३०७०.३ | १३.६ | २९.० |
| | अनुदान | १,९५५.८ | २,१०७.२ | १८८४.५ | ७.७ | -१०.६ |
| | निजी क्षेत्रको विप्रेषण | ५,८५८.८ | ६,५५४.१ | ९७५३.६ | ११.९ | ४८.८ |
| | पेन्सन | ७९०.६ | १,२५०.२ | १२००.७ | ५८.१ | -४.० |
| | अन्य | ३११.० | २१९.५ | २३१.५ | -२९.४ | ५.५ |
| | ट्रान्सफर भुक्तानी | -४२७.३ | -३६०.६ | -४७१.५ | -१५.६ | ३०.८ |
| (ख) | **पूँजी खाता (पूँजी ट्रान्सफर)** | **१४५.२** | **१५७.४** | **३१०.७** | **८.४** | **९७.४** |
| | जम्मा (क+ख) | १,६०५.० | १,३११.८ | १६९४.० | -१८.३ | **२९.१** |
| (ग) | **वित्तीय खाता (समूह ङ बाहेक)** | **-२,१५४.०** | **-२,५५३.७** | **३१८.९** | **१८.६** | **-११२.५** |
| | प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह | ०.० | १३.६ | -४७.० | - | -४४५.४ |
| | पोर्टफोलियो लगानी | ०.० | ०.० | ०.० | - | - |
| | अन्य लगानी सम्पत्ति | -३,२५९.१ | -२,१८६.३ | -१३१७.५ | -३२.९ | -३९.७ |
| | व्यापारिक साख | -२२४.८ | -३२.४ | -२१९.४ | -८५.६ | ५७७.७ |
| | अन्य | -३,०३४.४ | -२,१५३.९ | -१०९८.१ | -२९.० | -४९.० |
| | अन्य लगानी दायित्व | १,१०५.१ | -३८१.० | १६८३.४ | -१३४.५ | -५४१.९ |
| | व्यापारिक साख | ३६३.० | -४४८.९ | १२९०.६ | -२२३.७ | -३८७.५ |
| | ऋण | ३३२.५ | ७४.४ | ५३.३ | -७७.६ | -२८.४ |
| | सरकार | ३४७.९ | १३०.० | ७०.४ | -६२.६ | -४५.९ |
| | ऋण प्राप्ती | ९२४.५ | ७२५.४ | ७६९.१ | -२१.५ | ६.० |
| | साँवा भुक्तानी | -५७६.६ | -५९५.३ | -६९८.७ | ३.३ | १७.४ |
| | अन्य क्षेत्र | -१५.४ | -५५.६ | -१७.० | २६१.३ | -६९.४ |
| | करेन्सी तथा डिपोजिट | ४०९.६ | -६.५ | ३३९.५ | -१०१.६ | -५३१४.६ |
| | राष्ट्र बैंक | -७.७ | ४.६ | -११.७ | -१५९.७ | -३५२.२ |
| | वाणिज्य बैंक | ४१७.४ | -११.१ | ३५१.१ | -१०२.७ | -३२५४.७ |
| | अन्य दायित्व | ०.० | ०.० | ०.० | - | - |
| | जम्मा (क+ख+ग) | -५४९.० | -१,२४१.९ | २०१२.९ | १२६.२ | **-२६२.१** |
| (घ) | **विविध पूँजी तथा भुलचुक** | **२,५५९.१** | **१,८०९.६** | **८८२.९** | **-२९.३** | **-५१.२** |
| | जम्मा (क+ख+ग+घ) | २,०१०.१ | ५६७.७ | २८९५.८ | -७१.८ | **४१०.१** |
| (ङ) | **रिजर्भ तथा सम्बन्धित शीर्षक** | **-२,०१०.१** | **-५६७.७** | **-२८९५.८** | **-७१.८** | **४१०.१** |
| | रिजर्भ सम्पत्ति | -२,०६५.८ | -६४६.२ | -२८९५.८ | -६८.७ | ३४८.१ |
| | नेपाल राष्ट्र बैंक | -१,९५०.८ | -३२५.१ | -२१३९.८ | -८३.३ | ५५८.१ |
| | वाणिज्य बैंक | -११५.० | -३२१.१ | -७५६.० | १७९.२ | १३५.४ |
| | आई.एम.एफ. कर्जा उपयोग | ५५.७ | ७८.५ | ०.० | ४१.० | -१००.० |
| ***खुद वैदेशिक सम्पत्तिमा परिवर्तन (-वृद्धि)*** | | **-१,६००.५** | **-५७४.२** | **-२५५६.३** | **-६४.१** | **३४५.२** |

सं = संशोधित ।

**तालिका १.१४**

## बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति

(रु. करोडमा)

| | २०६१ आषाढ | २०६२ आषाढ | २०६३ आषाढ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०६१।६२ | २०६२।६३ |
| **नेपाल राष्ट्र बैंक** | **१०,७९१.६** | **१०,४४२.४** | **१३,२०६.१** | **-३.२** | **२६.५** |
| परिवर्त्य | ९,६२३.६ | १०,०८२.४ | १२,४२४.१ | ४.८ | २३.२ |
| अपरिवर्त्य | १,१६८.० | ३६०.० | ७८२.० | -६९.२ | ११७.२ |
| **वाणिज्य बैंक** | **२,२२८.९** | **२,५४७.३** | **३,२९३.०** | **१४.३** | **२९.३** |
| परिवर्त्य | २,०७०.९ | २,३१५.५ | ३,१६५.५ | ११.८ | ३६.७ |
| अपरिवर्त्य | १५८.० | २३१.८ | १२७.५ | ४६.७ | -४५.० |
| **कुल सञ्चिति** | **१३,०२०.५** | **१२,९८९.६** | **१६,४९९.१** | **-०.२** | **२७.०** |
| परिवर्त्य | ११,६९४.५ | १२,३९७.९ | १५,५८९.६ | ६.० | २५.७ |
| अपरिवर्त्य | १,३२६.० | ५९१.८ | ९०९.५ | -५५.४ | ५३.७ |

**तालिका १.१५**

## शेयर बजार परिसूचक

| क्र.सं | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०६०।६१ | २०६१।६२ | २०६२।६३ |
| १. | सूचीकृत कम्पनीको संख्या | ११४ | १२५ | १३५ |
| २. | सूचीकृत कम्पनीको चुक्ता पूँजी (रु. करोडमा) | १२०१.६ | १,६७७.१ | १९९५.८ |
| ३. | कुल बजार पूँजीकरण (रु. करोडमा) | ४१४२.५ | ६,१३६.६ | ९६७६.३ |
| ४. | वार्षिक कारोबार रकम (रु. करोडमा) | २१४.४ | ४५०.८ | ३४५.२ |
| ५. | कारोबार भएको दिन | २४३ | २३६ | २२८ |
| ६. | कारोबार भएको कम्पनीको संख्या | ९२ | १०२ | ११० |
| ७. | कारोबार संख्या (हजारमा) | ८५५३३ | १०६,२४६ | ९७३७४ |
| ८. | सूचीकृत शेयर संख्या (हजारमा) | १६१,१४१ | १९४,६७३ | २२६५४० |
| ९. | चुक्ता पूँजी/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशत) | २.४ | ३.३ | ३.४ |
| १०. | कारोबार रकम र चुक्ता पूँजी अनुपात (प्रतिशत) | १७.८ | २६.९ | १७.३ |
| ११. | कारोबार रकम/बजार पूँजीकरण अनुपात (प्रतिशत) | ५.२ | ७.३ | ३.५६ |
| १२. | बजार पूँजीकरण/गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशत) | ८.४ | ११.६ | १६.६ |
| १३. | नेप्से परिसूचक (कारोबार बन्द हुँदा) | २२२.० | २८६.६ | ३८६.८ |

स्रोतः– नेपाल स्टक एक्सचेञ्ज लिमिटेड ।

### तालिका १.१६

## वाणिज्य बैंकहरुको एकीकृत सम्पत्ति र दायित्वको विवरण
(आषाढ मसान्त)

(रु. करोडमा)

| | | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ | २०६०।६१ | २०६२।६३ |
| १. कुल निक्षेप | २३२५७.६ | २५०४६.५ | २९०३७.२ | १७८८.९ | ३९९०.७ | ७.७ | १५.९ |
| १.१ चल्ती निक्षेप | ३३०३.९ | ३४१२.० | ३६८४.३ | १०८.१ | २७२.३ | ३.३ | ८.० |
| (क) स्वदेशी | २८०६.५ | २८६७.४ | ३२२५.१ | ६०.८ | ३५७.७ | २.२ | १२.५ |
| (ख) विदेशी | ४९७.३ | ५४४.६ | ४५९.२ | ४७.३ | -८५.५ | ९.५ | -१५.७ |
| १.२ बचत निक्षेप | ११४१०.६ | १३००१.४ | १५१५७.३ | १५९०.७ | २१५६.० | १३.९ | १६.६ |
| (क) स्वदेशी | १०७४९.७ | १२३९१.८ | १४५६३.९ | १६४२.१ | २१७२.१ | १५.३ | १७.५ |
| (ख) विदेशी | ६६०.९ | ६०९.६ | ५९३.४ | -५१.३ | -१६.२ | -७.८ | -२.७ |
| १.३ मुद्धति निक्षेप | ८३२६.८ | ८४१३.७ | ९९४७.५ | ८६.९ | १५३३.८ | १.० | १८.२ |
| (क) स्वदेशी | ७३६७.६ | ७४१२.२ | ८४९१.३ | ४४.६ | १०७९.० | ०.६ | १४.६ |
| (ख) विदेशी | ९५९.२ | १००१.५ | १४५६.३ | ४२.३ | ४५४.८ | ४.४ | ४५.४ |
| १.४ मार्जिन निक्षेप | २१६.३ | २१९.४ | २४८.१ | ३.१ | २८.७ | १.४ | १३.१ |
| २. नेपाल राष्ट्र बैंकबाट सापटी | ४७.८ | १७२.४ | ३२.९ | १२४.६ | -१३९.५ | २६०.७ | -८०.९ |
| ३. वैदेशिक दायित्व | ५२.१ | २.८ | ०.८ | -४९.४ | -२.० | -९४.७ | -७२.१ |
| ४. अन्य दायित्व | ७५६५.५ | ८८४१.६ | ८६९५.२ | १२७६.१ | -१४६.४ | १६.९ | -१.७ |
| सम्पत्ति = दायित्व | ३०९२३.१ | ३४०६३.३ | ३७७६६.१ | ३१४०.२ | ३७०२.८ | १०.२ | १०.९ |
| ५. तरल कोषहरु | ५०३८.५ | ५०२२.३ | ६०८८.१ | -१६.२ | १०६५.८ | -०.३ | २१.२ |
| ५.१ नगद मौज्दात | ४२८.४ | ४७७.३ | ५९०.९ | ४८.९ | ११३.६ | ११.४ | २३.८ |
| ५.२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २४२२.७ | २०२३.४ | २२२५.२ | -३९९.३ | २०१.८ | -१६.५ | १०.० |
| ५.३ विदेशी मुद्रा मौज्दात | ४३.५ | ३७.५ | ३९.९ | -६.१ | २.४ | -१३.९ | ६.५ |
| ५.४ विदेशमा रहेको मौज्दात | २०७९.९ | २४०४.५ | ३१२६.६ | ३२४.६ | ७२२.१ | १५.६ | ३० |
| ५.५ मार्गस्थ रकम | ६४.० | ७९.६ | १०५.४ | १५.६ | २५.९ | २४.३ | ३२.५ |
| ६. कर्जा तथा लगानी | २२८२३.५ | २६०८६.७ | २८७२४.७ | ३२६३.२ | २६३७.९ | १४.३ | १०.१ |
| ६.१ सरकारमाथिको दाबी | ४३७९.६ | ४८५५.१ | ५८४५.९ | ४७५.४ | ९९०.८ | १०.९ | २०.४ |
| ६.२ गैरवित्तीय सरकारी संस्थानमाथिको दाबी | २९०.७ | ६५५.८ | ४४६.२ | ३६५.० | -२०९.६ | १२५.६ | -३२.० |
| ६.३ वित्तीय संस्थामाथिको दाबी | ११७८.३ | ११४३.६ | ११६८.४ | -३४.७ | २४.८ | -२.९ | २.२ |
| ६.४ निजी क्षेत्रमाथिको दाबी | १६८६९.३ | १९३२७.० | २११३७.८ | २४५७.७ | १८१०.८ | १४.६ | ९.४ |
| ६.५ खरिद र डिस्काउण्ट गरेको विदेशी बिल | १०५.५ | १०५.३ | १२६.४ | -०.२ | २१.२ | -०.२ | २०.१ |
| ७. अन्य सम्पत्ति | ३०६१.१ | २९५४.२ | २९५३.३ | -१०६.९ | -०.९ | -३.५ | ०.० |

अ = अपरिष्कृत

## तालिका १.१७

# कृषि विकास बैंकको कर्जा कारोवार

(रु. करोडमा)

| | आषाढ मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ |
| **कृषि विकास बैंक** | | | | | |
| कर्जा वितरण | १,०१४.९ | १,३११.० | १२६८.१ | २९.२ | -३.२ |
| कर्जा असूली | ३०५.० | १,०३२.४ | ११९९.९ | २३८.५ | १६ |
| बक्यौता | १,९७१.४ | २१०७.६ | २१८५.६ | ६.९ | ३.७ |

अ अपरिष्कृत ।

## तालिका १.१८

# ख वर्गका वित्तीय संस्था (विकास बैंकहरु)को वित्तीय साधन तथा उपयोग

(रु. करोडमा)

| | आषाढ मसान्त | | |
|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] |
| **साधन** | | | |
| पूँजी कोष | ४१५.८७ | ४७५.४९ | १२२.३६ |
| निक्षेप | २९४२.७२ | ३३९५.७८ | ८२६.८३ |
| सापटी | ५९६.१९ | ५११.७८ | २८.४२ |
| अन्य | ९६६.६१ | १५०६.५६ | ७०.१८ |
| नाफा नोक्सान हिसाव | -१३१.२४ | -१०८.११ | १३.३१ |
| **साधन = उपयोग** | ४७९०.१५ | ५७८१.५० | १०६१.१० |
| **उपयोग** | | | |
| तरल कोष | ४०५.३७ | ४५६.५० | २१६.४१ |
| लगानी | २३१.१७ | १९९.१० | ५५.२५ |
| कर्जा तथा सापटी | ३१९०.५३ | २९८९.३७ | ६५९.३७ |
| अन्य | ९६२.२२ | २१३३.४८ | ९६.८८ |
| नाफा नोक्सान हिसाव | ०.८७ | ३.०४ | ३३.१९ |
| | ४७९०.१५ | ५७८१.५० | १०६१.१० |

अ . अपरिकृप्त (२०६२।६३ मा ने.औ. वि. निगम र कृषि विकास बैंक बाहेक)।

## तालिका १.१९

## "ग" श्रेणीका वित्तीय संस्थाहरु (वित्त कम्पनीहरु) को वित्तीय साधन तथा उपयोग

(रु. करोडमा)

| | आषाढ मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ |
| **साधन** | | | | | |
| पूँजी कोष | ३६५.४ | ४२५.० | ४३१.० | १६.३ | १.४ |
| निक्षेप | १९३९.२ | २२३३.८ | २७३१.६ | १५.२ | २२.३ |
| सापटी | १३०.७ | ९९.१ | ११५.५ | -२४.२ | १६.५ |
| अन्य | २२३.१ | १९४.९ | ५४९.२ | -१२.६ | १८२ |
| नाफा नोक्सान हिसाव | ६१.६ | ९९.० | ५६.८ | ६०.७ | -४२ |
| **साधन = उपयोग** | २७२०.० | ३०५१.८ | ३८८४.१ | १२.२ | २७.१ |
| **उपयोग** | | | | | |
| तरल कोष | ४४७.० | ३९०.५ | ५३९.४ | -१२.६ | ३८.१ |
| लगानी | २५१.१ | २४१.१ | २७४.५ | -४.० | १३.९ |
| कर्जा तथा सापटी | १७५४.१ | २१२२.३ | २७०५.७ | २१.० | २७.५ |
| अन्य | २६७.८ | २८९.७ | ३५४.४ | ८.२ | २२.३ |
| नाफा नोक्सान हिसाव | ०.० | ८.२ | १०.१ | - | २३.२ |

अ = अपरिकृत ।

## तालिका १.२०

## लघुवित्त सम्बन्धी कारोवार गर्ने घ वर्गका वित्तीय संस्थाहरुको साधन तथा उपयोग

(रु. लाखमा)

| | आषाढ मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ |
| **साधन** | | | | | |
| पूँजी कोष | ६६७७ | ७३९७ | ८३०४ | १०.७८ | १२.२६ |
| निक्षेप | ६९९४ | ७४८८ | ९३२५ | ७.०६ | २४.५३ |
| सापटी | २७७०६ | ३४०२५ | ५३२४९ | २२.८१ | ५६.५० |
| अन्य | ९७३० | १३१८५ | ९८८९ | ३५.५१ | -२५ |
| नाफा नोक्सान हिसाव | -१४७१ | ९०५ | ११९७ | - | ३२.२७ |
| **साधन = उपयोग** | **४९६३६** | **६३०००** | **८१९७४** | **२६.९२** | **३०.१२** |
| **उपयोग** | | | | | |
| तरल कोष | ५७२० | ६४८३ | १३२८१ | १३.३४ | १०३.८९ |
| लगानी | १२३०८ | १५१६१ | १६७२६ | २३.१८ | १०.३२ |
| कर्जा तथा सुविधा | २८२२१ | ३५३७६ | ४३०३० | २५.३५ | २१.६४ |
| अन्य | ३३८७ | ३८९१ | ६७९० | १४.८८ | ७४.५१ |
| नाफा नोक्सान हिसाव | ० | २०८९ | २२१० | - | ५.७९ |

अ = अपरिष्कृत ।

## तालिका १.२१

## सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरुको वित्तीय साधन तथा उपयोग

(रु. करोडमा)

| | आषाढ मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०६१ | २०६२ | २०६३[अ] | २०६१।६२ | २०६२।६३ |
| **साधन** | | | | | |
| पूंजी कोष | २४.७ | २७.८ | ३२.४ | १२.६ | १६.५ |
| निक्षेप | १६८ | १७२.४ | १९९ | २.६ | १५.४ |
| सापटी | ४.१ | ४.६ | ६.४ | १२.२ | ३९.१ |
| अन्य | ४३.२ | ३६.७ | ४०.१ | -१५.० | ९.३ |
| नाफा नोक्सान हिसाव | -४.८ | -०.५ | ५.५ | -८९.६ | ५५५ |
| **साधन = उपयोग** | २३५.२ | २४१.० | २८३.४ | २.५ | १७.६ |
| **उपयोग** | | | | | |
| तरल कोष | ४१.३ | ४२.४ | ४७.२ | २.७ | ११.३ |
| लगानी | १८.१ | १४.२ | १६.२ | -२१.५ | १४.१ |
| कर्जा तथा सुविधा | १३१.१ | १४३.१ | १६४.६ | ९.२ | १५ |
| अन्य | ४४.७ | ४१.३ | ५५.४ | -७.६ | ३४.१ |
| नाफा नोक्सान हिसाव | ०.० | ०.० | ०.० | - | - |

अ = अपरिष्कृत ।

सीमित बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त सहकारी संस्थाहरुको संख्या २०६१ आषाढ मसान्तमा २१, २०६२ आषाढ मसान्तमा २० र २०६३ आषाढ मसान्तमा १९ रहेको छ ।

## तालिका १.२२

# वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको नामावली

(२०६३ आषाढ मसान्त)

(१) **वाणिज्य बैंक : (क वर्ग)**

*(रु. लाखमा)*

| क्र.सं. | नाम | के.का. | संचालन मिति | चुक्तापूँजी |
|---|---|---|---|---|
| १. | नेपाल बैंक लिमिटेड & | काठमाडौं | १९९४।७।३० | ३८०४ |
| २. | राष्ट्रिय वाणिज्य बैंक | काठमाडौं | २०२२।१०।१० | ११७२३ |
| ३. | नविल बैंक लि. & | काठमाडौं | २०४१।३।२९ | ४९१७ |
| ४. | नेपाल इन्भेष्टमेण्ट बैंक लि & | काठमाडौं | २०४२।११।२६ | ५९०६ |
| ५. | स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लि. & | काठमाडौं | २०४३।१०।१६ | ३७४६ |
| ६. | हिमालयन बैंक लि. & | काठमाडौं | २०४९।१०।५ | ७७२२ |
| ७. | नेपाल एस.वि.आई. बैंक लि. & | काठमाडौं | २०५०।३।२३ | ६४०२.४ |
| ८. | नेपाल बंगलादेश बैंक लि & | काठमाडौं | २०५०।२।२३ | ७१९८.५ |
| ९. | एभरेष्ट बैंक लि. & | काठमाडौं | २०५१।७।१ | ५१८० |
| १०. | बैंक अफ काठमाण्डु लि.& | काठमाडौं | २०५१।११।२८ | ४६३६ |
| ११. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.& | सिद्धार्थनगर | २०५३।६।२८ | ६९८४.२ |
| १२. | नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि. & | बिराटनगर | २०५५।४।५ | ६००० |
| १३. | लुम्बिनी बैंक लि.& | नारायणगढ | २०५५।४।१ | ५००० |
| १४. | माछापुच्छ्रे बैंक लि& | पोखरा | २०५७।६।१७ | ७१५० |
| १५. | कुमारी बैंक लि& | काठमाडौं | २०५७।१२।२१ | ६२५० |
| १६. | लक्ष्मी बैंक लि. & | बीरगञ्ज | २०५८।१२।२१ | ६०९९.२ |
| १७. | सिद्धार्थ बैंक लि.& | काठमाडौं | २०५९।९।९ | ५००० |
| १८. | कृषि विकास बैंक | काठमाडौं | २०२४।११।७ | १५८५९.८ |

(२) **वित्तीय संस्थाः (ख वर्ग)**

*(रु. लाखमा)*

| क्र.सं. | नाम | के.का. | संचालन मिति | चुक्तापूँजी |
|---|---|---|---|---|
| १. | नेपाल औद्योगिक विकास निगम | काठमाडौं | २०१६।३।१ | ४१५८* |
| २. | नेपाल विकास बैंक लि & | काठमाडौं | २०५५।१०।१७ | १६०० |
| ३. | उद्यम विकास बैंक लि | नारायणगढ, चितवन | २०५५।११।१० | १५० |
| ४. | मालिका विकास बैंक लि | धनगढी | २०५६।७।२५ | २६२ |
| ५. | सिद्धार्थ विकास बैंक & | वुटवल | २०५५।९।४ | ५०० |
| ६. | डेभलपमेण्ट क्रेडिट बैंक लि. & | काठमाडौं | २०५७।१०।१० | २४०० |
| ७. | युनाइटेड विकास बैंक लि | वारा | २०५८।१२।३ | १४० |
| ८. | नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लि | काठमाडौं | २०५८।३।५ | ११२ |
| ९. | नारायणी औद्योगिक विकास बैंक | रत्ननगर, चितवन | २०५८।७।१ | १४० |
| १०. | पश्चिमाञ्चल विकास बैंक लि. & | महेन्द्रपार्क, रुपन्देही | २०५९।१२।१८ | २२० |
| ११. | सहयोगी विकास बैंक लि. | जनकपुर | २०६०।७।४ | १४० |
| १२. | पशुपति विकास बैंक लि. | बनेपा | २०६०।९।१७ | २४४ |
| १३. | कर्णाली विकास बैंक लि. | नेपालगञ्ज | २०६०।१०।२२ | ११८ |
| १४. | त्रिवेणी विकास बैंक लि. | नारायणगढ, चितवन | २०६१।४।११ | १७५ |

| | | | | |
|---|---|---|---|---|
| १५. | अन्नपूर्ण विकास वैंक लि. | वनेपा | २०६१।५।७ | १०२ |
| १६. | भृकुटी विकास वैंक लि. | शंकरनगर, रूपन्देही | २०६१।५।३ | २१४ |
| १७. | सुभेक्षा विकास वैंक लि. | नारायणगढ, चितवन | २०६१।५।२९ | १४० |
| १८. | वागेश्वरी विकास वैंक लि. & | नेपालगञ्ज | २०६१।७।३ | २१० |
| १९. | सानिमा विकास वित्तीय संस्था लि.& | कमलपोखरी, काठमाडौं | २०६१।८।११ | २२४० |
| २०. | गौरीशंकर विकास वित्तीय संस्था लि. | कावासोती, नवलपरासी | २०६१।८।१४ | १८२ |
| २१. | गोरखा विकास वैक लि. | पुतलीसडक, काठमाडौं | २०६१।८।१६ | १८५ |
| २२. | गण्डकी डेभलपमेन्ट फाइनान्सीयल इन्स्टीच्यूशन लि.& | पोखरा | २०६१।१०।६ | ५०० |
| २३. | इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट फाइनान्सीयल इन्टीच्यूशन | बनेपा, काभ्रे | २०६२।१।१६ | ५६० |
| २४. | विजनेश डेभलपमेन्ट फाइनान्सीयल इन्टीच्यूशन | पोखरा | २०६२।१।२७ | ३०० |
| २५. | विराटलक्ष्मी वित्तीय संस्था लि. | विराटनगर | २०६२।१।२८ | १५७ |
| २६. | एक्सेल क्रेडिट एण्ड कमर्स फाइनान्सियल इन्स्टिच्यूशन लिमिटेड | विर्तामोड, झापा | २०६२।४।६ | १४० |
| २७. | मर्चेन्ट विकास वित्तीय संस्था लि. | दाङ | २०६२।५।३० | १०८ |
| २८. | हिमचुली विकास वित्तीय संस्था लि. | पोखरा | २०६२।७।२१ | १८० |
| २९. | अरनिको विकास वित्तीय संस्था | धुलिखेल | २०६३।३।२२ | १५४ |
| ३०. | नेपाल विकास तथा रोजगार संस्था | कमलादी, काठमाडौं | २०६३।४।११ | १९२ |

(३) **वित्तीय संस्थाः (ग वर्ग)**

*(रु.लाखमा)*

| क्र.सं. | नाम | के.का. | संचालन मिति | चुक्तापूँजी |
|---|---|---|---|---|
| १. | नेपाल आवास विकास वित्त कं. लि.& | काठमाडौं | २०४९।४।११ | ५८०.१९ |
| २. | नेपाल फाइनान्स एण्ड सेभिंग्स कं. लि.& | काठमाडौं | २०४९।९।२२ | २०० |
| ३. | एन.आइ.डि.सी.क्यापिटल मार्केट लि.& | काठमाडौं | २०४९।१०।१३ | ६०० |
| ४. | नेशनल फाइनान्स लि.(वित्तीय संस्था) & | काठमाडौं | २०५०।१।२५ | ९५०.४ |
| ५. | अन्नपूर्ण फाइनान्स कं.लि (वित्तीय संस्था) & | पोखरा | २०५०।६।१४ | ८०० |
| ६. | नेपाल शेयर मार्केट् एण्ड फाइनान्स लि.& | काठमाडौं | २०५०।७।३ | १६०० |
| ७. | पिपल्स फाइनान्स लि & | काठमाडौं | २०५१।१।२ | ५०० |
| ८. | मर्केण्टाइल फाइनान्स कं. लि. | वीरगञ्ज | २०५१।७।२४ | १८० |
| ९. | काठमाडौं फाइनान्स लि. & | काठमाडौं | २०५१।७।२४ | ३२९ |
| १०. | हिमालय फिनान्स एण्ड सेभिंग्स कं.लि. | काठमाडौं | २०५१।७।२५ | ४८० |
| ११. | युनियन फाइनान्स कं. लि.(& | काठमाडौं | २०५१।८।२६ | ७२५.१ |
| १२. | नारायणी फाइनान्स लि.& | भरतपुर | २०५१।११।२४ | ४२१.७ |
| १३. | गोरखा फाइनान्स कं.लि & | काठमाडौं | २०५१।११।२८ | २५० |
| १४. | पश्चिमान्चल फाइनान्स कम्पनी लि.& | वुटवल | २०५१।१२।२६ | ५०६ |
| १५. | नेपाल हाउजिङ एण्ड मर्चेण्ट फाइनान्स लि & | काठमाडौं | २०५१।१२।२८ | ५४४.५ |
| १६. | युनिभर्सल फाइनान्स लि.& | काठमाडौं | २०५२।१।१४ | ३७५ |
| १७. | सम्झना फाइनान्स कं.लि & | वनेपा, काभ्रे | २०५२।१।२० | २२१.५* |
| १८. | गुडविल फाइनान्स लि. & | काठमाडौं | २०५२।२।१ | ५०० |

| | | | | |
|---|---|---|---|---|
| १९. | सिद्धार्थ फाइनान्स लि. & | सिद्धार्थनगर | २०५२।२।१ | ५२० |
| २०. | श्रीइन्भेष्टमेण्ट एण्ड फाइनान्स कं.लि. & | काठमाडौं | २०५२।२।१८ | ४८० |
| २१. | लुम्बिनी फाइनान्स एण्ड लिजिङ कं. लि. & | काठमाडौं | २०५२।३।१२ | ६०० |
| २२. | इन्वेष्टा फाइनान्स लि | वीरगंञ्ज | २०५२।४।१ | २४० |
| २३. | यती फाइनान्स कम्पनी लि. & | हेटौडा | २०५२।४।१ | २५० |
| २४. | स्टेण्डर्ड फाइनान्स लि. & | काठमाडौं | २०५२।४।१ | ६०० |
| २५. | एस फाइनान्स कम्पनी लि. & | काठमाडौं | २०५२।४।३० | ९०० |
| २६. | इण्टरनेशनल लिजिङ एण्ड फाइनान्स कं.लि. & | काठमाडौं | २०५२।७।१४ | १२०० |
| २७. | महालक्ष्मी फाइनान्स लि.(वित्तीय संस्था) & | वीरगञ्ज | २०५२।८।१५ | ६००* |
| २८. | ललितपुर फाइनान्स कम्पनी लि. & | ललितपुर | २०५२।८।२८ | ५०६.२५ |
| २९. | भाजुरत्न फाइनान्स एण्ड सेभिंग्स कं. लि.( | काठमाडौं | २०५२।९।२५ | ३५० |
| ३०. | युनाइटेड फाइनान्स कं.लि & | काठमाडौं | २०५२।१०।१२ | ६०० |
| ३१. | जनरल फाइनान्स लि. & | काठमाडौं | २०५२।१०।१८ | २००* |
| ३२. | नेपाल श्रीलंका मर्चेण्ट बैंकिंङ एण्ड फाइनान्स लि. & | काठमाडौं | २०५२।१०।२१ | १३०० |
| ३३. | मर्चेण्ट फाइनान्स कम्पनी लि. | काठमाडौं | २०५२।११।१४ | १८० |
| ३४. | एल्पीक एभरेष्ट फाइनान्स लि & | काठमाडौं | २०५३।४।२ | ५०० |
| ३५. | नेपाल मर्चेण्ट बैंकिंङ एण्ड फाइनान्स लि. & | काठमाडौं | २०५३।९।११ | १३०० |
| ३६. | नवदुर्गा फाइनान्स कम्पनी लि & | भक्तपुर | २०५३।९।२२ | २२० |
| ३७. | जानकी फाइनान्स कम्पनी लि & | जनकपुर | २०५३।११।२४ | २००* |
| ३८. | पोखरा फाइनान्स लि. & | पोखरा | २०५३।१२।३ | ५२० |
| ३९. | सेन्ट्रल फाइनान्स लि.(वित्तीय संस्था) & | कुपण्डोल | २०५४।१।२ | ३६० |
| ४०. | प्रिमियर फिनान्स कम्पनी लि & | ललितपुर | २०५४।२।२६ | २४० |
| ४१. | अरुण फाइनान्स एण्ड सेभिंग्स कं.लि. | धरान | २०५४।५।१ | ९०* |
| ४२. | मल्टीपरपस सेभिंग्स एण्ड इन्भेष्टमेण्ट कं.लि | राजविराज | २०५५।१।२ | ३० |
| ४३. | वुटवल फाइनान्स लि. & | वुटवल | २०५५।३।२५ | ५७५ |
| ४४. | सृजना फाइनान्स लि. & | लाहान | २०५६।८।९ | १०४ |
| ४५. | नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ कं.लि. & | विराटनगर | २०५६।१२।५ | ५००.४८* |
| ४६. | ओम फाइनान्स लि. & | पोखरा | २०५७।६।१ | ५००* |
| ४७. | कस्मिक मर्चेण्ट वैकिङ एण्ड फाइनान्स कं. & | काठमाडौं | २०५७।८।५ | ७५०.५ |
| ४८. | वर्ल्ड मर्चेण्ट वैकिङ एण्ड फाइनान्स कम्पनी | हेटौडा | २०५८।५।१ | ६०० |
| ४९. | क्यापिटल मर्चेण्ट वैकिंग एण्ड फाइनान्स लि. | बत्तिसपुतली, काठमाडौं | २०५८।१०।२९ | ७०० |
| ५०. | क्रिष्टल फाइनान्स लि. | बागदरवार, काठमाडौं | २०५८।११।१ | ३५० |
| ५१. | रोयल मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं | २०५८।११।२ | ५०० |
| ५२. | गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. (वित्तीय संस्था) | जावलाखेल, ललितपुर | २०५९।२।२९ | ५०० |
| ५३. | पाटन फाइनान्स कं.लि. | ललितपुर | २०५९।३।४ | ३०० |
| ५४. | किष्ट मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लि. & | कमलपोखरी, काठमाडौं | २०५९।१०।२३ | ८८९.९ |
| ५५. | फेवा फाइनान्स कम्पनी लि. & | चिप्लेढुङ्गा, पोखरा | २०६०।१।९ | ५०० |
| ५६. | एभरेष्ट फाइनान्स लि. | नारायणपथ, सिद्धार्थनगर | २०६०।३।११ | २०० |
| ५७. | वीरगञ्ज फाइनान्स लि. & | वीरगञ्ज | २०६०।६।७ | ६०० |

| | | | | |
|---|---|---|---|---|
| ५८. | प्रुडेन्सीयल वित्तीय संस्था लि.& | डिल्लीबजार, काठमाडौं | २०६१।२।२५ | ५०० |
| ५९. | आइ. सि. एफ. सि. वित्तीय संस्था लि. | भाटभटेनी, काठमाडौं | २०६१।३।३० | ५०५.८ |
| ६०. | आई. एम. ई. वित्तीय संस्था & | कान्तिपथ, काठमाडौं | २०६२।३।१४ | ५०० |
| ६१. | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि. | मानभवन, ललितपुर | २०६२।५।१३ | ३०० |
| ६२. | शिखर वित्तीय संस्था लि. | थापाथली, काठमाडौं | २०६२।५।३० | ३०० |
| ६३. | सिभिल मर्चेन्ट वित्तीय संस्था लि. | कुलेश्वर, काठमाडौं | २०६२।६।२ | ३०० |
| ६४. | प्रभु वित्तीय संस्था लि. | कान्तिपथ, काठमाडौं | २०६२।११।४ | ५६० |
| ६५. | ईम्पेरीयल वित्तीय संस्था लि. | पुतलिसडक, काठमाडौं | २०६२।११।२४ | ३०५ |
| ६६. | कुवेर वित्तीय संस्था लि. | पुतलिसडक, काठमाडौं | २०६२।१२।११ | २७५ |
| ६७. | तिलोत्तमा वित्तीय संस्था लि. | वुटवल | २०६३।१।२१ | ३०० |
| ६८. | भ्याली वित्तीय संस्था लि. | महाराजगञ्ज, काठमाडौं | २०६३।१।२८ | २७५ |
| ६९. | सेती वित्तीय संस्था लि. | कैलाली ,टिकापुर | २०६३।२।२४ | ५१ |
| ७०. | हामा वित्तीय संस्था लि. | त्रिपुरेश्वर, काठमाडौं | २०६३।३।२ | ३१५ |

(४) **वित्तीय संस्थाः (घ वर्ग)**

*(रु. लाखमा)*

| क्र. सं. | नाम | के.का. | संचालन मिति | चुक्तापूँजी |
|---|---|---|---|---|
| १. | पूर्वाञ्चल ग्रामीण विकास बैंक लि. | विराटनगर | २०४९।११।१७ | ६००* |
| २. | सुदूरपश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | धनगढी | २०४९।११।१७ | ५८५ |
| ३. | पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | वुटवल | २०५१।१२।२८ | ६००* |
| ४. | मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | नेपालगंज | २०५१।१२।२८ | ६००* |
| ५. | मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. | जनकपुर | २०५३।३।२४ | ६०० |
| ६. | निर्धन उत्थान बैंक लि& | सिद्धार्थनगर | २०५५।१२।३० | २७४ |
| ७. | रुरल माइक्रो फाइनान्स डेभलपमेण्ट सेण्टर | पुतलीसडक, काठमाडौं | २०५६।८।२० | १००० |
| ८. | डिप्रोक्स विकास बैंक | रत्ननगर, चितवन | २०५८।३।१९ | ११६ |
| ९. | छिमेक विकास बैंक लि. | हेटौडा | २०५८।८।२५ | १००* |
| १०. | स्वावलम्बन विकास बैंक | जनकपुर | २०५८।१०।१ | १४० |
| ११. | साना किसान विकास बैंक लि. | विजुलीवजार, काठमाडौं | २०५८।११।२ | १०९४* |

(५) **सहकारी संस्था (सीमित वैकिङ कारोवार मात्र)**

*(रु. लाखमा)*

| क्र.सं | नाम | के.का. | संचालन मिति | चुक्तापूँजी |
|---|---|---|---|---|
| १. | नवजीवन सहकारी संस्था लि | धनगढी | २०५०।८।३० | १५०.३ |
| २. | सगुन सहकारी संस्था लि | क्षेत्रपाटी, काठमाडौं | २०५१।६।२३ | १०९.५१ |

| | | | | |
|---|---|---|---|---|
| ३. | नेपाल सहकारी वित्तीय संस्था लि | नयाँवानेश्वर, काठमाडौं | २०५१।९।१५ | १५२.१ |
| ४. | द सहारा लोन, सेविङ एण्ड इन्भेष्टमेण्ट कोअपरेटिभस् सोसाइटी | मलंगवा,सर्लाही | २०५२।१।२ | २४७.९७ |
| ५. | विन्दवासिनी वचत तथा ऋण सहकारी संस्था लि | खोपासी, काभ्रे | २०५२।३।७ | १०२.०४ |
| ६. | महिला सहकारी संस्था लि. | टेकु, काठमाडौं | २०५२।६।११ | ११५.३ |
| ७. | नेपाल वहुउद्देश्यीय सहकारी संस्था लि | झापा | २०५२।९।१० | १३८.८ |
| ८. | राजश्री सेभिंग्स  एण्ड इन्भेष्टमेण्ट कोअपरेटिभ सो. लि. | मलंगवा, सर्लाही | २०५२।११।७ | १७७.४* |
| ९. | सहकारी वित्तीय विकास संस्था लि | नेपालगञ्ज | २०५३।३।२ | ६५.७* |
| १०. | श्री मनकामना सहकारी संस्था लि | काभ्रे, वनेपा | २०५३।११।७ | ८०.५ |
| ११. | भेरी सहकारी संस्था लि. | नेपालगञ्ज | २०५३।११।२२ | ५४.४२ |
| १२. | विकु वचत तथा ऋण सहकारी संस्था लि. | गैडाकोट, नवलपरासी | २०५४।४।२७ | ३६.९५* |
| १३. | अमरावती वहुउद्देश्यीय सहकारी संस्था लि. | नयाँवानेश्वर, काठमाडौं | २०५४।८।१८ | ७४.८* |
| १४. | किसान वहुउद्देश्यीय सहकारी संस्था लि | लम्की, कैलाली | २०५४।९।१४ | ३१.६* |
| १५. | युनाइटेड वचत तथा ऋण सहकारी संस्था | अद्वैतमार्ग, काठमाडौं | २०५४।११।१ | ११७.४* |
| १६. | हिमालय सहकारी संस्था लि | पुरानोवानेश्वर, काठमाडौं | २०५५।१।१६ | ४२०.५८ |
| १७. | स्टार वहुउद्देश्यीय वचत तथा ऋण सहकारी संस्था लि. | विराटनगर | २०५५।१।१ | ३०.१ |
| १८. | यति वचत तथा ऋण सहकारी संस्था लि | महाराजगन्ज, काठमाडौं | २०५५।८।६ | ६४.०५* |
| १९. | उपकार वचतकोष तथा ऋण सहकारी संस्था लि | वालिङ्ग स्याङ्जा | २०५६।१२।८ | ४९.२७ |

## (६) **गैर-सरकारी संस्था (लघुकर्जा कारोवार गर्ने)**

*(रु.हजारमा)*

| क्र.सं. | नाम | के.का. | संचालन मिति | पूँजी |
|---|---|---|---|---|
| १. | नेपाल ग्रामीण विकास समाज केन्द | भानुटोल, विराटनगर | २०५७।२।२३ | ५९५४* |
| २. | नेपाल ग्रामीण विकास संस्था | जमल, काठमाडौं | २०५७।२।२३ | २६२ |
| ३. | नेपाल सिकारा ग्रामीण विकास कार्यक्रम | भण्डारा, चितवन | २०५७।२।२३ | ४५८ |
| ४. | चारतारे युवा क्लव | वाग्लुङ | २०५७।२।२३ | १०० |
| ५. | महुली सामुदायिक विकास केन्द्र | बगधुवा, सप्तरी | २०५७।२।३० | १२२५ |
| ६. | सामुहिक युवा क्लव | वर्दिया | २०५७।३।१५ | |
| ७. | सामुदायिक महिला विकास केन्द्र (स्वेडेक) | राजविराज-७,सप्तरी | २०५७।३।२० | - |
| ८. | ग्रामीण समुदायको लागि योजना प्रत्याभूति समूह नेपाल | धनकुटा | २०५७।५।७ | - |
| ९. | ग्रामीण जागरण मन्च | महेन्द्रपथ, वाग्लुङ | २०५७।५।२६ | ६६* |
| १०. | सर्वोदय ग्रामीण विकास संघ | ठेलिया, सप्तरी | २०५७।६।१० | - |
| ११. | जनजागरण मञ्च | रसुवा | २०५७।७।४ | १११* |
| १२. | राष्ट्रिय शैक्षिक तथा सामुदायिक विकास संस्था | कुश्मा, पर्वत | २०५७।७।१६ | ९.७* |
| १३. | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र | वाग्लुङ | २०५७।८।६ | - |
| १४. | नेपाल वातावरण तथा प्रदुषण उन्मूलन युनेस्को क्लव | गोंगबु, काठमाडौं | २०५८।३।२१ | १२७ |
| १५. | विकासका लागि स्थानीय स्वयं सेवकहरुको प्रयास | धनकुटा | २०५८।३।२६ | २९२ |
| १६. | नेपाल महिला उद्यमी संघ | ललितपुर | २०५८।६।८ | ११४६ |
| १७. | महिला अधिकार तथा विकास केन्द्र | काठमाडौं | २०५८।१२।३० | - |
| १८. | मानुषी | काठमाडौं | २०५९।१।२० | ४४० |

| | | | | |
|---|---|---|---|---|
| १९. | जीवन विकास समाज | मोरङ्ग | २०५९।३।४ | १७६१ |
| २०. | नारी उत्थान तथा बालबालिका संरक्षण संघ | सप्तरी | २०५९।३।१८ | - |
| २१. | महिला आदर्श सेवा केन्द्र | काठमाडौं | २०५९।३।१८ | ४३८ |
| २२. | पाटन विजिनेस एण्ड प्रोफेसनल वीमेन | ललितपुर | २०५९।३।१८ | १५४३ |
| २३. | नारी उत्थान केन्द्र | चितवन | २०५९।३।१८ | - |
| २४. | महिला स्वावलम्बन समाज | चितवन | २०५९।३।२० | ५७५* |
| २५. | नेपाल महिला उत्थान केन्द्र | ललितपुर | २०५९।३।२८ | ६५० |
| २६. | भगवान युवा क्लव | काठमाडौं | २०५९।४।७ | ३५* |
| २७. | श्रृजनात्मक महिला वातावरण विकास संस्था | काठमाडौं | २०५९।४।८ | ४०४ |
| २८. | श्रृजना सामुदायिक विकास केन्द्र | सिरहा | २०५९।४।९ | - |
| २९. | सृजना विकास केन्द्र | पोखरा | २०५९।५।६ | २०९०* |
| ३०. | घरेलु तथा साना उद्योग संघ | काठमाडौं | २०५९।५।१७ | - |
| ३१. | ग्रामीण क्षेत्र विकास तथा अनुसन्धान कार्यक्रम | पर्वत | २०५९।५।१८ | - |
| ३२. | आदर्श युवक क्लव | भक्तपुर | २०५९।५।२१ | - |
| ३३. | सोसाईटी वेलफेयर एक्सन नेपाल | दाङ्ग | २०५९।७।८ | - |
| ३४. | सोसल अपग्रेड इन प्रोग्रेस अफ एजुकेशनल रिजन | दाङ्ग | २०५९।७।१२ | - |
| ३५. | नेपाल महिला सामुदायिक सेवा केन्द्र | दाङ्ग | २०५९।७।१३ | - |
| ३६. | ग्रामीण महिला उत्सुकता विकास मञ्च | सुनसरी | २०५९।९।१५ | २९९* |
| ३७. | ग्रामीण महिला विकास संस्था | घोराही, दाङ्ग | २०६०।१।१० | - |
| ३८. | आमा समाज संघ | चितवन | २०६०।१।१६ | १४ |
| ३९. | ग्रामीण महिला उत्थान केन्द्र | घोराही, दाङ्ग | २०६०।३।४ | - |
| ४०. | खुर्कोट युवा क्लव | खुर्कोट, पर्वत | २०६०।५।२८ | - |
| ४१. | ग्रामीण सेवा नेपाल | भजनी, कैलाली | २०६०।६।८ | २११ |
| ४२. | नारी अभ्युदय केन्द्र | नारायणगढ | २०६०।७।७ | - |
| ४३. | महिला उपकार मञ्च | कोहलपुर, बाँके | २०६०।७।१२ | २१३१ |
| ४४. | छिमेक समाज सेवा संस्था | सानोगौचरण, काठमाडौं | २०६१।६।१३ | ५८२६* |
| ४५. | स्वावलम्वन बिकास केन्द्र | डिल्लीबजार, काठमाडौं | २०६१।७।१६ | - |
| ४६. | विकास आयोजना सेवा केन्द्र ( डिप्रोक्स-नेपाल ) | थापाथली, काठमाडौं | २०६१।७।१६ | २३५८० |
| ४७. | ग्रामीण स्वयं सेवक समाज | हरिवन,सर्लाही | २०६२।८।५ | - |

& सर्वसाधारणमा शेयर निष्काशन गरिसकेका बैंक तथा वित्तीय संस्थाहरु

* चुक्ता पूँजी २०६२ चैत्र

## भाग २

# नेपाल राष्ट्र बैंकको कामबारबाही

# आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीति

## मौद्रिक नीतिको रुझान

2.1 नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुरुप नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीति तर्जुमा गरी लागू गर्‍यो । मौद्रिक नीति तर्जुमा गर्दा आर्थिक वर्ष २०६१।६२ को आर्थिक तथा मौद्रिक स्थिति, वित्तीय क्षेत्रका स्थिति, क्रमिक रुपमा बाह्य क्षेत्र खुला गर्नुपर्ने आवश्यकता र आर्थिक वर्ष २०६२।६३ मा स्वदेशी अर्थतन्त्र र बाह्य अर्थतन्त्रमा हुनसक्ने परिवर्तनलाई आधारको रुपमा लिइएको थियो । नेपाली रुपैयाँ (ने.रु.) को भारतीय रुपैयाँ (भा.रु.) सँगको स्थिर विनिमय दर प्रणालीलाई विगतमा झैं मौद्रिक अंकुश (nominal anchor) को रुपमा लिइएको थियो । आर्थिक क्रियाकलापको शिथिल स्थिति र वित्तीय क्षेत्र स्थायित्व सुदृढ भइनसकेको अवस्था र मूल्यमा चाप परेको स्थितिलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६२।६३ का लागि मौद्रिक नीतिको सजग रुझान (cautious monetary policy stance) कायम गरिएको थियो ।

## उद्देश्यहरु

2.2 आर्थिक वर्ष २०६२।६३ मा पेट्रोलियम पदार्थको मूल्य वृद्धि र आपूर्तिजन्य अवरोधहरु कायम रहने सम्भावनाका कारण मूल्यमा चाप पर्ने देखिएको थियो । तर विश्वस्तरमा केन्द्रीय बैंकहरूले कठोर मौद्रिक नीति अवलम्बन गरेका र विश्वव्यापीकरण, उत्पादकत्व वृद्धिले नेपाली मूल्यस्थितिमा सकारात्मक प्रभाव पार्ने अनुमानका आधारमा उक्त आर्थिक वर्षमा औसत मुद्रास्फीति दर करिब पाँच प्रतिशत रहने अनुमान गरिएको थियो । पेट्रोलियम पदार्थमा पटक-पटक गरिएको मूल्य वृद्धि र त्यसबाट यातायात तथा सञ्चार क्षेत्रमा भएको मूल्यवृद्धिलाई ध्यानमा राखी मध्यावधि समीक्षामा उक्त प्रक्षेपण संशोधन गरी सात प्रतिशत कायम गरियो । आर्थिक वर्ष २०६२।६३ मा दुई पटक (२०६२ भाद्र ३ गते र २०६२ फाल्गुण ५ गते) गरी औसत ३५.७ प्रतिशतले पेट्रोलियम पदार्थको मूल्य वृद्धि भयो । साथै, २०६२ फाल्गुणमा २५ देखि २८ प्रतिशतसम्मका दरले यातायातको भाडादर पनि वृद्धि गरियो । यसले गर्दा समीक्षा वर्षमा मुद्रास्फीति औसत आठ प्रतिशत कायम रह्यो ।

2.3 आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिको दोस्रो प्राथमिकतामा शोधनान्तरमा आवश्यक बचत कायम गर्ने रहेको थियो । आर्थिक वर्ष २०६२।६३ मा अत्यधिक विप्रेषण आप्रवाह बढेको कारणले गर्दा आर्थिक वर्ष २०६२।६३ मा शोधनान्तर बचत लक्ष्य भन्दा उच्च रह्यो ।

2.4 आर्थिक गतिविधिमा शिथिलता आउने क्रम यथावत रहेको पृष्ठभूमिमा प्राथमिक उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी आर्थिक गतिविधिलाई सहज बनाउन मौद्रिक तथा कर्जा नीतिलाई सजगताका साथ सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । सो उद्देश्यका लागि निक्षेपदरको माध्यमबाट वित्तीय साधन परिचालनमा सहयोग पुर्‍याई उपलब्ध साधनको सानो अंश मात्र (१०.८ प्रतिशत) सरकारतर्फ प्रवाह गर्ने र अधिकांश कर्जा निजी क्षेत्रलाई उपलब्ध गराई यो आर्थिक वर्षमा ४.०-४.५ प्रतिशत आर्थिक वृद्धिदर सहज बनाउने मौद्रिक नीतिको लक्ष्य रहेको थियो । मौसमी प्रतिकूलता र राजनैतिक रुपमा संक्रमणकालीन अवस्थाले गर्दा आर्थिक वर्ष २०६२।६३ मा आर्थिक वृद्धिदर लक्ष्यभन्दा न्यून रह्यो ।

## रणनीतिक लक्ष्य

2.5 स्थिर विनिमयदर प्रणालीसँग सामञ्जस्य हुने गरी मौद्रिक योगाङ्कहरुको लक्ष्य तोकिएको थियो । मौद्रिक योगाङ्कहरुमध्ये आर्थिक वर्ष २०६१।६२ मा १२.० प्रतिशतले बढेको विस्तृत मुद्रा प्रदाय आर्थिक वर्ष २०६२।६३ मा १३.० प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको थियो । आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा केही उच्च रहने लक्ष्य रहे तापनि मूल्यमा थप चाप नपरोस् भन्ने अभिप्रायले विस्तृत मुद्रा प्रदायको वृद्धिदरलाई अघिल्लो वर्षको तुलनामा सीमान्त परिमाणले मात्र माथि राखिएको थियो । आर्थिक वर्ष २०६१।६२ मा ११.२ प्रतिशतले वृद्धि भएको संकुचित मुद्रा प्रदाय आर्थिक वर्ष २०६२।६३ मा १२.० प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको थियो । उपर्युक्त दुई मौद्रिक योगाङ्कहरुमध्ये विस्तृत मुद्रा प्रदायलाई मौद्रिक सूचकको रुपमा लिइएको थियो । तर समीक्षा वर्षमा विप्रेषण आप्रवाह उच्च रहेकोले मौद्रिक योगाङ्कहरू लक्ष्यभन्दा बढी दरले बढ्न गए ।

2.6 आर्थिक वर्ष २०६१।६२ मा १४.२ प्रतिशतले वृद्धि भएको मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०६२।६३ मा १५.४ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको थियो । मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जामध्ये सरकारलाई जाने बैंक कर्जा अघिल्लो वर्ष रु ३ अर्ब ५० करोडले बढेको तुलनामा आर्थिक वर्ष २०६२।६३ मा रु ४ अर्ब ८० करोडले वृद्धि हुने प्रक्षेपण गरिएको थियो । नेपाल सरकारको पूँजीगत खर्चमा ठूलो वृद्धि हुन नसक्ने अनुमानको आधारमा नेपाल सरकारले उपयोग गर्ने बैंक कर्जा अघिल्लो वर्षको तुलनामा सीमान्त मात्रामा वृद्धि हुने प्रक्षेपण गरिएको थियो । राजस्व वृद्धिदर अनपेक्षित न्यून रहेकाले नेपाल सरकारले लक्ष्यभन्दा बढी मात्रामा बैंक कर्जा उपयोग गऱ्यो ।

### सञ्चालन लक्ष्य

2.7 आर्थिक वर्ष २०६१।६२ देखि प्रयोगमा ल्याइएको वाणिज्य बैंकहरुको अधिक तरलतालाई आर्थिक वर्ष २०६२।६३ मा मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा कायमै राखियो । मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा रहेको अधिक तरलता व्यवस्थापनको आधारस्तम्भको रुपमा रहेको तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई उक्त वर्ष पनि यथावत कायम गरियो । अघिल्लो वर्ष कार्यान्वयनमा ल्याइएको यो संरचनाले वाणिज्य बैंकहरुको तरलताको स्थितिलाई सही रुपले प्रतिबिम्बित गरी सोको व्यवस्थापन गर्न मद्दत पुऱ्याएको र वित्तीय बजारको स्थायित्व र मौद्रिक स्थायित्व कायम गर्न सघाएकोले सो वर्ष पनि सो कार्यविधिलाई निरन्तरता दिइएको थियो । आर्थिक वर्ष २०६२।६३ को अधिकांश समय वाणिज्य बैंकहरुको अधिक तरलता उच्च रहन गयो । निक्षेप वृद्धिको तुलनामा कर्जा प्रवाह हुन नसकेकोले तरलता उच्च रहन गएको हो ।

## मौद्रिक नीतिका उपकरणहरु

### *बैंकदर र पुनरकर्जादर*

2.8 आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिमा मौद्रिक नीतिको अग्रिम रुझान (ex-ante stance) सार्वजनिक जानकारीको लागि सम्प्रेषण गर्ने उपायको रुपमा बैंकदरलाई लिने प्रचलनलाई यथावत कायम राखियो । मूल्यमा चाप परिरहेको र बाह्य क्षेत्र सन्तुलनमा सजग हुनुपर्ने स्थिति आएकोले मुद्रस्फीतिकारी अपेक्षालाई अंकुश लगाउन बैंकदरलाई साविकको ५.५ प्रतिशतबाट बढाई ६ प्रतिशत पुऱ्याइएको थियो । खुला बजार कारोबारमार्फत र तरलता सुविधाअन्तर्गत बाहेक बैंकहरुलाई तरलताको अभाव भएमा बैंकदरमा तरलता उपलब्ध गराइने व्यवस्था मिलाइएको थियो । मौद्रिक नीतिको मध्यावधि समीक्षामा बैंकदरलाई ०.२५ प्रतिशतले बढाई ६.२५ प्रतिशत कायम गरिएको थियो ।

2.9 बैंकदरलाई सीमान्त रुपमा बढाइएको परिप्रेक्ष्यमा पुनरकर्जादरहरुमा पनि तदनुरुप समायोजन गरियो । यस क्रममा स्वदेशी मुद्रामा उपलब्ध गराइने निर्यात कर्जा र कृषि कर्जाका लागि व्यवस्था गरिएको पुनरकर्जादरलाई साविकको ३.० प्रतिशतबाट ३.५ प्रतिशत पुऱ्याइयो भने विदेशी मुद्रामा नै प्रदान गरिने पुनरकर्जा दरतर्फ २०६२ जेष्ठ १७ गते निर्धारण गरिएको ३.२५ प्रतिशतलाई यथावत कायम राखियो । रुग्ण उद्योग पुनरकर्जादरलाई भने साविकको १.५ प्रतिशतमै यथावत कायम गरियो । यस प्रयोजनका लागि वाणिज्य बैंक तथा विकास बैंकहरुले सम्बन्धित ऋणीहरुलाई साविकको ४.५ प्रतिशत भन्दा बढी ब्याजदर तोक्न नपाइने व्यवस्था पनि यथावत राखियो ।

**तालिका २ (क): विद्यमान बैंकदर तथा पुर्नकर्जादरमा गरिएको परिवर्तन (प्रतिशतमा)**

| | २०६१/६२ | २०६२/६३ |
|---|---|---|
| बैंकदर | ५.५ | ६.२५ |
| स्वदेशी मुद्रामा उपलब्ध गराईने निर्यात तथा कृषि कर्जाको पुनरकर्जादर | ३.० | ३.५ |
| विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात कर्जाको पुनरकर्जादर | २.० | ३.२५ |
| रुग्ण उद्योग पुनरकर्जादर | १.५ | १.५ |

*अनिवार्य नगद अनुपात*

**2:10** वाणिज्य बैंकहरुको कोषको लागत घटाउन मद्दत पुऱ्याई अर्थतन्त्रमा वित्तीय मध्यस्थता बढाउने कार्यमा सघाउ पुगोस् भन्ने उद्देश्यले विगत केही वर्षयता अनिवार्य नगद अनुपातमा क्रमशः कटौती गर्ने नीति अवलम्बन गरिएको छ। समीक्षा वर्ष मूल्य र बाह्य क्षेत्र स्थायित्वमा सम्भावित चाप तथा जोखिमको अवस्थालाई दृष्टिगत गरी अनिवार्य नगद अनुपातमा थप कटौती नगरी प्रचलित पाँच प्रतिशतकै अनुपातलाई यथावत कायम राखियो ।

*रुग्ण उद्योग पुनरकर्जा*

**2:11** आर्थिक वर्ष २०५८।५९ देखि रुग्ण उद्योग पुनरुत्थानको लागि यस बैंकले रुग्ण उद्योग पुनरकर्जाको व्यवस्था गर्दै आएको छ। विगत पाँच वर्ष यता यस सुविधाअन्तर्गत पटक-पटक गरी १५१ होटल र ४१ उद्योगहरुले रु ३ अर्ब बराबरको सुविधा प्रयोग गरे। आर्थिक वर्ष २०६२।६३ मा त्यस्ता उद्योगहरूलाई जम्मा रु ४६ करोड १० लाख पुनरकर्जा उपलब्ध गराइयो ।

*खुला बजार कारोबार*

**2:12** आर्थिक वर्ष २०६१।६२ को मौद्रिक नीतिमा खुला बजार कारोबारको कार्यान्वयन रणनीतिमा परिवर्तन ल्याइएको थियो। यसैक्रममा मौद्रिक नीतिका उद्देश्यहरुको अवस्था र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको स्थिति अनुसार नेपाल राष्ट्र बैंकको अग्रसरतामा मौद्रिक नीतिको महत्वपूर्ण अल्पकालीन उपकरणको रुपमा खुला बजार कारोबारलाई बोलकबोलको आधारमा सञ्चालन गर्ने व्यवस्था अपनाइयो। यस व्यवस्थाअनुसार सोझै बिक्री बोलकबोल, सोझै खरीद बोलकबोल, रिपो बोलकबोल र रिभर्स रिपो बोलकबोल जस्ता खुलाबजार उपकरणहरु कार्यान्वयनमा ल्याइए। सोझै बिक्री बोलकबोल र सोझै खरीद बोलकबोलको उद्देश्य क्रमशः मध्यम प्रकृतिको तरलता प्रशोचन र प्रवाह गर्ने रह्यो। अल्पकालीन (एक देखि सात दिन सम्म) अवधिको तरलता प्रवाह र प्रशोचन गर्न क्रमशः रिपो बोलकबोल र रिभर्स रिपो बोलकबोलको व्यवस्था सुरु गरियो। खुला बजार कारोबारका यी उपकरणहरु कार्यान्वयन गर्ने क्रममा आर्थिक वर्ष २०६२।६३ मा बिक्री बोलकबोल मार्फत् मध्यकालीन (टर्नओभरको आधारमा) रु १३ अर्ब ५१ करोड तरलता प्रशोचन गरियो भने खरीद बोलकबोल मार्फत रु ८३ करोड तरलता प्रवाह गरियो। त्यस्तैगरी आर्थिक वर्ष २०६२।६३ मा रिपो बोलकबोल मार्फत रु ४५ करोड तरलता प्रवाह गरियो भने रिभर्स रिपो बोलकबोल मार्फत रु ६ अर्ब ५० करोड तरलता प्रशोचन गरियो ।

**तालिका २ (ख): दोस्रो बजार कारोबारको स्थिति**

(रु करोडमा)

| | २०६१।६२ | २०६२।६३ |
|---|---|---|
| खरीद बोलकबोल | १३१.० | ८३.० |
| बिक्री बोलकबोल | १५०.० | १,३५१.० |
| रिपो बोलकबोल | ६६८.८ | ४५.० |
| रिभर्स रिपो बोलकबोल | ५२७.० | ६५०.० |

*स्थायी तरलता सुविधा*

**2:13** आर्थिक वर्ष २०६१।६२ मा वाणिज्य बैंकहरुले रु ४९ अर्ब ३१ करोडको स्थायी तरलता सुविधा उपयोग गरेकोमा आर्थिक वर्ष २०६२।६३ मा सोको परिमाण घटी कुल रु ९ अर्ब ८८ करोड मात्र हुन आयो। वाणिज्य बैंकहरुले यो सुविधाको दुरुपयोग नगरुन् भन्ने उद्देश्यले यो सुविधाको समयावधि पाँच दिनबाट अधिकतम तीन दिनमा झारियो। समयावधि कम गरिएको र अन्तरबैंक कारोबार सघनता बढेकोले समीक्षा वर्ष स्थायी तरलता सुविधाको उपयोग कम

भएको हो । यो सुविधाको सीमा निर्धारणको आधार साविकमा जस्तै नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रलाई नै कायम राखिएको छ ।

# वित्तीय क्षेत्र सुधार कार्यक्रम

**2.14** वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई नेपाल सरकारको आर्थिक सुधार कार्यक्रमको एक महत्वपूर्ण अङ्गको रुपमा अगाडि बढाउँदै लगिएको छ । विश्व बैंक र बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभागको (Department for International Development/DFID) ऋण तथा अनुदान र नेपाल सरकारको सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रमका (क) नेपाल राष्ट्र बैंकको सुदृढीकरण, (ख) नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना र (ग) वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि गरी मुख्य तीन भागहरु रहेका छन् ।

## नेपाल राष्ट्र बैंकको सुदृढीकरण

**2.15** राष्ट्र बैंकको सुदृढीकरण गर्ने कार्यहरुमा यस बैंकको मानव संसाधन विकास गर्ने, नियमन व्यवस्था र निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई अझ बढी प्रभावकारी बनाउने, बैकको कार्यको आधारमा सांगठनिक पुनरसंरचना गर्ने, बैंकलाई यान्त्रिकीकरण गर्ने, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने तथा बैंकका कार्यहरु सरल सहज बनाउने प्रमुख रहेका छन् ।

**2.16** बैकलाई चाहिने जनशक्तिको उपयुक्त स्तर हासिल गर्न तथा जनशक्तिको कार्यदक्षता र क्षमता अभिवृद्धि गर्न दक्ष तथा व्यावसायिक जनशक्तिहरुलाई नियुक्ति, बढुवा, एवं तालिम दिन जनशक्ति विकाश योजना लागू गरिएको छ। बैंकको कार्यको आधारमा सांगठनिक संरचना परिवर्तन गरिएको र नयाँ कर्मचारी विनियमावली लागू गरिएको छ। साथै, श्रीलंकाका एक विदेशी विशेषज्ञलाई यस बैंकको International HR Advisor पदमा नियुक्त गरिएको छ ।

**2.17** नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण तथा निरीक्षण प्रणालीलाई सुधार एवं सुदृढीकरण गर्ने सिलसिलामा अनुभवी तथा सक्षम निरीक्षकहरु नियुक्ति गरिएको छ । विद्यमान जनशक्तिहरुलाई वित्तीय संस्थाको जोखिम विश्लेषणसम्बन्धी तालिम दिई सक्षमता अभिवृद्धि गरिएको छ। सुपरिवेक्षण विभागका लागि चारजना बैंक निरीक्षक (Examiners), दुईजना गैरबैंक निरीक्षक र एकजना गैरस्थलगत सुपरिवेक्षक गरी सातजनाको समूह रहने गरी अन्तर्राष्ट्रिय परामर्शदाताको नियुक्त गरिएको छ। उक्त सातजना मध्ये पाँचजनाले कार्य आरम्भ गरी एक महिनाको कार्य पश्चात Inception Report पेश गरेकोमा यस बैंकबाट स्वीकृत भइसकेको छ। पूर्वनिर्धारित सातजना परामर्शदाताहरुमध्ये अनुपस्थितहरुको सट्टाभर्ना गर्ने सिलसिलमा प्रस्तावित नयाँ परामर्शदाताहरुको अन्तवार्ता लिने कार्य सम्पन्न गरिएको छ ।

**2.18** बैंक तथा वित्तीय संस्थाहरुको लागि लेखा व्यवस्था सुधार गर्न र नीतिगत पारदर्शिता ल्याउन लेखासम्बन्धी छुट्टै निर्देशन जारी गरिएको, उपयुक्त तथा दक्ष लेखा परीक्षकहरुको सूची तयार भएको र समयमा नै लेखापरीक्षण सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, नेपाल राष्ट्र बैंकको लेखा परीक्षण महालेखा परीक्षक लगायत अन्तर्राष्ट्रिय लेखापरीक्षकहरुले पनि गर्ने व्यवस्था गरिएको छ। नेपाल राष्ट्र बैंकको लेखाप्रणालीमा सुधार गर्न विश्व बैंकको सल्लाह अनुरुप यस बैंक भित्रका सात जना चार्टड एकाउन्टेन्टहरु सम्मिलित एउटा समूह गठन गरी २०६२ माघ १९ देखि कार्य थालनी भइसकेको छ। उक्त समूहले TOR बमोजिम Inception Report, Preliminary Draft of Proposed Budget Chart, Chart of Accounts र General Observation Report पेश गरिसकेका छन् ।

**2.19** बैंकले यान्त्रिक पद्धतिबाट सूचना सङ्कलन, संग्रह र प्रवाह गर्न सुरुवात गरेको छ। यसै क्रममा एकजना सूचना प्रविधि विज्ञलाई सूचना प्रविधि परामर्शदाताको रुपमा नियुक्त गरिएको छ। निजको सल्लाह बमोजिम Domain Expert को रुपमा कार्यरत यस बैंकका कर्मचारीहरुलाई IT Trainer मार्फत Pre-Procurement सम्बन्धी तालीम प्रदान गरिएको छ। त्यसै गरी दुईजना Prototype Developers पनि नियुक्त गरिएको छ। निजहरुसँग slot basis मा सम्झौता गरिएको

छ । करारको पहिलो slot बमोजिम उक्त सूचना प्रविधि परामर्शदाताहरुले यस बैंक समक्ष Bid Specification Documents पेश गरिसकेका छन् र सोलाई अन्तिम रुप प्रदान गर्न आवश्यक कारबाही भइरहेको छ ।

**2.20** बैंकलाई चाहिने जनशक्तिको उपयुक्त स्तर हासिल गर्न तथा जनशक्तिको कार्यदक्षता र क्षमता अभिवृद्धि गर्न विश्व बैंकको अनुदान सहयोगमा बैंकको विभिन्न विभागका कर्मचारीहरुलाई विभागीय कामको प्रकृति अनुरुप वैदशिक तालिममा पठाउने कार्यक्रम अगाडि बढाइएको छ । हालसम्म सहायक स्तर तथा अधिकृत स्तरसम्मका गरी जम्मा ८२ जनाले वैदशिक तालिम प्राप्त गरिसकेका छन् ।

**2.21** साविकको नेपाल राष्ट्र बैंक ऐन, २०१२ अन्तर्गत बनेको नेपाल राष्ट्र बैंक कर्मचारी नियमावली, २०४९ को सट्टा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) को प्रावधान बमोजिम नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२, २०६२ श्रावण १ गतेदेखि लागू भएको छ ।

## नेपाल बैंक लिमिटेडको पुनरसंरचना

**2.22** नेपाल सरकारको वित्तीय सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेडको पुनरसंरचना गर्नका लागि २०५९ श्रावण ६ गतेदेखि बैंक अफ स्कटलैण्ड (आयरलैण्ड) लिमिटेड को ICC Consulting को व्यवस्थापन समूहले आफ्नो कार्य गर्दै आएको छ । परामर्शदातासँग गरिएको सम्झौता पुनः २ वर्ष थप गरी जुलाई २१, २००७ सम्म कायम गरिएको छ ।

**2.23** व्यवस्थापन समूहले बैंक व्यवस्थापन लिँदा तीन वर्षदेखि लेखापरीक्षण हुन नसकेकोमा आर्थिक वर्ष २०६१।६२ सम्मको लेखा परीक्षण सम्पन्न गरिसकेको छ । आर्थिक वर्ष २०६१।६२ मा बैंकले रु १ अर्ब ३१ करोड खुद मुनाफा आर्जन गरेको थियो भने आर्थिक वर्ष २०६२।६३ को अपरिष्कृत वित्तीय विवरणअनुसार बैंकले रु ७२ करोड ८० लाख खुद मुनाफा आर्जन गरेको छ । बैंकले अप्रिल २००४ देखि ललितपुर शाखाबाट यान्त्रिकरण कार्य सुरु गरी जुलाई २००६ सम्ममा जम्मा ४४ वटा शाखाहरुमा पूर्ण रुपले Live NEWTON प्रणालीअनुसार कार्य सञ्चालन भएको छ ।

**2.24** बैंकको सुधार कार्यका सम्बन्धमा व्यवस्थापन समूहले विस्तृत मानव संसाधन विकास योजना (Human Resource Development Plan), व्यवस्थापन योजना (Management Plan), शीप अभिवृद्धि योजना (Skill Enhancement Plan) बनाई लागू गरेका छन् । बैंकको ८० प्रतिशतसम्म कारोबारलाई यान्त्रिकृत गर्ने सम्बन्धमा कम्प्युटर हार्डवेयर र सफ्टवेयर खरीद भइसकेको छ । बैंकमा अन्तर्राष्ट्रिय स्तरको कर्जा नीति र निर्देशिकाहरु र सम्पत्ति दायित्व व्यवस्थापन निर्देशिका तर्जुमा गरी लागू गरिएको छ । बैंकको कर्जा पोर्टफोलियो समीक्षा गर्ने कार्य सम्पन्न गरी कर्जा असूली तथा पुनरसंरचना गर्ने कार्य भइरहेको छ। कर्जा व्यवस्थापन गर्न आधुनिक शैली अपनाउन स्तरीय कर्जा म्यानुअल, कर्जा असूली निर्देशन (Guideline), समस्याग्रस्त कर्जा निर्देशन (Loan Guidelines), आदि बनाई कर्जा व्यवस्थापनको लागि विभिन्न विभाग, एकाइहरुको गठन भई कार्यारम्भ भएको छ ।

**2.25** विगत ४ वर्षको अवधिमा नयाँ व्यवस्थापन समूहले निष्क्रिय कर्जाको रुपमा परिणत भइसकेको रु ७ अर्ब ४९ करोड नगदमा असूल गरको छ भने ठूला ऋणीहरुसँग निरन्तर सम्पर्क गरी कर्जा असूली तथा पूनर्संरचनाको लागि आवश्यक पहल गरिरहेको छ। बैंकको कर्जा असूली कार्य सन्तोषजनक नभए तापनि व्यवस्थापन समूहले असूलीको लागि प्रयासहरु जारी राखेको छ। बैंकमा Branch Rationalization को कार्य भई रहेको र जनशक्तिलाई उपयुक्त स्तरमा राख्न स्वैच्छिक अवकास योजना लागू गरी बैंकमा रहेको ५,३२२ जनाको जनशक्तिस्तरलाई २,९६० मा सीमित गरेको छ ।

## राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना

**2.26** राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना गर्न एक विदेशी परामर्शदातालाई प्रमुख कार्यकारी अधिकृत (CEO) को रुपमा नियुक्त गरी निजले २०५९ माघ २ गते देखि आफ्नो कार्य आरम्भ गरेको छ । निजको नेतृत्वमा स्वदेशी तथा विदेशी परामर्शदाताहरु समेतको नियुक्ति भई पुनरसंरचना कार्य

सुचारु भएकोमा परामर्शदाताहरुको म्याद २०६२ माघ २ गते समाप्त भएकाले सोही परामर्शदाताहरुलाई २०६२ माघ ३ गते देखि लागू हुने गरी दुई वर्षको म्याद थप गरिएको छ ।

**2.27** उक्त समूहबाट बैंकको व्यवस्थापन योजना, बजेट योजना तथा कार्य निर्देशिका लेखा शीर्षक वर्गीकरण विवरण र नयाँ कर्जा नीति तयार गरी लागू गरिसकेको छ । बैंकले आर्थिक वर्ष २०६१।६२ सम्मको लेखा परीक्षण सम्पन्न गरी विवरणहरु पेश गरिसकेको छ । बैंकको वित्तीय स्थिति सुधारोन्मुख रहेको देखिन्छ । आर्थिक वर्ष २०६१।६२ को वित्तीय विवरण अनुसार बैंकले रु १ अर्ब ३२ करोड खुद मुनाफा आर्जन गरेको थियो भने आर्थिक वर्ष २०६२।६३ को अपरिष्कृत वित्तीय विवरणअनुसार रु १ अर्ब ६९ करोड खुद मुनाफा गरेको छ । व्यवस्थापन समूहले परियोजना अवधिभरसम्म निष्क्रिय कर्जाको वर्गीकरणमा परेको रकम मध्येबाट रु ८ अर्ब ५ करोड रकम नगदमै असूल गर्न सकेको देखिन्छ । जनशक्तिलाई उपयुक्त स्तरमा राख्ने उद्देश्य अनुरुप बैंकले स्वैच्छिक अवकास योजना लागू गरी ५,४२२ जना को जनशक्तिस्तरलाई हाल ३,३०१ मा सीमित गरेको छ । बैंकको कारोबारलाई यान्त्रिकीकरण गर्ने उद्देश्यले १५ वटा शाखामा सो कार्य सम्पन्न भइसकेको छ भने अन्य शाखामा सो प्रयोजनको लागि आवश्यक सर-सामान पठाइसकेको छ ।

**2.28** उपरोक्त बमोजिम वित्तीय क्षेत्र पुनरसंरचना परियोजनाअन्तर्गत वित्तीय क्षेत्र सुधार कार्यक्रमको विभिन्न संभागहरु (Components) मध्ये दुई ठूला बैंकहरु नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचनागत सुधारको क्रममा उक्त बैंकहरुलाई निजीकरण गर्नका लागि Bank Restructuring Advisor नियुक्त गर्ने कार्य अगाडि बढाइएको छ ।

## वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि

**2.29** समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कर्जा सूचना केन्द्रलाई कम्पनीको रुपमा दर्ता गर्ने तथा यान्त्रिकीकरण गर्ने कार्य सम्पन्न भएको छ । सम्पत्ति व्यवस्थापन निगमको स्थापना गर्ने सम्बन्धमा ऐनको मस्यौदा तयार भई सरकार समक्ष पेश भइसकेको छ । बैंक तथा वित्तीय संस्थाहरुको जनशक्तिलाई तालीम प्रदान गरी क्षमता अभिवृद्धि गर्नको लागि एउटा तालीम केन्द्रको स्थापना गर्ने कार्यको समेत सुरुवात गरिसकिएको छ ।

**2.30** मुद्रा शुद्धीकरण नियन्त्रण अध्यादेश ऐनको मस्यौदा तयार भई सरकार समक्ष पेश भइसकेको छ । घरजग्गा बाहेक अन्य चल सम्पत्तिहरु पनि रजिष्टर्ड हुने र धितो राख्न सकिने व्यवस्थालाई व्यवस्थित गर्न सुरक्षित कारोबार अध्यादेश, २०६२ हाल कार्यान्वयनमा आइसकेको छ । त्यसका साथै दामासाही ऐन पनि कार्यान्वयनमा आइसकेको छ । बैंकिङ्ग जालसाजी नियन्त्रण ऐन, गाभ्ने वा गाभिनेसम्बन्धी ऐन, सम्पत्ति शुद्धीकरण ऐन, साख मूल्याङ्कन संस्था ऐन जस्ता थप ऐनको खाँचो पनि महसुस हुँदै गएकोले त्यस्ता ऐनहरु क्रमशः तर्जुमा गर्ने कार्य सुरु गरिएको छ । यसप्रकार केही ऐनहरु आइसकेका छन भने केही ऐनका मस्यौदाहरु तयार भइसकेका तथा केही तयार हुने क्रममा रहेका छन् । यसले गर्दा वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनी संरचना बलियो र परिष्कृत हुँदै गएको छ ।

**2.31** बैंक तथा वित्तीय संस्थासम्बन्धी विभिन्न ऐनहरुलाई खारेज गरी एउटै बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६० लागू गरिएकोमा उक्त अध्यादेशमा भएका कमी कमजोरी र देखापरेका समस्याहरुलाई समयानुकूल खारेज, परिमार्जन तथा संशोधन र थप गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ जारी भई लागू भएको छ ।

**2.32** साहुको ऋण तिर्न नसकी दामासाहीमा परेका वा पर्न लागेका वा आर्थिक कठिनाई भोगिरहेका कम्पनीको प्रशासन, दामासाही सम्बन्धी कार्यविधि तथा त्यस्ता कम्पनीको पुनर्संरचनाका सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको सन्दर्भमा दामासाही सम्बन्धी कानून तयार गरी नेपाल सरकार समक्ष पठाइएकोमा सो कानून २०६२।६।७ देखि लागू भएको छ ।

**2.33** देशको आर्थिक विकासका लागि आर्थिक कृयाकलापको अधिकतम प्रवर्द्धन गर्न सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्ति उपरको दायित्व परिपालन गर्ने गराउने व्यवस्था तत्काल गर्न आवश्यक भएको सन्दर्भमा सुरक्षित कारोबार सम्बन्धी कानून तयार गरी नेपाल सरकार समक्ष पठाइएकोमा सो कानून २०६२ आश्विन ७ गतेदेखि लागू भएको छ ।

**2.34** भ्रष्टाचार, लागू औषध, जीउ मास्ने वेच्ने, हात हतियार तथा खर खजानाको गैर कानूनी किनबेच वा अन्य कुनै पनि गैर कानूनी तरीकाबाट आर्जित सम्पत्तिलाई बैंक, वित्तीय संस्था वा अन्य कुनै पनि निकायको माध्यमबाट शुद्धीकरण गर्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक भएकोले मुद्रा शुद्धीकरण नियन्त्रण विधेयक, २०६३ को मस्यौदा उपर एशिया प्यासिफिक ग्रुप अफ मनिलण्डरिङ्गबाट सम्पन्न नेपालको मूल्यांकनमा उल्लिखित सुझावहरु समेत समावेश गरी नेपाल सरकार समक्ष पेश गरिएको छ ।

**2.35** लघु वित्तीय संस्थाहरु र समुदायमा आधारित लघु वचत तथा कर्जा कार्यक्रम सञ्चालन गर्दै आएका बिभिन्न बचत तथा ऋण सहकारी र लघु वित्त संस्थाहरुलाई एउटै कानूनी दायरा भित्र ल्याउने उद्देश्यले एउटा लघु वित्त तथा सहकारी ऐनको मस्यौदा तयार गर्ने कार्य भईरहेको छ ।

**2.36** वित्तीय क्षेत्रमा हुने ठगी तथा जालसाजी नियन्त्रण गर्न आवश्यक कानूनी व्यवस्थाको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोछ ।

# बैंक तथा वित्तीय संस्था नियमन, निरीक्षण तथा सुपरिवेक्षण

## बैंक तथा वित्तीय संस्था नियमन

*गुनासो सुनुवाई एकाइको गठन*

**2.37** बैंक तथा ऋणीबीचको कारोबारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि २०६२ वैशाख ११ गते यस बैंकका वरिष्ट डेपुटी गर्भनरको संयोजकत्वमा एक गुनासो सुनुवाई एकाइ (Grievance Hearing Cell–GHC) को गठन गरिएको छ । यस कार्यलाई अझ प्रभावकारी ढङ्गले सम्पन्न गर्न तथा बैंक तथा सबै प्रकारका ऋणीबीचको कारोबारमा कुनै पक्षलाई मर्का नपरोस् भन्ने हेतुले सो समितिको सहयोगको लागि नेपाल सरकार (मन्त्रिपरिषद) को २०६२ पौष १३ गतेको निर्णयानुसार बाह्य क्षेत्रबाट दुईजना सल्लाहकार समावेश गरी छ महिना अवधिको लागि एक सल्लाहकार समिति समेतको सहयोग प्राप्त गरिएको थियो । गुनासो सुनुवाई इकाईको गठन भएयता समीक्षा वर्षमा २२१ वटा उजुरी परेकोमा १८३ वटा उजुरी उपर सुनुवाइ भई निर्णय भइसकेको छ भने बाँकी ३८ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग लेखापढी भइरहेको छ ।

**2.38** नेपाल राष्ट्र बैंकमा गठन गरिएको सो एकाइको क्रियाकलापबाट बैंक र ऋणीबीचमा उत्पन्न भएका समस्यालाई समाधान गर्न सघाउ पुगेको छ । साथै, सो एकाइको क्रियाकलापबाट बैंकिङ्ग एवं वित्तीय क्षेत्रमा देखिएको ऋण असूली र पुनर्संरचनासम्बन्धी समस्यालाई न्यूनीकरण गर्नमा समेत सघाउ पुग्न गएको देखिएको छ ।

*एकीकृत निर्देशन जारी*

**2.39** विगतमा बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक आदिलाई छुट्टाछुट्टै किसिमका निर्देशनको व्यवस्था भएकोमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सबै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई २०६२ श्रावण १ गतेबाट लागू हुने गरी एकीकृत निर्देशन जारी गरिएको छ ।

**2.40** क, ख र ग वर्गको संस्थाको लागि आर्थिक वर्ष २०६१।६२ मा पूँजीकोष जोखिम भारित सम्पत्तिको ११ प्रतिशत (जसमध्ये प्राथमिक पूँजी ५.५ प्रतिशत) हुनुपर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष २०६२।६३ देखि पूँजीकोष जोखिम भारित सम्पत्तिको १२ प्रतिशत र प्राथमिक पूँजी ६ प्रतिशत हुनुपर्ने व्यवस्था कायम गरिएको छ भने घ वर्गको संस्थाको लागि विगतमा पूँजीकोष ६ प्रतिशत र प्राथमिक पूँजी ३ प्रतिशत रहेकोमा पूँजीकोष ८ प्रतिशत र प्राथमिक पूँजी ४ प्रतिशत कायम गरिएको छ । त्यसैगरी प्राथमिक पूँजी र पूरक पूँजीको शीर्षकहरुलाई पुनः परिभाषित गरिएको छ । त्यस्तैगरी पूँजीकोष नपुग भएमा सञ्चालक समितिको सिफारिश सहितको पूँजीकोष योजना र कार्यक्रम यस बैंकमा ३५ दिनभित्र पेश गर्नु पर्ने र पूँजीकोष नपुगेमा लाभांश तथा बोनस शेयर वितरण गर्न नपाइने व्यवस्था थप गरिएको छ ।

**2:41** विद्यमान अवधिको आधारमा कर्जा सापटको वर्गीकरण गरी सोही अनुरुप नोक्सानी व्यवस्था कायम गर्ने व्यवस्थालाई यथावतै राखी कर्जा अन्तर्गत Credit Card कर्जा समेत समावेश गर्ने र एक वर्षसम्मको चालु पूँजी कर्जा ब्याज असूल गरी नवीकरण गराएमा असल कर्जामा वर्गीकरण गरिने नयाँ व्यवस्था थप गरिएको छ। आवधिक कर्जा र कर्जा दुरुपयोगको परिभाषा समावेश गरिएको छ भने पुनर्तालिकीकरण र पुनर्संरचनाको परिभाषा थप गरिएको छ। पुनर्तालिकीकरण/पुनरसंरचना गरिएको कर्जाको साँवा किस्ता र ब्याज भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएमा त्यस्तो कर्जा बापतको कर्जा नोक्सानी व्यवस्था Write Back गरी समायोजन गर्न पाइने व्यवस्था गरिएको तर त्यस्तो रकमबाट प्राप्त भएको रकम मुनाफामा देखाई लाभांश तथा बोनस शेयर वितरण गर्न नपाईने व्यवस्था गरिएको छ।

**2:42** लघु कर्जाको सीमा रु ३० हजारबाट वृद्धि गरी रु ४० हजार पुऱ्याइएको छ। तोकिएको सीमाभन्दा बढी कर्जा कारोबार गरेमा थप पूँजी कायम गर्नुपर्ने व्यवस्थालाई हटाई बढी लगानी भएको रकमको सतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने गरिएको छ। यसैगरी विकास बैंक र वित्त कम्पनीको क्षेत्रगत कर्जा लगानी सीमा हटाइएको छ र नेपाल आयल निगम र नेपाल खाद्य संस्थानलाई जाने कर्जा तथा सुविधामा प्रति ग्राहक कर्जा सीमा नरहने व्यवस्था गरिएको छ।

**2:43** विगतमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको लागि अलग-अलग किसिमको वित्तीय विवरणसम्बन्धी व्यवस्था रहेकोमा सोलाई एकीकृत गरिएको छ। वासलात र नाफा-नोक्सान हिसाब देखाउने विधिलाई परिमार्जन गरिएको छ। बासलात, नाफा-नोक्सान हिसाब, शेयर पूँजीमा परिवर्तन र नगद प्रवाहलाई मुखपृष्ठमा नै देखाउनु पर्ने व्यवस्था गरिएको छ। नेपाल लेखामान र अन्तर्राष्ट्रिय लेखामानसँग मेलखाने गरी लेखा नीति/विवरण तयार पार्ने व्यवस्था गरिएको छ भने Disclosure Requirement लाई बढी महत्व दिइएको छ। कर्जा सापटीको ब्याज आम्दानी नगद प्राप्ति (Cash basis) को आधारमा देखाउनु पर्ने व्यवस्था गरिएको छ।

**2:44** कुनै पनि प्रकारको निक्षेपसम्बन्धी व्यवसाय सञ्चालन गर्ने संस्थाका सञ्चालक यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य संस्थामा सञ्चालक हुन नपाइने व्यवस्था थप गरिएको छ तथा प्रमुख कार्यकारी/सञ्चालकलाई बढी जिम्मेवार बनाइनुको साथै स्वनियमनमा रहन जोड दिइएको छ। यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थाका कर्मचारीहरु कुनै पनि इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था थप गरिएको छ भने एकै व्यक्ति, फर्म तथा साझेदार एउटै संस्थामा आन्तरिक र बाह्य लेखापरीक्षक हुन नपाईने व्यवस्था समेत थप गरिएको छ।

**2:45** सूचना प्रवाहमा समयको महत्वलाई ध्यानमा राख्दै वित्तीय विवरण तथा प्रतिवेदनहरु यस बैंकमा पठाउने अवधिलाई ४५ दिनबाट घटाई ३० दिन कायम गरिएको छ।

**2:46** ग वर्गका संस्थाले शेयर प्रत्याभूति गर्न सक्ने विद्यमान सीमा आफ्नो प्राथमिक पूँजीको ३० प्रतिशतबाट बढाई सबै संगठित संस्थामा ५० प्रतिशत सम्म लगानी गर्न सक्ने गरी सीमा बढाइएको छ। वित्तीय स्वार्थ भएका कम्पनीमा गरेको लगानीलाई प्राथमिक पूँजीमा घटाउने व्यवस्था गरिएको छ।

**2:47** तथ्याङ्कको अद्यावधिक विवरण तत्कालै प्राप्त गर्ने व्यवस्थालाई महत्व दिँदै तरलता विवरण ७ दिन भित्र र अन्य विवरण १५ दिन भित्र पठाउनु पर्ने र नपठाएमा जरिवाना लगाइने व्यवस्था थप गरिएको छ भने क्षेत्रगत कर्जा सीमामा रहेको नियन्त्रित व्यवस्थालाई सामान्य परिवर्तन गरी आफ्नैतर्फबाट अनुगमन गर्नुपर्ने व्यवस्था थप गरिएको छ।

**2:48** संस्थापकका बीच शेयर खरीद-बिक्री गर्नु परेमा र संस्थापकको मृत्यु भएको अवस्थामा निजको हकदार वा इच्छाएको व्यक्तिलाई शेयर नामसारी गर्दा यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था थप गरिएको छ।

**2:49** बैंकबाट ऋण लिई ऋण तिर्न नचाहने वा तिर्न नसकिरहेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्थाले नै willful र non-willful defaulters मा वर्गीकरण गर्ने, पासपोर्ट जफतको लागि सिफारिश गर्न सक्ने तथा सञ्चालक समितिले परिस्थितिजन्य कारणले ऋण नतिर्ने ऋणीहरुलाई एक वर्षसम्म कालोसूचीमा नराख्न सक्ने गरी म्याद थप गर्न सक्ने व्यवस्थाहरु समेत थप गरिएका छन्।

**2·50** क वर्गको इजाजतप्राप्त संस्था र चल्ती खाता समेत सञ्चालन गर्ने ख र ग वर्गको संस्थाले पाँच प्रतिशत र चल्ती खाता बाहेकका अन्य खाता सञ्चालन गर्ने ख र ग वर्गका संस्थाले दुई प्रतिशत मात्र अनिवार्य नगद मौज्दात राख्नु पर्ने व्यवस्था गरिएको छ । साप्ताहिक औसतको आधारमा चार हप्ता अगाडिको निक्षेपको आधारमा अनिवार्य मौज्दात गणना गर्ने व्यवस्थामा संशोधन गरी दुई हप्ता अघिको निक्षेपमा गणना गरिने र सप्ताह बितेको सात दिनभित्र यस बैंकमा विवरण पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

**2·51** घ वर्गको इजाजत पाएका संस्थालाई आफ्नो क्षेत्रमा शाखा कार्यालय खोल्न छुट दिइएको छ भने यस बैंकले तोकेको चूक्ता पूँजी पूरा गरेका संस्थाहरुले व्यावसायिक योजनाको आधारमा शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै क ख र ग वर्गको इजाजत पाएका राष्ट्रिय स्तरका संस्थाले उपत्यका बाहिर एउटा शाखा खोलेमा उपत्यकाभित्र एउटा शाखा खोल्न सक्ने व्यवस्था गरिएको छ ।

**2·52** निक्षेपमा प्रदान गर्ने प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत सम्म परिवर्तन गर्न सक्ने छुट दिइएको छ । साथै, वित्तीय विवरण क्षेत्रीय स्तरका संस्थाले सोही क्षेत्र/जिल्लाका पत्रिकामा प्रकाशन गर्न सक्ने व्यवस्था थप गरिएको छ । यसबाहेक नगदमा असुल नभएको ब्याज आम्दानीलाई आम्दानी जनाउन नपाउने व्यवस्था समेत लागू गरिएको छ ।

**2·53** नयाँ निर्देशनमा संस्थागत निक्षेप सङ्कलनको सीमा किटान गरिएको छ । ख वर्गका संस्थाले प्राथमिक पूँजीको २० गुणासम्म, ग वर्गका संस्थाले प्राथमिक पूँजीको १५ गुणासम्म र घ वर्गको संस्थाले ३० गुणासम्म वित्तीय स्रोत सङ्कलन गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै, निश्चित अवधिसम्म चल्ती नभएका निक्षेप/लाभांशको लागि सूचना प्रकाशन गर्नु पर्ने र त्यसो गर्दा समेत रकम भुक्तानीको लागि माग नभएमा यस बैंकले तोकेको खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । शर्त पूरा गरेको अवस्थामा वित्तीय स्रोत सङ्कलन गर्न प्राथमिक पूँजीको ५० प्रतिशतसम्म डिवेञ्चर जारी गर्न सक्ने व्यवस्था गरिएको छ भने सीमाभन्दा बढी वित्तीय स्रोत सङ्कलन गरेमा ३ महिना भित्र सीमामा ल्याउनु पर्ने व्यवस्था छ । यसरी सीमामा नल्याएसम्म लाभाँश घोषणा, वितरण र थप वित्तीय स्रोत सङ्कलन गर्न नपाइने व्यवस्था पनि थप गरिएको छ ।

**2·54** उपरोक्त बमोजिम बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन कार्यान्वयन गर्ने क्रममा आइपरेका कठिनाइहरुलाई ध्यान दिई यस बैंकबाट सो निर्देशनका कतिपय प्रावधानहरुलाई समयानुकूल संशोधन, परिमार्जन तथा थप व्यवस्थाहरु समेत गरिएका छन् ।

***आफ्नो ग्राहक पहिचानसम्बन्धी मार्गदर्शन जारी***

**2·55** नेपाल राष्ट्र बैंकले सबै इजाजतपत्रप्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकको पहिचान (Know Your Customer) सम्बन्धमा एउटा स्पष्ट कार्यविधि अवलम्बन गर्न आवश्यक महशुस गरी सो सम्बन्धमा देहायको मागदर्शन जारी गरेको छ :

(क) गैरकानूनी तरीकावाट आर्जन गरी त्यस्तो रकमलाई बैंक तथा वित्तीय संस्थाको माध्यमबाट शुद्धीकरण गर्ने कार्यलाई रोक्नु आफ्नो ग्राहकको पहिचानको प्रमुख उद्देश्य रहेकोले बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकको पहिचानसम्बन्धी कार्यविधि तयार गर्दा मुख्य रुपमा ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोबारको अनुगमन प्रक्रिया र जोखिम व्यवस्थापन प्रक्रिया जस्ता विषयमा केन्द्रित हुनु पर्नेछ । सोसम्बन्धी कार्यकोलागि छुट्टै जिम्मेवार कर्मचारीको समेत व्यवस्था गर्नुपर्ने छ ।

(ख) बैंक तथा वित्तीय संस्थाले ग्राहकको खाता खोल्दा, ग्राहकलाई ऋण प्रदान गर्दा, विदेशी मुद्राको ड्राफ्ट, टि.टि,.मेल, टेलिग्राफिक ट्रान्सफर गर्दा वा त्यस्तो ड्राफ्ट टि.टि., मेल र टेलिग्राफिक ट्रान्सफरवाट रकम स्वीकार गर्दा तथा ग्राहकसँग मुद्रा वा मुद्राको प्रतिस्थापनसम्बन्धी कारोबार गर्दा तथा प्रतीतपत्र लगायतका अन्य कारोबार गर्दा अनिवार्यरुपमा ग्राहकसँग आवश्यकताअनुसारका सूचनाहरु लिनु पर्नेछ । सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मुद्रा शुद्धीकरण तथा आतङ्कारी गतिविधिमा हुने लगानी तथा कारोबार नियन्त्रणका सम्बन्धमा आवश्यक देखेका अन्य कुराहरु थप गर्न सक्ने छन् ।

(ग) बैंक तथा वित्तीय संस्थाले आफ्नो प्रत्येक कार्यालय/शाखामा यस मार्गदर्शन बमोजिमको कागजात लगायत बैंक तथा वित्तीय संस्थामा पेश गर्नु पर्ने अन्य कागजातहरु प्रमाणित गर्नको लागि कुनै कर्मचारीलाई तोकी त्यस्ता कागजातहरु निजहरुबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(घ) बैंक तथा वित्तीय संस्थाले कुनै ग्राहकको शंकास्पद तथा अस्वाभाविक रुपमा कारोबार बढेमा वा घटेमा वा अस्वाभाविक रुपमा विदेशबाट विप्रेषणको माध्यमबाट वा कुनै माध्यमबाट रकम प्राप्त भएमा वा विदेशबाट प्राप्त हुने विप्रेषण रकमको स्रोत नखुलेमा वा स्पस्ट नभएमा त्यस्ता शंकास्पद तथा अस्वाभाविक कारोबार र ग्राहक (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को विवरण तयार गरी मासिक रुपमा आफ्नो सञ्चालक समितिमा पेश गर्नु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थामा जम्मा (प्राप्त) हुन आउने दश लाख रुपैयाँभन्दा माथिका रकमको कारोबार, खाता, बही, श्रेस्ता वा हिसाब सञ्चालनसम्बन्धी छुट्टै प्रक्रियागत संयन्त्र तयार गर्नु पर्नेछ र त्यस्तो कारोबारको स्रोत समेत सम्बन्धित ग्राहकबाट उल्लेख गर्न लगाई अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ङ) दश लाख रुपैयाँ भन्दा कम रकमको कारोबार भएकोमा समेत यदि त्यस्तो कारोबार शंकास्पद वा अस्वाभाविक लागेमा त्यस्तो कारोबारको खाता, बही, श्रेस्ता वा हिसाब समेत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(च) बैंक तथा वित्तीय संस्थामा विप्रेषणबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुने (ड्राफ्ट, टि.टी, मेल र इलेक्ट्रोनिक ट्रान्सफर समेतको माध्यमबाट) एक लाख रुपैयाँभन्दा बढीको रकम ग्राहकलाई भुक्तानी गर्दा खातामा जम्मा हुने गरी वा एकाउण्टपेयी चेकको माध्यमबाट भूक्तानी गर्नु पर्नेछ ।

(छ) बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकहरुबीचको कारोबारको अभिलेख (ईलेक्ट्रोनिक रेकर्ड समेत) कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(ज) यस मार्ग दर्शनको बुँदा नं. घ र ङ बमोजिमका विवरणहरु प्रत्येक त्रयमास समाप्त भएको मितिले पन्ध्र दिन भित्र नियमित रुपमा यस बैंकमा पेश गर्नु पर्नेछ ।

(झ) बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कर्जा प्रवाह गर्दा मार्गदर्शनमा उल्लेख भए बमोजिमको विवरण अनिवार्य रुपमा लिनु पर्नेछ ।

(ञ) यो मार्गदर्शन २०६३ वैशाख १ गतेदेखि लागू भएको छ र यो मार्गदर्शन लागू हुनुभन्दा अगाडि अस्वाभाविक रुपले भएका कारोबार वा खुलेका खाताहरुलाई २०६३ चैत्र मसान्तभित्र यो मार्ग दर्शन बमोजिम अद्यावधिक गरी राख्नुपर्नेछ ।

## बैंक तथा वित्तीय संस्थाहरुलाई विभिन्न निर्देशनहरु जारी

**2.56** यस बैंकबाट इजाजतपत्र प्राप्त वित्त कम्पनीहरु (ग वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरु) ले बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (३) को खण्ड (फ) बमोजिम यस बैंकको राष्ट्र ऋण विभागको इजाजतपत्र लिई नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद बिक्री गर्ने वा सकार गर्ने सम्बन्धी कार्य गर्न पाउने व्यवस्था गरिएको छ ।

**2.57** नेपाल सरकारको युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारलाई हाल बैंक अफ काठमाण्डूको समन्वय मार्फत कुनै पनि वाणिज्य बैंकले प्रदान गरेको त्यस्तो वैदेशिक रोजगार कर्जा र यस बैंकबाट ईजाजत प्राप्त वित्तीय संस्थाहरुले कुनै पनि वाणिज्य बैंकबाट कर्जा लिई वैदेशिक रोजगारमा प्रवाह गरेको कर्जा रकमलाई सम्बन्धित वाणिज्य बैंकको विपन्न वर्ग कर्जा लगानीमा गणना गर्ने व्यवस्था गरिएको छ ।

**2.58** बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (२), (३) र (४) वमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरुलाई यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति प्राप्त गरी विदेशी विनिमयसम्बन्धी देहाय वमोजिमका थप कार्य सम्पादन गर्न पाउने गरी तोकिएको छ ।

(क) ख, ग र घ वर्गका वित्तीय संस्थाहरुले नियमानुसार इजाजतपत्र प्राप्त गरी इनवार्ड रेमिट्यान्सको कार्य गर्न सक्ने ।

(ख) ख र ग वर्गका वित्तीय संस्थाहरुले भारतीय मुद्राको खरीद तथा बिक्रीसम्बन्धी कार्यहरु गर्न सक्ने ।

(ग) राष्ट्रिय स्तरका ख वर्गका वित्तीय संस्थाहरुले विदेशी मुद्राको निक्षेप स्वीकार गर्न सक्ने ।

(घ) राष्ट्रिय स्तरका ख वर्गका वित्तीय संस्थाहरुले विदेशी मुद्राको खरीद/बिक्री गर्न, पासपोर्ट बापत सटही सुविधा प्रदान गर्न, विदेशी मुद्रामा खाता खोल्न तथा Nostro Account खोल्न सक्ने ।

(ङ) ख र ग वर्गका वित्तीय संस्थाहरुले स्वीकृत प्राप्त बैंकको सहायक एजेण्ट भई नेपाली र भारतीय मुद्राको Debit र Credit कार्ड जारी गर्न सक्ने ।

**2.59** बैंक तथा वित्तीय संस्थाहरुको संस्थापक शेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाहरुले देहायको शर्तहरु पालना गरी संस्थापक शेयर धितोवन्धक राख्न सक्ने व्यवस्था गरिएको छः

(क) संस्थापक शेयर धितो राखी कर्जा प्रवाह गर्दा आईपर्ने जोखिम नियन्त्रण एवं व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थाले आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने ।

(ख) बैंक तथा वित्तीय संस्थाले संस्थापक शेयरको धितोमा कर्जा प्रवाह गर्दा शेयरको प्रचलित बजार मूल्यको अधिकतम ५० प्रतिशतसम्म कर्जा दिन पाइने । तर बजार मूल्य कम भई कर्जा असुरक्षित भएको अवस्थामा थप सुरक्षणको समेत व्यवस्था गर्नुपर्ने । सोभन्दा बढी कर्जा दिनु परेमा आधार खुलाई एक तह माथिको स्वीकृति प्राप्त गरी मात्र कर्जा प्रवाह गर्नु पर्ने । यस प्रयोजनको लागि सञ्चालक समिति नै अन्तिम तह मानिने छ ।

(ग) संस्थापक शेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा त्यस्तो शेयरलाई गैर बैंकिङ्ग सम्पत्ति (Non-Banking Asset) मा लैजान नपाउने र यसरी धितोवन्धक राखिएको संस्थापक शेयर भुक्तानी अवधि नाघेको ६ महिनाभित्र प्रचलित कानून र यस बैंकको निर्देशनको अधीनमा रही बिक्री गरी सक्नु पर्ने ।

(घ) संस्थापक शेयर धितोबन्धक राखी कर्जा प्रवाह भएको अवस्थामा त्यस्तो कर्जाको भुक्तानी अवधि किटान गर्नु पर्ने र त्यस्तो अवधि एक वर्ष भन्दा बढी हुन नहुने ।

(ङ) संस्थापक शेयर धितो बन्धक राखी कर्जा प्रवाह गर्दा त्यस्तो कर्जाको पुनरसंरचना र पुनरतालिकीकरण गर्न नपाउने ।

(च) संस्थापक शेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा असल कर्जा वाहेक अन्य अवस्थामा कर्जा नोक्सानी व्यवस्था (Provision) गर्नुपर्ने अवस्था आइपरेमा शत् प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने ।

(छ) तोकिएको भुक्तानी अवधिमा कर्जा चुक्ता नगरेमा संस्थापक/सञ्चालकलाई २१ दिन भित्र अनिवार्य रुपमा कालोसूची (Black Listing) मा राख्न सिफारिश गर्नुपर्ने । सो सम्बन्धी व्यवस्था ऋण प्रवाह गर्दा नै सम्झौता (Loan deed) मा उल्लेख गर्नु पर्ने ।

(ज) उल्लिखित व्यवस्थाहरु बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कर्जा नीति/विनियममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**2.60** प्रचलित कानून र यस बैंकको निर्देशन पालना गर्ने/गराउने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरुले धारण गरेका संस्थापक शेयर संस्थापक संस्थापक वीचमा हस्तान्तरण गर्नुपर्ने अवस्था आइपरेमा यस बैंकको स्वीकृति लिई प्रति व्यक्ति, फर्म, कम्पनी, संस्था तथा समूहको १५ प्रतिशतको सीमाभन्दा बढी भएमा समेत खरीद बिक्री गर्न सक्ने तर, यसरी धारण गरेका शेयर १५ प्रतिशतको सीमाभन्दा बढी भएको अवस्थामा उक्त शेयर आफूले धारण गरेको मितिले पाँच वर्षभित्र बिक्री वितरण गरी अनिवार्य रुपमा १५ प्रतिशतको सीमा भित्र ल्याई सक्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

**2.61** यस बैंकबाट २०६३ वैशाख १ गते देखि लागू हुने गरी २०६२ चैत्र २५ गते सबै इजाजतपत्रप्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको लागी जारी गरिएको आफ्नो ग्राहक पहिचान (Know Your Customer) सम्बन्धी कार्यविधि बनाई लागू गर्ने सम्बन्धी मार्गदर्शनको बुँदा नं. ६ मा उल्लेख भएको बैंक तथा वित्तीय संस्थामा विप्रेषणबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुने (ड्राफ्ट, टि.टि., मेल र इलेक्ट्रोनिक ट्रान्सफर समेतको माध्यमबाट) एक लाख रुपैयाँभन्दा बढीको रकम ग्राहकलाई भुक्तानी गर्दा खातामा जम्मा हुने गरी वा एकाउण्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्नेछ भन्ने व्ययस्थालाई खारेज गरिएको छ ।

**2.62** बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा ११ मा उल्लेखित व्यवस्था अनुरुप बैंक वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति र तिनीहरुका परिवारका अन्य सदस्यले समेत तोकिएको अवधिसम्म शेयर खरीद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न समेत नमिल्ने र यस अघि यसरी धितो बन्धक राख्ने कार्य भएको भए नविकरण गर्न नमिल्ने व्यवस्था कायम गरिएको छ ।

**2.63** बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको कर्जा सापटीमा प्राप्त हुने ब्याजलाई आर्थिक वर्ष २०६२।६३ देखि नगद प्राप्तिको आधारमा मात्र आम्दानी जनाउने व्यवस्था गरिएकोमा आर्थिक वर्ष २०६२।६३ को लागि मात्र २०६३ आषाढ मसान्तसम्मको पाकेको ब्याजलाई २०६३ श्रावण महिनाभरमा प्राप्त भएमा Deferred cash basis मा सो रकमलाई समेत आर्थिक वर्ष ०६२।६३ मा ब्याज आम्दानी जनाउन पाउने व्यवस्था कायम गरिएको छ ।

**2.64** प्रचलित कानून बमोजिम संस्थापित सहकारी संस्थाहरुले यस बैंकबाट ईजाजतपत्र प्राप्त गरेका वा इजाजतपत्रको लागि नयाँ निवेदन पेश गर्ने बैंक तथा वित्तीय संस्थाको संस्थापक वा संस्थापक समूहको शेयरमा संस्थागत रुपमा शेयर लगानी गर्न नपाउने र विगतमा लगानी गरिरहेका सहकारी संस्थाहरुले आफ्नो शेयर प्रचलित कानूनी प्रकृया पूरा गरेर २०६५ आषाढ मसान्त भित्र बिक्री गरी सक्नुपर्ने व्यवस्था कायम गरिएको छ ।

**2.65** बैंक तथा वित्तीय संस्थाहरुद्वारा कर्जा प्रदान भई २०६२ चैत्र मसान्तसम्म असल वर्गमा रहेका ट्रस्ट रिसिप्ट कर्जा र निर्यात कर्ता (Pre-shipment and Postshipment) जस्ता व्यापारिक कर्जा, चालु पूँजी प्रकृतिका कर्जाहरु (Short Term Loan, Demand Loan, Working Capital Loan) र व्यापारिक प्रयोजनका लागि सवारी साधन कर्जा जस्ता मासिक किस्ताबन्दी (Monthly Equated Installment) मा आधारित उपभोक्ता कर्जाहरुलाई इजाजतपत्र प्राप्त संस्थाहरुले चाहेमा असल कर्जामा वर्गीकरण गरी २०६३ आषाढ मसान्तसम्म भुक्तानी म्याद बढाउन तथा पूँजीगत खर्चतर्फ प्रवाहित अल्पकालीन र दिर्घकालीन कर्जाको किस्तालाई बढीमा २०६३ आषाढ मसान्तसम्मको लागि पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पाकेको ब्याजको २५ प्रतिशत रकम असुल हुनुपर्ने व्यवस्थालाई यो एकपटकको लागि छुट प्रदान गरी त्यस्तो कर्जा असल कर्जामा वर्गीकरण गर्न पाउने तथा यस्ता कर्जाहरुको लागि १ प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था गर्न सकिने व्यवस्था कायम गरिएको छ ।

**2.66** कुनै बैंक वा वित्तीय संस्थाहरुले प्रदान गरेको कर्जा अर्को बैंक वा वित्तीय संस्थाले Purchase/Repurchase/Takeover गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गरी कारोबार गर्नु पर्ने व्यवस्था कायम गरिएको छ :

(क) कर्जा खरीद (Credit Purchase) गर्दा सो कर्जा ग्राहकबाट असुल उपर गर्न सक्ने अधिकार खरिद गर्नेले लिनु पर्नेछ । सो कार्यको लागि सम्बन्धित ग्राहकको सहमति समेत लिनु पर्नेछ ।

(ख) खरीद गरी लिनेले सो खरिद गरेको कर्जालाई आफ्नो हिसाबमा सम्बन्धित शीर्षकको कर्जा सापट उप-शीर्षकमा लेखाङ्कन गर्नु पर्नेछ ।

(ग) कर्जाको शर्त र अवस्थाको विस्तृत विवरण लिएर मात्र Credit Purchase गर्नु पर्नेछ ।

(घ) Credit Purchase गरि लिने बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीले कर्जा लिएको मिति, कर्जाको किसिम, भुक्तानी अवस्था, विगतको कर्जा कारोबारको अवस्था, जमानतकर्ताको हैसियत, कर्जा वर्गीकरणको स्थिति आदि विवरणहरु लिखित रुपमा लिनु पर्नेछ ।

(ङ) Credit Purchase गर्ने बैंक तथा वित्तीय संस्थाले कर्जा वर्गीकरणको विद्यमान व्यवस्था तथा कर्जा नोक्सानी व्यवस्था बमोजिमको कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।

(च) Credit Purchase गरि लिंदा यस्तो कर्जा सुरक्षित रहेको तथा संस्थालाई फाइदाजनक भए/नभएको वारे एकीन हुने आधार खुल्ने कागजातहरु सम्बन्धित कर्जा फाइलमा अद्यावधिक गर्नु पर्नेछ ।

(छ) कर्जा नीतिमा Credit Purchase सम्बन्धी व्यवस्था रहेका बैंक तथा वित्तीय संस्थाहरुले मात्र Credit Purchase गरि लिन दिन सक्ने छन् । यस्तो कारोबारको अर्धवार्षिक विवरण अर्धवार्षिक अवधि समाप्त भएको मितिले १५ दिन भित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ ।

यसरी कर्जा खरीद बिक्री (Purchase and Sale) गर्दा कथंकदाचित खरिदकर्ता संस्थाले कर्जा उठाउन नसकेमा सो कर्जा पुनः आफैले पुनः खरिद गर्ने (Credit Repurchase) शर्त रहेको अवस्थामा बिक्रीकर्ता संस्थाले त्यस्तो कर्जा पुनःखरिद नगरुञ्जेल सम्भावित दायित्व (Contingent Liability) को रुपमा आफ्नो वासलातमा देखाउनु पर्ने र यस्तो सम्भावित दायित्वलाई पूँजीकोष गणना गर्ने प्रयोजनको लागि ५० प्रतिशत मात्र जोखिम भार प्रदान गर्नु पर्नेछ ।

**2.67** यस बैंकको २०६३ आषाढ ४ गतेको परिपत्र नं. ११।०६२।६३ बाट एकीकृत निर्देशन नं.२।०६१।६२ को दफा ४ मा आवधिक कर्जाको सम्वन्धमा भएको थप व्यवस्थालाई परिमार्जन गरी अधिविकर्षको कारोबार गर्ने सुविधा नपाएका इजाजतपत्र प्राप्त संस्थाहरुले प्रदान गरेको आवधिक कर्जाको किस्ताको हकमा किस्ता रकमले एक वर्षभन्दा वढी अवधिले भाखा नाघेको अवस्थामा सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ । कुनै किस्ता रकमले एक वर्षभन्दा कम अवधिले मात्र भाखा नाघेको अवस्थामा किस्ता रकमलाई मात्र खराब वर्गको कर्जामा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । तर इजाजतपत्रप्राप्त संस्थाले सम्पूर्ण कर्जा रकमलाई नै खराब कर्जामा वर्गीकरण गर्न चाहेमा यो व्यवस्थाले बाधा पुगेको मानिने छैन भन्ने व्यवस्था कायम गरिएको छ ।

**2.68** यस बैंकको २०६३ आषाढ ४ गतेको परिपत्र नं. ११।०६२।६३ बाट वुँदा नं. (ग) मा गरिएको व्यवस्थालाई परिमार्जन गरी यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले अन्य प्रचलित कानून वमोजिम निक्षेप परिचालन तथा कर्जाको कारोबार गरिरहेका वित्तीय संस्थाहरुमा निक्षेप राख्न तथा कर्जाको कारोबार गर्न पाइने छैन । साथै, विगत समयमा गरेको निक्षेप तथा कर्जाको कारोबार २०६५ आषाढ मसान्त भित्र वा भुक्तानी अवधि समाप्त भएपछि मध्ये जुन अगाडि हुन्छ सो अवधि भित्र निर्देशन वमोजिम नियमित गर्नु पर्नेछ । तर लघु वित्तको थोक कारोबार गर्ने गरी स्थापना भएका वित्तीय संस्थाहरुको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन भन्ने व्यवस्था कायम गरिएको छ ।

### बैंक तथा वित्तीय संस्था संस्थापनाको लागि नयां नीति जारी

**2.69** यसवाट बैंक तथा वित्तीय संस्थाको संस्थापना र गठनसम्बन्धी नयाँ नीति तर्जुमा गरी २०६३ श्रावण १ गतेवाट लागू हुने गरी २०६३ आषाढ २९ गते जारी गरिएको छ ।

### बैंक तथा वित्तीय संस्थाहरुलाई पुनः इजाजतपत्र प्रदान

**2.70** साविक बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६० प्रारम्भ हुँदाका बखत प्रचलित कानून अर्थात वाणिज्य बैंक ऐन, २०३१, कृषि विकास बैंक ऐन, २०२४, नेपाल औद्योगिक विकास निगम ऐन, २०४६, विकास बैंक ऐन, २०५२ तथा वित्त कम्पनी ऐन, २०४२ बमोजिम संस्थापित भई सञ्चालनमा रहेका वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक तथा वित्त कम्पनीहरुले साविक बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा

३० को उपदफा (२) बमोजिमको प्रावधान अनुसार आवश्यक कागजात साथ निबेदन दिएका वाणिज्य बैंक (क वर्ग) तर्फ १७ वटा, विकास बैंक (ख वर्ग) तर्फ २० वटा, वित्त कम्पनी (ग वर्ग) तर्फ ५७ वटा र लघु वित्तसम्बन्धी कारोबार गर्ने (घ वर्ग) तर्फ ११ वटा गरी जम्मा १०५ वटा बैंक तथा वित्तीय संस्थाहरुलाई पुनः इजाजतपत्र प्रदान गरिएको छ। त्यसै गरी नेपाल औद्योगिक विकास निगम ऐन, २०४६ बमोजिम संस्थापना र गठन भएको साबिकको नेपाल औद्योगिक विकास निगमलाई ख वर्गको विकास बैंकको रुपमा संस्थापना र गठन गरिएको छ।

## कृषि विकास बैंकलाई क वर्गको वाणिज्य बैंकको इजाजतपत्र प्रदान

**2.71** एसियाली विकास बैंकको वित्तीय सहयोगअन्तर्गत सञ्चालित Rural Finance Sector Development Cluster Programme अन्तर्गत सो बैंकबाट आएको परामर्श दातृ समूहको सिफारिश एवं नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णयको आधारमा कृषि विकास बैंकलाई २०६२ आषाढमा राष्ट्रियस्तरको क वर्गको इजाजतप्राप्त संस्था (बैंक) को रुपमा संस्थापनाको लागि प्रयास भएको थियो। उक्त बैंकले नेपाल राष्ट्र बैंकले तोकेको शर्तहरु पूरा गरेको हुँदा यस बैंकको सिफारिशमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून बमोजिम २०६२ चैत्रमा यस बैंकबाट क बर्गको बैंकको रुपमा वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गरिएको छ।

## विकास बैंकतर्फ

**2.72** समीक्षा अवधिमा मर्चेन्ट विकास वित्तीय संस्था लिमिटेड, दाङ घोराही, हिमचुली विकास वित्तीय संस्था लिमिटेड पोखरा र अरनीको विकास वित्तीय संस्था लिमिटेड धुलिखेललाई क्षेत्रीय स्तरको ख वर्गको वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गरिएको छ। जसअनुसार विकास बैंक (ख वर्ग वित्तीय संस्थाहरु) को संख्या ३० पुगेको छ। जसमध्ये ६ वटा राष्ट्रिय स्तरका विकास बैंकहरु काठमाडौंमा र २३ वटा क्षेत्रिय स्तरका विकास बैंकहरु काठमाडौं बाहिर रहेका छन्।

## वित्त कम्पनीतर्फ

**2.73** यस अवधिमा ९ वटा वित्तीय संस्थाहरुलाई वित्तीय कारोबार सञ्चालन गर्ने अनुमति प्रदान गरिएको छ। सञ्चालनमा रहेका ७० वटा ग वर्गका वित्तीय संस्थाहरुमध्ये ४७ वटा काठमाडौं उपत्यका भित्र र २३ वटा काठमाडौं उपत्यका बाहिर सञ्चालनमा रहेका छन्। हाल थप १० वटा ग वर्गका वित्तीय संस्थाहरु दर्ता तथा वित्तीय कारोबार सञ्चालनको लागि यस बैंकबाट अनुमति लिने प्रक्रियामा रहेका छन्।

## लघु वित्ततर्फ

**2.74** २०६२ भाद्र ५ गते मकालु यातायात सहकारी संस्था लिमिटेड विराटनगरको इजाजतपत्र रद्द गरिएपछि यस बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्ने इजाजतपत्र प्राप्त सहकारी संस्थाहरुको संख्या हाल १९ रहेको छ। हाल सहकारी संस्थाहरुलाई वित्तीय कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्रदान नगर्ने नीति अख्तियार गरिएको छ।

**2.75** यस बैंकबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमतिपत्र प्राप्त गरेका गैरसरकारी संस्थाहरुको संख्या गत वर्ष ४७ रहेकोमा २०६२ मार्ग ५ गते ग्रामीण स्वयंसेवक समाज हरिवन, सर्लाहीलाई अनुमतिपत्र प्रदान गरिएको तथा २०६२ मार्ग १९ गते सिंगाना युवा क्लव, वाग्लुङ्गको अनुमतिपत्र रद्द गरिएको हुँदा गैर सरकारी संस्थाहरुको संख्या ४७ कायमै रहेको छ।

## व्यावसायिक विशेषज्ञको सूची प्रकाशित

**2.76** बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को दफा १३ को प्रयोजनका लागि यस बैंकले व्यावसायिक विशेषज्ञहरुको सूची कायम गर्ने सन्दर्भमा २०६१ भाद्र २१ गते र २०६१ पौष १४ गते कायम गरेको ५७ जना तथा २०६१ चैत्र १८ गते र २०६२ माघ २४ गते प्रकाशित सूचनाअनुसार प्राप्त आवेदन उपर आवश्यक छानविन गरी तोकिएबमोजिम रीत पूरा गरेका क्रमशः ४६ जना र ६० जना समेत गरी हालसम्म १६३ जना व्यक्तिहरुको व्यावसायिक

विशेषज्ञको सूची तयार भइसकेको छ। सो सूचीलाई पत्र-पत्रिकामा प्रकाशन गरिएको र यस बैंकको वेवसाईटमा समेत राखिएको छ।

### स्वीकृत लेखापरीक्षकको सूची प्रकाशित

**2:77** यस बैंकले २०६२ वैशाख १६ गते कायम गरेको स्वीकृत लेखापरीक्षको सूचीलाई खारेज गरी प्रचलित कानून बमोजिम यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०६२।६३ देखिको लेखा तथा हरहिसावको लेखापरीक्षण गर्ने गराउने कार्यको लागि ११७ व्यक्ति तथा फर्महरुलाई चार्टर्ड एकाउण्टेण्ट समूह र दर्तावाल लेखापरीक्षक समूह गरी स्वीकृत लेखापरीक्षकको सूची कायम गरिएको छ।

### नेपाल सरकारको निर्णयानुसार पुनरावलोकन समितिको गठन

**2:78** नेपाल सरकार (मन्त्रिपरिषद) को २०६१ फाल्गुण २६ गतेको निर्णयानुसार गठित समितिले दिएको सिफारीश सहितको प्रतिवेदनमा उल्लेखित नियतपूर्वक ऋण नतिर्ने ऋणीहरुसम्बन्धी विभिन्न व्यवस्थाहरुका बारेमा सीमित दायित्व (limited liability) एवं अन्य सर्वमान्य सिद्धान्त अनुरुप पुनरावलोकन गर्न आवश्यक र उचित देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को २०६२ पौष २५ गतेको निर्णयानुसार २०६२ चैत्र ६ गते २०६२ चैत्र मसान्त भित्र अध्ययन गरी प्रतिवेदन पेश गर्न तीन सदस्यीय पुनरावलोकन समिति गठन गरिएकोमा उक्त समितिले यस बैंक समक्ष प्रतिवेदन पेश गरी सकेको छ।

## बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण

### वाणिज्य बैंकहरु

**2:79** आर्थिक वर्ष २०६२।६३ मा १७ वाणिज्य बैंकहरुको समष्टिगत स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ । यस क्रममा वाणिज्य बैंकहरुको ७६ वटा शाखा कार्यालयहरु तथा विभिन्न परियोजनाहरुको स्थलगत निरीक्षण समेत सम्पन्न गरियो (तालिका २.१।

तालिका २ (ग) : स्थलगत निरीक्षण गरिएका वाणिज्य वैंकहरु

| क्र.सं | वाणिज्य बैंकहरुको नाम | निरीक्षण गरिएका शाखा संख्या |
|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | ७ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ४ |
| ३ | नविल बैंक लिमिठेड | ४ |
| ४ | नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड | ४ |
| ५ | स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड | ५ |
| ६ | हिमालयन बैंक लिमिटेड | ५ |
| ७ | नेपाल एसविआई बैंक लिमिटेड | ५ |
| ८ | नेपाल बंगलादेश बैंक लिमिटेड | ६ |
| ९ | एभरेष्ट बैंक लिमिटेड | ८ |
| १० | बैंक अफ काठमाडौं लिमिटेड | २ |
| ११ | नेपाल क्रेडिट एन्ड कमर्श बैंक लिमिटेड | ३ |
| १२ | लुम्बिनी बैंक लिमिटेड | ३ |

| | | |
|---|---|---|
| १३ | नेपाल इण्डष्ट्रियल एन्ड कमर्सियल बैंक लिमिटेड | ६ |
| १४ | माछापुच्छ्रे बैंक लिमिटेड | ४ |
| १५ | कुमारी बैंक लिमिटेड | ४ |
| १६ | लक्ष्मी बैंक लिमिटेड | ४ |
| १७ | सिद्धार्थ बैंक लिमिटेड | २ |
| | जम्मा | ७६ |

**2.80** १७ वटा वाणिज्य बैंकको समष्टिगत स्थलगत निरीक्षणका साथै समीक्षा बर्षमा विभिन्न बैंकका कुल २० वटा शाखाहरुको विशेष स्थलगत निरीक्षण पनि सम्पन्न गरिएको छ । यसमध्ये नेपाल बंगलादेश बैंकको पाँच, नेपाल क्रेडिट एन्ड कमर्श बैंक लिमिटेडको चार, नेपाल ईन्डष्ट्रीयल एन्ड कमर्सियल बैंक लिमिटेडको दुई तथा राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड, लुम्बिनी बैंक लिमिटेड, बैंक अफ काठमान्डु लिमिटेड, कुमारी बैंक लिमिटेड तथा सिद्धार्थ बैंक लिमिटेडको एक एक पटक विशेष स्थलगत निरीक्षण सम्पन्न भएको छ ।

**2.81** बैंकबाट भएका समष्टिगत, विशेष र लक्षित स्थलगत निरीक्षणका आधारमा तयार गरिएका प्रतिवेदनहरुमा उल्लेख गरिएका कैफियतहरु तथा तत्सम्बन्धमा बैंकले जारी गरेका निर्देशनहरुको पालना भए नभएको कार्यको बैंकले नियमित अनुगमन गरिरहेको छ । आर्थिक वर्ष २०६२।६३ को चारै त्रयमास (२०६२ आषाढ, २०६३ आश्विन, पौष तथा चैत्र) मा १७ वटा वाणिज्य बैंकहरुको ७८ वटा अनुगमनका प्रतिवेदनहरु तयार गरिएको छ ।

**2.82** समीक्षा अवधिमा नेपाल बंगलादेश बैंक, नेपाल क्रेडिट एन्ड कमर्श बैंक लिमिटेड र लुम्बिनी बैंक लिमिटेडलाई यस बैंकको सुक्ष्म निगरानीमा राखी तीनको कारोबारहरुको (खासगरी कर्जा प्रवाह सम्बन्धी) २०६२ फागुनबाट सुरु गरिएको विषेश सुपरिवेक्षण हालसम्म जारी छ । यी बैंकहरुले ५० लाख रुपैयां वा सोभन्दा बढी कर्जा तथा सुबिधा प्रदान गर्नु परेमा यस बैंकको सहमति प्राप्त गर्नु पर्ने व्यवस्था गरी सहमति प्रदान गर्नका लागि कर्जा सहमति कार्यान्वयन समिति गठन गरिएको छ । यस समितिको सिफारिसमा २०६३ आषाढ मसान्तसम्ममा कर्जा तथा सुविधा प्रदान गर्न बैंकले नेपाल बंगलादेश बैंक लिमिटेडलाई २८, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई २४ र लुम्बिनी बैंक लिमिटेडलाई ७७ वटा सहमति प्रदान गरेको छ ।

**2.83** वाणिज्य बैंकहरुको वासलात तथा अन्य वित्तीय विवरणहरुको नियमित अनुगमनका साथै बैंकबाट जारी भएका नीति निर्देशनहरुको पालना भए नभएको सम्बन्धमा देखापरेका कमी कमजोरीहरुको निरुपणका लागि विभिन्न बैंकहरुलाई मुख्य रुपमा विभिन्न निर्देशनहरु दिईएको छ र यी निर्देशनहरुलाइ यस बैंकको वेबसाईटमा पनि राखिएको छ (अनुसूची २.१) ।

## वाणिज्य बैंक वाहेक अन्य वित्तीय संस्थाहरु

**2.84** आर्थिक वर्ष २०६२।६३ मा ख बर्गका वित्तीय संस्थाहरुमध्ये विभिन्न १३ वटा, ग वर्गका २९ वटा र घ वर्गका ८ वटा वित्तीय संस्थाहरुको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ ( अनुसूची २.२) ।

**2.85** स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षणबाट दिईएका निर्देशन उपर भएको प्रगतिका बारेमा आर्थिक वर्ष २०६२।६३ मा ३ वटा वित्तीय संस्थाहरुको अनुगमन निरीक्षण गरिएको छ (अनुसूची २.३) ।

**2.86** व्यक्ति तथा संघ संस्थाबाट वित्तीय संस्था उपर गरिएका उजुरी, गुनासा वा सिकायत उपर सत्य तथ्य बुझ्नका लागि विशेष निरीक्षण गर्ने गरिए बमोजिम आर्थिक वर्ष २०६२।६३ मा ५ वटा वित्तीय संस्थाहरुको विशेष निरीक्षण गरिएको छ (अनुसूची २.३) ।

**2.87** वित्तीय संस्थाहरुका आर्थिक वर्ष २०६१।६२ को लेखापरीक्षण गरिएका वासलात, नाफा नोक्सान हिसाव लगायतका वित्तीय विवरणहरुका आधारमा विस्तृत गैरस्थलगत सुपरिवेक्षण गरी आवश्यक

निर्देशनहरु दिईएको छ। त्यस्तै स्थलगत तथा गैरस्थलगत निरीक्षण एवम् सुपरिवेक्षणबाट औंल्याईएका कैफियतहरु उपर दिईएका निर्देशनहरुकाबारेमा कार्यान्वयन अनुगमन गर्ने कार्यलाई निरन्तरता दिईएको छ। तथापि आर्थिक वर्ष २०६१।६२ को लेखापरीक्षण भएको वित्तीय विवरणहरु प्राप्त गर्न नसकिएका कारण पाँचवटा वित्तीय संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षण कार्य विस्तृतरुपमा गर्न सकिएन (अनुसूची २.३)।

**2.88** स्थलगत तथा गैरस्थलगत निरीक्षण एवम् सुपरिवेक्षणबाट औंल्याईएका कैफियतहरु कार्यान्वयनको क्रममा आर्थिक वर्ष २०६२।६३ मा विभिन्न वित्तीय संस्थाहरुलाई कारवाही गरिएको छ (अनुसूची २.४)।

**2.89** आर्थिक बर्ष २०६२।६३ मा साप्ताहिकरुपमा अनुगमन गर्दा यस बैंकको निर्देशन बमोजिम अनिवार्य नगद मौज्दात कायम नगरेका १० वटा वित्तीय संस्थाहरुलाई हर्जाना लगाईएको छ (अनुसूची २.५)।

**2.90** स्टेण्डर्ड फाइनान्स कम्पनी लिमिटेड (वित्तीय संस्था) ले यस बैंकको निर्देशन र प्रचलित कानूनको प्रावधान विपरित संस्थापक शेयरधनीहरुलाई मात्र आर्थिक वर्ष २०५८।५९ को लाभांश वितरण गरी यस बैंकबाट २०६१ कार्तिक १६ गते दिइएको लाभांश सम्बन्धी निर्देशन पालना नगरेकोले सम्बन्धित निर्णय प्रक्रियामा संलग्न सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलाई कूल फिर्ता गर्नुपर्ने लाभांश रकम रु ५७ लाख ६० हजारको १४ प्रतिशतका दरले हुने व्याज बराबरको रकम रु ६ लाख ८७ हजार ६८० कम्पनीमै जम्मा गर्न लगाइएको छ भने निजहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९९ को उपदफा २ बमोजिम जनही रु १५,००१।- जरिवाना गरिएको छ।

# लघु वित्त कार्यक्रमहरु

## ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम

**2.91** ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न महिलाहरुमा संस्थागत ऋणको पहुँच बढाई आय तथा रोजगारमूलक कार्यक्रमको माध्यमले ग्रामीण महिलाहरुको सामाजिक एवं आर्थिक अवस्थामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०३८।३९ मा शुरु गरिएको ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रम आर्थिक वर्ष २०४५।४६ मा नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषसँग भएको ऋण सम्झौता अनुसार पटक पटक गरी २०५५ आषाढ मसान्तसम्म रु २३ करोड ५० लाख सहभागी वित्तीय संस्थाहरु नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकलाई कर्जाको रुपमा वितरण भएको छ। हाल यो परियोजनाको कार्यान्वयन अवधि समाप्त भैसकेको हुँदा सहभागी वित्तीय संस्थाहरुबाट कर्जा असूली हुने क्रम जारी रहेको छ भने नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई २०६३ आषाढ मसान्तसम्मको साँवा वापत बुझाउनु पर्ने रु ९ करोड ३८ लाख र ब्याज वापत रु ४ करोड १२ लाख गरी जम्मा रु १३ करोड ५० लाख बुझाई सकेको छ। यस कार्यक्रम अन्तरगत वितरित कर्जा रकम मध्ये २०६३ आषाढ मसान्तसम्म रु ९ करोड ३६ लाख सहभागी दुईवटा बैंकहरुसँग उठाउन बाँकी रहेको तथा नेपाल बैंक लिमिटेडबाट यस कर्जा कार्यक्रम अन्तर्गतको सम्पूर्ण रकम असूली भैसकेको छ।

## महिलाका लागि लघु कर्जा परियोजना

**2.92** नेपाल सरकार र एसियाली विकास बैंक बीच २०५० भाद्र ३१ गते सम्पन्न ऋण सम्झौता बमोजिम ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रमको पूरक परियोजनाको रुपमा आएको यो परियोजना कार्यान्वयनको अवधि २०५९ आषाढ १६ गते सम्पन्न भैसकेको छ। यस परियोजना अन्तरगत राष्ट्रिय वाणिज्य बैंकका १६ वटा शाखा र नेपाल बैंक लिमिटेड का २६ वटा शाखाहरु गरी जम्मा ४२ वटा शाखाहरुबाट आर्थिक वर्ष २०५१।५२ देखि कर्जा प्रवाह हुँदै आएको र परियोजनाहरुका लागि सहभागी वाणिज्य बैंकहरुसँग भएको सम्झौता अनुसार आर्थिक वर्ष २०५१।५२ देखि २०५६।५७ सम्ममा सहभागी बैंकहरु मार्फत रु १९ करोड ५२ लाख ९ हजार वितरण भईसकेको छ। यस बैंकले नेपाल सरकारलाई २०६३ आषाढ मसान्तसम्ममा साँवा वापत

रु ४ करोड २७ लाख र ब्याज रु ३ करोड ८१ लाख गरी जम्मा रु ८ करोड ८ लाख बुझाईसकेको छ। यस आयोजनाअर्न्तगत सहभागी दुईवटा बैंकहरुलाई वितरित ऋण रकममध्ये असूल हुनुपर्ने बाँकी सम्पूर्ण रकम चुक्ता भईसकेको छ।

## पश्चिम तराई गरिबी निवारण आयोजना

**2.93** नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बीच २०५४ माघ २७ मा सम्पन्न ऋण सम्झौता बमोजिम पश्चिम तराईका ८ जिल्लाका विपन्न महिलाहरुको आर्थिक एवं सामाजिक स्थितिमा सुधार ल्याउन र सहभागी शाखाहरुको वित्तीय स्थितिमा सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष २०५५।५६ देखि पश्चिम तराई गरिबी निवारण आयोजना कार्यान्वयनमा आएको हो। यो आयोजना पश्चिम तराईका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, दाङ्ग, कपिलवस्तु, रुपन्देही र नवलपरासीमा संचालित छ। यस आयोजनामा सहभागी वित्तीय संस्थाहरुमा पश्चिमाञ्चल, मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंकहरु, निर्धन उत्थान बैंक र स्वावलम्बन विकास केन्द्र रहेका छन्। यस आयोजना कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंकले नेपाल सरकारबाट रु १३ करोड १० लाख ऋण प्राप्त गरेको र उक्त सम्पूर्ण रकम नेपाल राष्ट्र बैंकले सहभागी वित्तीय संस्थाहरुमा लगानी गरेको छ।

**2.94** नेपाल सरकार र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोषबीच भएको सम्झौता अनुसार यस आयोजनाको समयावधि २०६१ पौष १६ गते सम्म रहेको थियो। आयोजनाअर्न्तगत सहभागी वित्तीय संस्थाहरुलाई प्रदान भएको कुल ऋण रकम रु १३ करोड ७० लाख (नेपाल सरकारबाट प्राप्त रु १३ करोड १० लाख र घुम्ती कोष अन्तर्गत रु ५० लाखमध्ये २०६३ आषाढ मसान्तसम्ममा रु ६ करोड २० लाख असूली भई रु ७ करोड ५० लाख लगानीमा रहिरहेको छ। यस आयोजनाबाट आयोजना अवधिमा २२ हजार ऋणी परिवार लाभान्वित भएका छन्। २०६३ आषाढ मसान्तसम्ममा यस आयोजना अन्तर्गत यस बैंकले नेपाल सरकारलाई रु २ करोड ४० लाख ब्याज चुक्ता गरिसकेको छ भने ऋण सम्झौता अनुसार नेपाल सरकारलाई २०६२ पौषदेखि ३६ बरावर किस्तामा भुक्तानी गर्नुपर्ने साँवा रकमको दुई किस्ता वापतको रु ७३ लाख ९ हजार २०६३ आषाढ मसान्तसम्म बुझाई सकेको छ। २०६३ आषाढ मसान्तसम्ममा नेपाल सरकारलाई बाँकी बुझाउन पर्ने ऋण रकम रु १२ करोड ४० लाख रहेको छ।

## सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना

**2.95** नेपाल सरकारको २० वर्षे दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) अन्तरगत कृषि उत्पादन वृद्धि गरी साना तथा सीमान्त कृषकहरुको आय वृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र एशियाली विकास बैंक बीच सन् २०५५ मंसिर १ गते सम्पन्न ऋण सम्झौता अनुसार पूर्वी तथा मध्य तराईका १२ जिल्लामा सामुदायिक भूमिगत जल सिंचाई सेक्टर परियोजना सञ्चालन भएको छ। आयोजना सञ्चालनका लागि प्राप्त हुने एसडिआर दुई करोड २० लाख मध्ये एसडिआर ९९ लाख बराबरको रकम कृषकहरुलाई स्यालो ट्यूबवेल जडान र बाली उत्पादन कार्यका लागि कर्जाको रुपमा उपलब्ध गराइने छ। कर्जाको लागि प्राप्त हुने रकम ग्रामीण स्वावलम्बन कोषमा प्राप्त भई कोषबाट आयोजनामा सहभागी वित्तीय संस्थाहरु मार्फत उक्त कर्जा रकम कृषकहरुलाई उपलब्ध हुँदै आएको छ। आयोजना अवधिभरमा १३ हजार ५ सय समुहगत रुपमा र १ हजार ५ सय व्यक्तिगत रुपमा गरी जम्मा १५ हजार स्यालो ट्यूबवेल जडान गर्न कर्जा प्रदान गर्ने लक्ष्य राखिएको छ भने यसबाट कुल ६० हजार हेक्टर जमीनमा सिंचाई सुविधा उपलब्ध हुने अनुमान गरिएको छ। साथै, आयोजना कार्यान्वयनबाट करिब १ लाख १० हजार सीमान्त परिवारका ६ लाख ५७ हजार व्यक्ति (जसमध्ये ५० प्रतिशत गरिबीको रेखामुनिका जनता) लाभान्वित हुने अनुमान गरिएको छ।

**2.96** यस आयोजनाद्वारा २०६३ आषाढ मसान्तसम्म नेपाल बैंक लिमिटेड, पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड, सहारा नेपाल वचत तथा ऋण सहकारी संस्था लिमिटेड, डिप्रोक्स विकास बैंक लिमिटेड, छिमेक विकास बैंक लिमिटेड, अरुणोदय वचत तथा ऋण सहकारी संस्था, कृषक उपकार वचत तथा ऋण सहकारी संस्थालाई सहभागी वित्तीय संस्थाको रुपमा कार्य गर्ने गरी छनौट गरिएको छ। त्यसैगरी नयाँ सहभागी वित्तीय संस्थाहरुलाई समावेश गर्ने उद्देश्यले हरेक ६ महिनामा थप वित्तीय संस्थाहरु छनौट गर्दै जाने

नीति अवलम्बन गरिँदै आएकोमा २०६१ श्रावणदेखि लागू हुने गरी सहभागी वित्तीय संस्थाको रुपमा कार्य गर्न चाहने वित्तीय संस्थाले जुनसुकै समयमा पनि आवेदन गर्न सकिने गरी नीतिगत व्यवस्था गरिएको छ। त्यस्तै २०६१ श्रावणदेखि सहभागी वित्तीय संस्थाले आयोजनाले तोकेको क्षेत्रमा मात्र लगानी गर्न सक्ने व्यवस्थालाई परिमार्जन गरी सहभागी वित्तीय संस्थाको आफ्नो कार्यक्षेत्र भित्र पर्ने जुनसुकै क्षेत्रमा पनि कर्जा लगानी गर्न सक्ने गरी प्रतिस्पर्धात्मक रुपबाट कृषकहरुलाई कर्जा सुविधा पुऱ्याउने नयाँ नीतिगत व्यवस्था गरिएको छ।

**2.97** यस कार्यक्रम अन्तरगत सहभागी वित्तीय संस्थाहरुद्वारा आर्थिक वर्ष २०५७।५८ देखि लगानी कार्य थालनी भएकोमा २०६३ आषाढ मसान्तसम्ममा ५ हजार ३२४ समूहगत र ४१ व्यक्तिगत गरी ५ हजार ३६५ स्यालो ट्यूबवेलमा जम्मा रु १५ करोड ७० लाख लगानी भएको छ। यसबाट २४ हजार ७४१ विगाहा क्षेत्रफलमा सिंचाई पुग्ने भई २१ हजार २६२ सीमान्त कृषक परिवारहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। साथै यस कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०६३।६४ का लागि पाँचहजार ४०० स्यालो ट्यूबवेल जडान गर्ने लक्ष्य तोकिएको छ। लक्ष्य पुरा गर्ने सिलसिलामा कृषि विकास वैंक र साना किसान विकास वैंकलाई सहभागी वित्तीय संस्थाको रुपमा कार्य गर्न अनुरोध गरिएको छ।

**2.98** यस आयोजनाको कार्यान्वयन अवधि २०६३ श्रावण १६ गतेसम्म रहेकोमा एशियाली विकास बैंकले २०६४ श्रावण १६ सम्मको लागि अवधि थप गरीसकेको र यस अवधिको कार्यान्वयन प्रगतिको आधारमा पुनः अर्को एक वर्ष थप हुने जानकारी समेत प्राप्त हुन आएको छ।

**2.99** यस परियोजनाको कार्यान्वयन प्रकृयालाई सरल बनाउने उद्देश्यले यस बैंकको विराटनगर, बीरगञ्ज र जनकपुरमा एउटा बेग्लै इकाई समेत खडा गरिएको छ भने नेपाल राष्ट्र बैंकको नाममा एशियाली विकास बैंकले यस सम्बन्धी एउटा बेग्लै Imprest Account खोलेको छ। यस कार्यक्रम अन्तरगत २०६३ आषाढ मसान्त सम्ममा विभिन्न सहभागी वित्तीय संस्थाहरु, जल उपभोक्ता संघ लगायत नेपाल राष्ट्र बैंकका कर्मचारीहरु, जलस्रोत मन्त्रालय, अर्थ मन्त्रालय, एसियाली विकास वैंक र प्राविधिक सहयोग टोली समेतको सहभागितामा वार्षिक समिक्षा गोष्ठी र १० पटक तालीम तथा गोष्ठी सम्पन्न भैसकेको छ। सबै सरोकारवालाहरुको यस कार्यक्रमको कर्जा प्रवाह प्रणालीमा हाल कुनै पनि किसिमको नीतिगत समस्या नरहेको र प्रकृयागत सुधारका लागि आवश्यक भए सोको परिमार्जनका लागि ग्रामीण स्वावलम्वन कोष सकारात्मक रहेको छ।

## तेस्रो पशु विकास आयोजना

**2.100** नेपाल सरकार र एशियाली विकास बैंकबीच २०५३ पौष ८ गते सम्पन्न ऋण सम्झौता बमोजिम सञ्चालित तेश्रो पशु विकास आयोजना अन्तरगत पशुपंक्षी व्यवसाय सञ्चालन गरी रहेका वा गर्न चाहने कृषक, व्यवसायी एवं सो सम्बन्धी उद्यमीहरुलाई देशभित्र उपलब्ध आधुनिक प्रविधि उपभोग गर्न प्रेरित गरी आवश्यक सेवा र कर्जा उपलब्ध हुँदै आएको छ। एशियाली विकास बैंकले नेपाललाई प्रदान गर्ने एसडिआर १२५,५५ हजारमध्ये एसडीआर ३५.१७ लाख कर्जा नेपाल राष्ट्र बैंक मार्फत सहभागी वित्तीय संस्थालाई शोधभर्ना प्रदान गरिने व्यवस्था रहेकोमा उक्त कर्जा रकम संशोधन भै एसडिआर २० लाख कायम भएको छ। यसै सन्दर्भमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकबीच २०५३ चैत्र २९ गते सम्पन्न सम्झौता बमोजिम उपरोक्त कर्जामा २० लाख एसडिआर बरावरसम्मको नेपाली रुपैयाँ सहभागी वित्तीय संस्थाले यस आयोजना अन्तरगत गरेको लगानीको ८० प्रतिशत रकम शोधभर्ना पाउने व्यवस्था गरिएको थियो।

**2.101** आयोजनाअन्तर्गत नेपाल राष्ट्र बैंकसँग सम्झौता गरेका सहभागी वित्तीय संस्थाहरुमध्ये दुईवटा वाणिज्य बैंकहरु, तीनवटा विकास बैंकहरु, चारवटा ग्रामीण बैंकिङ्ग अनुसरणकर्ताहरु, आठवटा सहकारी संस्थाहरु र दुईवटा गैरसरकारी संस्थाहरु समेत गरी जम्मा १९ वटा वित्तीय संस्थाहरु कार्यरत छन्। आयोजना अन्तरगत नेपाल राष्ट्र बैंकबाट २०६२ आषाढसम्ममा १७ वटा वित्तीय संस्थाले रु १८ करोड ३४ लाख ६५ हजार कर्जा शोधभर्नाको रुपमा लिईसकेका छन्।

**2.102** आयोजनाको कार्यान्वयन अवधि सन् २००३ जुलाईसम्म मात्र भएकोमा आयोजना २०६१ श्रावण १६ गतेसम्म एक वर्षको लागि थप भएको हो। सहभागी वित्तीय संस्थाहरुले यस बैंकलाई २०५८ पौषदेखि २०६८ आषाढसम्ममा आयोजना अन्तरगत प्रदान भएको कर्जा फिर्ता बुझाई सक्नु पर्नेछ

भने नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई २०६१ पौषदेखि २०९१ आषाढसम्ममा फिर्ता गरिसक्नु पर्ने व्यवस्था छ , जस अनुसार लगानी भईसकेको रकममध्ये किस्ता वापत २०६३ आषाढ महिनासम्म विभिन्न वित्तीय संस्थाहरुबाट रु १४ करोड २० लाख असूल भई २०६३ आषाढ महिनासम्ममा जम्मा रु ४ करोड १० लाख लगानीमा ररिरहेको छ। आयोजनाको कर्जा कार्यक्रमको प्रभावकारिता अध्ययन समेत सम्पन भै सकेको छ।

## ग्रामीण स्वावलम्बन कोष

**2:103** संस्थागत ऋण प्रणालीसँग पहुँच नभएका ग्रामीण क्षेत्रमा बसोवास गर्ने विपन्न वर्गको उत्थानका लागि आय एवं स्वरोजगारमूलक व्यवसायहरु सञ्चालन गर्न ग्रामीण क्षेत्रमा काम गर्ने गैर-सरकारी/सहकारी संस्थाहरुको संस्थागत विकासमा सहयोग पुऱ्याई ती संस्थाहरु मार्फत थोक कर्जा उपलब्ध गराई उनीहरुको आर्थिक स्तरमा सुधार ल्याउनका लागि देशमै पहिलो पटक थोक कर्जा प्रदान गर्ने उद्देश्यले २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने गरी लक्षित वर्गको आर्थिक एवं सामाजिक विकास गर्न थोक कर्जा उपलब्ध गराउँदै आएको छ। कोषबाट विपन्न वर्गको उत्थानका लागि पहिलो पटक प्रतिव्यक्ति रु ३० हजार, दोश्रो पटक रु ३५ हजार र तेश्रो पटक रु ४० हजारसम्म लघु कर्जा उपलब्ध गराउन सकिने व्यवस्था छ। नेपाल सरकारबाट उक्त कार्यका लागि २०४७ चैत्र ३ गते रु १ करोड, २०४९ आषाढ २३ गते रु १ करोड र २०६२ मार्गमा रु २ करोड गरी जम्मा रु ४ करोडको वीज पूँजी प्राप्त भएको छ भने नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०५९।६० मा रु १० करोड, आर्थिक वर्ष २०६०।६१ मा रु ७ करोड ४८ लाख र आर्थिक वर्ष २०६१।६२ मा रु ७ करोड ८६ लाख प्राप्त भै कुल रु २९ करोड ३४ पूँजी प्राप्त भएको छ भने २०६३ आषाढमा प्रस्तुत गरिएको नेपाल सरकारको आर्थिक वर्ष २०६३।६४ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार थप रु १० करोड यस कोषलाई प्रदान गर्ने उल्लेख छ। सोही पूँजीबाट कोषले कोषसँग आवद्ध संस्थाहरुलाई ती संस्थाको प्राथमिक पूँजीको पहिलो र दोश्रो ऋणमा १५ गुणासम्म र तेश्रो कर्जामा २० गुणासम्म हुने रकम पहिलो पटक रु १० लाख, दोश्रो पटक रु १५ लाख र तेश्रो तथा अन्तिम पटक रु २५ लाखसम्मको कर्जा किस्ताबन्दीमा संभाव्य व्यवसायको आधारमा थोक कर्जाको रुपमा उपलब्ध गराउँदै आएको छ।

**2:104** संस्था दर्ता भई विगत एक वर्ष अगाडिदेखि नै वचत र कर्जाको कारोबार गरिरहेका र आफ्ना सदस्यहरुमध्ये कम्तिमा ७० प्रतिशत सदस्यहरुबाट नियमित वचत सङ्कलन गरेका संस्थाहरुलाई बढीमा ३ वर्षका लागि कोषबाट कर्जा उपलब्ध गराउने व्यवस्था रहेको छ। कोषले गाउँमा बसोवास गरिआएका आफ्नो वा आफ्नो एकाघर परिवारको नाममा पहाडमा १५ रोपनी र तराईमा एक विघासम्म जमीन भएको, आफ्नो वा आफ्नो एकाघर परिवारका सदस्यको नियमित आयस्रोत नभई वर्षभरी खान लाउन नपुग्ने, सरकारी निकाय वा बैंक तथा वित्तीय संस्थाबाट सञ्चालित आयमूलक कार्यक्रमद्वारा कर्जा सहयोग प्राप्त गरी तिर्नुपर्ने बाँकी कर्जा नदेखिएको व्यक्तिहरुलाई लक्षित वर्गमा समेटी गैर-सरकारी/सहकारी संस्था मार्फत त्यस्ता वर्गहरुलाई आयमूलक स्वरोजगार परियोजना सञ्चालन गर्न कर्जा उपलब्ध गराउँदै आएको छ।

**2:105** कोषबाट वार्षिक आठ प्रतिशत ब्याज दरमा गैर-सरकारी/सहकारी संस्थाहरुलाई थोक कर्जा उपलब्ध गराउने व्यवस्था अनुसार संस्थाहरुले कोषबाट प्राप्त कर्जा भुक्तानी तालिका अनुसार निर्धारित समयमा नै साँवा र ब्याज बुझाएमा बुझाएको ब्याजको ७५ प्रतिशतले हुन आउने रकम सम्बन्धित संस्थाको विकासका लागि फिर्ता गरिने व्यवस्था भएको हुँदा कोषको खूद ब्याज आम्दानी वार्षिक दुई प्रतिशत मात्र रहन जान्छ। साथै संस्थालाई स्वीकृत कर्जामध्ये पहिलो किस्ता वितरण गर्दा बढीमा ६ महिनासम्म निर्व्याजी कर्जा दिने प्रावधान समेत रहेको छ।

**2:106** कोषबाट २०६३ आषाढ मसान्तसम्ममा ५१ वटा गैर-सरकारी संस्था र १९९ वटा सहकारी संस्थाहरुलाई रु १० करोड १४ लाख कर्जा प्रवाह भएको छ। उक्त कर्जामध्ये रु ६ करोड ८६ लाख असूली भई रु ३ करोड २८ लाख कर्जा लगानीमा रहिरहेको छ। २०६३ आषाढ मसान्तसम्ममा कर्जा असूली दर ९२ प्रतिशत रहेको छ। कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैर-सरकारी संस्थाले २६ जिल्लामा र सहकारी संस्थाले ४२ जिल्लामा गरी कुल ४७ वटा

जिल्लामा सेवा पुऱ्याएका छन् । यसरी कोषबाट २०६३ आषाढ मसान्तसम्ममा ४७ जिल्लाको ९,९४९ घर परिवार प्रत्यक्ष रुपले लाभान्वित भएका छन् ।

**2:107** यसैगरी आर्थिक वर्ष २०५९।६० देखि यस बैंकको तर्फबाट गरिने पूँजीगत योगदानबाट दीर्घकालीन पूँजीको आवश्यकता पर्ने व्यवसायहरु खासगरी चिया, अलैंची, कोल्ड स्टोरका लागि आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न कृषि विकास बैंक र लघु वित्त सम्बन्धी कार्य गर्ने विकास बैंकहरुलाई कोषबाट थोक कर्जा उपलब्ध गराउने व्यवस्था समेत गरेको छ । यस अन्तर्गत २०६३ आषाढ सम्ममा पूर्वाञ्चल, मध्यमाञ्चल तथा मध्य-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड र साना किसान विकास बैंक प्रत्येकलाई रु १ करोड गरी चार करोड रुपैयाँ कर्जा प्रदान गरिएको छ भने कृषि विकास बैंकलाई दीर्घकालीन कर्जा (Line of Credit) अन्तर्गत रु ११ करोड ९२ लाख कर्जा प्रदान गरिएको छ ।

### ग्रामीण विकास बैंकहरु

**2:108** विपन्न वर्गसम्म वित्तीय सेवा पुऱ्याउँदै मुलुकमा व्याप्त गरिबी निवारणमा सहयोग पुगोस् भन्ने उद्देश्यले नेपाल सरकार तथा यस बैंक लगायतको पूँजी सहभागितामा ५ विकास क्षेत्रमा एक/एक गरी ग्रामीण विकास बैंकहरु सञ्चालनमा रहेका छन् । यस बैंकको नियमन सुपरिवेक्षण कार्यलाई प्रभावकारी ढङ्गले सम्पादन गर्न यी बैंकहरुमा रहेको यस बैंकको शेयर लगानी क्रमशः बिक्री गरी यी बैंकहरुलाई निजीकरण गर्ने यस बैंकको नीति रहेको छ ।

**2:109** यस नीति अनुरुप नाफामा रहेका ग्रामीण विकास बैंकहरुलाई क्रमशः निजीकरण गर्ने उद्देश्य अनुरुप हाल नाफामा सञ्चालन भइरहेको पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड बाट निजीकरण कार्यको शुरुवात भै नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१ प्रतिशत शेयरमध्ये ५१ प्रतिशत शेयर निजीक्षेत्रलाई हस्तान्तरण सम्बन्धी कार्य आर्थिक वर्ष २०६१।६२ मा नै सम्पन्न भएको थियो । साथै, पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेड मा रहेको नेपाल राष्ट्र बैंकको ६६.७५ प्रतिशत शेयर स्वामित्वमध्ये १० प्रतिशत शेयर कायमै राखी बाँकी ५६.७५ प्रतिशत शेयरमध्ये पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेडका समूह सदस्यलाई ३१.७५ प्रतिशत, कर्मचारीलाई ५.० प्रतिशत, लघु वित्तीय संस्थालाई १०.० प्रतिशत तथा सर्वसाधारणलाई १०.० प्रतिशत बिक्री गर्ने निर्णय भए अनुरुप शेयर बिक्री गर्ने प्रकृया थालनी गरिएको र २०६३ आषाढ मसान्तसम्ममा समूह सदस्य (२२.७८ प्रतिशत), सर्वसाधारण (८.३३ प्रतिशत) र कर्मचारी (०.६९ प्रतिशत) गरी कुल ३१.८० प्रतिशत शेयर हस्तान्तरण भैसकेको छ । दोश्रो चरणको निजीकरण कार्य अन्तर्गत बाँकी २४.९५ प्रतिशत शेयर हस्तान्तरण गर्ने कार्य भैरहेकोछ ।

**2:110** दक्ष अनुभवी र सम्बन्धित क्षेत्रको ज्ञान भएको व्यक्तिहरुलाई खुल्ला प्रतियोगिताको माध्यमबाट कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने नीति अनुरुप सुदूर-पश्चिमाञ्चल र पश्चिमाञ्चल ग्रामीण विकास बैंक वाहेक तीनवटा ग्रामीण विकास बैंकहरुमा कार्यकारी निर्देशकहरु खुल्ला प्रतियोगिताबाट छनौट गरी पदस्थापना गरिएको छ । साथै, संरचनात्मक सुधार कार्यक्रम अन्तरगतका अन्य कार्यहरु कार्यान्वयन भैरहेका छन् ।

## विदेशी विनिमय व्यवस्थापन

**2:111** यस बैंकले समग्र आर्थिक उदारीकरण नीतिसँग सामञ्जस्य हुने गरी र पूँजी खातालाई क्रमशः खुकुलो गर्दै लैजाने नीति अनुरुप विदेशी विनिमय व्यवस्थापन गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०६२।६३ मा विदेशी विनिमय व्यवस्थापनका सन्दर्भमा निम्न सुधारका उपायहरु अवलम्बन गरिएका छन् ।

(क) व्यक्ति तथा संघ संस्थालाई विभिन्न प्रयोजनको लागि १ हजार ५ सय अमेरिकी डलर सम्मको सटही सुविधा वाणिज्य बैंकहरुले सोझै प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

(ख) निर्यात तथा पर्यटन क्षेत्रको आर्जनबाट खोलिएका परिवर्त्य विदेशी मुद्रा खाता भएका फर्म/संस्था/कम्पनीहरूले आफ्नो व्यापार/व्यवसाय प्रवर्द्धन गर्नको लागि भारतबाहेकका

मुलुकहरूमा आयोजना हुने मेला, प्रदर्शनीमा भाग लिनको लागि स्टल बुकिङ्ग, रजिष्ट्रेशन शुल्क, सेवा शुल्क इत्यादिको भुक्तानी परिवर्त्य विदेशी मुद्रा खाता खर्च गरी वाणिज्य बैंकहरूले नै प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

(ग) परिवर्त्य विदेशी मुद्रा खाता सञ्चालन गर्ने अधिकार खातावाला स्वयंलाई मात्र दिइएकोमा खातावालाले अख्तियारी प्रदान गरेको अवस्थामा निजको दम्पती वा बाबु/आमा वा छोरा/छोरीले पनि सो खाता सञ्चालन गर्नसक्ने व्यवस्था गरिएको छ ।

(घ) नेपालका वाणिज्य बैंकहरूमा परिवर्त्य विदेशी मुद्राको खाता भएका अन्तर्राष्ट्रिय संघ/संस्था/नियोग/कार्यालय आदिले विभिन्न प्रयोजनको लागि भारतमा परिवर्त्य विदेशी मुद्रामा नै भुक्तानी गर्नुपरेमा वाणिज्य बैंकहरूले ती कार्यालयहरूको परिवर्त्य विदेशी मुद्रा खाता खर्च गरी त्यस्तो भुक्तानी गर्नसक्ने व्यवस्था गरिएको छ ।

(ङ) विदेशी मुद्रामा ऋण लिएका ऋणीसँग सो ऋणको ब्याजदर Hedge गर्ने सिलसिलामा कुनै वाणिज्य बैंकले Interest Rate Swap गर्न चाहेमा तोकिएको शर्तहरू अन्तर्गत रही त्यस्तो Swap कारोबार गर्नसक्ने व्यवस्था गरिएको छ ।

(च) भारत बाहेक तेस्रो मुलुकबाट सामान आयात गर्ने प्रयोजनको लागि पठाइएको अग्रीम भुक्तानी बापतको रकम कारणवश विक्रेताले सामान सिपमेन्ट नगरी उक्त रकम फिर्ता पठाएको कारणले भुक्तानी पठाउने समयमा धरौटीबापत भन्सार कार्यालयको नाममा जारी भएको चेक रद्द गर्नुपरेमा यस बैंकको स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा सम्वन्धित वाणिज्य बैंक आफैले रद्द गर्नसक्ने व्यवस्था गरिएको छ ।

(छ) परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्र वा ड्राफ्ट/टि.टी अन्तर्गत बैंकबाट डकुमेण्ट छुटाउँदा वा अग्रीम भुक्तानी पठाउँदा सम्वन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको धरौटी बापतको चेक जारी भएको मितिले ९० दिनभित्र भुक्तानी हुनुपर्ने व्यवस्था रहेकोमा भन्सार कार्यालयको नाममा जारी गरिएका धरौटी बापतको चेक म्यादभित्र प्रयोग हुन नसकी म्याद थप गर्न आएमा सम्वन्धित वाणिज्य बैंक आफैले त्यस्ता चेकको म्याद थप गर्नसक्ने व्यवस्था गरिएको छ ।

(ज) परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने गरी खोलिएका आयात प्रतीतपत्रहरूमा उल्लेखित रकमभन्दा बढी रकमको डकुमेण्ट प्राप्त भएको अवस्थामा प्रतीतपत्रमा उल्लेखित रकमको दुई प्रतिशत वा एक हजार अमेरिकी डलर मध्ये जुन बढी हुन्छ, सो रकमसम्मको डकुमेण्ट सम्वन्धित वाणिज्य बैंक आफैले स्वीकार गर्न सक्ने व्यवस्था गरिएको छ ।

(झ) निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत बाहेक) जाने नेपाली नागरिकहरूलाई राहदानी बापत एक आर्थिक वर्षमा एक पटक मात्र सटही प्रदान गर्दा अधिकतम दुई हजार अमेरिकी डलरसम्म प्रदान गर्न सकिने आर्थिक वर्षको एक पटकको बन्देज हटाइएको छ ।

(ञ) निजी क्षेत्रका मल आयातकर्ताहरूले रासायनिक मल आयात गर्न आयात मूल्यको १० प्रतिशत बैंक ग्यारेन्टी पेश गर्न लगाई यस विभागबाट रासायनिक मल आयात गर्नको लागि प्रतीतपत्र खोल्न अनुमति प्रदान गरिँदै आएकोमा आयातकर्ताहरूले प्रतीतपत्र मार्फत रासायनिक मल आयात गर्न चाहेमा सम्वन्धित वाणिज्य बैंकहरू आफैले रासायनिक मलको आयात मूल्यको दुई प्रतिशतले हुने रकम बराबरको नगद वा बचतपत्र वा विकास ऋणपत्र वा सम्बन्धित वाणिज्य बैंकलाई मान्य हुने सुरक्षणपत्र धरौटीको रूपमा राखी प्रतीतपत्र खोल्न सक्ने व्यवस्था गरिएको छ ।

(ट) Cash Against Documents (CAD) व्यवस्था अन्तर्गत भारतबाहेक अन्य मुलुकतर्फ निर्यात गर्न (बैंक ग्यारेण्टीमा निर्यात गरिने वाहेक) चाहने निर्यातकर्ताहरूको लागि निर्यात मूल्यका पाँच प्रतिशतले हुने बैंक ग्यारेण्टी लिई यस विभागबाट निर्यात गर्ने अनुमति प्रदान गर्ने व्यवस्था रहेकोमा दुईलाख अमेरिकी डलरसम्मको सामानको निर्यात अनुमति सम्वन्धित वाणिज्य बैंकहरू मार्फत तोकिएको शर्तहरुको अधिनमा रही गर्न सकिने व्यवस्था गरिएको छ ।

(ठ) भारतका उत्पादनकर्ता फर्म/कम्पनीबाट नेपालमा दर्ता भएका उत्पादनमूलक औद्योगिक फर्म र बढीमा ५ मेगावाट क्षमतासम्मको उर्जामूलक उद्योगले प्रतीतपत्रमार्फत भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी आयात गर्न पाईने वस्तुहरुको संख्या ९१ पुगेको छ ।

(ड) निजी तथा औपचारिक तवरले विदेश भ्रमणमा (भारत बाहेक) जाने नेपाली नागरिकहरूलाई राहदानी बापतको सटही सुविधा प्रदान गर्दा हवाई टिकटको ज्याकेट (Front Cover) मा सटही गरेको विदेशी मुद्रा रकम स्पष्ट बुझिने गरी प्रोटेक्टोग्राफद्वारा अंकित गरी सोमा सम्वन्धित अधिकृतले दस्तखत गरी बैंकको छाप समेत लगाउनुपर्ने व्यवस्था गरेकोमा विद्युतीय टिकट (Electronic Ticket) को हकमा समेत यस्तै व्यवस्था गरिएको छ ।

(ढ) पैठारीको लागि पूर्ण बन्देज लगाइएका वस्तुहरुमा मूल्यवान धातु (सुनचाँदीसमेत) रहेकोमा नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार पैठारी गर्न पूर्ण बन्देज लागेका वस्तुहरुको सूचीबाट सुनचांदी (अर्धतयारीसमेत) हटाउने व्यवस्था गरेकोले विधिवत दर्ता भएका फर्म/कम्पनी र वाणिज्य बैंकहरुले प्रतितपत्र वा ड्राफ्ट/टि.टि.को माध्यमद्वारा सुनचाँदी (अर्धतयारीसमेत) आयात गर्न सकिने व्यवस्था गरिएको छ ।

(त) २०६२ श्रावणदेखि २०६३ आषाढ मसान्तसम्ममा थप नौ वटा फर्म/कम्पनी/संस्थालाई मनिट्रान्सफर कार्य गर्न इजाजत प्रदान गरिएकोले २०६३ आषाढ मसान्तसम्ममा त्यस्ता मनिट्रान्सफर फर्म/कम्पनीको जम्मा संख्या ३२ पुगेको छ । त्यसैगरी यस्तो कार्य गर्न थप छवटा फर्म/कम्पनीलाई आशय पत्र (Letter of Intent) प्रदान गरिएकोले २०६३ आषाढ मसान्तसम्ममा आशयपत्र लिने फर्म/कम्पनीको संख्या जम्मा ८६ पुगेको छ ।

(थ) यस अवधिमा काठमाडौं उपत्यका भित्र थप ११ वटा मनिचेञ्जर फर्म/कम्पनीलाई कारोबार गर्न इजाजतपत्र प्रदान गरियो । यसरी २०६३ आषाढ मसान्तसम्ममा त्यस्ता फर्म/कम्पनीको संख्या नेपाल अधिराज्य भरी जम्मा २५३ पुगिसकेको छ भने काठमाडौं उपत्यका भित्र यस्ता फर्म/कम्पनीको संख्या ९३ पुगेको छ ।

## मुद्रा व्यवस्थापन

**2:112** २०६२ आषाढ मसान्तको तुलनामा २०६३ आषाढ मसान्तमा चलनचल्तिमा रहेको नोटको परिमाण १३.६ प्रतिशतले वृद्धि भई रु ८४ अर्ब ६३ करोड पुगेको छ (तालिका २.२)। २०६१ आषाढ मसान्तमा रु ७४ अर्ब ५२ करोड नोट चलन चल्तिमा रहेको थियो जुन अघिल्लो वर्षान्तको तुलनामा ९.४ प्रतिशतले बढी थियो । चलन चल्तिमा रहेको नोट मध्ये नेपाल सरकारबाट प्राप्त नोट (ओ. पि.) रु ५७ लाख ५७ हजार ८९२ रहेको छ ।

**2:113** २०६३ आषाढ मसान्तमा चलनचल्तीमा रहेका कुल नोटहरुमध्ये मूल्यको आधारमा रु. १,०००।- दरका नोटहरुको हिस्सा ६४.६ प्रतिशत, रु ५००।- दरका नोटहरुको २३.७ प्रतिशत, रु १००।- दरका नोटहरुको ५.७ प्रतिशत र रु ५०।- दरका नोटहरुको हिस्सा २.० प्रतिशत रहेको छ । यसैगरी रु १०।- र रु २०।- दरका नोटहरुको क्रमशः १.१ र १.३ प्रतिशत, रु ५।- दरका नोटहरुको ०.८ प्रतिशत, रु २।- रु २५।- र रु १।- दरका नोटहरु प्रत्येकको ०.२ प्रतिशत र रु २५०।- दरका नोटहरुको ०.१ प्रतिशत हिस्सा रहेको छ ।

**2:114** २०६३ आषाढ मसान्तमा चलनचल्तिमा रहेका कुल नोटहरुमध्ये संख्याको आधारमा रु. १।- दरका नोटहरुको अंश २३.५ प्रतिशत, रु ५।- दरका नोटहरुको १७.८ प्रतिशत, रु २।- दरका नोटहरुको १३.८ प्रतिशत र रु १०।- दरका नोटहरुको हिस्सा १२.७ प्रतिशत रहेको छ । यसैगरी रु १,०००।- दरका नोटहरुको ७.४ प्रतिशत, रु २०।- दरका नोटहरुको ७.२ प्रतिशत, रु १००।- दरका नोटहरुको अंश ६.६ प्रतिशत, रु ५००।- दरका नोटहरुको ५.५ प्रतिशत, रु ५०।- दरका नोटहरुको

४.७ प्रतिशत र रु २५।- दरका नोटहरुको अंश ०.७ प्रतिशत रहेको छ। रु २५०।- दरका नोटहरुले नगण्य अंश मात्र ओगटेका छन्।

2.115 नोटको सुरक्षण बापत राखिएको सम्पत्तिमध्ये २०६३ आषाढ मसान्तसम्ममा विदेशी मुद्रा र सिक्युरिटी ९५.१ प्रतिशत तथा नेपाल सरकारको सेक्यूरिटीको अंश ४.९ प्रतिशत रहेको छ (तालिका २.३)।

2.116 आर्थिक वर्ष २०६२।६३ को अन्तसम्ममा तोडा चलानबाट नेपाल राष्ट्र बैंकका विभिन्न कार्यालयमा रु ७ अर्ब ८६ करोड ७० लाख जम्मा भयो भने उक्त कार्यालयहरुबाट रु २२ अर्ब ७७ करोड २० लाख अन्यत्र पठाइयो। सोही अवधिमा राष्ट्रिय वाणिज्य बैंकका विभिन्न शाखाहरुमा नेपाल राष्ट्र बैंकबाट रु १३ अर्ब ४९ करोड ७० लाख जम्मा भयो भने उक्त बैंकका शाखाहरुबाट रु ७४ करोड ३० लाख नेपाल राष्ट्र बैंकमा जम्मा भयो। त्यसैगरी, नेपाल बैंक लिमिटेडका विभिन्न शाखाहरुमा नेपाल राष्ट्र बैंकबाट रु ६ अर्ब ९५ करोड २० लाख जम्मा भयो भने उक्त बैंकका शाखाहरुबाट नेपाल राष्ट्र बैंकमा रु २४ करोड ७० लाख जम्मा भयो।

2.117 समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग, सातवटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका ४३ वटा शाखा कार्यालयहरु तथा नेपाल बैंक लिमिटेडका २३ शाखाहरुमा रहेका नोटकोषहरुबाट नोटकोष कारोवार भयो।

2.118 समीक्षा वर्षमा मुद्रा व्यवस्थापन विभाग र नेपाल राष्ट्र बैंकका अन्य कार्यालयहरुमा गरी कुल रु १ खर्ब १५ अर्ब ३० करोड ८० लाख बराबरका विभिन्न दरका झुत्रा र खोटा नोटहरु जलाइयो।

2.119 समीक्षा वर्षमा सातहजार २७३ थान स्मारिका सिक्का तथा २२, ३४४ थान पदक आयात वा उत्पादन गरियो।

2.120 समीक्षा वर्षमा ५० ग्रामको चक्की र विभिन्न तौलका असर्फी स्मारिका सिक्का, पदक बनाई १,२३७ किलोग्राम ७०९ ग्राम ६०० मिलिग्राम सुन बिक्री गरिएको छ। यसैगरी २०८ किलोग्राम १६३ ग्राम ६०० मिलिग्राम चाँदी खरीद गरिएको छ भने १,४७८ किलोग्राम ५५७ ग्राम ९७७ मिलिग्राम चाँदी र ४,६६७ किलोग्राम ३३२ ग्राम अन्य धातु बिक्री गरिएको छ।

# नेपाल राष्ट्र बैंकका अन्य कामकाजको विवरण

## संस्थागत सुधार

2.121 अन्य मुलुकका केन्द्रीय बैंकहरुले "रणनीतिक योजना" तर्जुमा गरी सोही बमोजिम आफ्नो जिम्मेवारी प्रभावकारी ढङ्गले सञ्चालन गरे अनुरुप नेपाल राष्ट्र बैंकको काम कारबाहीहरुलाई वैज्ञानिक, व्यवस्थित, कुशल, प्रभावकारी, पारदर्शी एवं जवाफदेहीपूर्ण ढङ्गबाट सम्पन्न गरी अधिकतम उत्पादकत्व प्राप्त गर्नको लागि पाँच वर्षीय रणनीतिक योजना (२००६–२०१०) कार्यान्वयमा ल्याइएको छ। नेपाल राष्ट्र बैंकको उक्त रणनीतिक योजनामा आगामी ५ वर्षको Vision, Mission, Objectives, Strategies, Actions / Performance Monitoring Indicators स्पष्ट रुपमा उल्लेख गरिएका छन्।

बक्स २.१

**Vision, Mission, Core Values, Strategic Objectives and Strategic Guidelines**

***Vision:***

*A modern, dynamic, credible and effective Central Bank.*

***Mission***

*Maintaining macro-economic stability through sound and effective monetary, foreign exchange, and financial sector policies.*

***Core Values (CREATE)***

*C = Credibility*
*R = Responsibility*
*E = Efficiency*
*A = Accountability*
*T = Transparency*
*E = Effectiveness*

***Strategic Objectives***

*Formulate necessary monetary and foreign exchange policies in order to maintain price and balance of payments stability for sustainable development of the economy and managing it;*
*Promote financial stability and ensure adequate liquidity in the banking and financial system;*
*Develop a secure, healthy and efficient currency management and payments system;*
*Regulate, inspect, supervise and monitor the banking and financial system, and*
*Promote and develop the overall banking and financial system, and enhance accessibility and its public credibility.*

***Strategic Guidelines***

*Develop long-term vision of the Bank and implement it through medium-term and annual strategic plans;*
*Formulate and implement sound and effective monetary, foreign exchange, and financial sector policies;*
*Formulate and implement sound, efficient, and effective regulatory and supervisory system to make financial system healthy and stable;*
*Reengineer the organizational structure of the Bank;*
*Formulate and implement strategic human resource planning and development;*
*Develop and implement management information system;*
*Automate and modernize payments and settlement system of the country.*

***2:122*** नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा परिलक्षित उद्देश्य प्राप्तीको लागि बैंकको कार्यकुशलतामा अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंकको पुनरसंरचना सम्बन्धी कार्यलाई निरन्तरता दिई समयसापेक्ष रुपमा परिमार्जन गर्दै जाने क्रममा आर्थिक वर्ष २०६२।६३ मा विविध अध्ययन प्रतिवेदनहरु तयार गरिएका छन्। कार्यान्वयन तहमा रहेका अध्ययन प्रतिवेदनहरुमध्ये राष्ट्र ऋण व्यवस्थापन विभागको विभागीय कार्य सरलीकरण गर्ने एवं हिसाव मिलान कार्य प्रभावकारी बनाउनेसम्बन्धी, (ख) जनसम्पर्क महाशाखाको संरचनागत सुधार सम्बन्धी र (ग) विदेशी विनिमय व्यवस्थापन विभागको संरचनागत सुधार सम्बन्धी विशेष अध्ययन प्रमुख रहेका छन्।

## आन्तरिक लेखापरीक्षण

***2:123*** आर्थिक वर्ष २०६२।६३ मा ११ वटा विभाग वा कार्यालयको नियमित स्थलगत लेखापरीक्षण र छवटा विभागहरुको विशेष लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ। विशेष लेखापरीक्षण गरिएका विभागहरुमा अनुसन्धान विभाग, संस्थागत योजना विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, सामान्य सेवा विभाग (निर्माण) र बैकिङ्ग प्रवर्द्धन समिति रहेका छन्। Risk Based Audit Approach अपनाउनको लागि मुद्रा व्यवस्थापन विभाग, टक्सार विभाग र बैकिङ कार्यालयको Audit Framework तयार गरी सोही अनुरुप लेखापरीक्षण गर्न सुरुवात गरिएको छ।

***2:124*** आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपर आवश्यकता अनुसार लेखापरीक्षण समितिमा विस्तृत छलफल गरी नीतिगत व्यवस्थाका लागि सम्बन्धित निकायमा पठाउने गरिएको छ। समितिबाट

निर्णय भएका मुख्य बुँदाहरु बारे सञ्चालक समितिलाई जानकारी गराउने उद्देश्यले लेखापरीक्षण समितिको प्रतिवेदन सञ्चालक समिति समक्ष पेश गरिएको छ।

**2:125** बैंकका कार्यहरुमा निहित जोखिमको आधारमा लेखापरीक्षण कार्य गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषका वित्तीय परामर्शदाताले दिएको तालिम र निजबाट उपलब्ध गराइएको सुझावहरुअनुसार लेखापरीक्षण समितिको बैठकमा पेश हुने प्रस्ताव परिमार्जन गरिएको छ। साथै, आन्तरिक लेखापरीक्षण टोली खटाउंदा लेखापरीक्षण गरिने विभाग/कार्यालयको मुख्य मुख्य कामहरु, लेखापरीक्षणको उद्देश्य, लेखापरीक्षण गर्ने क्षेत्रहरु, टोलीमा जाने कर्मचारीहरु र कार्य अवधि स्पष्ट रुपमा खुलाई सम्बन्धित विभाग/कार्यालय र टोलीका सदस्यहरुलाई Letter of Engagement उपलब्ध गराउने गरिएको छ।

## चौथो पारिवारिक बजेट सर्भेक्षण आयोजना

**2:126** देशको समग्र मुल्यस्थितिको प्रतिनिधिमुलक राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क निर्माण गर्ने, नेपाली घर परिवारको आम्दानी तथा खर्च पत्ता लगाई विश्लेषण गर्ने, आर्थिक, सामाजिक परिसूचकहरु पत्ता लगाउने लगायतका उद्देश्यहरु पूरा गर्नकालागि नेपाल राष्ट्र बैंकले २०६२ मार्ग १ गतेदेखि छनौटमा परेका घर परिवारबाट स्थलगत रुपमा घर परिवारको आम्दानी, खर्च लगायतका अन्य तथ्याङ्क संकलन गर्ने कार्य गरिरहेको छ। नेपाल राष्ट्र बैंकले पहिलो पारिवारिक बजेट सर्भेक्षण २०३०-३२ मा, दोस्रो २०४१-४२ मा र तेस्रो २०५२।५३ मा सम्पन्न गरेको थियो। चौथो पारिवारिक बजेट सर्भेक्षणकालागि नेपाल अधिराज्यका सम्पूर्ण नगरपालिकाहरु, ३२ वटा जिल्ला सदरमुकामहरु (नगरपालिका नभएका सबै जिल्ला सदरमुकामहरु) र ४३ वटा ग्रामीण (शहरोन्मुख) बजार केन्द्रहरु गरी कूल १३३ वटा बजार केन्द्रहरुलाई समेटिएको छ। Multi-stage Stratified Random Sampling को प्रयोग गरी ५२ वटा बजार केन्द्रहरु र ५,०९५ घर परिवारको छनौट गरी छनौटमा परेका घर परिवारबाट तथ्याङ्क संकलन गर्ने कार्य सुचारु रुपले अगाडि बढी रहेको छ। तथ्याङ्क संकलन गर्ने कार्य २०६३ कार्तिक मसान्तसम्ममा सम्पन्न गर्ने कार्यक्रम रहेको छ।

**तालिका २(घ) चौथो पारिवारिक बजेट सर्भेक्षणका लागि छनौटमा परेका बजार केन्द्र र घरधुरी संख्या**

| विकास क्षेत्र | बजार केन्द्र संख्या | | | घरधुरी संख्या | | |
|---|---|---|---|---|---|---|
| | शहरी | ग्रामीण | जम्मा | शहरी | ग्रामीण | जम्मा |
| पूर्वाञ्चल | ५ | ८ | १३ | ५०० | ८८० | १३८० |
| मध्यमाञ्चल (काठमाण्डौं उपत्यका वाहेक) | ५ | ५ | १० | ४५५ | ४१० | ८६५ |
| काठमाण्डौं उपत्यका | ४ | ४ | ८ | ९२ | २३५ | ११५५ |
| पश्चिमाञ्चल | ५ | ६ | ११ | ४२५ | ४६० | ८८५ |
| मध्य- पश्चिमाञ्चल | २ | ५ | ७ | १३५ | ४५० | ५८५ |
| सुदूर - पश्चिमाञ्चल | ३ | - | ३ | २२५ | - | २२५ |
| **जम्मा** | २४ | २८ | ५२ | २६६० | २४३५ | ५०९५ |

**2:127** हाल सञ्चालनमा रहेको पारिवारिक बजेट सर्भेक्षणले मुद्रास्फीति मापनका लागि आवश्यक पर्ने राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कका लागि आवश्यक पर्ने वस्तु पहिचानका अलावा घर परिवारको आम्दानी र खर्च लगायत विप्रेषण सम्बन्धी विवरण, भारतीय रुपैयाँको कारोवार, सँस्थागत र निजी क्षेत्रबाट प्रवाहित कर्जाको संरचना र व्याजदर समेतका सूचना तथा जानकारी लिने प्रयास गरेको छ।

**2:128** नेपालमा उपभोक्ता मूल्य सूचकाङ्कको आधारमा मुद्रास्फीतिको मापन गरिन्छ। विद्यमान शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्कको वस्तु डालो र भार विभाजन आर्थिक वर्ष २०५२।५३ मा सम्पन्न गरिएको तेस्रो पारिवारिक बजेट सर्भेक्षणको आधारमा तय गरिएको हो। मूल्य सूचकाङ्क एक संवेदनशील विषय भएकाले यसको बनौट र आधारहरुले देशको अर्थ व्यवस्था र

उपभोक्ताहरुको खर्च तथा उपभोग गर्ने बानीसँग तादत्म्यता राख्नु अपरिहार्य हुन जान्छ। तेस्रो पारिवारिक बजेट सर्भेक्षण पछिको १० वर्षको अवधिमा अर्थतन्त्रको संरचना, बजार व्यवस्था, व्यापारिक रणनीति, शहरोन्मुख ग्रामीण क्षेत्रहरुमा बजारको विकास, उपभोक्ताहरुको उपभोग गर्ने बानी तथा खर्च प्रणालीमा व्यापक परिवर्तनको साथै बजारमा नयाँ नयाँ वस्तु तथा सेवाको प्रवेश र पूरानो वस्तु तथा सेवा लोप हुने प्रवृत्ति बढ्दै गएको परिप्रेक्ष्यमा विद्यमान उपभोक्ता मूल्य सूचकाङ्कको दायरा फराकिलो पारी यसमा समसामयिक सुधार गर्ने प्रमुख उद्देश्यका साथ पारिवारिक बजेट सर्भेक्षण सम्बन्धी कार्यलाई अगाडि बढाइएको छ।

## जनशक्ति व्यवस्थापन

*2.129* जनशक्ति व्यवस्थापन अन्तर्गत बैंकमा समयानूकूल वर्तमान तथा भावी चुनौतीहरुको सामना गर्न सक्ने जनशक्ति तयार गर्ने सन्दर्भमा यस वर्ष पनि बैंकमा आधुनिक ज्ञान, सीप र दक्षतायुक्त कर्मचारीहरुलाई प्रवेश गराई बैंकलाई वर्तमान तथा भावी चुनौतीहरुको कुशलतापूर्वक सामना गर्न सक्षम बनाउने सिलसिलामा अधिकृत तृतीय तहमा १७ जना युवा पुस्ताका कर्मचारीहरुलाई बैंक सेवामा लिईएको छ। बैंकको आन्तरिक सुरक्षा व्यवस्थालाई अझ बढी चुस्त दुरुस्त राख्नको लागि १२ जना सुरक्षाकर्मीहरुलाई करारमा लिईएको छ।

*2.130* नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ श्रावणदेखि लागू भई २०६३ बैशाख २७ गते पहिलो संशोधन समेत भइसकेको छ। उक्त विनियमावली अनुसार कर्मचारीहरुको अधिकतम सेवा अवधि ३० वर्ष वा ५८ वर्षको उमेरसम्म मात्र बैंक सेवामा रहन पाउने व्यवस्था भएकोले यस व्यवस्था अनुसार २०६३ आषाढ मसान्तसम्ममा सबै तहका गरी जम्मा ३० जना कर्मचारीहरुले अवकाश प्राप्त गरिसकेका छन। सोही विनियमावलीले व्यवस्था गरे अनुसार बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गरेका, राजीनामा दिएका, मृत्यू भएका, सेवाबाट हटाईएका र बैंकमा नयाँ प्रवेश पाएका कर्मचारीहरुको संख्या तलको तालिकामा दिईएको छ।

**तालिका २ (ङ) : बैंक सेवाबाट वहिर्गमन**

| स्तर | वहिर्गमनको कारण | | | |
|---|---|---|---|---|
| | अनिवार्य अवकाश | राजिनामा | हटाईएका | मृत्यु |
| **अधिकृत स्तर** | ११ | ४ | ० | ० |
| अधिकृत विशिष्ट | ३ | | | |
| अधिकृत प्रथम | १ | | | |
| अधिकृत द्वितीय | ३ | ३ | | |
| अधिकृत तृतीय | ४ | १ | | |
| **सहायक स्तर** | ५ | ३ | ४ | ३ |
| सहायक प्रथम | २ | ३ | २ | |
| सहायक द्वितीय | २ | | १ | |
| सहायक तृतीय | ० | | १ | १ |
| सहायक चतुर्थ | १ | | | २ |
| सहायक पंचम | ० | | | |
| **कुल संख्या** | १६ | ७ | ४ | ३ |

*2.131* उपरोक्त अनुसार विनियमावलीले व्यवस्था गरे वमोजिम अनिवार्य अवकाश प्राप्त गरेका र बैंक सेवामा नयां प्रवेश पाएका, सेवाबाट हटाईएका, राजीनामा दिएका र मृत्यु भएका कर्मचारीहरुको गणना गर्दा २०६३ आषाढ मसान्तसम्ममा बैंकमा जम्मा १,५५६ जना स्थायी कर्मचारीहरु कार्यरत रहेका छन। जसमा अधिकृत स्तरका ४२९ र सहायक स्तरका १,१२७ जना कर्मचारीहरु कार्यरत

रहेको हुँदा अधिकृत/सहायक स्तरका स्थायी कर्मचारीहरुको अनुपात १:२.६३ कायम हुन आएको छ ।

**2.132** बैंकमा कार्यरत कर्मचारीहरुको सुविधा र हितलाई ध्यानमा राख्दै देहाय अनुसार विभिन्न नीतिगत व्यवस्थाहरु गरिएका छन :

(क) बैंकका कर्मचारीहरुका परिवारलाई आँखा उपचार गराउनका लागि आँखा अस्पताल, त्रिपुरेश्वरमा दैनिक एक शैया आरक्षणको व्यवस्था गरिएको छ ।

(ख) विभागीय प्रमुखहरुलाई प्रदान गरिएको मोवाइल सुविधामा अघिल्लो व्यवस्थामा न्युनतम मासिक महशूल मात्र बैंकले ब्यहोर्ने गरिएकोमा न्युनतम मासिक महशूलको अतिरिक्त थप एक हजार रुपैयाँ बैंकले ब्यहोर्ने नयाँ व्यवस्था गरिएको छ ।

(ग) कर्मचारीहरुको तलवमा २० प्रतिशतले वृद्धि गरिनुका साथै औषधि सुविधामा परिमार्जन, दैनिक भत्तामा ५० प्रतिशतले वृद्धि गरिएको र कर्मचारी सुरक्षण कोषको ब्यवस्था गरिनुका साथै कर्मचारी कल्याणकारी संचय कोषमा जम्मा रहेको प्रत्येक कर्मचारीको एकलाख रुपैयाँ सम्वन्धित कर्मचारीहरुलाई नै फिर्ता गरिएको छ ।

(घ) कर्मचारीहरुलाई प्रदान गरिदै आएको औषधि सुविधामा समायोजन गरिनुका साथै सवै तहका गरी जम्मा ७६४ जना कर्मचारीहरुको ग्रेड मिलान गरिएको छ ।

(ङ) घर जग्गा तथा घर मर्मत सापटीको सीमाङ्क रकममा २०६३ श्रावण १ देखि लागू हुने गरी शतप्रतिशतले वृद्धि गरिएको छ ।

(च) सहायक तृतीय र सो भन्दा मुनिका पदहरुको विद्यमान तलवको शुरु स्केलमा एकसय रुपैयाँ वृद्धि गरी २०६३ वैशाख १ देखि लागू हूने गरी नयाँ तलवमान निर्धारण गरिएको छ ।

(छ) विद्यमान काउण्टर भत्ता/जिम्मेवारी वहन भत्तामा २०६३ वैशाख १ देखि लागू हुने गरी शतप्रतिशतले वृद्धि गरिएको छ ।

(ज) तह अनुसार निर्धारित विद्यमान अस्थानीय भत्तामा २०६३ वैशाख १ देखि लागू हुने गरी शतप्रतिशतले वृद्धि गरिएको छ ।

**2.133** आर्थिक वर्ष २०६२।६३ भित्र २०६१ चैत्र मसान्तसम्ममा रिक्त रहेका पदहरुमध्ये ६१ पदहरु आन्तरिक बढुवाद्वारा पूर्ति गरिएको छ । सोही अवधिमा रिक्त रहेका विभिन्न पदहरुमध्ये ४ पदहरु आन्तरिक प्रतियोगितात्मक प्रतियोगिताद्वारा पूर्ति गर्ने प्रकृया थालिएकोमा उक्त पदहरुको लिखित परिक्षा लिने कार्य सम्पन्न भई सकेको छ । आर्थिक वर्ष २०६२।६३ मा पदपूर्ति सम्बन्धी सम्पन्न गरिएका कामहरुको विवरण देहाय बमोजिम रहेको छः

**तालिका २ (च) : पदपूर्ति**

| सि.नं | पद | सेवा | खुला प्रतियोगिताबाट | मूल्याङ्कन बढुवाबाट | आन्तरिक प्रतियोगिताबाट |
|---|---|---|---|---|---|
| १ | अधिकृत विशिष्ठ | साधारण | - | ४ | - |
| २ | अधिकृत प्रथम | साधारण | - | १ | १ |
| ३ | अधिकृत द्वितीय | साधारण | - | ३ | १ |
| ४ | अधिकृत तृतीय | साधारण | १७ | १ | १ |
| ५ | सहायक खजाञ्ची (अधिकृत तृतीय) | नगद | - | २ | १ |
| ६ | प्रधान नगद सहायक (सहायक प्रथम) | नगद | - | ५० | - |
| जम्मा | | | १७ | ६१ | ४ |

## सूचना प्रविधि

**2.134** बैंकका विभिन्न विभागहरुको कार्यलाई यान्त्रिकीकरण गर्नको लागि आवश्यक पर्ने नयाँ सफ्टवेयर विकास तथा पहिले तयार गरिएको सफ्टवेयरहरुको आवश्यक सुधार गर्ने क्रममा आर्थिक वर्ष २०६२।६३ मा निम्नानुसारका कार्यहरु सम्पादन गरिएका छन्:

(क) बैंकिङ्ग कार्यालय तथा जिल्ला स्थित कार्यालयहरुको प्रयोगमा रहेको Banking Software मा नेपाल सरकारले नयाँ व्यवस्था गरे अनुसार राजश्व तथा सरकारी कारोबार सम्बन्धी कार्यहरुका लागि बैंकिङ्ग सफ्टवेयरमा आवश्यक सुधार गरिएको छ।

(ख) Central Account Software मा आवश्यक Report हरु थप गरी सुधार गरिएको छ।

(ग) Currency Management System Software मा आवश्यक Report हरु थप गरी सुधार गरिएको छ।

(घ) BOP Trade तथा Current Software मा आवश्यक Report हरु थप गरी सुधार गरिएको छ।

(ङ) Personnel Record System Software मा केही Report हरु थप गरी आवश्यक सुधार गरिएको छ।

(च) बैंक सुपरिवेक्षण विभागमा बैंकहरुबाट प्राप्त हुने विभिन्न किसिमका विवरणहरु कम्प्युटरको माध्यमबाट प्राप्त गरी प्रशोधन गर्न प्रयोगमा रहेको सफ्टवेयरमा आवश्यक सुधार गरिएको छ।

(छ) बैंकिङ्ग कार्यालयका लागि Banking Cash Software तयार गरिएको छ।

(ज) Consumer Price Index software मा आवश्यकतानुसार सुधार गरिएको छ।

(झ) जनशक्ति व्यवस्थापन विभागको पर्शनल फाँटको लागि Document Management सम्बन्धी System अध्ययन गरिएको छ।

(ञ) विदेशी विनिमय विभागको लगानी शाखाको लागि आवश्यक सफ्टवेयर आंशिक रुपमा तयार गरिएको छ।

**2:135** केन्द्रीय कार्यालयमा रहेको इन्टरनेट सुविधालाई अझ प्रभावकारी बनाई बैंकको थापाथली स्थित कार्यालयहरुमा समेत सो सेवा विस्तार गर्ने उद्देश्य अनुरुप केन्द्रीय कार्यालयमा भि-स्याट जडान गर्नका लागि सम्भाव्यता अध्ययन गरी सोको लागि आवश्यक Specification समेत तयार गरिएको छ। यसै गरी इन्टरनेट तथा संस्थागत इमेलको प्रयोगमा विस्तार गर्ने उद्देश्यका साथ E1 line को व्यवस्थाको लागि आवश्यक कार्य गरिएको र सो लाइन सञ्चालनको अन्तिम चरणमा रहेको छ। इन्टरनेट तथा इमेल सेवाको क्षमता विस्तार गर्न आवश्यक प्रोक्सी सर्भर तथा इमेल सर्भर नयाँ प्राप्त गरी आवश्यक Configuration का साथ नयाँ सर्भरहरु प्रयोगमा ल्याइएको र बैंकको आन्तरिक प्रयोजनका लागि इन्ट्रानेट प्रणाली तयार गरी सञ्चालनमा ल्याइएको छ। साथै बैंकमा रहेको केन्द्रीय सर्भर कक्ष तथा कम्प्यूटर कक्षलाई आधुनिकीकरण गरिएको छ।

**2:136** बैंकमा प्रयोगमा रहेको नेटवर्क Backbone लाई Fiber Optics Cable ले प्रतिस्थापन गरी नेटवर्क Backbone को क्षमता विस्तार गरिनुका साथै केन्द्रीय कार्यालयमा नेटवर्क विस्तार गरिएको छ।

## प्रशिक्षण, गोष्ठी, सेमिनार, भ्रमण तथा अन्तरक्रिया

**2:137** आर्थिक वर्ष २०६२।६३ मा बैंकर्स प्रशिक्षण केन्द्रबाट अधिकृत स्तरीय १२ वटा र सहायक स्तरीय ११ वटा गरी जम्मा २३ वटा तालिम तथा गोष्ठीहरु धुलिखेल, काठमाण्डौं, विराटनगर, सिद्धार्थनगर र पोखरामा सञ्चालन गरिएका छन्। उक्त तालिम कार्यक्रमहरुमा नेपाल राष्ट्र बैंकका ३०९ र अन्य संस्थाहरुका १५५ गरी जम्मा ४६४ जना सहभागी भएका थिए। सहभागीहरु मध्ये अधिकृत स्तरका २३५ र सहायक स्तरका २२९ जना थिए।

**2:138** उक्त तालिम कार्यक्रमहरुमा सञ्चालित कुल ४७० सत्र मध्ये २९२ सत्रका स्रोत व्यक्ति नेपाल राष्ट्र बैंकबाट र बाँकी सत्रका स्रोत व्यक्ति वाह्य स्रोतबाट लिइएको थियो।

**2:139** आर्थिक वर्ष २०६२।६३ मा विभिन्न कार्यक्रमहरुमा जम्मा ६३० जना कर्मचारीहरुलाई स्वदेशी तथा विदेशमा तालिम तथा अध्ययन भ्रमणमा पठाईयो। जसमा वैदेशिक तालिम तथा अध्ययन भ्रमणमा जम्मा २१७ जना कर्मचारीहरुलाई र ४१३ जना कर्मचारीहरुलाई देशभित्र तालिम प्रदान गरिएको छ।

**2:140** बैंकका जिल्लास्थित कार्यालयहरुमा गठन भएका Computer Operation Core Group (COCG) लाई सुदृढीकरण गर्न ICT Infrastructure in NRB, Operating Systems, Banking System, Hardware and Troubleshooting, Utility S/W, Network, Client Server Concepts & Internet and Email आदि विषयवस्तु समावेश गरिएको कम्प्युटर तालीम जिल्लास्थित सबै कार्यालयमा सञ्चालन गरी ८० जना अधिकृत तथा कर्मचारीहरुलाई प्रशिक्षण दिईएको छ ।

**2:141** बैंकका अधिकृत स्तरीय कर्मचारीहरुले दैनिक रुपमा विभिन्न प्रकारका तथ्याङ्क विश्लेषणको कार्य गर्नु पर्ने सन्दर्भमा Database Design गर्ने, Input Format हरु तयार गर्ने, तथ्याङ्कलाई व्यवस्थित ढङ्गले Store गर्ने, Store गरिएका तथ्याङ्कको आवश्यक प्रशोधन तथा विश्लेषण गरी विभिन्न प्रकारका रिपोर्टहरु तयार गर्ने कार्यमा मद्दत पुऱ्याउनका लागि विभिन्न विभागका १२ जना अधिकृत कर्मचारीहरुलाई आठदिने MS Access तालिम प्रदान गरिएको छ ।

**2:142** बैंकमा प्रयोगमा रहेका सफ्टवेयरहरुका विषयमा आन्तरिक लेखापरीक्षण विभागका अधिकृत तथा कर्मचारीहरुलाई परिचित गराउने उद्देश्यले उल्लेखित समयावधिमा आन्तरिक लेखा परीक्षण विभागका १२ जना कर्मचारीहरुलाई बैंकिङ्ग कार्यालय, थापाथलीमा प्रयोगमा रहेको BANKSYS सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

**2:143** नेपालको बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिको भूमिका महत्वपूर्ण रहे अनुरुप नेपालका वाणिज्य बैंकहरुमा सूचना प्रविधिको प्रयोगको वर्तमान अवस्था, नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरुका बीच विद्यमान Electronic Data Communication Mechanism लाई प्रभावकारी वनाउने कार्यमा देखिएका समस्या, वाणिज्य बैंकहरुको विद्यमान IT Platform, Security System का अतिरिक्त Compliance Reporting का लागि उनीहरुको Functionality Requirement from NRB IT Services आदि लगायतका विविध विषयहरुमा छलफल गर्ने उद्देश्यले सबै वाणिज्य बैंकहरुका सूचना प्रविधि विभागका प्रमुखहरु, ने.रा.बैंकका सूचना प्रविधि विभागका अधिकृतहरु, ने.रा.बैंकका अन्य सम्बन्धित विभागका वरिष्ठ अधिकृतहरु महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधिको सहभागितामा IT Plateform and security विषयमा एउटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

**2:144** २०६२ श्रावणदेखि २०६३ आषाढ मसान्तसम्म यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई नेपाल राष्ट्र बैंकमा मासिक, त्रयमासिक, अर्धवाषिक तथा वार्षिक रुपमा भरी पठाउनु पर्ने फारमहरुको बारेमा थप अवगत गराउन क वर्गका संस्थाको लागि एक, ख वर्गका संस्थाको लागि एउटा र ग वर्गका संस्थाको लागि दुईवटा गरी जम्मा चारवटा गोष्ठीहरु काठमाडौंमा सञ्चालन गरिएको छ ।

**2:145** OSFI, IAG Canada को प्राविधिक सहयोगमा २०६२ फाल्गुण २२ गतेदेखि २०६२ फाल्गुण २५ गतेसम्म Banking Supervision सम्बन्धी तीन दिने सेमिनार आयोजना गरियो । उक्त सेमिनारमा नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकका ३३ जना अधिकृतहरुको सहभागिता रहेको थियो ।

**2:146** २०६३ जेष्ठ ३ गते वाणिज्य बैंकहरुका आन्तरिक लेखापरीक्षकहरुसंग एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा ६२ जनाको सहभागिता रहेको थियो ।

**2:147** बैंक तथा वित्तीय संस्था नियमन विभागको सहयोगमा २०६३ असार २६ गते Basel -II Implementation and Draft Capital Adequacy Framework शीर्षकमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त अन्तरक्रियामा नेपाल राष्ट्र बैंक तथा वाणिज्य बैंकहरुका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

**2:148** Asia Pacific Rural and Agricultural Credit Association–APRACA र यस बैंकको संयुक्त आयोजनामा २०६३ जेष्ठ २२ गते देखि २६ गते सम्म भारत, थाईलैण्ड, फिलिपिन्सका पाँच जनाको सहभागितामा Study Visit on Highland Project विषयक Study Visit कार्यक्रम सम्पन्न भयो । काठमाण्डौ र धुलिखेलमा सम्पन्न भएको उक्त Study Visit कार्यक्रममा काठमाण्डौमा महिला आदर्श सेवा केन्द्र तथा साना किसान विकास बैंकको र धुलिखेलमा मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेडको अध्ययन गराइएको थियो ।

**2:149** आयात/निर्यात व्यवसायमा संलग्न स्थानीय उद्योगपति एवं व्यापारी तथा वाणिज्य बैंक र मनिचेञ्जर फर्म/कम्पनीहरुको सहभागितामा सिद्धार्थनगर र पोखरामा एक/एक दिने विदेशी विनिमय व्यवस्थापन विषयक गोष्ठी सम्पन्न गरियो ।

**2:150** नेपाल राष्ट्र बैंकको संयोजकत्वमा एसियन क्लियरिङ्ग युनियनका सदस्य राष्ट्रहरुका केन्द्रीय बैक तथा मौद्रिक अधिकारीका गभर्नर एवं प्रतिनिधि सम्मिलित एशियन क्लियरिङ्ग युनियनको ३५औं बोर्ड अफ डाईरेक्टरको बैठक २०६३ जेठ ८ र ९ गते काठमाडौंमा सम्पन्न गरिएको थियो । उक्त बैठकको छलफलको प्रमुख विषय Real Time Gross Settlement System (RTGS) रहेको थियो । सहभागीहरुबाट प्रविधिको प्रयोग गरी बैकिङ्ग क्षमतामा अभिवृद्धि गर्न तथा एसियन क्लियरिङ्ग युनियनको समाशोधन कार्यलाई अझ चुस्त बनाउने क्रममा आइपरेका व्यवधानहरुलाई हटाउनु पर्ने सम्बन्धमा जोड दिईएको थियो । सहभागी प्रतिनिधिहरुबाट आ-आफ्नो देशको आर्थिक स्थिति पेश गर्नुका साथै विविध विषयमा आ-आफ्नो दृष्टिकोण तथा अनुभव समेत आदानप्रदान भएको थियो । साथै, बैठकबाट बङ्गलादेश बैंकका गभर्नरलाई चेयरमन तथा मनिटरी अथरिटि अफ भुटानका मेनेजिङ्ग डाईरेक्टरलाई भाईस-चेयरमन चुन्नुका साथै आगामी बैठक २००७ मा बङ्गलादेशमा गर्ने निर्णय गरियो ।

**2:151** सर्वसाधारण, संघ संस्था तथा बजार निर्माताहरुलाई सरकारी ऋणपत्रसम्बन्धी जानकारी गराउने उद्देश्यले आर्थिक वर्ष २०६२।६३ मा यस बैंकको उपत्यका तथा जिल्ला स्थित कार्यालयहरुमा राष्ट्र ऋण व्यवस्थापन तथा सरकारी ऋणपत्र कारोवारसम्बन्धी काठमाण्डौं, विराटनगर र सिद्धार्थनगरमा अन्तरक्रिया कार्यक्रम तथा दीर्घकालीन ऋणपत्रको बोलकवोल तथा दोस्रो बजार प्रक्रियाबारे बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुको लागि काठमाण्डौंमा वृहद अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

**2:152** आर्थिक वर्ष २०६२।६३ मा वित्तीय संस्थामा लेखापरीक्षकहरुको भूमिका बिषयक एकदिने कार्यशाला गोष्ठी, वित्तीय संस्थाका संचालकहरुको सहभागितामा Role of Directors in Financial Institutions बिषयक एकदिने कार्यशाला गोष्ठी, वित्त कम्पनी/विकास बैंकका अध्यक्ष/कार्यकारी प्रमुखहरुको सहभागितामा सुशासन बिषयक एकदिने कार्यशाला गोष्ठी, सुपरिवेक्षण निर्देशिका सम्बन्धी एकदिने दुईवटा गोष्ठी सम्पन्न भएका छन् ।

**2:153** वित्तीय क्षेत्रसँग सम्बन्धित विभिन्न संस्थाहरुलाई समावेश गरी विविध विषयहरुमा सेमिनार/कार्यशाला सम्पन्न गरिएको छ । त्यसैगरी आर्थिक पत्रकारहरुलाई क्षमता अभिवृद्धि गर्न तिनीहरुलाई आर्थिक पत्रकारिता सम्बन्धी ब्रिटिस काउन्सिल मार्फत तालिम प्रदान गरिएको छ ।

## प्रकाशन, प्रसारण

**2:154** बैंकका विभिन्न विभागहरुबाट नियमित रुपमा प्रकाशित हुने अनुसन्धानात्मक तथा तथ्याङ्कमुलक प्रकाशनहरु - Main Economic Indicators, Macroeconomic Indicators of Nepal, Quarterly Economic Bulletin, Economic Report, Economic Review, Banking and Financial Statistics, राष्ट्र ऋण खबरपत्र, नेपाल राष्ट्र बैंक समाचार, प्रशिक्षण र मिर्मिरे समीक्षा वर्षमा पनि प्रकाशित गरिए । यस बैंकले प्रत्येक महिना देशको वर्तमान आर्थिक स्थिति नेपाली र अंग्रेजीमा सर्वसाधारणको जानकारीको लागि प्रकाशिन गर्दै आएको छ । यसका अतिरिक्त यस बैंकले नीति निर्माणको लागि गर्ने आर्थिक अध्ययन वस्तुपरक होस् भन्ने उद्देश्यले अनुसन्धान विभागमा macroeconomic modeling unit (MMU) को स्थापना गरेको छ । अनुसन्धान विभागका गतिविधिहरुको सम्बन्धमा ताजा एवम् सही सूचना सम्प्रेषण गर्ने उद्देश्यले Research Newsletter नामक खबरपत्रको प्रकाशन पनि शुरु गरिएको छ ।

**2:155** बैंकिङ्ग प्रवर्द्धन समिति अन्तर्गत समीक्षा वर्षमा ५२ पटक बैंकिङ्ग कार्यक्रम नामक रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गरिएको छ । बैंकिङ्ग क्षेत्रसँग सम्बन्धित गतिविधि तथा अन्य जानकारी प्रचार प्रसार गर्न २०६२ कार्तिकदेखि २०६३ आषाढसम्म नेपाल टेलिभिजनबाट नौवटा र च्यानल नेपालवाट १८ वटा टेलिभिजन कार्यक्रमहरु प्रसारण गरिएको छ । समितिका सम्पूर्ण सदस्य बैंकहरुको सूचना तथा जानकारीलाई एकीकृत गर्ने उद्देश्यले स्थापित बैंकिङ्ग प्रवर्द्धन समितिको वेवसाइट सञ्चालनलाई निरन्तरता दिइएको छ ।

## अन्य कार्यहरु

**2:156** आर्थिक वर्ष २०६२।६३ मा जम्मा ३६ वटा बैंक तथा वित्तीय संस्थाहरुलाई सरकारी ऋणपत्रको कारोवार गर्न बजार निर्माताको रुपमा ईजाजत दिईएको थियो। यस्ता ईजाजत प्राप्त बजार निर्माताहरुमध्ये आर्थिक वर्ष २०६२।६३ मा सरकारी ऋणपत्रको कारोवारको आधारमा देहायका १० वटा बजार निर्माताहरुको स्थलगत निरीक्षण तथा अनुगमन गर्ने कार्य सम्पादन गरिएको छ :

(क) महालक्ष्मी फाइनान्स कम्पनी लिमिटेड, बीरगञ्ज

(ख) अन्नपूर्ण फाइनान्स कम्पनी लिमिटेड, पोखरा

(ग) ललितपुर फाइनान्स कम्पनी लिमिटेड, ललितपुर

(घ) मालिका विकास बैंक, धनगढी

(ङ) बुटवल फाइनान्स कम्पनी लिमिटेड, बुटवल

(च) ओम फाइनान्स कम्पनी लिमिटेड, पोखरा

(छ) गुडविल फाइनान्स कम्पनी लिमिटेड, डिल्लीबजार, काठमाडौ

(ज) नागरिक लगानी कोष, शेयर मार्केट्स कम्प्लेक्स, पुतलीसडक

(झ) पोखरा फाइनान्स कम्पनी लिमिटेड, पोखरा

(ञ) क्रिष्ट मर्चेन्ट एण्ड बैंकिङ्ग फाइनान्स कम्पनी लिमिटेड, काठमाडौ

**2:157** आर्थिक वर्ष २०६२।६३ मा काठमाडौं उपत्यका भित्रका ९३ वटा मनिचेञ्जर फर्म/कम्पनीको स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

**2:158** बैंकको आन्तरिक सुरक्षाको लागि रु १३ लाख ५९ हजारको लागतमा Close Circuit Televsion (CCTV) र सुरक्षा गेट जडान गरिएको छ। यसैगरी बैंकको आन्तरिक सञ्चार संयन्त्रलाई व्यवस्थित गर्न टेलिफोन एक्सचेञ्ज स्थानान्तरण तथा स्तरोन्नति कार्य सम्पन्न भएको छ।

## सञ्चालक समितिको बैठक

**2:159** आर्थिक वर्ष २०६२।६३ मा यस बैंकको सञ्चालक समितिको वैठक ३८ पटक बस्यो। अघिल्लो वर्ष यस्तो बैठक ३३ पटक बसेको थियो।

**तालिका २.१**

## बैंक तथा वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराईएको पुनर्कर्जाको बक्यौता विवरण

(रु. करोडमा)

| क्र.सं | संस्था | आर्थिक वर्ष २०६१।६२ | आर्थिक वर्ष २०६२।६३ |
|---|---|---|---|
| १. | वणिज्य बैंकहरु | २२.३ | ३२.९ |
| २. | कृषि विकास बैंक | २२.४ | ११.१ |
| ३. | नेपाल औद्योगिक विकास निगम | ७७.३ | ६१.९ |
| ४. | ग्रामीण विकास बैंकहरु | १.० | १.० |
| ५. | अन्य विकास बैंकहरु | ०.० | २.७ |
| | जम्मा | १२३.० | १०९.६ |

**तालिका २.२**

## चलनचल्तिमा रहेका विभिन्न दरका नोटहरु

(रु. करोडमा)

| दर | आषाढ मसान्त | | | | | |
|---|---|---|---|---|---|---|
| | २०६१ | | २०६२ | | २०६३ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | १७.८ | ०.३ | १७.७ | ०.२ | १७.३ | ०.२ |
| २ | २१.१ | ०.३ | २०.८ | ०.३ | २०.२ | ०.२ |
| ५ | ५१.८ | ०.८ | ५८.७ | ०.८ | ६५.४ | ०.८ |
| १० | ९२.२ | १.४ | ९२.२ | १.२ | ९३.५ | १.१ |
| २० | ७६.५ | १.१ | ९१.४ | १.२ | १०६.४ | १.३ |
| २५ | २१.५ | ०.३ | १५.४ | ०.२ | १२.९ | ०.२ |
| ५० | १३४.४ | २.० | १५०.३ | २.० | १७१.७ | २.० |
| १०० | ४३०.१ | ६.३ | ४५७.६ | ६.१ | ४८६.६ | ५.७ |
| २५० | ९.० | ०.१ | ८.७ | ०.१ | ८.४ | ०.१ |
| ५०० | १,६७५.९ | २४.६ | १,७३१.० | २३.२ | २,००९.४ | २३.७ |
| १००० | ४,२८४.७ | ६२.९ | ४,८०८.३ | ६४.५ | ५,४७१.१ | ६४.६ |
| जम्मा | ६,८१५.० | १०० | ७,४५२.० | १०० | ८,४६३.० | १००.० |

तालिका २.३

## नोटको सुरक्षण

(रु. करोडमा)

| आषाढ मसान्त | सुन | चाँदी | विदेशी मुद्रा र सिक्युरिटी | जम्मा (१+२+३) | सरकारको ऋणपत्रहरु | निष्कासित नोटको सुरक्षण* | जम्मा सुरक्षणमा विदेशी मुद्रा तथा सुन चाँदीको प्रतिशत (४÷६) × १०० |
|---|---|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (४) | (५) | (६) | (७) |
| २०६१ | ८३.२ | ४५.९ | ६,२६८.७ | ६,३९७.८ | ४१७.२ | ६,८१५.० | ९३.९ |
| २०६२ | ७०.३ | – | ६,९६४.६ | ७,०३४.९ | ४१७.२ | ७,४५२.० | ९४.४ |
| २०६३ | – | – | ८,०४५.८ | ८,०४५.८ | ४१७.२ | ८,४६३.० | ९५.१ |

तालिका २.४

## श्रेणी अनुसार दरबन्दी तथा बहालीमा रहेका कर्मचारीको संख्या

| | स्थायी | | | | अस्थायी/करार | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६२ आषाढ मसान्त | | २०६३ आषाढ मसान्त | | २०६२ आषाढ मसान्त | | २०६३ आषाढ मसान्त | | २०६२ आषाढ मसान्त | | २०६३ आषाढ मसान्त | |
| | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत |
| अधिकृत विशिष्ट | १७ | १० | १६ | ११ | | | | | १७ | १० | १६ | ११ |
| अधिकृत प्रथम | ४७ | ३५ | ३७ | ३३ | - | १ | - | १ | ४७ | ३६ | ३७ | ३४ |
| अधिकृत द्वीतिय | १३३ | ९५ | १०६ | ९३ | १ | २ | १ | ३ | १३४ | ९७ | १०७ | ९६ |
| अधिकृत तृतीय | ३०३ | २७९ | ३०७ | २९२ | १ | १ | १ | १ | ३०४ | २८० | ३०८ | २९३ |
| सहायक प्रथम | ७०० | ५८७ | ६६५ | ६०० | ० | १ | - | | ७०० | ५८८ | ६६५ | ६०० |
| सहायक द्वीतिय | २०६ | १२४ | ११९ | १०१ | २ | २ | २ | १ | २०८ | १२६ | १२१ | १०२ |
| सहायक तृतीय | ९२ | ९० | ९१ | ७९ | १ | १ | १ | १ | ९३ | ९१ | ९२ | ८० |
| सहायक चतुर्थ/पञ्चम | ३५८ | ३५१ | ३५० | ३४७ | ७३ | ६० | ६९ | ६८ | ४३१ | ४११ | ४१९ | ४१५ |
| **जम्मा** | **१८५६** | **१५७१** | **१६९१** | **१५५६** | **७८** | **६८** | **७४** | **७५** | **१९३४** | **१६३९** | **१७६५** | **१६३१** |

तालिका २.५

## बैंकर्स प्रशिक्षण केन्द्रद्वारा सञ्चालित तालिम कार्यक्रम तथा गोष्ठीहरु

| क्रम संख्या | विषय | स्तर | पटक | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | Organisational Behaviour | वरिष्ठ अधिकृत | १ | २० |
| २ | Stress Management | वरिष्ठ अधिकृत | १ | २० |
| ३ | Nepal Macroeconometric Modelling | वरिष्ठ अधिकृत | १ | २० |
| ४ | Information Security | वरिष्ठ अधिकृत | १ | २० |
| ५ | Management Development Programme | अधिकृत | १ | २० |
| ६ | Monetary and Fiscal Management | अधिकृत | १ | २० |
| ७ | Research Methodology and Report Writing | अधिकृत | १ | २० |
| ८ | Computer Exposure | अधिकृत | १ | १४ |
| ९ | Risk Based Supervision | अधिकृत | १ | २० |
| १० | Pre- Service (On Recruitment) | अधिकृत | १ | २० |
| ११ | Central Banking | अधिकृत | १ | २० |
| १२ | Project Appraisal | अधिकृत | १ | २० |
| १३ | Micro Finance | सहायक | १ | २५ |
| १४ | Forex Operation | सहायक | १ | २० |
| १५ | L/C Ooperation | सहायक | १ | २० |
| १६ | Central Banking | सहायक | २ | ५० |
| १७ | Cash Operation | सहायक | १ | २५ |
| १८ | Inspection and Supervision | सहायक | १ | २० |
| १९ | Computer Operation | सहायक | १ | १४ |
| २० | BOP Statistics & Analysis | सहायक | २ | ४५ |
| २१ | Public Debt Managemrnt | सहायक | १ | २० |
| | जम्मा | | २३ | ४७३ |

## तालिका २.६
## विदेशमा सञ्चालित तालिम, सेमिनार, बैठक तथा गोष्ठीहरु

| | विषय | सहभागी संख्या | आयोजक संस्था | स्थान |
|---|---|---|---|---|
| १ | APEC Financial Regulators Training Initiative to Regional Seminar on Market Risk Analysis. | १ | ADB | Malaysia |
| २ | Workshop on the Fifth Quantitative Impact Study | १ | BIS/FSI | Switzerland |
| ३ | 6th SEACEN/Federal Reserve System/World Bank Seminar for Senior Bank Supervisors from Asia Pacific Economics | २ | SEACEN Centre | Malaysia |
| ४ | SEACEN-BIS Seminar on Changing Structures of the Financial System Challenges for Central Banks | ३ | SEACEN Centre | Thailand |
| ५ | Macroeconomic Management & Financial Sector Issues. | १ | IMF | Singapore |
| ६ | Monetary Policy in Developing Countries | १ | Study Center Gerzensee | Switzerland |
| ७ | 7th SEACEN Conference of Directors of Supervision of Asia Pacific Economies | १ | SEACEN Centre | Malaysia |
| ८ | International Conference on Engaging Communities मा भाग लिने क्रममा Reserve Bank of Australia, Bank of Thailand / Bangko Sentral ng Pilipinas को पनि Stratigic Planning अवलोकन भ्रमण | १ | UNDP/NRB | Australia, Philippine & Thailand |
| ९ | Seminar on Enhancing Economic Growth: Evidence, Policy & the Experience of Singapore | १ | IMF | Singapore |
| १० | Development of Modern Payments Systems at NRB | ४ | CBSL / NRB | Sri Lanka |
| ११ | Study Visit Program on Rural Banking | २ | APRACA | Manila |
| १२ | 35th Meeting of the Managing Committee of CICTAB | १ | CICTAB | Pune, India |
| १३ | 5th SEACEN-BOJ Course on Monetary Policies and Strategies | १ | SEACEN Centre | South Korea |
| १४ | Staff Exchange Program | ४ | CBSL | Sri-Lanka |
| १५ | Fifth Meeting of SAARC Finance Coordinators | १ | State Bank of Pakistan | Pakistan |
| १६ | Seminar on Conduct of Monetary Policy and Management of Capital Flows | २ | State Bank of Pakistan | Pakistan |
| १७ | Nepal Window II Trade Related Capacity Building Project अन्तर्गत WTO Service Sector Enquiry Points को अध्ययन भ्रमण | १ | UNDP | Bangkok, Colombo |
| १८ | Governors' Symposium, 2005 मा भाग लिन | २ | SAARC FINANCE | Delhi, Mumbai |
| १९ | Seminar on Internal Audit | १ | Deutsche Bundesbank | Germany |
| २० | Management of Rural Financing Institutions & Cooperatives for Rural Development | २ | CICTAB | Delhi, Headrabad |
| २१ | Joint Conference on Remittances 2005 | १ | ADB / MIF / IDB / INDP | Philippines, Manila |
| २२ | Seminar on Market Risk Analysis | १ | FSI / BIS | Switzerlan |
| २३ | SEACEN-BOJ Workshop on International Reserve Management for Central Banks | २ | SEACEN Centre | Taipai, Taiwan |
| २४ | Seminar on Consolidated Supervision | २ | SEACEN Centre | Indonesia |
| २५ | 4th SEACEN-CPSS Course on Payments & Settlement Systems | २ | SEACEN Centre | Malaysia |

| | | | | |
|---|---|---|---|---|
| | Settlement Systems | | | |
| २६ | IMF/World Bank को वार्षिक बैठकमा भाग लिन | २ | IMF/World Bank | Washington D.C. |
| २७ | 2nd Swift Strategic Financial Industry Forum-SAARC Region | २ | SWIFT | Mumbai, India |
| २८ | APRACA Planning Workshop | १ | APRACA | Manila, Philippine |
| २९ | Senior Trainer Wor Planner | १ | SEACEN Centre | Malaysia |
| ३० | Disaster Recovery for Swift Alliance Access & Entry | १ | SWIFT | Sri Lanka |
| ३१ | SEACEN-IMF Workshop on Financial Stability and Financial Soundness Indicators | २ | SEACEN Centre | Bali, Indonesia |
| ३२ | राष्ट्रियस्तरको बैंकर्स प्रशिक्षण तथा अनुसन्धान संस्थाको स्थापनार्थ सम्भाव्यता अध्ययनको लागि | २ | NRB | Pune, Delhi |
| ३३ | APEC Financial Regulators Training Intiative Fkundamentals of Interest Rate Risk Management Seminar | २ | ADB | Malaysia |
| ३४ | भारत सरकारको राजश्व प्रणाली अध्ययन गर्न | १ | नेपाल सरकार, महालेखा नियन्त्रण कार्यालय | Delhi, India |
| ३५ | Seminar on International Reserves & Foreign Currency Liquidity | १ | IMF | Singapore |
| ३६ | Course on Monetary and Financial Statistics (MFS) | १ | IMF | Washington, D.C. |
| ३७ | 5th SEACEN-Toronto Centre Leadership Seminar for Senior Management of Central Banks on Financial System Oversight | ३ | SEACEN Centre | Singapore |
| ३८ | Course on Financial Programing & Policies | १ | IMF | Singapore |
| ३९ | Programme on Development of Managerial Skills for Agricultural Cooperatives & Rural Financing Institutions | ३ | CICTAB | Gurgaon, India |
| ४० | 18 औं बैठक तथा Conference | १ | Asian Credit Supplementation Institution Confederation (ACSIC) | Seoul, Korea |
| ४१ | Study Visit of Cooperative System in Korea | २ | APRACA | Seoul, Korea |
| ४२ | The International Forum to Build Inclusive Financial Sectors and Seminar on Regulation & Supervision | २ | UNDP | New York, USA |
| ४३ | Seminar for Banking and ;Insurance Supervisors on Asset Liability Management | १ | BIS/FSI | Basel, Switzerland |
| ४४ | SEACEN-IMF Course on Balance of Payments Management | १ | SEACEN | Manila, Philippines |
| ४५ | Procurement of Goods and Services | १ | SETYM International | Malaysia, Kuala Lumpur |
| ४६ | Study Visit to Micro-Finance Institutions in Indonesia | २ | APRACA | Jakarta, Indonesia |
| ४७ | Workshop for Financial Intelligence Unit Officials on Anti-Money Laundering | १ | IMF | Singapore |
| ४८ | 27th Meeting of SEACEN Directors of Research & Training | २ | SEACEN Centre | Brunei |
| ४९ | Meeting on Implementation of Basel II in Asia | १ | FSI-EMEAP | Singapore |
| ५० | SEANZA Advisor's Meeting मा भाग लिन | १ | SEANZA | Kuala Lumpumpur, Malaysia |

| | | | | |
|---|---|---|---|---|
| ५१ | भारतीय दूतावासको **ITEC** छात्रवृत्ति कार्यक्रम अन्तर्गत National Institute of Management (NIBM), Pune मा International Program in Banking & Finance Course विषय कार्यक्रममा भाग लिन | १ | NIBM | Pune, India |
| ५२ | CICA-RACAs World Congress on Agricultural and Rural Finance and 50th Excom Meeting मा भाग लिन | २ | APRACA | Adis Ababa, Ethiopiya, Rome, Itali |
| ५३ | SEACEN-BOJ-BOT Workshop on Survey Methodology for IIP, PDI & CPIS | १ | SEACEN Cenetre | Chengmai, Thailand |
| ५४ | APEC Financial / Regulators' Training Initiative Regional Seminar on Market Supervision | २ | ADB | Manila, Phillipines |
| ५५ | 2nd MAS Regional Banking Supervisor Training | १ | MAS | Singapore |
| ५६ | 43rd Seacen / Federal Reserve Systam Course on Banking Supervision (Intermediate Level): Credit Risk Analysis | १ | SEACEN Centre | Kuala Lumpour, Malaysia |
| ५७ | Seminar on Safeguards Assessments of Central Banks | १ | IMF | Washington D.C. |
| ५८ | Program on Integrated Management Approach in the Development of Cooperatives & Rural Financing Institutions | ३ | CICTAB | Pune, India |
| ५९ | Course on Financial Fragility and Banking Crisis | १ | IMF | Singapore |
| ६० | International Year of Micro-Credit; Regional Conference on Micro-Finance in South Asia Today and Tomorrow | १ | World Bank | Delhi, India |
| ६१ | Seminar on On-Site & Off-Site Supervision of Banks with a Special Focus on Basel II's Supervisory Process (Pillar 2) | १ | BIS/FSI | Switzerland |
| ६२ | SEACEN Seminar on Basel II: Prepration of Implementation in the Asia Pacific Region and 10th SEACEN-FSI Regional Seminar for Bank Supervisors & Regulators: Basel II & Operational Risk | १ | SEACEN Centre | Sri-Lanka |
| ६३ | Meeting on Formulating the APRACA Regional E-Commerce Program | १ | APRACA | Manila, Phillipines |
| ६४ | Regional Polymer Banknote Symposium | १ | State Bank of Vietnam | Hanoi, Vietnam |
| ६५ | नेपालमा **AMC** गठन गर्ने | ३ | NRB | China, Thailand and S. Korea |
| ६६ | Banking Supervision Under Basel II Basic Seminar | १ | Deutsche Bundesbank | Germany |
| ६७ | रु.५०० दरको बिग्रेको नोट तथा डाई धुलाउने कामको अवलोकन । | २ | Perum Peruri | Jakarta, Indonesia |
| ६८ | रु.१०० दरको नेपाली नोटको विषयमा 'प्राविधिक विषय' मा छलफल गर्न । | १ | Francois Charies Oberthur Fiduciaire | France |
| ६९ | Seminar on Derivatives & Risk Management | १ | AMERICAN Express Bank, Singapore | Singapore |
| ७० | SAARCFINANCE Seminar on "Current Oil Price Shock & Its Implications on South Asian Economies" | २ | Central Bank of Sri Lanka | Sri Lanka |
| ७१ | SAARCFINANCE Seminar on "Current Oil Price Shock & Its Implications on South Asian Economies" मा भाग लिन गभर्नरज्युको साथमा जाने | | ,, | ,, |

| | | | | |
|---|---|---|---|---|
| ७२ | Internal Audit System सम्बन्धी अवलोकन भ्रमण | २ | Researve Bank of Australia / New Zealand | Australia / New Zealand |
| ७३ | Seminar in Future of Central Banking in Collaboration with The London School of Economics and Political Science | १ | NIBM | Mumbai, India |
| ७४ | Regional Conference on Investment & Trade साथै State Bank of Pakistan को अध्ययन भ्रमण | १ | IBA / SAARC Chamber of Commerce & Industry | Karachi, Pakistan |
| ७५ | International Seminar on Payment Systems | १ | RBSC | Madras, India |
| ७६ | Advance Topics in Empirical Finance | १ | Study Centre Gerzensee | Switzerland |
| ७७ | Course on Financial Programming & Policies | १ | IMF | Singapore |
| ७८ | यस बैंकको सरकारी कारोबारको लागि चेक बुक छपाई गरी ल्याउने सिलसिलामा प्रूफ रिडिंग तथा सेक्युरिटी सामग्री छपाई गरी ल्याउनका लागि | २ | NRB | Kanpur, India |
| ७९ | Monetary Policy & Exchange Rate Issues | १ | DEUTSCHE Bundesbank | Germany, Frankfurt |
| ८० | 2nd SEACEN-BOJ Workshop on Communication Strategy for Monetary Policy | १ | SEACEN Centre | Seoul, Korea |
| ८१ | SAARC FINANCE Governors Symposium on Micro Credit | २ | Bangladesh Bank | Bangladesh |
| ८२ | 4th SEACEN EXCO Meeting | १ | The SEACEN Centre | Fiji |
| ८३ | Seminar on Changes in Operational Framework and Transmission Mechanism of Movetary Policy in the SEACEN Countries. | २ | SEACEN | Bali, Indonesia |
| ८४ | HSBC, Hong Kong को अध्ययन भ्रमण | ४ | HSBC, Singapore | Hong Kong |
| ८५ | बंगलादेशको पल्लीकर्म सहायक फाउण्डेशन (PKSF) को संयोजकत्वमा हुने लघु कर्जा प्रणालीको अध्ययन | १ | Rural Microfinance Development Centre Ltd. | Dhaka, Bangladesh |
| ८६ | SAARC Staff Exchange Program अन्तर्गत Study Visit on Computer Operation | ४ | CBSL | Sri-Lanka |
| ८७ | Workshop on Foreign Exchange Reserve Management: Framework of Strategic Asset Allocation | २ | IMF | Singapore |
| ८८ | Seminar on Payments & Securities Settlement Systems | १ | Deutsche, Bundesbank | Germany |
| ८९ | Seminar on International Accounting & Auditing for Banks | १ | BIS / FSI | Switzerland |
| ९० | 41st SEACEN Governors Conference & 25th Meeting of The SEACEN Board of Governors | २ | SEACEN Centre | Brunei |
| ९१ | 11th SEACEN-FSI Regional Seminar for Bank Supervisors and Regulators: Supervisory Review Process of Basel II and its Implementation & 2nd SEACEN Seminar on Basel II: Prepration for Implementation in the Asia-Pacific Region | २ | SEACEN Centre | Bangkok, Thailand |
| ९२ | Program on Financing Self Help Groups | २ | CICTAB | Lakhanau, India |
| ९३ | SEACEN-BIS Workshop on Legal Trends and Development for Regulators and Central Bank | २ | SEACEN Centre | Bangkok, Thailand |
| ९४ | Course on Balance of Payments | २ | IMF | Singapore |
| ९५ | Course on Monetary and Financial Statistics | १ | ,, | ,, |
| ९६ | 37th International Central Banking Course | १ | State Bank of Pakistan | Pakistan |
| ९७ | 2nd Meeting of APRACA FUND | २ | APRACA | Vietnam |

| | | | | |
|---|---|---|---|---|
| ९८ | 1st Central Training Committee Meeting | १ | „ | „ |
| ९९ | 3rd SEACEN Expert Group (SEG) Technical Meeting | १ | SEACEN Centre | Malaysia |
| १०० | Seminar on Cash Management and Combating Counterfeit Money | १ | Deutsche Bundesbank | Germany |
| १०१ | Workshop on the Debt Sustainability Framework for Low-Income Countries | १ | The World Bank | Sri-Lanka |
| १०२ | 36th Meeting of the Managing Committee of CICTAB | १ | CICTAB | Pune, India |
| १०३ | Workshop on Anti-Money Laundering and Combating the Financing of Terrorism (AML/CFT) for Financial Sector Supervisors | १ | IMF | Singapore |
| १०४ | Financial Programming and Policies | १ | IMF | Singapore |
| १०५ | Operational Project Planning | १ | SETYM International | Tanzania, Dare Slam |
| १०६ | Second Research Workshop on Adequacy of The Existing Levels of Capital Implied by the Basel Standards, Relative to Credits Risk Exposures of Banks in The SEACEN Region | १ | SEACEN Centre | Malaysia |
| १०७ | SEACEN-OCC Advanced Seminar on Quantitative Techniques for Macro Survellance and Determining Resilience of the Banking Sector | १ | SEACEN Centre | Malaysia |
| १०८ | Study Visit Program on Credit Plus Approach | २ | APRACA | Manila, Phillipines |
| १०९ | APEC Financial / Regulators' Training Initiative Regional Seminar on Bank Analysis & Examination School | १ | ADB | Manila, Phillipines |
| ११० | Seminar on Controlling at Central Banks | १ | Deutsche Bundesbank | Germany |
| १११ | 5th Central Banking Study Program | १ | Bank of Korea | South Korea |
| ११२ | First STI Meeting on Training | १ | IMF | Singapore |
| ११३ | Course on Supervisory Challenges and Financial Stability | १ | IMF | Washington D.C. |
| ११४ | First SEACEN Research Workshop on Impact and Policy Responses to Volatile Oil Price in the SEACEN Countries | १ | SEACEN Centre | Malaysia |
| ११५ | Trainers' Training Course | १ | APRACA | Malaysia |
| ११६ | 44th SEACEN Federal Researve System Intermediate Course on Banking Supervision: Market Risk Analysis. | २ | SEACEN Centre | Malaysia |
| ११७ | 3rd MAS Regional Banking Supervisors Training Program. | १ | MAS | Singapore |
| ११८ | Net Security | २ | AIT, Bangkok | Bangkok, Thailand |
| ११९ | International Investment Position सम्वन्धमा Royal Monetary Authority of Bhutan लाई प्राविधिक सहयोग प्रदान गर्न । | १ | RMAB | Bhutan |
| १२० | FSI Seminars on Advance Risk Management in Beatenberg. | १ | FSI | Switzerland |
| १२१ | SEACEN-CeMCoA/BOJ Seminar Formulation & Implementation of IT Policies by Central Banks. | १ | SEACEN Cenre | South Korea |
| १२२ | Monetary Cooperation Within SAARC विषयक Research गर्न | १ | The University of Melbourne, Australia | Australia |
| १२३ | Field Visit Program on Micro & Small Enterprises. | २ | APRACA | Bangkok, Thailand |

| | | | | |
|---|---|---|---|---|
| १२४ | FSI & IIF, Inc. Public/Private Sector Round Table on Basel II and other Regional Risk Management Priorities. | २ | FSI, BIS | Hong Kong |
| १२५ | SEACEN-BI-CEMCoA/BOJ Intermediate Course on Payment and Settlement Systems for Emerging Economies. | २ | SEACEN Centre | Indonesia |
| १२६ | Bank Analysis & Examination School | २ | Federal Reserve's Training Centre | Washington D.C. |
| १२७ | Seminar on Corporate Governance of Banks in Asia. | १ | FSI & OECD | Hongkong |
| १२८ | 1st SEACEN CoMCoA/BOJ Intermediate Course on Macroeconomic and Monetary Policy Management | २ | SEACEN Centre | Brunai |
| १२९ | Seminar on Macroeconomic Management for Senior Officials (MMSO) | १ | IMF | Singapore |
| १३० | APG Annual Meeting & Annual Forum on Technical Assistance 2006 | २ | APG | Manila |
| १३१ | Study Visit Program on Micro Finance | २ | APRACA | Manila |
| १३२ | 2nd APRACA Training and Research Committee (ATRC) Meeting | १ | APRACA | Malaysia |
| १३३ | 6th SAARCFINANCE Coordinators' Meeting | १ | Bangladesh Bank | Dhaka |
| १३४ | APEC Financial Regulators Training Initative, Invitation to Regional Seminar on Risk-Focused Supervision & Risk Assessment. | १ | ADB | Australia |
| १३५ | Macro Economic Management & Fiscal Issues | १ | IMF | Singapore |
| १३६ | APRACA Regional Consultation on the Status & Development of Conducive Policy Environment & Regulatory Framework for Rural Finance. | १ | APRACA | Bangkok, Thailand |
| १३७ | Training Program on Household Budget Survey. | ३ | Bangladesh Bureau of Statistics | Bangladesh |
| १३८ | The Boulder Microfinance Training 2006 | १ | ILO, International Training Centre | Turin, Italy |
| १३९ | Oracie 9i Database Administration Track | ३ | Colombo, Sri Lanka | Colombo Sri Lanka |
| १४० | 3rd SEACEN Seminar on Basel II: Preparation of Implementation in The Asia-Pacific Region. | ७ | SEACEN Centre | Malaysia |
| | जम्मा | २१३ | | |

## तालिका २.७

## अध्ययन

| क्र.सं. | विषय/उपाधी | संख्या | शिक्षण संस्था/मुलुक |
|---|---|---|---|
| १ | MA in Development Economics | १ | Williams College, USA |
| २ | M. A. in Human Resource Management | १ | Bradford University, UK |
| ३ | Msc International Economics विषयमा अध्ययन गर्न | १ | Bradford University, U.K. |

# अनुसूची २.१

## आर्थिक वर्ष २०६१।६२ को वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गर्दा वाणिज्य बैंकहरुलाई दिइएका निर्देशनहरु

### १. नेपाल बैंक लिमिटेड

(क) हिमालयन बैंकवाट खरिद गरेको अरिहन्त एपरेल्सको कर्जालाई हिमालयन वैंकको नाममा देखाउँदा निजी क्षेत्रले बैंकिङ्ग क्षेत्रबाट पाएको कर्जाको सूचीमा नदेखिने हुँदा अरिहन्त एपरेल्सको नाममै कर्जा वुक गर्ने व्यवस्था तथा सो कर्जालाई खरिद गर्नुभन्दा अगावैको वर्गमा अर्थात खराब कर्जामा वर्गीकरण गरी सोहीअनुसारको नपुग रु १ करोड ८१ लाख १७ हजार ५१२ को थप जोखिमको व्यवस्था गरी जानकारी दिन । उक्त रकम समायोजन गर्दा बैंकको खुद नाफा रु १ अर्ब ७१ करोड २० लाख तथा प्राथमिक पूँजी ऋणात्मक रु ७ अर्ब ५३ करोड २९ लाख मात्र हुने देखिन्छ । साथै गोल्छा समूहको प्रतिग्राहक सीमा नाघेको अवस्थामा उक्त समूहअन्तर्गतको ऋणीलाई के कति कारणले थप कर्जा प्रवाह गरेको हो स्पष्टिकरण पेश गर्न ।

(ख) लेखापरीक्षकले औंल्याएका कर्जा व्यवस्थापनसम्बन्धी कमी कमजोरीहरुमा कर्जा नीति निर्देशिका अनुरुप सुधार गर्न ।

(ग) स्थिर सम्पत्तिको अभिलेखसम्बन्धी लेखापरीक्षकले औंल्याएका कैफियतहरुमा लेखा म्यानुअल अनुरुप सुधार गर्न ।

(घ) प्रतिग्राहक कर्जा सीमा नाघेका कर्जाहरुलाई प्रति ग्राहक कर्जा सीमाभित्र ल्याउन ।

(ङ) लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउन ।

### २. नविल बैंक लिमिटेड

(क) सञ्चालक समितिको वैठक बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को प्रावधानअनुसार नियमित रुपमा राख्न ।

(ख) लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउन ।

### ३. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड

(क) वित्तीय विवरणको अनुसुची १० (क) यस बैंकको वैधानिक ढाँचा (Statutory format) अनुरुप नभएको हुँदा उक्त अनुसुची संशोधन गरी प्रकाशित गर्न,

(ख) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको सांवा तथा व्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा मात्र त्यस्ता कर्जाहरुलाई असल कर्जामा परिणत गर्न सकिने व्यवस्था रहेको तथा पूँजीकोष गणना गर्दा असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम (कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशतभन्दा बढी नहुने गरी) मात्र समावेश गर्नु पर्नेमा पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको कर्जाको नोक्सानी व्यवस्थाको रकम समेत समावेश गरी पूँजी कोष गणना गरिएकोमा असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम मात्र पुरक पूँजीमा समावेश गर्दा बैंकको कुल पूँजी कोष/जोखिम भारित सम्पत्ति ११.५८ प्रतिशत मात्र हुने व्यहोरा अवगत गर्न, र

(ग) लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउन ।

### ४. स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड

(क) वित्तीय विवरणको अनुसुची १० (क) यस बैंकको वैधानिक ढाँचा (Statutory format) अनुरुप नभएको हुँदा उक्त अनुसुची संशोधन गरी प्रकाशित गर्न र

(ख) कर्जाको वर्गीकरण गरे अनुसार नै निष्कृय कर्जाको गणना गरी प्रकाशित गर्न ।

### ५. हिमालयन बैंक लिमिटेड

(क) स्थलगत निरीक्षणबाट देखिएका केही कर्जाहरुलाई प्रतिकुल बर्गमा वर्गीकरण गरी थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने रु १ करोड ८१ लाख ८९ हजार ३८४ लाई २०६२ आषाढ मसान्तको संचित नाफा नोक्सान हिसाबमा चालू महिनाभित्र खर्च लेखी सोही अनुसार कर्मचारी बोनस लगायत अन्य शीर्षकहरुमा समेत समायोजन गरी जानकारी दिन र

(ख) लेखापरीक्षकले औंल्याएको अन्य कैफियतहरु समेत सुधार गरी जानकारी दिन ।

### ६. नेपाल बंगलादेश बैंक लिमिटेड

(क) स्थलगत निरीक्षणबाट देखिएका अनुसुचीअनुसारका कर्जाहरुमा प्रतिकुल कर्जा वर्गीकरण गरी थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने रु ५१ करोड ६५ लाख भुक्तानी म्यादको आधारमा प्रतिकुल कर्जा वर्गीकरण गरी गर्नु पर्ने रु १९ करोड ८ लाख, लगानीमा गर्नु पर्ने नोक्सानी व्यवस्था रु ६२ लाख तथा चेक जालसाजीको सम्बन्धमा गर्नु पर्ने व्यवस्था रु १७ लाख ९७ हजार व्यवस्था नगरेको देखिएकोले उक्त व्यवस्थाहरु गर्दा बैंकको नोक्सानी रु ७१ करोड ५२ लाखले बढ्न जाने जानकारी गराइएको ।

(ख) ब्याज मुल्तवी हिसाबमा रकमान्तर गर्नु पर्नेमा आम्दानी जनाइएको रकम रु ११ करोड ७२ लाख समायोजन गर्दा २०६२ आषाढ मसान्तको संचित नोक्सान रु ८३ करोड २४ लाखले बढ्न जाने देखिएकाले उक्त बैंकले यस बैंकको निर्देशनहरुको पालना नगरी बैंकको वित्तीय स्थिति गम्भीर अवस्थामा पुऱ्याएको सम्वन्धमा उक्त बैंकको सञ्चालक समितिलाई सचेत गराइएको ।

(ग) कर्जा प्रवाह तथा व्यवस्थापनमा गम्भीर त्रुटीहरु कायमै रहेको, प्राथमिकता तथा विपन्न वर्ग क्षेत्र कर्जा प्रवाहमा यस बैंकको निर्देशनको पालना नगरेको, प्रतीतपत्र कारोवारको अर्धवार्षिक रुपमा आन्तरिक लेखापरीक्षण नगरेको, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने पूँजीकोष कायम राख्न नसकेको, बैंक ठुलो रकमको खुद नोक्सानीमा रहेको, संस्थागत सुशासन लगायतका अन्य निर्देशनहरुको पालना नभएको तथा बैंकको वित्तीय स्थिति संवेदनशील अवस्थामा रहेको देखिएकोले यस बैंकको गम्भीर ध्यानाकर्षण भएको अवगत गराइएको ।

(घ) यसका अतिरिक्त नेपाल बंगलादेश बैंक लिमिटेडलाई पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएका कर्जाको सांवा तथा ब्याजको भुक्तानी लगातार दुईवर्ष सम्म नियमित भएको अवस्थामा मात्र त्यस्ता कर्जाहरुलाई असल कर्जामा परिणत गर्न सकिने व्यवस्था रहेको हुँदा पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको कर्जासम्बन्धी नोक्सानी व्यवस्थाको रकम १२ करोड ४० लाख रुपैयां बाहेक असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम सात करोड आठ लाख रुपैयां मात्र पुरक पूँजीमा समावेश गर्न पाउने तथा कुल पूँजीमा पुरक पूँजी बढीमा प्राथमिक पूँजीको शत प्रतिशत सम्म मात्र समावेश गर्न पाउने व्यवस्था रहेको हुँदा उक्त संशोधन सहित वित्तीय विवरण प्रकाशित गर्न ।

(ङ) चेक जालसाजीमा संलग्न कर्मचारीलाई तुरुन्त कारवाही गरी यस बैंकलाई जानकारी दिन, अनुसुची नं. १० यस बैंकद्वारा निर्देशित ढाँचाअनुसार प्रकाशित गर्न तथा लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरुमा सुधार गरी यस बैंकलाई जानकारी गराउन ।

(च) यसका अतिरिक्त २०६२ फाल्गुण १२ गते दिइएको निम्नानुसारका आदेश तथा निर्देशनहरु बैंकको वार्षिक प्रतिवेदनमा प्रकाशित गर्न ।

१. पूँजीकोष पर्याप्त नबनाएसम्म लाभांश वितरण गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा १(ङ) बमोजिम रोक लगाइएको ।

२. सोही ऐनको दफा १०० को उपदफा १(च) बमोजिम हाल कर्जा कारोवारमा सीमा निर्धारण गरी कोषमा आधारित कर्जा सुविधाको लागि रु ३ करोड र गैरकोषमा आधारित सुविधाको लागि रु ५ करोडमा नबढ्ने गरी कर्जा सुविधा प्रदान गर्न

प्रतिवन्ध लगाइएको । यस अघि प्रवाह भइसकेका कर्जाहरुको हकमा २०६४ आषाढ मसान्तभित्र उपरोक्त सीमा भित्र ल्याइसक्नु पर्ने ।

३. सोही ऐनको दफा १०० को उपदफा १(५) बमोजिम एन.वि.ग्रुप नेपाल (यस बैंकको २०६१ मार्ग २२ गतेको पत्रमा उल्लेखित ४९ वटा ऋणीहरु) सँग सम्वन्धित ऋणीहरुको धितो, कर्जा चुक्ता भएको अवस्थामा वाहेक हेरफेर तथा फुकुवा गर्न प्रतिवन्ध लगाइएको ।

४. बैंकले पेश गरेको प्रतिवद्धतामध्ये पूँजीकोष पर्याप्त नभएसम्म रु ५० लाखभन्दा बढीको नगद कर्जाको हकमा कर्जा प्रवाह (Loan Disbursement) यस बैंकको सहमति लिएर गर्ने सन्दर्भमा उपरोक्त सहमति नगद कर्जाको हकमा मात्र लागू नगरिकन गैरकोषमा आधारित कर्जा तथा सुविधामा समेत लागू गरिएको । यसरी कोष वा गैरकोषमा आधारित कर्जा तथा सुविधा स्वीकृत गर्दा विद्यमान कर्जाहरु असुली भएको आधारमा ऋणीको अवस्थाको पूर्ण अध्ययन विश्लेषण गरेर मात्र स्वीकृत गर्नु गराउनु पर्ने । यसरी प्रवाह हुने कर्जाको स्वीकृतिको प्रकृयामा सुरक्षण तथा असुली लगायत अन्य सबै पक्षको समीक्षा (Appraisal) बैंक स्वयम्ले गरिसकेको हुने हुंदा तथा कर्जा प्रवाह पश्चात अनुगमन तथा नियन्त्रण त्यस बैंक आफैले गर्ने हुंदा यसरी प्रवाह भएको कर्जा/सुविधाको सम्वन्धमा यस बैंकको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि जिम्मेवारी नरहने व्यहोरा समेत जानकारीमा गराइएको ।

(छ) नेपाल बंगलादेश बैंक लिमिटडको २०६२ फाल्गुण ३ गते र २०६२ फाल्गुण ११ गतेको पत्रमार्फत यस वैंक समक्ष पेश हुन आएको निम्नानुसारका प्रतिवद्धताहरु पालना गर्न गराउन निर्देशन दिइएको छः

१. हाल सो बैंकमा व्यवसाय एकीकृत (Business Consolidation) गर्ने कार्यमा केन्द्रित रही बैंकको पुनरोत्थान गर्ने नीति र कार्यक्रमअनुसार कार्यसम्पादन भइरहेकोले सोमा अपेक्षित सफलता हासिल भएपश्चात् मात्र बैंकले शाखा सञ्जाल वृद्धि गर्ने योजना बनाउने । हाल नयां शाखाहरु नखोल्ने ।

२. नेपाल राष्ट्र बैंकको २०६२ जेष्ठ १६ गतेको पत्रबाट स्वीकृत पूँजीकोष योजनामा संलग्न गरिएको कर्जा भुक्तानी तालिका अनुरुप नै कर्जा असुल उपर गर्ने ।

३. नेपाल राष्ट्र बैंकबाट तोकिएको न्युनतम पूँजीकोष कायम गर्न बैंकले प्रयास गर्दै आएको भए तापनि देशको विद्यमान बिग्रंदो आर्थिक एवं औद्योगिक/व्यवसायिक वातावरण, यस बैंकबाट निक्षेप परिचालनमा कायमै राखिएको सीमा तथा बण्ड जारी गर्न लगाइएको प्रतिवन्ध लगायतका विविध कारणले गर्दा अपेक्षित लक्ष्य हासिल हुन नसकी पूँजीकोष केही मात्रामा कम हुन गएको देखिएको हुंदा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कायम राख्नु पर्ने प्राथमिक पूँजी पर्याप्त भए पश्चात् मात्र कुल पूँजीकोष पर्याप्त बनाउन बण्ड जारी गर्ने अन्यथा शेयर पूँजीमा वृद्धि गरी तथा बैंकको कर्जा नोक्सानी व्यवस्था र गैर बैंकिङ्ग सम्पत्तिलाई व्यापक रुपमा न्यून समेत पारी एवं अन्य वैकल्पिक उपायहरुलाई समेत अवलम्वन गरी आगामी ३ वर्ष भित्रमा बैंकको पूँजीकोष नेपाल राष्ट्र बैंकबाट तोकिएअनुसार कायम गर्ने ।

४. बैंकको पूँजीकोष योजना अनुसार पूँजीकोष पर्याप्त बनाउन तयार गरिएको व्यावसायिक कार्य योजनाको सफल कार्यान्वयनका लागि व्यवस्थापनमा आवश्यक पुनरसंरचना गरी जोखिम व्यवस्थापन गर्ने कार्यमा विशेष प्राथमिकता दिने ।

५. बैंकमा हाल देखिएको निष्कृय कर्जा तथा कर्जा नोक्सानी व्यवस्थालाई न्युन गर्ने उद्देश्यअनुरुप कर्जा असुली प्रकृयालाई थप चुस्त बनाई कर्जा असुलीलाई अभियान कै रुपमा कार्यान्वयनमा ल्याई निष्कृय कर्जालाई व्यवस्थित गरी सम्पत्तिको गुणस्तर सुधार गर्न कर्जा असुलीमा विशेष प्राथमिकता दिने ।

६. एक करोड रुपैयांभन्दा माथि प्रवाह भएका कर्जाको विवरण नेपाल राष्ट्र बैंकको २०६१ पौष २२ गतेको पत्रानुसार गठित Monitoring Committee लाई साप्ताहिक

रुपमा पेश गरिएको र नेपाल राष्ट्र बैंकको २०६२ मार्ग २९ गतेको पत्रबाट साप्ताहिक विवरणको सट्टा मासिक रुपमा विवरण उपलब्ध गराउन भनिएपछि सोही बमोजिम नियमित रुपमा त्यस्ता विवरणहरु उपलब्ध गराउँदै आइरहेकोमा अनुगमनको लागि नेपाल राष्ट्र बैंकलाई आवश्यक परेमा उल्लेखित विवरणहरु मासिक वा साप्ताहिक वा दैनिक रुपमा उपलब्ध गराउने र पूँजीकोष पर्याप्त नभएसम्म ५० लाख रुपैयाँभन्दा बढीको नगद कर्जाको हकमा कर्जा प्रवाह नेपाल राष्ट्र बैंकको सहमति लिएर गर्ने ।

७. नेपाल बंगालदेश बैंक लिमिटेडमा नेपाल श्रीलंका मर्चेण्ट बैंक लिमिटेड र नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेडलाई गाभ्ने सम्बन्धी सैद्धान्तिक प्रस्ताव सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरुको सञ्चालक समितिवाट स्वीकृत गराई नेपाल राष्ट्र बैंक समक्ष पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक स्वीकृति समेत प्राप्त भइसकेको हुंदा नेपाल श्रीलंका मर्चेण्ट बैंक लिमिटेड र नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेडले उक्त प्रस्ताव आ-आफ्नो वार्षिक साधारण सभामा पेश गरी स्वीकृत गराई सकेको भन्ने बुझिएको र नेपाल बंगलादेश बैंक लिमिटेडको हकमा उक्त प्रस्ताव बैंकको संयुक्त लगानीकर्ता IFIC Bank, वंगलादेशको सहमतिमा उक्त संस्थाको प्रतिनिधिहरु समेत उपस्थित रहेको १३५ औं सञ्चालक समितिको बैठकबाट स्वीकृत भइसकेको र कार्यान्वयन गर्ने तरिका (Modality) को बारेमा सम्वन्धित वित्तीय संस्थाहरुसंग विस्तृत रुपमा छलफल भइरहेको हुंदा बैंकको एघारौं साधारणसभाबाट उक्त प्रस्ताव पारित गराई प्रस्ताव पारित भएको मितिले बढीमा ६ महिना भित्रमा गाभ्ने ।

८. बैंकलाई नेपाल क्रेडिट एण्ड कमर्स बैंकसँग गाभ्न आगामी दुई वर्षभित्र साधारण सभामा प्रस्ताव पेश गरी गाभ्ने (Merger) सम्बन्धमा आवश्यक प्रक्रिया शुरु गर्ने ।

(ज) नेपाल बंगलादेश वैंक लिमिटेडको २०६२ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन २०६२ मा उल्लेखित उक्त बैंकको सञ्चालक समितिको ध्यानाकर्षण गराइएका विषयहरु तथा कैफियतहरु (अनुसूचि १ मा उल्लेखित कर्जा सम्बन्धी कैफियतहरु समेत) को आवश्यक सुधार गरी उक्त प्रतिवेदनमा दिइएका निर्देशनहरुको पालना गरी गराई यस वैंकको एकीकृत निर्देशन २०६२ को ई.प्रा. निर्देशन नं. ७ बमोजिम कार्यान्वयन गर्न उक्त बैंकलाई निर्देशन दिइएको ।

## ७. नेपाल एस.बि.आई. बैंक लिमिटेड

(क) आन्तरिक लेखापरीक्षण विभागमा बैंकको कारोबारको आकार तथा किसिम अनुसार पर्याप्त जनशक्तिको व्यवस्था गर्ने

(ख) केही कर्जाहरुमा थप कर्जा नोक्सानी व्यवस्था बापत रु १ करोड १० लाख ६१ हजार चालू त्रयमासभित्र थप व्यवस्था गर्नका साथै सोहीअनुसार कर्मचारी बोनस लगायत अन्य शीर्षकहरुमा समेत समायोजन गरी जानकारी दिन तथा

(ग) लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउन ।

## ८. एभरेष्ट बैंक लिमिटेड

(क) सञ्चालक समितिको वैठक बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को प्रावधान अनुसार नियमित रुपमा राख्न,

(ख) कर्जा अपलेखन नीति तयार गरी यस बैकलाई जानकारी दिन,

(ग) पाँच वर्षभन्दा बढी समयदेखि पेण्डिङ्गमा रहिरहेको भुक्तानी दिन बाँकी लाभांशको विवरण राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गर्न

(घ) प्रस्ताव गरिएको बोनस शेयर र जारी गरिने बोनश शेयर संख्या समेत स्पष्ट उल्लेख गरी वित्तीय बिवरण प्रकाशित गर्न,

(ङ) नेटवर्थ (Net Worth) गणना गर्दा कर्जा नोक्सानी व्यवस्था बाहेक गणना गरी बित्तीय बिवरणमा प्रकाशित गर्ने तथा

(च) लेखापरीक्षकले औल्याएका अन्य कैफियतहरु समेत सुधार गर्न ।

## ९. बैंक अफ काठमाण्डु लिमिटेड

(क) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कर्जाहरुसँग सम्बन्धित कैफियतहरु साथै सञ्चालनसम्बन्धी कमी कमजोरीहरु सुधार गर्दै जान बैंक व्यवस्थापनको ध्यानाकर्षण गराइएको ।

(ख) बैंकको आकार र कारोबारको प्रकृतिअनुसारको आन्तरिक लेखापरीक्षण कार्य सम्पादन गर्न ।

(ग) NRB Reporting र अन्य कार्यको लागि अलग अलग जनशक्तिको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यसम्पादन गर्ने व्यवस्था मिलाउन ।

## १०. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड

(क) स्थलगत निरीक्षणबाट देखिएका संलग्न अनुसुचीअनुसारका कर्जाहरुमा प्रतिकूल कर्जा वर्गीकरण गरी थप नोक्सानी व्यवस्था गर्नु पर्ने रु ४८ करोड ५४ लाख भुक्तानी म्यादको आधारमा प्रतिकूल वर्गीकरण गरी गर्नु पर्ने रु ६२ लाख ७१ हजार, लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनअनुसार गर्नु पर्ने थप कर्जा नोक्सानी व्यवस्था रु १० करोड ६५ लाख, विना नगद असुली आम्दानी जनाइएको व्याज रकम रु ३ करोड १० लाख तथा लगानीमा गर्नु पर्ने नोक्सानी व्यवस्था रु १ करोड ६८ लाख व्यवस्था नगरेको देखिएकोले उक्त रकमको व्यवस्था गर्दा बैंकको नोक्सानी रु ६४ करोड ६० लाखले बढ्न जाने देखिएकोले यसरी नेपाल राष्ट्र बैंकको ई.प्रा निर्देशन नं २ तथा अन्य निर्देशनको पालना नगरी नगराई कर्जा वर्गीकरण गरे गराएको तथा जोखिम ब्योहोर्ने कोष पर्याप्त नराखेको संदर्भमा बैंकको सञ्चालक समितिलाई सचेत गराइएको ।

(ख) कर्जा प्रवाह तथा व्यवस्थापनमा गम्भीर त्रुटीहरु कायमै रहेको, प्राथमिकता तथा विपन्न वर्ग कर्जा प्रवाहमा यस बैंकको निर्देशनको पालना नगरेको, यस बैंकद्वारा जारी निर्देशन बमोजिम पूँजी कोष कायम राख्न नसकेको, प्रतिव्यक्ति कर्जा सीमा, संस्थागत सुशासन लगायतका अन्य निर्देशनहरुको पालना नभएको तथा बैंकको वित्तीय स्थिति संवेदनशील अवस्थामा रहेको देखिएकोले यस बैंकको गम्भीर ध्यानाकर्षण भएको अवगत गराइएको ।

(ग) पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको कर्जाको सांवा तथा ब्याजको भुक्तानी लगातार दुई वर्ष सम्म नियमित भएको अवस्थामा मात्र त्यस्ता कर्जाहरुलाई असल कर्जामा परिणत गर्न सकिने व्यवस्था रहेकोले पुनरसंरसचना तथा पुनरतालिकीकरण गरिएको कर्जासम्बन्धी नोक्सानी व्यवस्थाको रकम बाहेक असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम रु ५ करोड २९ लाख मात्र पूरक पूँजीमा समावेश गर्न पाउने व्यवस्था रहेको हुँदा उक्त संशोधन सहित वित्तीय विवरण प्रकाशित गर्न तथा लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरुमा सुधार गरी जानकारी गराउन निर्देशन दिइएको ।

(घ) उपरोक्त निर्देशनहरु लगायत २०६२ फाल्गुण १२ गते दिइएको निम्नानुसारका निर्देशनहरु बैंकको वार्षिक प्रतिवेदनमा प्रकाशित गर्न नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडलाई निर्देशन दिईएको छः

१. पूँजीकोष पर्याप्त नबनाएसम्म लाभांश वितरण गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा १(ङ) बमोजिम रोक लगाइएको ।

२. सोही ऐनको दफा १०० को उपदफा १( च) बमोजिम हाल कर्जा कारोवारमा सीमा निर्धारण गरी कोषमा आधारित कर्जा सुविधाको लागि तीन करोड रुपैयां र गैरकोषमा आधारित सुविधाको लागि छ करोड रुपैयाँमा बढ्ने गरी कर्जा सुविधा प्रदान गर्न प्रतिवन्ध लगाइएको । यस अघि प्रवाह भइसकेका कर्जाहरुको हकमा २०६४ आषाढ मसान्तभित्र उपरोक्त सीमा भित्र ल्याइसक्नु पर्ने ।

३. सोही ऐनको दफा १०० को उपदफा १(५) बमोजिम एन.वि.ग्रुप नेपाल (यस बैंकको २०६१।८।२२ को पत्रमा उल्लेखित ४९ वटा ऋणीहरु) सँग सम्बन्धित ऋणीहरुको धितो, कर्जा चुक्ता भएको अवस्थामा वाहेक हेरफेर तथा फुकुवा गर्न प्रतिवन्ध लगाइएको ।

४. बैंकले पेश गरेको प्रतिवद्धता मध्ये पूँजीकोष पर्याप्त नभएसम्म ५० लाख रुपैयांभन्दा बढीको नगद कर्जाको हकमा कर्जा प्रवाह नेपाल राष्ट्र बैंकको सहमति लिएर गर्ने सन्दर्भमा उपरोक्त सहमति नगद कर्जाको हकमा मात्र लागू नगरीकन गैरकोषमा आधारित कर्जा तथा सुविधामा समेत लागू गरिएको छ। यसरी कोष वा गैरकोषमा आधारित कर्जा तथा सुविधा स्वीकृत गर्दा विद्यमान कर्जाहरु असुली भएको आधारमा ऋणीको अवस्थाको पुर्ण अध्ययन विश्लेषण गरेर मात्र स्वीकृत गर्नु गराउन निर्देशन दिइएको छ। यसरी प्रवाह हुने कर्जाको स्वीकृतिको प्रकृयामा सुरक्षण तथा असुली लगायत अन्य सबै पक्षको समीक्षा (Appraisal) बैंक स्वयम्ले गरिसकेको हुने हुंदा तथा कर्जा प्रवाह पश्चात अनुगमन तथा नियन्त्रण त्यस बैंक आफैले गर्ने हुंदा यसरी प्रवाह भएको कर्जा/सुविधाको सम्वन्धमा यस बैंकको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि जिम्मेवारी नरहने व्यहोरा समेत जानकारी गराईएको ।

(ङ) नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडको सञ्चालक समितिवाट २०६२ माघ ३० गते र २०६२ फाल्गुण ११ गते निर्णय गरी यस बैंक समक्ष पेश हुन आएको निम्नानुसारका प्रतिवद्धताहरु पालना गर्न गराउन निर्देशन दिइएको छः

१. हाल बैंक व्यवसाय एकीकृत (Business Consolidation) गर्ने कार्यमा केन्द्रीत रही बैंकको पुनरोत्थान गर्ने नीति र कार्यक्रमअनुसार कार्य सम्पादन भइरहेकोले सोमा अपेक्षित सफलता हासिल भए पश्चात् मात्र बैंकले शाखा सञ्जाल वृद्घि गर्ने योजना बनाउने । सो अघि कुनै थप शाखाहरु हाललाई नखोल्ने ।

२. नेपाल राष्ट्र बैंकको २०६२ जेष्ठ १६ गतेको पत्रबाट स्वीकृत पूँजीकोष योजनामा संलग्न गरिएको कर्जा भुक्तानी तालिका अनुरुप नै कर्जा असुल उपर गराउने तर्फ प्रतिवद्ध रहने ।

३. नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार कायम राख्नुपर्ने प्राथमिक पूँजी पर्याप्त भए पश्चात् मात्र कुल पूँजीकोष पर्याप्त बनाउन बण्ड जारी गर्ने । साथै बैंकको कर्जा नोक्सानी व्यवस्था र गैरबैंकिङ्ग सम्पत्तिलाई व्यापक रुपमा न्यून समेत पारी एवं शेयर पूँजीमा वृद्धि लगायतका अन्य बैकल्पिक उपायहरुलाई समेत अवलम्वन गरी आगामी दुइ वर्षभित्रमा बैंकको पूँजीकोष नेपाल राष्ट्र बैंकबाट तोकिएअनुसार कायम गर्ने ।

४. बैंकको पूँजीकोष योजनाअनुसार पूँजीकोष पर्याप्त बनाउन तयार गरिएको व्यावसायिक कार्य योजनाको सफल कार्यान्वयनका लागि व्यवस्थापनमा आवश्यक पुनरसंरचना गरी जोखिम व्यवस्थापन गर्ने कार्यमा विशेष प्राथमिकता दिने ।

५. बैंकको हाल देखिएको निष्कृय कर्जा तथा कर्जा नोक्सानी व्यवस्थालाई न्यून गर्ने उद्देश्य अनुरुप कर्जा असुली प्रकृयालाई थप चुस्त बनाई कर्जा असुलीलाई अभियान कै रुपमा कार्यान्वयनमा ल्याई निष्कृय कर्जालाई व्यवस्थित गरी सम्पत्तिको गुणस्तर सुधार गर्न कर्जा असुलीमा विशेष प्राथमिकता दिने ।

६. एक करोड रुपैयांभन्दा माथि प्रवाह भएका कर्जाको विवरण नेपाल राष्ट्र बैंकको २०६१ पौष २२ गतेको पत्रानुसार गठित Monitoring Committee लाई साप्ताहिक रुपमा पेश गरेको र यस बैंकको २०६२ मार्ग २९ गतेको पत्रबाट साप्ताहिक विवरणको सट्टा मासिक रुपमा विवरण उपलव्ध गराउन भनिएपछि सोही बमोजिम नियमित रुपमा त्यस्ता विवरणहरु उपलब्ध गराउँदै आइरहेकोमा अनुगमनको लागि उल्लेखित विवरणहरु नेपाल राष्ट्र बैंकलाई आवश्यक परेमा उल्लेखित विवरणहरु मासिक वा साप्ताहिक वा दैनिक रुपमा उपलव्ध गराउने र पूँजीकोष पर्याप्त नभएसम्म रु ५० लाखभन्दा बढीको नगद कर्जाको हकमा कर्जा प्रवाह नेपाल राष्ट्र

बैंकको सहमति लिएर गर्ने ।

७. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड र नेपाल बंगलादेश बैंक लिमिटेड गाभ्ने सम्बन्धमा गाभिने (Merger) को गुण र दोषको सही विश्लेषण गरी गाभिने (Merger) बाट बैंकको वृहत्तर व्यावसायिक हित र उन्नति (Synergy Effect) हुने देखिएमा आगामी दुइ वर्ष भित्र साधारण सभामा आवश्यक प्रस्ताव पेश गरी उक्त प्रस्ताव साधारण सभाबाट स्वीकृत भए पश्चात आवश्यक प्रकृया शुरु गर्ने ।

(च) नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेको २०६२ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा तयार गरिएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन २०६२ मा उल्लेखित बैंकको सञ्चालक समितिको ध्यानाकर्षण गराइएका विषयहरु तथा कैफियतहरुमा आवश्यक सुधार गरी उक्त प्रतिवेदनमा दिइएका निर्देशनहरुको पालना गरी गराई नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, २०६२ को ई.प्रा.निर्देशन नं.७ बमोजिम कार्यान्वयन गर्न निर्देशन दिइएको छ ।

## ११. लुम्बिनी बैंक लिमिटेड

(क) स्थलगत निरीक्षणबाट देखिएका संलग्न अनुसूचीअनुसारका कर्जाहरुमा प्रतिकूल कर्जा वर्गीकरण गरी थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने रु ९ करोड ९३ लाख र ब्याज मुल्तवी हिसाबमा रकमान्तर गर्नुपर्ने ब्याज पूँजीकरण गरी आम्दानी जनाएको रु ३ करोड ७१ लाख समेत जम्मा रु १३ करोड ६४ लाखलाई २०६२ आषाढ मसान्तको संचित नाफा नोक्सान हिसाबमा चालू महिनाभित्र खर्च लेखी जानकारी दिन निर्देशन दिइएको । उपरोक्तअनुसारको समायोजन गर्दा २०६२ आषाढ मसान्तमा बैंकको खुद नोक्सान रु १९ करोड ७८ लाखबाट रु ३३ करोड ३२ लाख हुन जाने, बैंकको प्राथमिक पूँजी रु १० करोड ६६ लाख (२.५२ प्रतिशत) तथा कुल पूँजीकोष रु १३ करोड ७७ लाख (३.१९ प्रतिशत) मात्र हुन जाने अवगत गराइएको ।

(ख) कर्जा प्रवाह तथा व्यवस्थापनमा गंभीर त्रुटीहरु कायमै रहेको, दैनिक कार्य संचालनको लागि आवश्यक पर्ने Banking Operation, ट्रेजरी, कर्जा प्रशासन र अनुगमन, Security Documentation, IT आदि सम्बन्धी म्यानुअलहरु अझैसम्म तर्जुमा नभएको, जोखिम व्यवस्थापनको क्षेत्रमा व्यवस्थापन कमजोर देखिएको र संस्थागत सुशासन लगायत अन्य निर्देशनहरुको पालना नभएकोले यस बैकको गंभीर ध्यानाकर्षण भएको अवगत गराइएको ।

(ग) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको सांवा तथा ब्याजको भुक्तानी लगातार दुइ वर्षसम्म नियमित भएको अवस्थामा मात्र त्यस्ता कर्जाहरुलाई असल कर्जामा परिणत गर्न सकिने व्यवस्था रहेको हुँदा पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको कर्जाको नोक्सानी व्यवस्थाको रकम रु २ करोड ९४ लाख बाहेक असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम मात्र पुरक पूँजीमा समावेश गरी बित्तीय विवरण प्रकाशित गर्न तथा लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउन निर्देशन दिइएको ।

## १२. नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड

बैंकको कारोवारलाई दृष्टिगत गरी आन्तरिक लेखापरीक्षण कार्य प्रभावकारी रुपमा सम्पादन गर्ने व्यवस्था गर्न, तथा लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गरी जानकारी गराउन निर्देशन दिइएको ।

## १३. माछापुच्छ्रे बैंक लिमिटेड

तोकिएको ढाँचामा वित्तीय विवरणहरु प्राप्त भएको र नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुको पालना भएको पाइएकोले कुनै निर्देशन दिइएको छैन ।

१४. **कुमारी बैंक लिमिटेड**

(क) कर्जा प्रवाह गर्नु अगाडि ऋणी र जमानतकर्ताहरुबाट नेटवर्थको बिवरण लिने प्रणालीको स्थापना गर्ने,

(ख) कर्जा असुली गर्न कस्तो कार्य प्रणाली अपनाउने भन्ने बारे कर्जा नीतिमा उल्लेख नभएको हुंदा कर्जा नीति अद्यावधिक गरी जानकारी दिन,

(ग) वित्तीय विवरणको अनुसुची १० (क) यस बैंकको वैधानिक ढाँचाअनुरुप नभएको हुँदा उक्त अनुसुची संशोधन गरी प्रकाशित गर्ने, अनुसुची १ मा उल्लेखित शेयरहोल्डरहरुको विवरणअन्तर्गत ०.५ प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएको व्यक्ति/समुह/फर्म/कम्पनी भए, निजहरूको नाम, प्रतिशत र रकम स्पष्ट खुलाई वित्तीय विवरण प्रकाशित गर्ने,

(घ) Everest Floriculture को आवधिक कर्जा रु २ करोड ५१ लाख ५४ हजारमा २५ प्रतिशत मात्र नोक्सानी व्यवस्था गरेको पाइएको हुँदा सोमा ५० प्रतिशत अर्थात रु ६२ लाख ८९ हजार थप कर्जा नोक्सानी व्यवस्था गर्नकासाथै सोहीअनुसार कर्मचारी बोनस लगायत अन्य शीर्षकहरुमा समेत समायोजन गरी जानकारी दिने,

(ङ) **कुमारी बैंक लिमिटेड**

पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको सांवा तथा व्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा मात्र त्यस्ता कर्जाहरुलाई असल कर्जामा परिणत गर्न सकिने व्यवस्था रहेको तथा पूँजीकोष गणना गर्दा असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम (कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशतभन्दा बढी नहुने गरी) मात्र समावेश गर्नु पर्नेमा पुनरसंरचना तथा पुनरतालिकीकरण गरिएको कर्जाको नोक्सानी व्यवस्थाको रकम समेत समावेश गरी पूँजी कोष गणना गरिएकोमा असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम मात्र पुरक पूँजीमा समावेश गर्दा र रु ६२ लाख ८९ हजार कर्जा नोक्सानी व्यवस्था थप गर्दा बैंकको कुल पूँजी कोष रु ७० करोड १५ लाख हुने साथै कुल पूँजी कोष/जोखिम भारित सम्पत्ति ११.०५ प्रतिशत मात्र हुने व्यहोरा जानकारी गराइएको। यसका साथै उक्त बैंकलाई लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गरी जानकारी गराउन निर्देशन दिइएको।

१६. **लक्ष्मी बैंक लिमिटेड**

(क) हाइसेफ फाइनान्सको नाममा रहेको घर जग्गा को Title Deed लक्ष्मी बैंकको नाममा नामसारी गर्ने,

(ख) अनुसूचि २४ मा पूँजीकोषको गणना गर्दा प्राथमिक पूँजीकोषमा अघिल्लो वर्षसम्मको सञ्चित नाफा र नोक्सान दोहोरो समावेश नहुने गरी गणना गर्ने,

(ग) जोखिम भारित सम्पत्ति तालिकामा नेपाल राष्ट्र बैंक ऋणपत्र लगानीमा देखाईएको एक करोड ७० लाख ५० हजार रुपैयां नेपाल सरकारको ऋणपत्र लगानीमा देखाई वित्तीय विवरण प्रकाशित गर्ने,

(घ) नेटवर्थ गणना गर्दा अपलेखन गर्न बाँकी खर्च र Goodwill (Fictitious Assets) घटाई गणना गर्न तथा

(ङ) लेखापरीक्षकले औंल्याएका कर्जासम्बन्धी अन्य कैफियतहरु समेत सुधार गर्ने।

१७. **सिद्धार्थ बैंक लिमिटेड**

(क) लेखापरीक्षण समितिले आफ्नो उत्तरदायित्वमा पर्ने कुरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउन,

(ख) कर्जा नीति निर्देशिका र वित्तीय नियमावलीमा लेखापरीक्षकले सुझाव गरे अनुसार संशोधन गरी जानकारी दिने,

(ग) सञ्चालक समितिको बैठक बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६२ को प्रावधानअनुसार नियमित रुपमा राख्ने,

(घ) यस बैंकको निर्देशन अनुसार क्षेत्रगत अधिकेन्द्रीत कर्जाको अनुगमन तथा सूचनासम्बन्धी व्यवस्थाको पालना गर्ने तथा

(ङ) लेखापरीक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गरी जानकारी गराउने ।

## अनुसूची २.२

### आर्थिक वर्ष २०६२।६३ मा समष्टिगत स्थलगत निरीक्षण गरिएका वित्तीय संस्थाहरु

१. 'ख' वर्ग

(क) भृकुटी विकास बैंक

(ख) गौरिशंकर विकास वित्तीय संस्था

(ग) विजिनेश डेभलप्मेन्ट फाईनान्सीयल इन्स्टीच्यूसन लिमिटेड

(घ) गण्डकी विकास वित्तीय संस्था लिमिटेड

(ङ) बागेश्वरी विकास बैंक

(च) एक्सेल क्रेडिट एण्ड कमर्स फाईनान्सीयल ईन्स्टीच्युसन लिमिटेड

(छ) नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लिमिटेड

(ज) सानिमा विकास वित्तीय संस्था लिमिटेड

(झ) गोरखा विकास बैंक लिमिटेड

(ञ) उद्यम विकास बैंक लिमिटेड

(ट) सिद्धार्थ विकास बैंक लिमिटेड

(ठ) त्रिवेणी विकास बैंक लिमिटेड, र

(ड) पश्चिमाञ्चल विकास बैंक लिमिटेड ।

२. 'ग' वर्ग

(क) एस.फाईनान्स कम्पनी लिमिटेड

(ख) जनरल फाईनान्स कम्पनी लिमिटेड

(ग) युनाईटेड फाईनान्स कम्पनी लिमिटेड

(घ) नेपाल आवाश विकास वित्त कम्पनी लिमिटेड

(ङ) गोरखा फाईनान्स कम्पनी लिमिटेड

(च) ईन्टरनेशनल लिजिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड

(छ) युनिभर्सल फाईनान्स कम्पनी लिमिटेड

(ज) भाजुरत्न फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड

(झ) फेवा फाईनान्स कम्पनी लिमिटेड

(ञ) महालक्ष्मी फाईनान्स कम्पनी लिमिटेड

(ट) पश्चिमाञ्चल फाईनान्स कम्पनी लिमिटेड

(ठ) नेपाल बंगलादेश फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड

(ड) नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड

(ढ) सम्झना फाईनान्स कम्पनी लिमिटेड

(ण) पाटन फाईनान्स कम्पनी लिमिटेड

(त) किष्ट मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड

(थ) गुडविल फाईनान्स कम्पनी लिमिटेड

(द) यती फाईनान्स कम्पनी लिमिटेड

(ध) मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेड

(न) नेपाल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड

(प) सेण्ट्रल फाईनान्स कम्पनी लिमिटेड

(फ) लुम्बिनी फाईनान्स कम्पनी लिमिटेड

(ब) आई.सी.एफ.सी.वित्तीय संस्था लिमिटेड

(भ) नेशनल फाईनान्स कम्पनी लिमिटेड

(म) श्रृजना फाईनान्स कम्पनी लिमिटेड

(य) ओम फाईनान्स कम्पनी लिमिटेड

(र) श्री ईन्भेष्टमेन्ट एण्ड फाईनान्स कम्पनी लिमिटेड

(ल) कष्मिक मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेड, र

(व) गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड ।

३. **'घ' वर्ग**

(क) आर.एम.डी.सी.

(ख) निर्धन उत्थान बैंक लिमिटेड र

(ग) साना किसान विकास बैंक लिमिटेड ।

(घ) सहकारी संस्थाः श्री यती बचत तथा ऋण सहकारी संस्था लिमिटेड

(ङ) गैरसरकारी संस्थाहरु

(१) सिंगाना युवा क्लब,

(२) ग्रामीण महिला उत्सुकता बिकास मञ्च,

(३) नेपाल ग्रामीण विकास समाज केन्द्र र

(४) श्रृजना सामुदायिक विकास केन्द्र ।

## अनुसूची २.३

## अनुगमन निरीक्षण र विशेष निरीक्षण गरिएका तथा गैरस्थलगत निरीक्षण कार्य विस्तृत रुपमा गर्न नसकिएका वित्तीय संस्थाहरु

१. **अनुगमन निरीक्षण गरिएका वित्तीय संस्थाहरु**

(क) पूर्वाञ्चल ग्रामीण विकास बैंक

(ख) पश्चिमाञ्चल फाईनान्स कम्पनी लिमिटेड

(ग) अरुण फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड ।

२. **विशेष निरीक्षण गरिएका वित्तीय संस्थाहरु**

(क) नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लिमिटेड

(ख) गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड

(ग) भाजुरत्न फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड

(घ) पाटन फाईनान्स कम्पनी लिमिटेड र

(ङ) युनाईटेड विकास बैंक लिमिटेड ।

३. **गैरस्थलगत निरीक्षण विस्तृत रुपमा गर्न नसकिएका वित्तीय संस्थाहरु**

(क) सम्झना फाईनान्स कम्पनी लिमिटेड

(ख) हिमालय फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड

(ग) अरुण फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड

(घ) नेपाल बंगलादेश फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लि. र

(ङ) नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड ।

## अनुसूची २.४

## स्थलगत तथा गैरस्थलगत निरीक्षण एवं सुपरिवेक्षणबाट औंल्याइएका कैफियतहरु कार्यान्वयनको क्रममा कारबाही गरिएका वित्तीय संस्थाहरु

१. सिगाना युवा क्लब बाग्लुङ्गलाई यस बैंकबाट २०५९ भाद्र १७ गते वित्तीय मध्यस्थताको काम गर्न अनुमति प्रदान भएकोमा उक्त संस्थाको स्थलगत निरीक्षण गर्दा संस्थाले ईजाजतपत्र प्राप्त गरेदेखि सो सम्बन्धि कुनै काम नगरेको, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धि ऐन,२०५५ को दफा ७ बमोजिम ईजाजतपत्र नविकरण नगरेको, संस्थाको कार्यालय र कर्मचारीहरु समेत नभएकोले उक्त क्लबलाई यस बैंकबाट प्रदान गरिएको वित्तीय मध्यस्थताको काम गर्ने ईजाजतपत्र रद्द गरिएको ।

२. अरुण फाईनान्स एण्ड सेभिंग कम्पनी लिमिटेड विगतका आर्थिक बर्षदेखि लगातार घाटामा रहेको, कम्पनीको नेटवर्थ ऋणात्मक भएको, वाह्य लेखापरीक्षकले समेत कम्पनीको Going Concern मा प्रश्न उठाएको, बैंकले कम्पनीको उच्च व्यवस्थापक तथा संचालकहरुलाई बोलाई निर्देशन दिने शर्तहरु तोक्ने काम गरेको भएता पनि प्रतिबद्धता बमोजिम नगरी कम्पनीको वित्तीय स्थिति सुधार हुनुको साटो झन् खस्कँदै गएकोले उक्त कम्पनीलाई २०६२ मार्ग ५ गतेको निर्णयबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ख) बमोजिम समस्याग्रस्त घोषणा गरी पाँच करोड ५३ लाख ४८ हजार रुपैयाँमा नबढ्ने गरी कर्जा प्रवाह गर्न र छ करोड ५३ लाख ११ हजार रुपैयाँमा नबढ्ने गरी निक्षेप संकलन गर्न सीमा निर्धारण लगायतका निर्देशन दिईएको ।

३. २०६२ चैत्र २३ गतेको निर्णय अनुसार उद्यम विकास बैंक लिमिटेडलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ का कतिपय दफाहरूमध्ये १२, २१, ४२ र ४६ मा भएका व्यवस्था र यस बैंकको एकीकृत निर्देशन नं. २, ६ र १६ मा उल्लेखित व्यवस्थाहरू पालना नगरेकोले निक्षेपकर्ताको हित विपरीत काम भए/गरेको देखिएकोले सुधार नभएसम्म २०६३ वैशाख १ गतेदेखि आठ करोड २५ लाख रुपैयाँ सीमा ननाघ्ने गरी निक्षेप सङ्कलन गर्न र म्याद नाघेका निक्षेपहरू नविकरण नगर्न निर्देशन दिइएको ।

४. २०६२ चैत्र ११ गतेको पत्रानुसार बुटवल फाइनान्स कम्पनी लिमिटेडका वित्तीय निर्देशकले उक्त संस्थाको चुक्तापूंजीको एक प्रतिशतभन्दा बढी शेयर धारण गरेको पाईएको हुँदा यस बैंकको संस्थागत सुशासनसम्बन्धी निर्देशनको निर्देशन नं.६ दफा ३ को उपदफा (७) विपरित भएको पाईएकोले निज निर्देशकलाई वित्तीय निर्देशक पदबाट हटाउन निर्देशन दिईएको ।

५. नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनी लिमिटेड तथा नेपाल बंगलादेश फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लिमिटेड (वित्तीय संस्था) लाई सूक्ष्म निरीक्षण (Close Monitoring) मा राखी निरीक्षण भईरहेको परिप्रेक्ष्यमा उक्त दुवै वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण कार्य सम्पन्न गरी भुक्तानी प्राप्त नभएका चेकहरुबाट व्याज आम्दानी जनाईएको, कालोसूची सम्बन्धि निर्देशनको पालना नगरेको जस्ता कैफियतहरु उपर सम्बन्धित वित्तीय संस्थाका संचालक समितिसंग स्पष्टिकरण माग गरिएको ।

६. नेपाल घरेलु तथा साना उद्योग विकास वैंकबाट अनियमित तरिकाले कर्जा लगानी लगायतका काम कारवाही गरिएको बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको सम्बन्धमा उक्त बैंकको विशेष र समग्र निरीक्षण गरिएको ।

७. क्रिष्टल फाइनान्स कम्पनी लिमिटेडलाई निर्देशन सीमाभन्दा बाहिर गएर जे.डि.ए.डेभलपर्समा लगानी गरेको चार करोड २४ लाख रुपैयाँको सम्बन्धमा २०६२ माघ २४ गते गरेको लिखित प्रतिवद्धताअनुरूप आवश्यक निर्देशन दिई उक्त कम्पनीलाई सूक्ष्म निरीक्षणमा राखिएको ।

८. मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेडलाई कम्पनीको प्राथमिक पूंजीमा सुधार भई कम्पनीको पूंजीकोष र वित्तीय स्रोत संकलन यस बैंकले निर्धारण गरेको सीमा भित्र नआउञ्जेल निक्षेप संकलन एवम् नविकरण गर्न प्रतिवन्ध लगाउनुका साथै कर्जा प्रवाहमा १२ करोड रुपैयाँको सीमा निर्धारण गरिएको ।

९. युनाइटेड विकास बैंक लिमिटेडका सञ्चालक समितिका अध्यक्ष बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा १८ को खण्ड (झ) मा भएको व्यवस्था विपरित नेपाल सरकारको सेवा र संचालक पदमा बहाल रहेको पाईएकोमा निजलाई संचालक पदबाट हटाउन निर्देशन दिइएकोमा निज नेपाल सरकारको सेवाबाट अवकाश लिई सञ्चालक पदमा कायम रहेका छन्।

१०. नेपाल विकास बैंक र नेपाल घरेलु तथा साना उद्योग विकास बैंकको पूँजीकोष ऋणात्मक भएकोमा सोको सुधार गरी यस बैंकको निर्देशनबमोजिम पूँजीकोष कायम गर्न सम्बन्धित बैंकहरूबाट पूँजी योजना यस बैंकमा पेश भई उपरोक्त पूँजी योजना शर्त सहित स्वीकृत गरी सोको कार्यान्वयन पक्षलाई अनुगमन गर्ने व्यवस्था गरिएको ।

११. वित्तीय स्वार्थ भएको संगठित संस्थाको शेयर तथा डिवेन्चरमा गरेको लगानी रकम पूँजीकोष गणना गर्दा प्राथमिक पूँजीबाट घटाई पूँजीकोष कायम गर्नुपर्नेमा सो बमोजिम नगरेको तथा जे.डी.ए.डेभलपर्समा निर्देशन विपरित हुने गरी गरेको लगानीलाई लेखापरीक्षण प्रतिवेदनमा कुनै उल्लेख नगरेको हुँदा लेखापरीक्षकले र लगानीमा संभावित हानी वापत व्यवस्था नगरेकोमा पर्याप्त कर्जा नोक्सानी व्यवस्था गरेको छ भनी लङ्गफर्म अडिट रिपोर्टमा उल्लेख गरेको सम्बन्धमा अर्का लेखापरीक्षकसँग स्पष्टीकरण माग गरिएको ।

१२. जानकी फाइनान्स कम्पनी लिमिटेडले यस बैंकको निर्देशनको सीमाभन्दा बढी वित्तीय स्रोत सङ्कलन गरेको कारण निक्षेप संकलन तथा नवीकरणमा प्रतिबन्ध लगाइएकोमा उक्त कम्पनीले वित्तीय स्रोत सङ्कलनलाई निर्देशनको सीमाभित्रै ल्याएको हुँदा उक्त प्रतिबन्ध २०६२ श्रावण १९ गतेदेखि फुकुवा गरिएको ।

१३. सेण्ट्रल फाइनान्स कम्पनी लिमिटेडले यस बैंकको निर्देशनको सीमाभन्दा बढी वित्तीय स्रोत सङ्कलन गरेको कारण बढी सङ्कलन गरेको रकम १० लाख ७२ हजार रुपैयाँ यस बैंकमा जम्मा गर्न लगाई बैंकको पूर्व स्वीकृति विना फिर्ता भुक्तानी नलिन २०६१ पौष ८ गते निर्देशन दिइएकोमा उक्त कम्पनीले वित्तीय स्रोत सङ्कलनलाई निर्देशनको सीमाभित्रै ल्याएको हुँदा उक्त रकम फिर्ता भुक्तानी माग गर्न लगाइएको प्रतिबन्ध २०६२ श्रावण १९ गतेदेखि फुकुवा गरिएको ।

## अनुसूची २.५

## अनिवार्य नगद मौज्दात कायम नगरे बापत हर्जना लगाइएका वित्तीय संस्थाहरु

| सि.नं. | नाम | हर्जाना रकम |
|---|---|---|
| १. | हिमालय फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड | रु.५३,२६३।३८ |
| २. | मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेड | रु.११,६४६।९२ |
| ३. | एनआईडिसी क्यापिटल मार्केट्स लिमिटेड | रु. ८,४१६।१५ |
| ४. | नेपाल हाउजिङ्ग एण्ड मर्चेन्ट फाईनान्स कम्पनी लिमिटेड | रु. ३४२।६९ |
| ५. | जनरल फाईनान्स कम्पनी लिमिटेड | रु. १,६३६।३० |
| ६. | जानकी फाईनान्स कम्पनी लिमिटेड | रु. ३,५८१।४३ |
| ७. | एल्पिक एभरेष्ट फाईनान्स कम्पनी लिमिटेड | रु. १२७- |
| ८. | अरुण फाईनान्स एण्ड सेभिङ्ग कम्पनी लिमिटेड | रु.१४,८२३।३१ |
| ९. | पाटन फाईनान्स कम्पनी लिमिटेड | रु. १,९१७।१० |
| १०. | क्रिष्टल फाईनान्स कम्पनी लिमिटेड | रु.४२,०६६।२८ |

## भाग ३


# नेपाल राष्ट्र बैंकको
# वार्षिक वित्तीय विवरण

(अपरिष्कृत)

# सम्पत्ति तथा दायित्व

३.१ २०६३ आषाढ मसान्तको अपरिष्कृत वासलातअनुसार नेपाल राष्ट्र बैंकको सम्पत्ति तथा दायित्व २०६२ आषाढको तुलनामा १६.३ प्रतिशतले बृद्धि भई रु १ खर्ब ६४ अर्ब ४२ करोड २२ लाख ७५ हजार ६ पुगेको छ । कुल सम्पत्तिमध्ये विदेशी मुद्रा सम्पत्ति (सुन मौज्दात समेत) को अंश ८२.० प्रतिशत र स्वदेशी मुद्रा सम्पत्तिको अंश १८.० प्रतिशत रहेको छ । २०६२ आषाढ मसान्तमा उपर्युक्त सम्पत्तिहरुको अंश क्रमशः ७५.७ प्रतिशत र २४.३ प्रतिशत रहेको थियो (तालिका ३.२) । कुल दायित्व तथा इक्विटीमा स्वदेशी मुद्रा दायित्वको अंश ७५.२ प्रतिशत, इक्विटीको अंश २३.१ प्रतिशत तथा विदेशी मुद्रा दायित्वको अंश १.७ प्रतिशत रहेको छ । २०६२ आषाढ मसान्तमा उपर्युक्त दायित्वहरुको अंश क्रमशः ७८.७ प्रतिशत, १९.२ प्रतिशत र २.१ प्रतिशत रहेको थियो ।

चार्ट ३.१
नेपाल राष्ट्र बैंकको सम्पत्ति संरचना
२०६२।६३




३.२ २०६३ आषाढ मसान्तमा विदेशी मुद्रा वित्तीय सम्पत्तिमा नगद तथा बैंक मौज्दातको अंश ७१.४ प्रतिशत रहेको छ भने ट्रेजरी बिल्समा लगानी, अन्य पाउनु पर्ने र अमूकोषसँग एसडीआर संचितिको अंश क्रमशः २७.५ प्रतिशत, ०.६ प्रतिशत र ०.५ प्रतिशत रहेको छ (तालिका ३.२) । २०६३ आषाढको तुलनामा विदेशी नगद तथा बैंक मौज्दातमा ४५.७ प्रतिशतले वृद्धि भएको छ भने ट्रेजरी बिल्समा लगानीमा ५.९ प्रतिशतले कमी आएको छ । अन्य विदेशी पाउनुपर्ने रकम २०६२ आषाढको तुलनामा ५८.६ प्रतिशतले बढेको छ । यसैगरी अमुकोषसँग एसडीआर सञ्चिति २०६२ आषाढको तुलनामा ४.५ प्रतिशतले बढेको छ । अन्य विदेशी सम्पत्ति अन्तरगतको सुनमा २०६२ आषाढको तुलनामा कुनै परिवर्तन आएको छैन । समग्रमा २०६२ आषाढ मसान्तको तुलनामा विदेशी मुद्रा सम्पत्ति २६.१ प्रतिशतले वृद्धि भई २०६३ आषाढ मसान्तमा रु १ खर्ब ३४ अर्ब ७९ करोड ४९ लाख ४३ हजार ५३१ पुगेको छ ।

३.३ स्वदेशी मुद्रा वित्तीय सम्पत्तिमा सरकारी सुरक्षण पत्रमा लगानीको अंश ५६.५ प्रतिशत, कर्जा तथा पुनर्कर्जाको अंश १३.१ प्रतिशत र अन्य पाउनु पर्नेको अंश ११.८ प्रतिशत रहेको छ (तालिका ३.२) । यसैगरी अन्य लगानी, नगद मौज्दात तथा वित्तीय तथा अन्य संस्थाहरुमा लागानीको अंश क्रमशः ११.४ प्रतिशत, ५.८ प्रतिशत र १.५ प्रतिशत रहेको छ । अन्य सम्पत्तितर्फ सुन चाँदी मौज्दातको अंश २४.६ प्रतिशत, अन्य मौज्दातको अंश ४५.३ प्रतिशत तथा जायजेथा, मेशिनरी तथा उपकरणको अंश ३०.१ प्रतिशत रहेको छ । २०६२ आषाढको तुलनामा कर्जा तथा पुनरकर्जा ०.२ प्रतिशतले र अन्य लगानी ८.७ प्रतिशतले बढेको छ । वित्तीय तथा अन्य संस्थाहरूमा लगानी १३.५ प्रतिशतले, नगद मौज्दात ४.८ प्रतिशतले, अन्य पाउनु पर्ने ४.२ प्रतिशतले र सरकारी सुरक्षण पत्रमा लगानी ९.७ प्रतिशतले ह्रास भएको छ । यसैगरी जायजेथा, मेशिनरी तथा

उपकरणमा ०.६ प्रतिशत र अन्य मौज्दातमा ४१.८ प्रतिशतले वृद्धि भएको छ भने सुन र चाँदी मौज्दातमा ६०.३ प्रतिशतले ह्रास आएको छ । समग्रमा २०६२ आषाढ मसान्तको तुलनामा स्वदेशी मुद्रा सम्पत्ति १३.८ प्रतिशत ह्रास भई २०६३ आषाढ मसान्तमा रु २९ अर्ब ६२ करोड ७३ लाख ३१ हजार ४७५ कायम भएको छ ।


३.४ विदेशी मुद्रा वित्तीय दायित्वमा अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सम्बन्धित दायित्व, निक्षेप र अन्य दायित्वको अंश क्रमशः ८९.४ प्रतिशत, १०.३ प्रतिशत र ०.३ प्रतिशत रहेको छ (तालिका ३.१) । अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सम्बन्धित दायित्वमा २०६२ आषाढ मसान्तको तुलनामा २०६३ आषाढ मसान्तमा ६.७ प्रतिशतले र अन्य दायित्वमा ५१.८ प्रतिशतले वृद्धि भएको छ भने, निक्षेप दायित्वमा ५४.५ प्रतिशतले ह्रास आएको छ । २०६२ आषाढ मसान्तको तुलनामा विदेशी मुद्रा दायित्व ६.३ प्रतिशते ह्रास भई २०६३ आषाढ मसान्तमा रु २ अर्ब ७३ करोड ८४ लाख ५८ हजार ५८३ कायम भएको छ ।

३.५ स्वदेशी मुद्रा दायित्वको सबैभन्दा ठूलो अंश ओगट्ने अन्य दायित्वमा चलनचल्तीमा रहेको नोटको अंश ९८.८ प्रतिशत रहेको छ भने विविध दायित्वको अंश १.२ प्रतिशत रहेको छ (तालिका ३.१) । २०६२ आषाढको तुलनामा चलनचल्तीमा रहेको नोट १३.६ प्रतिशतले वृद्धि भई रु ८४ अर्ब ६३ करोड पुगेको छ । विविध दायित्वमा २०६२ आषाढको तुलनामा ७६.१ प्रतिशत वृद्धि भएको छ । २०६२ आषाढ मसान्तको तुलनामा अन्य दायित्व ११.७ प्रतिशतले वृद्धि भई २०६३ आषाढ मसान्तमा रु ८५ अर्ब ६६ करोड ६७ लाख ३८ हजार ३०३ पुगेको छ ।

३.६ स्वदेशी मुद्रा वित्तीय दायित्वमा निक्षेप तथा अन्य दायित्वको अंश ८९.४ प्रतिशत, भुक्तानी दिनुपर्ने बिलको अंश ४.२ प्रतिशत, कर्मचारी सम्बन्धी दायित्वको अंश छ प्रतिशत र अन्य भुक्तानी दिनुपर्नेको अंश ०.४ प्रतिशत रहेको छ (तालिका ३..१) । २०६२ आषाढ मसान्तको तुलनामा २०६३ आषाढ मसान्तमा निक्षेप तथा अन्य दायित्वमा १४.८ प्रतिशत, कर्मचारी सम्बन्धी दायित्वमा ३.३ प्रतिशत र अन्य भुक्तानी दिनुपर्नेमा ६.६ प्रतिशतले वृद्धि भएको छ भने भुक्तानी दिनुपर्ने बिल्समा ३८.३ प्रतिशतले कमी आएको छ । समग्रमा २०६२ आषाढ मसान्तको तुलनामा स्वदेशी मुद्रा दायित्व ११.२ प्रतिशतले वृद्धि भई २०६३ आषाढ मसान्तमा रु १ खर्ब २३ अर्ब ६३ करोड ४६ लाख ५९ हजार ३३१ पुगेको छ ।

३.७ इक्विटीमा ९२.१ प्रतिशत अंश जगेडाको रहेको छ भने बाँकी अंश शेयर पूँजीको रहेको छ ( तालिका ३.१) । २०६२ आषाढ मसान्तको तुलनामा इक्विटी ४० प्रतिशत वृद्धि भई २०६३ आषाढ मसान्तमा रु ३८ अर्ब ४ करोड ९१ लाख ५७ हजार ९२ पुगेको छ ।

चार्ट ३.२
नेपाल राष्ट्र बैंकको दायित्व संरचना
(२०६३।३।३२)




# आय विवरण

३.८ २०६२ श्रावण १ गतेदेखि २०६३ आषाढ ३२ गतेसम्मको अपरिष्कृत आय विवरण अनुसार आर्थिक वर्ष २०६२।६३ मा नेपाल राष्ट्र बैंकको जम्मा खुद सञ्चालन आम्दानी रु ६ अर्ब ४९ करोड ८२ लाख ५२ हजार ६४३ भएको छ (तालिका ३.३) ।

३.९ आर्थिक वर्ष २०६२।६३ मा पनि आर्थिक वर्ष २०६१।६२ जस्तै स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आर्जित आम्दानीको तुलनामा विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आर्जित आम्दानी अधिक रहेको छ । आर्थिक वर्ष २०६२।६३ मा पनि आम्दानीमा व्याज आम्दानीको योगदान अग्रस्थानमा रहेको छ ।

३.१० आर्थिक वर्ष २०६२।६३ मा विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानीमा व्याज आम्दानीको अंश ९५.१ प्रतिशत र कमिशन आम्दानीको अंश ४.९ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१।६२ मा व्याज आम्दानी र कमिशन आम्दानीको अंश क्रमशः ९१.९ प्रतिशत र ८.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६१।६२ मा तुलनामा व्याज आम्दानी ५३.२ प्रतिशतले वृद्धि भएको छ भने, कमिशन आम्दानी १०.६ प्रतिशतले ह्रास भएको छ ।

चार्ट ३.३
नेपाल राष्ट्र बैंकको सञ्चालन आम्दानी संरचना
(२०६२।६३)




३.११ स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानीमा आर्थिक वर्ष २०६२।६३ मा व्याज आम्दानीले ९५.७ प्रतिशत र कमिशन आम्दानीले ४.३ प्रतिशत अंश ओगटेका छन् (तालिका ३.३) । आर्थिक वर्ष २०६१।६२ मा व्याज आम्दानी र कमिशन आम्दानीको योगदान क्रमशः ९६.३ प्रतिशत र ३.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६१।६२ को तुलनामा व्याज आम्दानी मा ७.३ प्रतिशतले ह्रास भएको छ भने कमिशन आम्दानीमा ६.७ प्रतिशत बृद्धि भएको छ ।

३.१२ आर्थिक वर्ष २०६२।६३ मा विदेशी मुद्रा वित्तीय दायित्व खर्चतर्फ व्याज खर्चको ८६.९ प्रतिशत र एजेन्सी तथा सेवा शुल्कको १३.१ प्रतिशत योगदान रहेको छ (तालिका ३.३) । आर्थिक वर्ष २०६१।६२ को व्याज खर्च र एजेन्सी तथा सेवा शुल्कको क्रमशः ४६.६ प्रतिशत र ५३.४ प्रतिशत अंश रहेको थियो । व्याज खर्चमा गत वर्षको तुलनामा आर्थिक वर्ष २०६१।६२ को अन्तमा ३९.० प्रतिशत वृद्धि भएको छ भने एजेन्सि तथा सेवा शुल्कमा ८१.७ प्रतिशत कमी आएको छ ।

३.१३ स्वदेशी मुद्रा वित्तीय दायित्वमा खर्चमा आर्थिक वर्ष २०६२।६३ मा व्याज खर्चको ४१.७ प्रतिशत र एजेन्सी तथा सेवा शुल्कको ५८.३ प्रतिशत अंश रहेको छ । आर्थिक वर्ष २०६१।६२ मा व्याज खर्चको अंश ५४.३ प्रतिशत र एजेन्सी तथा सेवा शुल्कको अंश ४५.७ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०६२।६३ मा व्याज खर्चमा अघिल्लो वर्षको तुलनामा ३६.२ प्रतिशत ह्रास आएको छ भने एजेन्सी तथा सेवा शुल्कमा ५.८ प्रतिशतले वृद्धि भएको छ ।

३.१४ विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी आर्थिक वर्ष २०६१।६२ को तुलनामा ४८.० प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु ४ अर्ब ६९ करोड ५६ लाख ७६ हजार ८६० र विदेशी मुद्रा वित्तीय दायित्वमा खर्च अघिल्लो वर्षको तुलनामा २५.५ प्रतिशतले ह्रास भई रु ४ करोड २३ लाख ४९ हजार २७० पुगेको छ (तालिका ३.३) । फलस्वरुप, विदेशी मुद्राबाट खुद आम्दानी आर्थिक वर्ष २०६१।६२ को तुलनामा ४९.४ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु ४ अर्ब ६५ करोड ३३ लाख २७ हजार ५९० पुगेको छ ।

३.१५ अर्कोतर्फ, स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी आर्थिक वर्ष २०६१।६२ मा तुलनामा ६.७ प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६२।६३ मा रु १ अर्ब १० करोड एक लाख ८१ हजार १९८ र स्वदेशी मुद्रा वित्तीय दायित्वमा खर्च अघिल्लो बर्षको तुलनामा १७.० प्रतिशतले ह्रास भई रु ४८ करोड ४ लाख १७ हजार ५१५ कायम भएको छ । फलस्वरुप, स्वदेशी मुद्राबाट खुद आम्दानी अघिल्लो वर्षको तुलनामा ३.० प्रतिशतले वृद्धि भई रु ६१ करोड ९७ लाख ६३ हजार ६८३ पुगेको छ ।

३.१६ अन्य सञ्चालन आम्दानी अघिल्लो बर्षको तुलनामा १२.४ प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६२।६३ मा रु १ अर्ब २२ करोड ५१ लाख ६१ हजार ३७० कायम भएको छ । यसरी जम्मा खुद सञ्चालन आम्दानी अघिल्लो वर्षको तुलनामा २७.० प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०६२।६३ मा रु ६ अर्ब ४९ करोड ८२ लाख ५२ हजार ६४३ पुगेको छ । सामान्य, प्रशासनिक खर्च तथा व्यवस्था अघिल्लो वर्षको तुलनामा २५.५ प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६२।६३ मा रु १ अर्ब ८५ करोड ७२ लाख ६६ हजार ४५७ कायम भएको छ । यसरी विदेशी मुद्रा पुनरमूल्यांकन लाभ /(हानी), सुन, चाँदी पुनरमूल्यांकन लाभ /(हानी) तथा अघिल्लो वर्षको समायोजन अघि आर्थिक वर्ष २०६२।६३ को मुनाफा अघिल्लो वर्षको तुलनामा ७७.१ प्रतिशतले बृद्धि भई रु ४ अर्ब ६४ करोड नौलाख ८६ हजार १८६ पुगेको छ । जसमा अघिल्लो वर्षको रु २२ लाख ७ हजार १६७ समायोजन पश्चात आर्थिक वर्ष २०६२।६३ मा रु ४ अर्ब ६४ करोड ३१ लाख ९३ हजार ३५३ खुद मुनाफा भएको छ ।

## तालिका ३.१
# २०६३ आषाढ ३२ को वासलात
(अपरिष्कृत)

(रु.)

| **विवरण** | २०६३ आषाढ ३२ | २०६२ आषाढ ३१ |
|---|---|---|
| **दायित्व** | | |
| **विदेशी मुद्रा वित्तीय दायित्व** | | |
| बैंक तथा अन्य संस्थाहरुको निक्षेप | २८२,८२६,९३७ | ६२१,९७१,५०८ |
| अमुकोषसँग सम्बन्धित दायित्व | २,४४८,४७५,९३९ | २,२९५,३८८,८८३ |
| अन्य दायित्व | ७,१५५,७०७ | ४,७१५,४३९ |
| **जम्मा विदेशी मुद्रा दायित्व** | **२,७३८,४५८,५८३** | **२,९२२,०७५,८३०** |
| **स्वदेशी मुद्रा वित्तीय दायित्व** | | |
| निक्षेप तथा अन्य मौज्दात | ३३,९५६,२२६,२७९ | २९,५८२,९९५,१७६ |
| भुक्तानी दिनुपर्ने बिल | १,६०४,८१९,५२३ | २,६०१,७०६,०४९ |
| कर्मचारी सम्बन्धी दायित्व | २,२७१,०६९,४०१ | २,१९८,४१९,७२३ |
| अन्य भुक्तानी दिनुपर्ने | १३५,८०५,८२५ | १२७,४२५,२७१ |
| **जम्मा** | **३७,९६७,९२१,०२८** | **३४,५१०,५४६,२१९** |
| **अन्य दायित्व** | | |
| चलनचल्तीमा रहेको नोट | ८४,६३०,०००,००० | ७४,५२०,०००,००० |
| बचत नेपाल सरकारलाई तिर्नुपर्ने | | १,६११,२८१,७८८ |
| विविध दायित्व | १,०३६,७३८,३०३ | ५८८,६९९,४२८ |
| **जम्मा** | **८५,६६६,७३८,३०३** | **७६,७१९,९८१,२१६** |
| **जम्मा स्वदेशी मुद्रा दायित्व** | **१२३,६३४,६५९,३३१** | **१११,२३०,५२७,४३५** |
| **इक्विटी** | | |
| पूँजी | ३,०००,०००,००० | ३,०००,०००,००० |
| जगेडा | ३५,०४९,१५७,०९२ | २४,१७२,३१५,५९३ |
| **जम्मा इक्विटी** | **३८,०४९,१५७,०९२** | **२७,१७२,३१५,५९३** |
| **कुल दायित्व तथा इक्विटी** | **१६४,४२२,२७५,००६** | **१४१,३२४,९१८,८५८** |

## तालिका ३.२
# २०६३ आषाढ ३२ को वासलात
(अपरिष्कृत)

(रु.)

| विवरण | २०६३ आषाढ ३२ | २०६२ आषाढ ३१ |
|---|---|---|
| **सम्पत्ति** | | |
| **विदेशी मुद्रा वित्तीय सम्पत्ति** | | |
| नगद तथा बैंक मौज्दात | ९५,२२६,५७२,२२७ | ६५,३६८,७३२,९१९ |
| अमूकोषसंग एसडीआर सञ्चिति | ६६५,५७६,४८६ | ६३७,०६४,३२५ |
| ट्रेजरी विल्समा लगानी | ३६,७३९,०४५,१७५ | ३९,०५०,६९९,६३८ |
| अन्य पाउनु पर्ने | ७६६,५५६,९९१ | ४८३,४५७,६९९ |
| **जम्मा** | **१३३,३९७,७५०,८७९** | **१०५,५३९,९५४,५८१** |
| **अन्य सम्पत्ति** | | |
| सुन | १,३९७,१९२,६५२ | १,३९७,१९२,६५२ |
| **जम्मा** | **१,३९७,१९२,६५२** | **१,३९७,१९२,६५२** |
| **जम्मा विदेशी मुद्रा सम्पत्ति** | **१३४,७९४,९४३,५३१** | **१०६,९३७,१४७,२३३** |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्ति** | | |
| नगद मौज्दात | १,६२९,३३८,५३५ | १,७११,९१५,५८९ |
| सरकारी सुरक्षण पत्रमा लगानी | १५,७५२,०२३,६८८ | १७,४४३,०९७,१२९ |
| नेपाल सरकारलाई ओभरड्राफ्ट | ० | २,६२३,००९,०९० |
| वित्तीय तथा अन्य संस्थाहरुमा लगानी | ४०७,७७२,५०० | ४७१,२१७,५०० |
| अन्य लगानी | ३,१६६,५३६,००० | २,९१४,१३३,००० |
| कर्जा तथा पुनर्कर्जा | ३,६४३,५२६,५९६ | ३,६३६,६९८,८७१ |
| अन्य पाउनु पर्ने | ३,२८८,५४२,७१६ | ३,४३३,१७४,०२८ |
| **जम्मा** | **२७,८८७,७४०,०३५** | **३२,२३३,२४५,२०७** |
| **अन्य सम्पत्ति** | | |
| सुन र चाँदी | ० | ० |
| सुन चाँदी मौज्दात | ४२८,३२४,४२९ | १,०७८,८८०,५७३ |
| अन्य मौज्दात | ७८८,२३६,४९८ | ५५५,८५९,६०३ |
| जायजेथा, मेशिनरी तथा उपकरण | ५२३,०३०,५१३ | ५१९,७८६,२४२ |
| **जम्मा** | **१,७३९,५९१,४४०** | **२,१५४,५२६,४१८** |
| **जम्मा स्वदेशी मुद्रा सम्पत्ति** | **२९,६२७,३३१,४७५** | **३४,३८७,७७१,६२५** |
| **कुल सम्पत्ति** | **१६४,४२२,२७५,००६** | **१४१,३२४,९१८,८५८** |

## तालिका ३.३
## २०६२ श्रावण १ गतेदेखि २०६३ आषाढ ३२ गतेसम्मको आय विवरण
(अपरिष्कृत)

(रु.)

| विवरण | २०६२।६३ | २०६१।६२ |
|---|---|---|
| **सञ्चालन आम्दानी** | | |
| **विदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी** | | |
| ब्याज आम्दानी | ४,४६६,७२५,८१८ | २,९१५,६५९,५७६ |
| कमिशन आम्दानी | २२८,९५१,०४२ | २५६,१९७,६१५ |
| | **४,६९५,६७६,८६०** | **३,१७१,८५७,१९१** |
| | | |
| **विदेशी मुद्रा वित्तीय दायित्वमा खर्च** | | |
| ब्याज खर्च | ३६,८०१,८०२ | २६,४७७,६०९ |
| एजेन्सि तथा सेवा शुल्क | ५,५४७,४६८ | ३०,३२९,५१८ |
| | **४२,३४९,२७०** | **५६,८०७,१२७** |
| **विदेशी मुद्राबाट खुद आम्दानी** | **४,६५३,३२७,५९०** | **३,११५,०५०,०६४** |
| | | |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट आम्दानी** | | |
| ब्याज आम्दानी | १,०५२,९८७,७६९ | १,१३५,९१८,७३६ |
| कमिशन आम्दानी | ४७,१९३,४२९ | ४४,२३९,७४८ |
| | **१,१००,१८१,१९८** | **१,१८०,१५८,४८४** |
| | | |
| **स्वदेशी मुद्रा वित्तीय दायित्वमा खर्च** | | |
| ब्याज खर्च | २००,४६८,२९० | ३१४,०५४,३५५ |
| एजेन्सी तथा सेवा शुल्क | २७९,९४९,२२५ | २६४,५९६,८२८ |
| | **४८०,४१७,५१५** | **५७८,६५१,१८३** |
| **स्वदेशी मुद्रा वित्तीय सम्पत्तिबाट खुद आम्दानी** | **६१९,७६३,६८३** | **६०१,५०७,३०१** |
| | | |
| अन्य सञ्चालन आम्दानी | १,२२५,१६१,३७० | १,३९८,४७०,७६५ |
| **जम्मा खुद सञ्चालन आम्दानी** | **६,४९८,२५२,६४३** | **५,११५,०२८,१३०** |
| | | |
| सामान्य, प्रशासनिक खर्च तथा व्यवस्था | १,८५७,२६६,४५७ | २,४९३,८८७,९६९ |
| | | |
| **सटही घटबढ,सुन चांदी पूनर्मूल्यांकन लाभ । (हानी) तथा विगत वर्षको समायोजन अघिको खुद मुनाफा** | **४,६४०,९८६,१८७** | **२,६२१,१४०,१६२** |
| **सटही घटबढ लाभ । (हानी) (खुद)** | | **(६,००१,७६०,८९९)** |
| **सुन चांदी पूनर्मूल्यांकन लाभ । (हानी) (खुद)** | | |
| सुन चाँदी मौज्दातमा ट्रान्सफर वापत समायोजन | | (८६८,५६४,५१६) |
| सुन चाँदी समीकरण कोषबाट रकम ट्रान्सफर | | ८६८,५६४,५१६ |
| अन्य | | १,१४२,४११,१४७ |
| **विगत वर्षको समायोजन** | २,२०७,१६७ | (६,३३७,५६५) |
| **यस वर्षको खुद मुनाफा । (नोक्सानी)** | **४,६४३,१९३,३५४** | **(२,२४४,५४७,१५७)** |

# अनुसूची

**अनुसूची (क)**

## सञ्चालक समिति

**(२०६३ आषाढ मसान्त)**

| | |
|---|---|
| श्री विजय नाथ भट्टराई, गभर्नर | अध्यक्ष |
| डा. भोजराज घिमिरे, सचिव, अर्थ मन्त्रालय | सदस्य |
| डा. पराशर कोइराला, डीन, व्यवस्थापन संकाय, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| श्री प्रदीपकुमार श्रेष्ठ | सदस्य |
| डा. विश्वकेशर मास्के, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| श्री कृष्णबहादुर मानन्धर, डेपुटी गभर्नर | सदस्य |
| श्री वीरविक्रम रायमाझी, डेपुटी गभर्नर | सदस्य |

## अनुसूची (ख)

# अधिकृत विशिष्ट र अधिकृत प्रथमको नामावली

(२०६३ आषाढ मसान्त)

| | | |
|---|---|---|
| **अधिकृत विशिष्ट** | | |
| १. | श्री केशवप्रसाद आचार्य | कार्यकारी निर्देशक, अनुसन्धान विभाग |
| २. | श्री टुलराज बस्याल | कार्यकारी निर्देशक, राष्ट्र ऋण व्यवस्थापन विभाग |
| ३. | श्री गणेशकुमार श्रेष्ठ | कार्यकारी निर्देशक, संस्थागत योजना विभाग |
| ४. | श्री सुरेन्द्रमान प्रधान | कार्यकारी निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग |
| ५. | डा. युवराज खतिवडा | कार्यकारी निर्देशक, गभर्नरको कार्यालय |
| ६. | श्री दीपेन्द्रवहादुर क्षेत्री | कार्यकारी निर्देशक, मुद्रा व्यवस्थापन विभाग |
| ७. | श्री सुशिलराम माथेमा | कार्यकारी निर्देशक, लघुवित्त विभाग |
| ८. | श्री रामप्रसाद अधिकारी | कार्यकारी निर्देशक, विदेशी विनिमय व्यवस्थापन विभाग |
| ९. | श्री भोलाराम श्रेष्ठ | कार्यकारी निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग |
| १०. | डा. गोविन्दवहादुर थापा | कार्यकारी निर्देशक, बैंकिङ्ग कार्यालय |
| ११. | श्री गोपालप्रसाद काफ्ले | का.मु. कार्यकारी निर्देशक, बैंकर्स प्रशिक्षण केन्द्र |
| १२. | श्री रविन्द्रप्रसाद पाण्डे | का.मु. कार्यकारी निर्देशक, बैंक सुपरिवेक्षण विभाग |
| १३. | श्री अश्वीनीकुमार ठाकुर | का.मु. कार्यकारी निर्देशक, वित्त व्यवस्थापन विभाग |
| १४. | श्री विष्णु नेपाल | का.मु. कार्यकारी निर्देशक, आन्तरिक लेखापरीक्षण विभाग |
| १५. | श्री लिलाप्रकाश सिटौला | का.मु. कार्यकारी निर्देशक, जनशक्ति व्यवस्थापन विभाग |
| **अधिकृत प्रथम** | | |
| १. | श्री गोकुलराम थापा | निर्देशक, अनुसन्धान विभाग |
| २. | श्री रामजी रेग्मी | निर्देशक, टक्सार महाशाखा |
| ३. | श्री भाष्करमणि ज्ञवाली | निर्देशक, कानून विभाग |
| ४. | श्री मनमोहनकुमार श्रेष्ठ | निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग |
| ५. | श्री ऋषिराम गौतम | निर्देशक, लघु वित्त विभाग |
| ६. | श्री त्रिलोचन पगेनी | निर्देशक, विदेशी विनिमय व्यवस्थापन विभाग |
| ७. | श्री सुरेन्द्रकुमार क्षेत्री | निर्देशक, बैंकर्स प्रशिक्षण केन्द्र |
| ८. | श्री लोकबहादुर खड्का | निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग |
| ९. | श्री प्रदिपराज पाण्डे | निर्देशक, जनशक्ति व्यवस्थापन विभाग |
| १०. | श्री हरिप्रसाद काफ्ले | निर्देशक, आन्तरिक लेखापरीक्षण विभाग |
| ११. | श्री सिद्धिकृष्ण जोशी | निर्देशक, आन्तरिक लेखापरीक्षण विभाग |
| १२. | श्री महाप्रसाद अधिकारी | निर्देशक, बैंक सुपरिवेक्षण विभाग |
| १३. | श्री साधना उपाध्याय | निर्देशक, गभर्नरको कार्यालय |
| १४. | श्री शम्भु थापा | निर्देशक, जनशक्ति व्यवस्थापन विभाग |
| १५. | श्री महेश भट्टराई | निर्देशक, संस्थागत योजना विभाग |
| १६. | श्री रामेश्वरी पन्त | निर्देशक, पारिवारिक बजेट सर्वेक्षण आयोजना |
| १७. | श्री शिवराज श्रेष्ठ | मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, विराटनगर |
| १८. | श्री नरेश ढकाल | निर्देशक, मुद्रा व्यवस्थापन विभाग |
| १९. | श्री नारायणप्रसाद पौडेल | निर्देशक, राष्ट्र ऋण व्यवस्थापन विभाग |
| २०. | श्री नरबहादुर थापा | निर्देशक, अनुसन्धान विभाग |

| | | |
|---|---|---|
| २१. | डा. विनोद आत्रेय | मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर |
| २२. | श्री जनकबहादुर अधिकारी | निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग |
| २३. | श्री पूर्णबहादुर खत्री | निर्देशक, सामान्य सेवा विभाग |
| २४. | श्री राधेश्याम श्रेष्ठ | निर्देशक, वित्तीय क्षेत्र सुधार आयोजना |
| २५. | श्री भिष्मराज ढुंगाना | निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग |
| २६. | श्री चिन्तामणि सिवाकोटी | मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, नेपालगञ्ज |
| २७. | श्री शिवादेवी काफ्ले | निर्देशक, अनुसन्धान विभाग |
| २८. | श्री रञ्जनकुमार शर्मा पोखेल | का.मु. निर्देशक, वित्तीय संस्था सुपरिवेक्षण विभाग |
| २९. | श्री राजनविक्रम शाह | का.मु. निर्देशक, बैंकिङ्ग कार्यालय |
| ३०. | श्री दिपकबहादुर थापा | का.मु. मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, जनकपुर |
| ३१. | श्री केशवराज आचार्य | का.मु. निर्देशक, बैंक तथा वित्तीय संस्था नियमन विभाग |
| ३२. | श्री शंकरप्रसाद आचार्य | का.मु. निर्देशक, बैंक सुपरिवेक्षण विभाग |
| ३३. | श्री शिवनाथ पाण्डे | का.मु. निर्देशक, वित्त व्यवस्थापन विभाग |
| ३४. | श्री कृष्णबहादुर थापा | का.मु. निर्देशक, विदेशी विनिमय व्यवस्थापन विभाग |
| ३५. | श्री मिट्ठा पराजुली | का.मु. निर्देशक, बैंकिङ्ग कार्यालय |
| ३६. | श्री बासुदेव आचार्य | का.मु. मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, पोखरा |
| ३७. | श्री अर्जुनबहादुर अधिकारी | का.मु. मुख्य व्यवस्थापक, नेपाल राष्ट्र बैंक, वीरगञ्ज |
| ३८. | श्री पर्वतकुमार कार्की | का.मु. निर्देशक, सूचना प्रविधि विभाग |

| **विदा तथा काजमा रहेका अधिकृतहरु** | | |
|---|---|---|
| १. | श्री राजनसिंह भण्डारी | विशेष विदा |
| २. | श्री मीनवहादुर श्रेष्ठ | काज, अर्थ मन्त्रालय |